# सामाजिक अध्ययन शिक्षण

## सक्षमतामा आधारित माध्यमिक शिक्षक तालिम
## (एकमहिने - प्रथम मोडुल)

Symbol of SOS

## प्रशिक्षार्थी स्रोतसामग्री






श्री ५ को सरकार
शिक्षा तथा खेलकुद मन्त्रालय
शैक्षिक जनशक्ति विकास केन्द्र
सानोठिमी, भक्तपुर

२०६१

परीक्षणका लागि

# सामाजिक अध्ययन शिक्षण

## सक्षमतामा आधारित माध्यमिक शिक्षक तालिम

(एकमहिने – प्रथम मोडुल)

## प्रशिक्षार्थी स्रोतसामग्री

श्री ५ को सरकार
शिक्षा तथा खेलकुद मन्त्रालय
शैक्षिक जनशक्ति विकास केन्द्र
सानोठिमी, भक्तपुर
२०६१

सद्दा ट्ली

**प्रकाशक :**

श्री ५ को सरकार

शिक्षा तथा खेलकुद मन्त्रालय

**शैक्षिक जनशक्ति विकास केन्द्र**

सानोठिमी, भक्तपुर

© प्रकाशकमा

G1568

**प्रथम संस्करण - २०६१**

**टेलिफोन** : ६-६३१२७६, ६-६३१३७२, ६-६३०७६६

**फ्याक्स** : ६-६३०१९३, ६-६३१४८६

**पो.ब.नं.** : २१४५, ३६५२

**E-mail** : nceda@mos.com.np
nced@ntc.net.np
ednced@mail.com.np

## सुझाव एवम् सल्लाह

अर्जुनबहादुर भण्डारी
बैकुण्ठप्रसाद काफ्ले
बुनु श्रेष्ठ
ईन्द्रबहादुर श्रेष्ठ

## लेखनसमूह

प्रा.डा. श्रीरामप्रसाद उपाध्याय
गीरमान थापा
दिनानाथ गौतम
अर्जुन घिमिरे
इन्द्रविलास घिमिरे
बोधकुमार खनाल
खुबीराम अधिकारी

## विषयवस्तुसम्पादन

बैकुण्ठप्रसाद काफ्ले

## भाषासम्पादन

गीरमान थापा

## आवरण डिजाइन

सुमन बज्राचार्य

# भूमिका

शिक्षक तालिम शिक्षाको गुणस्तर र प्रभावकारी शिक्षणका लागि अनिवार्य शर्त मानिन्छ । तालिमप्राप्त शिक्षकहरूको अभावमा शिक्षणसिकाइमा प्रभावकारिता ल्याउन सकिँदैन र सिकाइ प्रभावकारी नभए शैक्षिक गुणस्तरको कल्पना पनि गर्न सकिँदैन । त्यसैले निम्नमाध्यमिक तथा माध्यमिक तहको शैक्षिक गुणस्तरमा सुधार ल्याउने उद्देश्यले माध्यमिक शिक्षा सहयोग कार्यक्रम (SESP) हालै कार्यान्वयनमा आएको छ । यही कार्यक्रमको एउटा महत्वपूर्ण पाटो "शिक्षक शिक्षा र विकास" हो । यसमा शिक्षकहरूको पेसागत दक्षता अभिवृद्धि गरी कक्षाकोठाको सिकाइ वातावरणमा उल्लेखनीय सुधार ल्याउनका लागि शैक्षिक जनशक्ति विकास केन्द्रले निम्नमाध्यमिक तहका पाँचओटा र माध्यमिक तहका छओटा मुख्य विषयहरूलाई समेटेर सक्षमतामा आधारित दसमहिने प्रमाणीकरण शिक्षक तालिम पाठ्यक्रम तयार गरेको छ । पाठ्यक्रमअनुसार उक्त शिक्षक तालिमलाई तीन मोडुलमा बाँडिएको छ । यी तीन मोडुलहरूमध्ये प्रथम मोडुलको "तालिम केन्द्रमा आधारित एकमहिने" सामाजिक अध्ययन शिक्षक तालिमका लागि प्रस्तुत "प्रशिक्षार्थी स्रोतसामग्री" तयार पारिएको हो ।

प्रस्तुत प्रशिक्षार्थी स्रोतसामग्री शिक्षक तालिम पाठ्यक्रमलाई आधार मानी माध्यमिक तहका सामाजिक अध्ययन विषयका शिक्षकहरूका लागि तयार गरिएको छ । यसमा समावेश भएका विषयवस्तुहरूलाई क्रियाकलापमुखी, सहभागितामूलक र सीपमूलक बनाउने प्रयास गरिएको छ । साथै यसमा माध्यमिक तहको सामाजिक अध्ययन शिक्षक तालिमका सहभागी शिक्षकहरूलाई आवश्यक ज्ञान गराउँदै सक्षमतामा आधारित दसमहिने प्रमाणीकरण शिक्षक तालिम पाठ्यक्रमले निर्दिष्ट गरेका विषयवस्तुका बारेमा प्रशिक्षक तथा सहभागीहरूका लागि आवश्यक सूचनाहरूलाई सङ्क्षिप्त रूपमा समावेश गरिएको छ ।

अन्त्यमा प्रस्तुत प्रशिक्षार्थी स्रोतसामग्री तयार पार्नका लागि विभिन्न क्षेत्रबाट आवश्यक सहयोग पुऱ्याउनुहुने सम्पूर्ण महानुभावहरूप्रति हार्दिक आभार व्यक्त गर्दै यसमा देखिएका त्रुटि तथा कमीकमजोरी औंल्याई सहयोग पुऱ्याउन हुनसमेत सम्बद्ध सबैसँग अनुरोध छ ।

२०६१

अर्जुनबहादुर भण्डारी
कार्यकारी निर्देशक

# विषयसूची


| एकाइ | शीर्षक | पृष्ठ |
|---|---|---|
| १. | विकासका लागि स्रोतहरू | १ |
| २. | सडक र यातायातका अन्य साधनहरू | २१ |
| ३. | राष्ट्रिय विभूति तथा व्यक्तित्वहरू | २९ |
| ४. | शोषणबाट बचावट | ४० |
| ५ | क्षेत्रगत योजना | ५७ |
| ६ | प्रजातान्त्रिक अभ्यासमा सहभागिता | ७१ |
| ७ | महादेशहरूको आर्थिक क्रियाकलाप | ७९ |
| ८ | नक्सा | ८७ |
| ९ | ग्रीक, मेसोपोटामिया र नेपालको सभ्यता | १०८ |
| १० | नेपाली वीर र वीराङ्गना | १२८ |
| ११ | यूरोप र एसियामा भएको क्रान्तिकारी परिवर्तन | १४४ |
| १२ | विकासका लागि योजना | १४९ |
| १३ | दातृराष्ट्र तथा सङ्घसंस्थाहरू | १७१ |
| १४ | माध्यमिक तालिम पाठ्यक्रम ( सामाजिक अध्ययन ) | १८७ |

## आर्थिक वर्ष २०६१/०६२ व्यय अनुमानको सारांश

( रू हजारमा )

| विवरण | २०५९/६० को यथार्थ खर्च | २०६०/६१ को संशोधित | २०६१/६२ को अनुमान | | | |
|---|---|---|---|---|---|---|
| | | | | | वैदेशिक | |
| | | | जम्मा रकम | श्री ५ को सरकार | अनुदान | ऋण |
| कुल खर्च | ८४,००६,०८१ | ९२,१०७,२५० | ११,१६८,९९०० | ७९,३८०,००० | १५३५०७३० | १६९५९१७० |
| चालू | ५२,०९०,४८५ | ५६,७२०,४९३ | ६७,६०८,४३१ | ५८,१८३,७७३ | ५७३३१६७ | ३६९१४९१ |
| केन्द्रीयस्तर | ४८,३७९,३८५ | ५२,६९२,२८८ | ६०,८७६,१२० | ५५,२७३,६७९ | ३९४४९८४ | १९६७४५७ |
| जिल्लास्तर | ३,७११,१०० | ४,०२८,२०५ | ६,७३२,३११ | २,९२०,०९४ | २०८८१८३ | १७२४०३४ |
| पूँजीगत | २२,३५६,१०२ | २४,४६९,३२५ | ३१,५७७,५२१ | ८,६९२,२७८ | ९६१७५६३ | १३२६७९ |
| केन्द्रीयस्तर | १८,३३५,९४८ | १९८,३२८,१० | २५,५२८,६९८ | ६,९३७,१९८ | ७९१११३८ | १०९८०३६२ |
| जिल्लास्तर | ४,०२०,१५४ | ४,६३६,५१५ | ६,०४८,८२३ | १,७५५,०८१ | १७०६४५५ | २५८७३१७ |
| साँवा भुक्तानी | ९,५५९,४९४ | १०,९१७,४३२ | १२,५०३,९४८ | १२,५०३,९४८ | ० | ० |
| सञ्चित कोषमाथि व्ययभार हुने | १६,८०३,५८७ | १८,३७७,२६५ | २०,७३७,३२० | २०,७३७,३२० | ० | ० |
| सञ्चित कोषबाट विनियोजन हुने | ६७,२०२,४९४ | ७३,७२९,९८५ | ९०,९५२,५८० | ५८६,४२६,८० | १५३५०७३० | १६९५९१७० |

*(स्रोत : आर्थिक वर्ष २०६१-२०६२ को व्ययअनुमानको विवरण )*

ख) २०६१/०६२ को विनियोजन (उद्योग, वणिज्य तथा आपूर्ति ) अनुसूची - १ मा दिइएको छ ।

### ४ पृष्ठपोषण

क) व्यय अनुमान विवरणको आधारमा खर्चको विश्लेषण गरी प्रतिवेदन तयार गर्नुहोस् ।

ख) विकासप्रतिको आफ्नो प्रतिज्ञा लेख्नुहोस् ।

ग) समुदायमा पत्ता लगाएको उद्योग, वाणिज्य र आपूर्तिसम्बन्धी प्रतिवेदन तयार पार्नुहोस् ।

घ) आफ्ना समुदायमा जलाधार तथा वनजन्तु आरक्ष गर्ने परियोजना तयार गर्नुहोस् ।

### ५ परिशिष्ट

क) आर्थिक वर्ष २०६१/०६२ को व्ययअनुमानको विवरण, श्री ५ को सरकार अर्थ मन्त्रालय, नेपाल, २०६१ ।

ख) आर्थिक वर्ष २०६१/०६२ को व्ययअनुमानको खर्च शीर्षकगत विवरण, श्री ५ को सरकार अर्थ मन्त्रालय, नेपाल, २०६१ ।

ग) अन्नपूर्ण पोष्ट, २०६१

घ) वन क्षेत्र विकास कार्यक्रमको स्थलगत अनुमान प्रतिवेदन ४,वन तथा भूसंरक्षण मन्त्रालय अनुगमन तथा मूल्याङ्कन महाशाखा, २०५४ ।

एकाइ एक : विकासका लागि स्रोतहरू

## पाठ एक : विकासको निम्ति स्रोतको बाँडफाँड

### १ उद्देश्य

यो पाठ पढिसकेपछि शिक्षकहरू निम्नलिखित कार्यहरूमा सक्षम हुनेछन् :

क) व्यय अनुमानको विवरण प्रस्तुत गर्न ।

ख) विकासप्रतिको प्रतिबद्धता व्यक्त गर्न ।

ग) उद्योग, वाणिज्य तथा आपूर्तिको स्थिति पत्ता लगाउन ।

घ) परियोजनाको नमुना तयार गर्न ।

### २ विषयवस्तु

क) व्ययअनुमान

ख) विकास

ग) उद्योग, वाणिज्य तथा आपूर्ति

घ) परियोजनाको नमुना

### ३ विषयवस्तु प्रस्तुतीकरण

क) व्ययअनुमान

(रू हजारमा)

| अनुदान सङ्ख्या र उपशीर्षक सङ्केत र सङ्ख्या | शीर्षक, उपशीर्षकको नाम | २०६१/०६२ मा हुने रकम |
|---|---|---|
| ११ | श्री ५ महाराजाधिराज, राजपरिवार तथा राजदरवार प्रशासन कार्य र सचिवालयको मर्मत सुधार तथा सुरक्षासम्बन्धी कार्यको निमित्त समेत | ३३,००७५ |
| ११-३-१०० | श्री ५ महाराजाधिराज सरकार, श्री ५ बडामहारानी सरकार र राजपरिवार | ३२,७०० |
| ११-३-२०१ | प्रशासन कार्य, सचिवालयको मर्मत सुधार तथा सुरक्षासम्बन्धी कार्यको निमित्त समेत | २,९७,३७५ |

*(स्रोत : आर्थिक वर्ष २०६१-२०६२ को व्यय अनुमानको विवरण, श्री ५ को सरकार अर्थ मन्त्रालय, नेपाल, २०६१, www.mof.gov.np)*

**द्रष्टव्य:** श्री ५ महाराजाधिराजका वाहुली दाखिला हुने नेपाली वाकल असर्फी थान २५ र नेपाली पातला असर्फी थान २५ को निमित्त रू. ३,७५,०००/- (तीन लाख पचहत्तर हजार) उप-शीर्षक सङ्केत सङ्ख्या ११-३-२०१ मा परेको छ ।

अनुसूची - १

## २०६१/०६२ को विनियोजन (उद्योग, वणिज्य तथा आपूर्ति )

( रू हजारमा)

| अनुदान सङ्केत | शीर्षक/उपशीर्षक नाम र सङ्केत | २०५९/६० को यथार्थ खर्च | २०६०/६१ को सशोधित अनुमान | जम्मा रकम | चालू खर्च | पूँजीगत तथा सावा भुक्तानी | स्रोत | | | प्राथमिकता सङ्केत | रणनीति सङ्केत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | श्री ५ को सरकार | वैदेशिक अनुदान | वैदेशिक ऋण | | |
| ३८ | उद्योग, वाणिज्य तथा आपूर्ति | ११४९६८३ | ९०२०२५ | १०२२६३५ | ९११५६२ | १११०५३ | ६००५३५ | ३७२१०० | ५०००० | P1 | |
| केन्द्रीयस्तर | | १०२७२१७ | ७६५८५४ | ८८१०४८ | ७७४६५४ | १०६३९० | ४५८९४८ | ३७२१०० | ५०००० | P1 | |
| उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | | १६९०६ | १९३६४ | २०३३७ | १९९२५ | ४१२ | २०३३७ | ० | ० | P1 | ०७ |
| ३८-३-११० | | १६९०६ | १९१३५ | १९९२५ | १९९२५ | ० | ० | ० | ० | P1 | ०७ |
| ३८-४-११० | | ० | २२९ | ४१२ | ० | ४१२ | ४१२ | ० | ० | P1 | |
| उद्योग तथा खानी | | ६४७७१७ | ४०९११३ | ४४३२५० | ३७४९०३ | ६८६४७ | २६६५६५ | १७६६८५ | ० | P1 | |
| उद्योग विभाग | | ७३७४ | ७३७९ | ९६५१ | ९३३६ | ३१५ | ३१५ | ९६५१ | ० | ० | |
| ३८-३-१२० | | ७३७४ | ७३७९ | ९३३६ | ९३३६ | ० | ९३३६ | ० | ० | P1 | ०७ |
| ३८-४-१२० | | ० | ० | ३१५ | ० | ३१५ | ३१५ | ० | ० | P1 | ०७ |
| खानी तथा भूगर्भ विभाग | | २३६६९ | २६३८४ | २७८५७ | २७५५७ | ३०० | २७८५७ | ० | ० | P1 | |
| ३८-३-१३० | | २३४७० | २६१५४ | २७५५७ | २७५५७ | ० | २७५५७ | ० | ० | P1 | ०७ |
| ३८-४-१२० | | १९९ | २३० | ३०० | ० | ३०० | ३०० | ० | ० | P1 | ०७ |
| घरेलु तथा साना उद्योग विभाग | | ५६३५ | ६४२३ | ७४६१ | ७३२१ | १४० | ७४६१ | ० | ० | P1 | |
| ३८-३-१४० | | ५६३५ | ६४२३ | ७३२१ | ७३२१ | ० | ७३२१ | ० | ० | P1 | ०७ |
| ३८-४-१४० | | ० | ० | १४० | ० | १४० | १४० | ० | ० | P1 | ०७ |

*( स्रोत : आर्थिक वर्ष २०६१-२०६२ को व्ययअनुमानको विवरण, श्री ५ को सरकार, अर्थ मन्त्रालय, २०६१ /www.mof.gov.np )*

## पाठ दुई : आर्थिक तथा प्राविधिक सहयोग कार्यक्रम

### १ उद्देश्य

यो पाठ पढिसकेपछि शिक्षकहरू निम्नलिखित कार्यहरूमा सक्षम हुनेछन् :

क) विकास रणनीतिको विश्लेषण गर्न
ख) विभिन्न निकायको भूमिकासम्बन्धी कार्यपत्र प्रस्तुत गर्न
ग) विदेशी सहायतता प्रणालीको समीक्षा गर्न
घ) विदेशी विनिमय सञ्चितिको तालिका बनाउन
ङ) गरिबी निवारण र रोजगारसम्बन्धी संवाद बनाई भूमिका अभिनय गर्न ।

### २ विषयवस्तु

क) विकास रणनीति
ख) विभिन्न निकायको भूमिका
ग) विदेशी सहायतता प्रगति समीक्षा
घ) विदेशी विनियम सञ्चिति
ङ) गरिबी निवारण र रोजगार

### ३ विषयवस्तु प्रस्तुतीकरण

क) विकाससँग सम्बन्धित प्रत्येक मन्त्रालयले दसौं योजनासम्बन्धी कार्यक्रम तर्जुमा गर्दा आफ्नो मन्त्रालयको कार्यक्रम सोचतालिका दसौं योजनाको समष्टिगत सोच तालिकासँग मिल्ने बनाई त्यसको आधारमा नीति एवम् कार्यक्रम तयार गर्ने र प्रस्तावित कार्यक्रमहरूको प्राथमिकीकरण गर्नुपर्नेतर्फ अगाडि बढाइएको छ । यो सोचतालिकामा उद्देश्यहरू, कार्यक्रमहरूका सूचकहरू, प्रमाणीकरणका आधारहरू, अवरोधसम्बन्धी पूर्वधारणासमेत किटान गरिएका छन् । यही सोचतालिकाको आधारमा दसौं योजनाको प्रगतिको अनुगमन तथा मूल्याङ्कनको व्यवस्था अगाडि बढाइने अवधारणा लिइएको छ । सङ्क्षेपमा दसौं योजना तर्जुमाको सोचतालिका निम्नानुसार रहेको छ :

## दसौं योजनाको विकास रणनीतिको सङ्क्षेप सोचतालिका

| १) उच्च, दिगो र फराकिलो आर्थिक वृद्धि | २) सामाजिक क्षेत्र र पूर्वाधार विकास | ३) लक्षित कार्यक्रम | सुशासन |
|---|---|---|---|
| उद्देश्य :<br>फराकिलो आधार रहेका आर्थिक क्रियाकलापहरूको पुनरावृत्ति हुने । | उद्देश्य :<br>मानवीय संसाधन तथा समुदायहरूको उत्पादकत्व दिगो रूपले अभिवृद्धि हुने । | उद्देश्य :<br>सीमान्तमा परेका वन्चित, उपेक्षित, दुर्गम, दुर्बल तथा एक्लिएका समुदाय तथा क्षेत्रहरूको उत्पादकत्व क्षमतामा दिगो रूपले अभिवृद्धि हुने । | उद्देश्य :<br>पारदर्शिता, जवाफदेहीपन, बहुपक्षीय निर्णय परिपाटी तथा विकेन्द्रीकरणको आधारमा राष्ट्रिय विकास प्रक्रियामा दिगोरूपले सुशासनको व्यवस्था हुने । |
| परिणामहरू : | परिणामहरू : | परिणामहरू : | परिणामहरू : |
| • कृषि विकास, प्राकृतिक स्रोतको दिगो व्यवस्थापन तथा जैविक विविधता<br>• कृषि क्षेत्रको उत्पादकत्व तथा आम्दानीमा वृद्धि<br>– खाद्यान्न उत्पादन<br>– तरकारी, फलफूल, रेशम, महजस्ता बागबानीजन्य उच्च मूल्यका कृषि उत्पादन<br>– पशुजन्य (मासु, फुल, दुग्ध, पदार्थ) उत्पादन | • मानवीय संसाधनको विकास र महिला सशक्तिकरण<br>– महिला शिक्षा<br>– पूर्वप्राथमिक तथा प्राथमिक शिक्षा<br>– उच्च शिक्षा<br>– अनौपचारिक शिक्षा<br>– व्यावसायिक तथा प्राविधिक शिक्षा<br>– विशेष शिक्षा<br>– शिक्षक तालिम<br>– पाठ्यक्रम तथा पाठ्यसामग्री | • दलित, जनजाति तथा दुर्बल र विपन्न वर्गको उत्थान एवम् रोजगारी तथा आधारभूत सुरक्षाको लागि लक्षित कार्यक्रम<br>• वञ्चित, उपेक्षित, दलित, उत्पीडित, जनजाति समुदायहरूको स्वावलम्बी विकासका लागि सशक्तिकरण ।<br>• दुर्वल समुदायहरूको स्वावलम्बी विकासका लागि सशक्तिकरण<br>• अपाङ्गहरूको सशक्तिकरण<br>• शान्ति तथा विकास कार्यक्रम सञ्चालन | • सुशासनको प्रत्याभूति अभिवृद्धि<br>• राष्ट्रिय विकास कार्यक्रमको समन्वय र सहजताको लागि प्रशासनिक संरचनामा सुधार<br>• क्षेत्रीय विकास प्रक्रियालाई उत्प्रेरित गर्न क्षेत्रीय विकास केन्द्र तथा प्रशासन व्यवस्थामा प्रभावकारी सुधार<br>• सामाजिक तथा आर्थिक प्रतिष्ठानहरूको व्यवस्थापन सुदृढीकरणको लागि वहुलवाद<br>• स्थानीय निकाय तथा |

| | | | |
|---|---|---|---|
| – मत्स्यउत्पादन<br>– कृषि प्रविधि<br>– गुणस्तर निर्धारण<br>– कृषि जैविक विविधता संरक्षण तथा सम्वर्द्धन<br>– सहकारी<br>• वन क्षेत्रको उत्पादकत्व तथा आम्दानीमा वृद्धि<br>– वन (घाँस, दाउरा, काष्ठ)<br>– भू-संरक्षण<br>– कृषि वन<br>– जडीबुटी तथा उच्च गैरकाष्ठ वनजन्य उत्पादन<br>– जैविक विविधता संरक्षण तथा सम्वर्द्धन<br>• निजी क्षेत्रको भूमिकामा पर्यटन, जलस्रोत, सूचना प्रविधि तथा औद्योगिक एवम् व्यापारिक क्षेत्रहरूको विकास<br>– निर्यातमुखी उत्पादन<br>– उद्योगहरूको पुन:संरचना<br>– व्यापार प्रबर्द्धन<br>– साना तथा घरेलु उद्योग | • गुणस्तर स्वास्थ्य सेवाको अभिवृद्धि<br>– वाल संरक्षण<br>– सुरक्षित मातृत्व<br>– सरूवा तथा सङ्क्रामक रोगको नियन्त्रण<br>– नसर्ने रोगको उपचार<br>– आधारभूत स्वास्थ्य सेवा<br>• महिलाहरूको सशक्तिकरण तथा मूल प्रवाहीकरण<br>• गुणस्तरीय खानेपानी तथा सरसफाइको अभिवृद्धि<br>– ग्रामीण खानेपानी<br>– शहरी खानेपानी<br>– ढल निकास<br>– ग्रामीण तथा शहरी सफाइ<br>• ग्रामीण पूर्वाधारहरूको विकास तथा ग्रामीण उर्जा<br>– ग्रामीण विद्युतीकरण<br>– ग्रामीण तथा कृषि सडक<br>– सामुदायिक सिंचाई<br>– रोपवे (रज्जुमार्ग)<br>– वित्तीय (ऋण तथा वचत संस्था)<br>– वैकल्पिक उर्जा | • दुर्गम क्षेत्र एवम् क्षेत्रगत विकासमा जोड<br>• दुर्गम क्षेत्रका तथा एक्लिएका समुदायहरूको स्वावलम्बी विकासका लागि सशक्तिकरण<br>• पिछडिएका क्षेत्रको विकासको निमित्त विशेष पहल<br>• कर्णाली क्षेत्रको विकासलाई विशेष प्राथमिकता | गैरसरकारी एवम् सामुदायिक संस्थाहरूको सुदृढिकरण<br>• स्थानीय विकास कार्यक्रमको समन्वय र सहजीकरणका लागि स्थानीय स्वशासनका निकाय (जि.वि.स., गा.वि.स., नगरपालिका) को सुदृढीकरण<br>• राष्ट्रिय, क्षेत्रीय तथा स्थानीय विकास प्रक्रियालाई सघाउने खालका गैरसरकारी संस्था तथा नागरिक समाजहरूको प्रभावकारी क्रियाशीलता |

| | | | |
|---|---|---|---|
| – कृषिजन्य उद्योग<br>• लाभप्रद रोजगारीमूलक सेवा क्षेत्रको वृद्धि<br>– ग्रामीण रोजगारी<br>– शहरी रोजगारी<br>– अन्तर्राष्ट्रिय रोजगारी<br>• पर्यटन क्षेत्रको विकास<br>– पर्यटन स्थल विकास तथा विविधीकरण<br>– होटेल/पर्यटकीय आवास<br>– यातायात<br>– बजार प्रबर्द्धन<br>– सेवासुधार<br>– पर्यावरणीय पर्यटन<br>– साँस्कृतिक पर्यटन<br>• निजी क्षेत्रको विकास तथा विस्तार<br>• राष्ट्रिय तथा क्षेत्रस्तरका पूर्वाधारहरूको विकास<br>– राजमार्ग<br>– हवाई यातायात<br>– दूरसञ्चार तथा सूचना प्रणाली | – कृषिजन्य उर्जा<br>– बजार व्यवस्था<br>– सहकारी प्रणालीको उपयोग<br>• जनसङ्ख्या व्यवस्थापन एवम् सामाजिक सेवा र आधारभूत सामाजिक सुरक्षा<br>– परिवार नियोजन तथा मातृ शिशु कार्यक्रम<br>– बसाइसराइ<br>– बसोबास<br>• सामाजिक सुरक्षामा अभिवृद्धि<br>– बीमा व्यवस्था<br>– वृद्ध तथा असहायको सुरक्षा<br>• ग्रामीण प्रविधिमा परिमार्जन एवम् उपयुक्त प्रविधिको प्रयोग<br>• उपयुक्त प्रविधि (सूचना प्रविधि समेत) को प्रयोगमा अभिवृद्धि<br>– कृषि प्रविधि<br>– जैविक प्रविधि<br>– लघु तथा ग्रामीण औद्योगिक प्रविधि<br>– दूरसञ्चार तथा सूचना प्रविधि<br>– ग्रामीण पूर्वाधारको निर्माणमा | | |

| | | | |
|---|---|---|---|
| – जलविद्युत उत्पादन<br>– विद्युत वितरण प्रणाली<br>– जलविद्युत उत्पादन<br>– विद्युत वितरण प्रणाली<br>– विकास केन्द्र विस्तार<br>– वित्तीय सेवाविस्तार | श्रममूलक तथा वातावरण पक्षीय प्रविधि<br>● वातावरण संरक्षण तथा प्रवर्द्धन<br>– वातावरणीय स्वास्थ्य<br>– वातावरणीय शिक्षा/चेतना<br>– वातावरणीय प्रविधि<br>– शहरी वातावरण प्रवर्द्धन<br>– भू-जल तथा वायुप्रदुषणका नियन्त्रण | | |

## ख) विभिन्न निकायको भूमिका

विकासको केन्द्रविन्दु जनता नै भएकाले यसका लागि उनीहरूको स्व:स्फूर्त सहभागिता अपरिहार्य हुन्छ । यसैगरी मुलुकको विकास प्रयासमा सरकार एक्लैको स्रोत र साधनबाट सबै जनआकाङ्क्षा र आवश्यकताहरू परिपूर्ति गर्न सम्भव हुँदैन । यसका लागि सरकारी, गैरसरकारी, निजी क्षेत्र, राजनैतिक पार्टीहरू, व्यावसायिक सङ्घ/संस्थाहरू, शैक्षिक संस्था र स्थानीय निकायहरूको आ-आफ्नै भूमिका हुन्छ र यिनीहरूको काम, कर्तव्य स्पष्ट रूपमा किटान हुनु आवश्यक छ । हालको परिप्रेक्ष्यमा विभिन्न निकायको भूमिका तल उल्लेख गरिएका छन् :

### १) सरकारको भूमिका

मुलुकको विकासको जिम्मेवारी प्राथमिक रूपमा सरकारको नै हुन्छ । यस प्रयासमा सरकारले अन्य क्षेत्रहरूको सहयोग प्राप्त गर्न आवश्यक वातावरणको सिर्जना गर्दै अगुवाको भूमिका निर्वाह गर्नेछ । यस परिप्रेक्ष्यमा सरकारको भूमिका निम्नानुसार रहनेछ :

क) मुलुकमा शान्ति सुरक्षा कायम गर्ने, सरल र निष्पक्ष न्याय व्यवस्थाको प्रत्याभूति दिने, यसबारे जनचेतना अभिवृद्धि गर्ने र सम्बद्ध विभिन्न सेवाहरूको गुणस्तर वृद्धि गर्न सम्बन्धित निकायहरूलाई आधुनिकीकरण गर्दै स्रोत साधनसम्पन्न बनाउँदै लैजाने ।

ख) मानवअधिकारको प्रभावकारी सम्बर्द्धन र संरक्षणका लागि मानवअधिकारसम्बन्धी राष्ट्रिय कार्य योजना तर्जुमा गरी कायान्वयन गर्ने र राष्ट्रिय मानवअधिकार आयोगलाई सुदृढ गर्ने ।

ग) दीर्घकालीन विकासको अवधारणा निश्चित गरी योजना तथा मूलप्रवाहीकरण, दुर्गम क्षेत्रको विकास, महिला विकास तथा सशक्तिकरण, अपाङ्ग सशक्तिकरण, अशक्त तथा ज्येष्ठ नागरिकको सुरक्षाको प्रत्याभूति दिनेजस्ता कार्यहरूमा अगुवाको भूमिका निर्वाह गर्ने ।

घ) गरिबी निवारण, जनजाति एवम् दलित वर्गको उत्थान तथा मूलप्रवाहीकरण, अशक्त तथा ज्येष्ठ नागरिकको सुरक्षाको प्रत्याभूति दिने जस्ता कार्यहरूमा अगुवाको भूमिका निर्वाह गर्ने ।

ङ) उद्योगधन्दा व्यापार, पर्यटन, जलस्रोतलगायतका आर्थिक क्रियाकलापमा निजी क्षेत्रलाई प्रवर्द्धन गर्न आवश्यक वातावरणको सिर्जना, आधारभूत संरचना एवम् मानव संसाधनको विकास गरी सहजकर्ताको भूमिका निर्वाह गर्ने ।

च) मुलुकका वृहत्तर जनताको हकहितको सुरक्षा गर्न, वस्तु तथा सेवाको गुणस्तर कायम राख्न र सहज एवम् सरल आपूर्ति स्थितिको प्रत्याभूति दिन नियामकको भूमिका निर्वाह गर्ने ।

छ) सरकारी संस्थानहरूको दक्षता अभिवृद्धि गर्ने, निजीकरण गर्ने कार्यलाई प्राथमिकताका साथ अगाडि बढाउने एकाधिकार निरूत्साहित गरी प्रतिस्पर्धात्मक वातावरण सिर्जना गर्ने ।

ज) रोजगारी अभिवृद्धि एवम् गरिबी निवारणका लागि आवश्यक पूर्वाधारको विकास कार्यमा निजी क्षेत्रसमेतको सहभागिता हुने वातावरणको सिर्जना गर्दै प्रत्यक्ष र परोक्ष रूपमा संलग्न रहने ।

झ) स्थानीय स्वायत्त शासन ऐन, २०५५ अनुरूप स्थानीय निकायलाई विकास कार्यमा प्रत्यक्ष रूपले संलग्न रही कार्य गर्न आवश्यक अधिकार एवम् स्रोत र साधन क्रमश: हस्तान्तरण गरी सेवास्तर अभिवृद्धि गर्दै दिगो विकासमा योगदान पुऱ्याउने । यस क्रममा जनसङ्ख्या व्यवस्थापन, रोजगारी अभिवृद्धि एवम् गरिबी निवारण, साक्षरता अभियान, महिला शिक्षामा विस्तार, महिला सशक्तिकरण, दलित तथा जनजातिको उत्थान एवम् मूलप्रवाहीकरण, अपाङ्ग सशक्तिकरण, असहायको सुरक्षाका साथै वातावरण संरक्षणजस्ता राष्ट्रिय लक्ष्य हासिल गर्ने कार्यमा सक्रिय योगदान पुऱ्याउन अभिप्रेरित गर्ने ।

ञ) स्थानीय निकायहरूलाई स्थानीयस्तरका कार्यक्रम कार्यान्वयन गर्ने जिम्मेवारी दिँदै स्रोत र साधनको परिचालन लगायत स्थानीयस्तरको योजना तर्जुमा, प्राथमिकीकरण र जनसहभागिता परिचालनद्वारा आयोजना कार्यान्वयन र अनुगमन एवम् मूल्याङ्कनजस्ता कार्य गर्न सक्षम तुल्याउन आवश्यक व्यवस्था गर्ने ।

ट) गैरसरकारी एवम् सामुदायिक क्षेत्र र नागरिक समाजलाई सरकार एवम् स्थानीय निकायसँग सहभागितात्मक रूपले कार्य गर्न प्रोत्साहित गर्ने । यी निकायहरूको कार्य स्तरयुक्त तथा जनमुखी बनाउन अभिप्रेरित गर्न अनुगमन एवम् दवाव समूहको रूपमा कार्य गर्न अभिप्रेरित गर्ने ।

ठ) प्राकृतिक, सांस्कृतिक र ऐतिहासिक स्रोत र सम्पदाको अधिकतम उपयोग गर्दै यसको संरक्षण र प्रबर्द्धन गर्ने । वातावरणको संरक्षण गर्दा सरकारी क्षेत्रबाट वातावरणसम्बन्धी ऐन, नियम, निर्देशिका, आचार संहिता, मापदण्ड आदि नियमसम्बन्धी प्रावधानहरू लागू गर्ने ।

ड) सामाजिक न्याय र क्षेत्रीय सन्तुलन कायम गर्दै विकासको प्रतिफल सर्वसाधारणमा पुऱ्याउन आवश्यक नीतिगत र कार्यगत पहल गर्ने ।

ढ) मुलुकको विकास निर्माणका कार्यक्रमहरूको समन्वय, अनुगमन तथा मूल्याङ्कन र दिशा निर्दिष्ट गराउने आदि कार्यहरू गर्ने ।

२) स्थानीय निकायको भूमिका

विकास प्रक्रियामा सबै जनताको सहभागिता गराउन र पिछडिएको क्षेत्र तथा वर्गलाई समेत यस प्रक्रियामा मूल प्रवाहीकरण गरी विकासगति तिर्व पार्नु पर्ने सन्दर्भमा स्थानीय निकायको भूमिका निम्नानुसारको हुनेछ ।

क) राजस्वसम्बन्धी नीतिगत सुधार एवम् कार्यान्वयनको नियमित अनुगमनका निम्ति एकीकृत सूचना प्रणालीको विकास गरिनेछ ।

ख) अर्थतन्त्रको यथार्थ स्थिति शिघ्रबोध गर्न सघाउने र सरकारी वित्ततर्फ अविलम्ब चाल्नु पर्ने कदमहरूबारे लिनुपर्ने निर्णयमा मद्दत पुऱ्याउने संस्थागत व्यवस्थाको निम्ति स्थायी राजस्वबोर्डको गठन गरी सक्रिय बनाइनेछ ।

## वैदेशिक सहायता

### पृष्ठभूमि

क) बचत तथा लगानीको अनुपातमा विद्यमान उल्लेख्य दूरी र गरिबी निवारण तथा क्षेत्रगत कार्यक्रम सञ्चालनको लागि सार्वजनिक लगानीको बढ्दो आवश्यकताले

राष्ट्रिय अर्थतन्त्रमा वैदेशिक सहायताको भूमिका महत्वपूर्ण रहेको छ । यस सन्दर्भमा वैदेशिक सहायताको आप्रवाह राष्ट्रिय अर्थ व्यवस्थाअनुकूल हुने गरी निश्चित हुन अपरिहार्य देखिन्छ ।

## नवौं योजनाको प्रगति समीक्षा

क) नवौं योजनाको लक्ष्यको तुलनामा प्रगति

नवौं योजना अवधिमा (२०५३/५४ को स्थिर मूल्यमा) वैदेशिक सहायताबाट कुल विकास खर्चको ५८.८ प्रतिशत, (अनुदानबाट १७.२ प्रतिशत र ऋणबाट ४१.६ प्रतिशत) व्यहोर्ने लक्ष्य राखिएकोमा योजना अवधिमा औसत ५६.३ प्रतिशत (अनुदानबाट १९.५ प्रतिशत र वैदेशिक ऋणबाट ३६.८ प्रतिशत) व्यहोरिएको छ ।

ख) समस्या तथा चुनौतीहरू

१) वैदेशिक सहायताबाट सञ्चालित अधिकांश विकास आयोजनाहरूले अपेक्षित योगदान पुऱ्याउन नसकेको मात्र नभई विकास प्रयासमा श्री ५ को सरकार र नेपाली जनताको स्वामित्व अझै पूर्ण रूपमा प्रतिविम्बित हुन सकेको छैन ।

२) ऋणको दायित्व बढ्दो छ । आर्थिक वर्ष २०५८/५९ मा कुल वैदेशिक ऋण रू. २ खर्व ७ अर्ब पुगेको छ । ऋणको साथै साँवा-व्याज भुक्तानीको भार पनि बढिरहेको छ ।

## दीर्घकालीन अवधारणा

गरिबी निवारण तथा दिगो आर्थिक विकासको लागि वैदेशिक सहयोगको अधिकतम् उपयोग गरी दीर्घकालीन रूपमा स्रोत परिचालनमा आत्मनिर्भरता हासिल गर्न योगदान पुऱ्याउनुपर्ने भएको छ । यसका साथै गरिबी निवारणका लागि देशमा लगानीको बढ्दो आवश्यकता पूरा गर्न वैदेशिक सहायता उपलब्ध गरी उपयोग गर्दै जाने दीर्घकालीन अवधारणा छ ।

## दसौं योजना

क) उद्देश्य

वैदेशिक सहायताको प्रभावकारी उपयोगबाट गरिबी निवारण र दिगो एवम् उच्च आर्थिक वृद्धिदर हासिल गर्न ।

ख) रणनीति

१) वैदेशिक सहायताबाट सञ्चालन हुने विकास गतिविधिलाई उपयुक्त प्राथमिकता दिई यससम्बन्धी व्यवस्थापनको गुणात्मकता, प्रभावकारिता र दक्षतामा सुधार गर्ने ।

२) श्री ५ को सरकार र दातृ समुदायबीचको अन्तरसम्बन्धलाई पुनर्परिभाषित गरी समतामूलक विकास साझेदारीको रूपमा विकसित गर्ने ।

ग)　नीति तथा कार्यनीति

वैदेशिक सहायताबाट सञ्चालन हुने विकास गतिविधिको प्रभावकारिता वृद्धि गर्ने (रणनीति १ सँग सम्बद्ध)

१)　बढी मात्रामा अनुदान तथा सहुलियतपूर्ण ऋण प्राप्त गर्नेतर्फ प्रयास गर्ने ।

२)　प्राविधिक सहायता मुख्यत: ठूला आयोजनाहरूको कार्यान्वयनमा सहयोग पुऱ्याउने निश्चित आर्थिक, सामाजिक क्षेत्रमा केन्द्रित गर्ने ।

श्री ५ को सरकार दातृ समुदायबीचको अन्तर्सम्बन्धलाई पुनर्परिभाषित गर्ने (रणनीति २ सँग सम्बद्ध)

१)　सहायताको प्रभावकारिता अभिवृद्धिका लागि विकास कार्यक्रमहरूमा सरकार र जनताको अग्रणी भूमिका, नेतृत्व र स्वामित्व सुनिश्चित गरी जवाफदेहीपूर्ण अवस्था कायम गर्ने ।

२)　अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूमार्फत प्रवाहित हुने बाह्य साधनलाई गुणस्तर तथा राष्ट्रिय आवश्यकताअनुसार परिचालन गर्ने ।

विदेशी विनियम सञ्चिति

१)　आर्थिक वर्ष २०५९/६० को आषाढदेखि फाल्गुणसम्मको अवधिमा विदेशी विनिमय सञ्चित १.८ प्रतिशतले वृद्धि भएकोमा आर्थिक वर्ष २०६०/६१ को सोही अवधिमा यस्तो सञ्चितिमा १४.१ प्रतिशतको उल्लेख्य वृद्धि भई कुल सञ्चिति रू. १ खर्ब २३ अर्ब ४९ करोड पुगेको छ । उक्त सञ्चितिमा नेपाल राष्ट्र बैंक र वाणिज्य बैंकहरूको हिस्सा क्रमश: ८२.७ प्रतिशत र १७.३ प्रतिशत रहेको छ । आर्थिक वर्ष २०६०/६१ को समीक्षा अवधिमा कुल सञ्चितिमा परिवर्त्य मुद्राको अंश ८८.६ प्रतिशत पुगेको छ भने अपरिवर्त्य मुद्राको अंश घटी ११.४ प्रतिशतमा झरेको छ । आर्थिक वर्ष २०५९/६० को यसै अवधिमा परिवर्त्य मुद्राको अंश क्रमश: ८७.५ प्रतिशत र १२.५ प्रतिशत रहेको छ । त्यस्तै वाणिज्य बैंकहरूसँग रहेको रू. २१ अर्ब ३३ करोडको विदेशी विनिमय सञ्चितिमा परिवर्त्य र अपरिवर्त्य मुद्राको अंश क्रमश: ९३.९ प्रतिशत र ६.१ प्रतिशत रहेको छ । कुल सञ्चितिले आर्थिक वर्ष २०६०/६१ को प्रथम आठ महिनाको आयात प्रवृत्तिको आधारमा एघार महिना भन्दा बढीको वस्तु आयात तथा नौ महिनाभन्दा बढीको वस्तु २०६० फाल्गुण मसान्तमा बैंकिङ्ग क्षेत्रको वैदेशिक सम्पत्ति १४.० प्रतिशतले वृद्धि भई रू. १ खर्ब २४ अर्ब ६५ करोड रहेको छ भने वैदेशिक दायित्व २२.५ प्रतिशतले वृद्धि भई रू. २१ अर्ब ९२ करोड पुगेको छ । आर्थिक वर्ष २०५९/६० को यसै अवधिमा वैदेशिक सम्पत्ति तथा दायित्व क्रमश: १.८ प्रतिशत र ७.१ प्रतिशतले बढेको थियो ।

गरिबी निवारण र रोजगारी

१)　गरिबी केवल आर्थिक स्रोत र साधनको अभावको रूपमा मात्र प्रकट नभई विभिन्न रूपमा प्रस्तुत हुने गरेकाले यसलाई मानवीय अर्थात् सामाजिक आयामबाट समेत हेर्ने दृष्टिकोण बढ्दै गएको छ । जीवननिर्वाहका लागि आवश्यक पर्ने आम्दानीको अभाव हुने वित्तिकै गरिब हुने भन्ने अवधारणामा क्रमश: परिवर्तन आई अब निरक्षरता, अल्पायुमा हुने मृत्यु, बालविवाह, कुपोषण, रूग्णताजस्ता पक्षहरूलाई पनि मानवीय गरिबीमा समावेश गरिने भएकोले गरिबी शब्दको अर्थ व्यापक र विस्तृत हुन पुगेको छ । यस अर्थमा गरिबी आर्थिक सामाजिक, राजनैतिक र सांस्कृतिक परिवेशको उपज ठानिन्छ । गरिबीलाई निरपेक्ष र सापेक्ष

गरी दुई भागमा बाँड्ने गरिएतापनि निरपेक्ष गरिबीलाई विश्लेषण गर्न एक गरिबी रेखाको अनुमान गरिन्छ । कुल जनसङ्ख्याको कति हिस्सा यो रेखाभन्दा तल पर्दछ भन्ने तथ्याङ्कबाट नै देशमा गरिब जनसङ्ख्याको आँकलन गरिन्छ । राष्ट्रिय योजना आयोगले गरिबी निवारण रणनीतिपत्रमा अनुमान गरेको गरिबीको रेखामुनि रहेको जनसङ्ख्याको अंश ३८.० प्रतिशतले कम छ । नेपालमा ९०.० प्रतिशतभन्दा बढी गरिबहरू गाउँमा बस्ने भएकाले यसको प्रकृति पनि ग्रामीणमुखी छ । यसमा पनि नेपालका मध्य तथा सुदूर पश्चिमाञ्चल विकास क्षेत्रअन्तर्गतका पहाडी जिल्लाहरूका गाउँहरूमा गरिबी डरलाग्दो रूपमा प्रकट भएको छ । यसरी गरिबी हामी नेपालीहरूका लागि जीवनका बहुआयामिक तथ्य नै बन्न पुगेको छ ।

२) गरिबीको मापनले समाजमा गरिबीको तहगत अवस्था प्रस्तुत गर्दछ । गरिबी मापन गर्दा विशेषत: तीनओटा पक्षहरू जस्तै गरिबीको तह, विषमता र सघनतालाई हेर्ने गरिन्छ । नेपालमा गरिबी अन्तरपुस्तागत फैलावटबाट उत्पन्न हुने भएकोले यसको प्रकृति लामो समयदेखि बल्झिएको रूपमा विद्यमान हुँदा गरिबीको कारण र परिणाम, भावी पुस्तामा हस्तान्तरण हुने पैतृक सम्पत्तिको प्रवृत्ति आदि समेतको विश्लेषण गर्नु सान्दर्भिक हुन्छ ।

३) पछिल्लो नेपाल जीवनस्तर मापन सर्वेक्षणका तथ्याङ्कहरू उपलब्ध भई नसकेको, अझै पनि १९९ कै नेपाल जीवनस्तर मापन सर्वेक्षणका तथ्याङ्कहरू नै प्रयोग गर्नुपर्ने स्थिति

## ४ पृष्ठपोषण

क) विकास रणनीतिको बुँदागत रूपमा विश्लेषण गर्नुहोस् ।

ख) विकाससम्बन्धी विभिन्न निकायको भूमिकाबारे कार्यपत्र लेख्नुहोस् ।

ग) विदेशी सहायता प्रगतिको समीक्षा गर्नुहोस् । प्रगति हुने कारण स्पष्ट उल्लेख गर्नुहोस् ।

घ) दिइएको तालिकालाई दोब्बर बनाई विदेशी विनिमय सञ्चिति देखाउनुहोस् ।

ङ) गरिमामा लेखिएको संवादको आधारमा र आफ्ना समुदायमा भएका तथा दसौँ योजनामा उल्लेख गरिएको कुरालाई आधार मानी संवाद बनाई भूमिका अभिनय गर्नुहोस् ।

## ५ परिशिष्ट

क) दसौं योजना २०५९-२०६०, श्री ५ को सरकार राष्ट्रिय योजना आयोग, फागुन २०५९

ख) गरिमा, साझा प्रकाशन पुल्चोक, पुस २०६१ ।

## पाठ तीन : दातृराष्ट्रका सहयोग

### १ उद्देश्य

यो पाठ पढिसकेपछि शिक्षकहरू निम्नलिखित कार्यहरूमा सक्षम हुनेछन् :

क) नेपालको विकासमा एसियाली विकास बैंकको सहयोगसम्बन्धी तालिका तयार गर्न ।

ख) विश्व बैंकको सहयोगका क्षेत्रसम्बन्धी संवाद तयार गर्न ।

ग) नेपालको सामुदायिक विकासमा यू.एन.डि.पी.को सहयोगसम्बन्धी चित्र बनाउन ।

घ) दातृराष्ट्रको सामुदायिक वन विकासमा सहयोगसम्बन्धी कथा बनाउन ।

### २ विषयवस्तु

क) एसियाली विकास बैंकको सहयोग

ख) विश्व बैंकको सहयोगको क्षेत्र

ग) सामुदायिक विकास

घ) सामुदायिक वन विकास

### ३ विषयवस्तु प्रस्तुतीकरण

क) विकासको केन्द्रमा मानिसहरू

विकासको उचाइमा

जाडो र तुवाँलो लागेको दिनमा रूपन्देही, परोहा गाउँ विकास समितिका पुरुष तथा केही महिला स्विटर र गलबन्दी बेरेर स्थानीय पाठशालाको अगाडि चौरमा भेला भएका थिए । गाउँ विकास समितिका इलाकामा प्रत्येक समूहले गाउँको विकासको निम्ति कुनकुरा आवश्यक छ भन्ने कुरामा छलफल गरेका थिए । केहीको विचारमा पाठशाला भवनको स्थापना गर्नुपर्दछ । अरूको विचारमा खेतीपातीको निम्ति पानीको व्यवस्था गर्नु आवश्यक छ, अरू भन्दछन् खोलामा पुल हाल्नु आवश्यक छ र अर्को थरीको विचारमा गाउँलाई सडकबाट जोड्नुपर्दछ ।

सहभागीहरूको लामो छलफल पछि विकासको प्राथमिक आवश्यकताको प्राथमिकता सूची तयार गरेका थिए । यिनीहरूले पाँचओटा गहिरो ट्युवेल, हयाडपम्प, सूर्यमुखी फूलको खेती, बीउ वितरण र च्याउ खेतीसम्बन्धी तालिमलाई आफ्नो प्रमुख प्राथमिकताको सूचीमा पारेका थिए । परोहावासीले सुखुली, खवापार र बौराहा नदीको नियन्त्रण, पुलको निर्माण र ग्रामीण विद्युतीय सेवाको आवश्यकता भएको अनुभव गरेका थिए ।

सहभागितामूलक योजना र अनुगमन पद्धति

सहभागितामूलक जिल्ला विकास कार्यक्रम (पिडिडिपी) ले मानिसलाई विकासको केन्द्रविन्दु बनाएर सीमाबद्ध केन्द्रीय विकासको प्रक्रियाको सट्टा जिल्लामा सहभागितामूलक योजना र अनुगमन प्रक्रिया लागू गरेको छ । यस प्रक्रियाको स्रोतमा आधारित (Resource Based) योजना पद्धतिको सट्टा आवश्यकतामा (Need Based) आधारित योजनामा जोड दिन्छ । यी योजना समुदायदेखि जिल्ला परिषद्को तहसम्म प्रत्येक तहमा कार्यक्रमका विश्लेषण, छनोट तथा प्राथमिकताअनुसार सूचीकृत गर्ने

काम गरिन्छ । स्थानीयस्तरका सङ्घ तथा संस्थाका मानिसका सक्रिय सहभागितामा एकै किसिमको काम दुई संस्थाले गर्ने कुरालाई निरूत्साहित गरिन्छ । विकास कार्यक्रमको दिगोपन र प्रभावकारिताबाट आश्वस्त हुन पिडिडिपीले चलिरहेको योजनाको नजिकबाट अनुगमन र मूल्याङ्कन गर्दछ । यसैगरी योजना प्रक्रियामा स्थानीय शासन पद्धतिका प्रत्येक तहमा अनुगमन गरिन्छ ।

नेपालको ग्रामीण क्षेत्रका विकास प्राथमिकता

बाटो
सिंचाइ
विद्युत
खानेपानी
पाठशाला भवन
स्वास्थ्यचौकी भवन
नाला
झोलुङ्गे पुल
कृषि
पशुपालन
घरेलु उद्योग
वन

योजना प्रक्रिया

जिल्लामा योजना प्रक्रियापूर्व योजना कार्यशालाबाट सुरू हुन्छ जुन कार्यशालामा जिल्ला विकास समिति, गाउँ विकास समिति, सम्बन्धित संस्था तथा गैरसरकारी संस्था तथा आउँदो वर्षका उपभोक्तालाई क्षेत्रगत निर्देशिका उपलब्ध गराइन्छ । कार्यशालाको अवधिमा सहभागीहरूलाई गाउँ विकास समितिलाई वितरण गरिएको योजना अनुरोध फारम (Project Request Form) को विषयमा जानकारी गराइन्छ । यी फारमहरू समुदायले प्राथमिकता र विकासको आवश्यकताअनुसार भर्दछन् र त्यसलाई ग्रामीण सल्लाहकार समितिको बैठकमा पठाउँछन् । त्यस सभाले योजना अनुरोध फारममा उल्लेख गरिएका कार्यक्रमको विश्लेषण र छलफल गर्दछ र त्यसलाई दुईभागमा वर्गीकरण गर्दछ । पहिलो वर्गीकरणमा यस्ता योजना पर्दछन् जुन योजना गाउँ विकास समितिले आफ्नै स्रोतबाट व्यवस्था गर्न सक्छ र दोस्रो जुन योजनाको अनुमोदन गरेर अर्को वर्षको निम्ति क्षेत्रगत प्रथामिकता योजना इलाकास्तरको कार्यशालामा पठाउँछ ।

योजना कसरी कार्यान्वयन हुन्छ ?

समुदायका मानिसले अतिआवश्यक विकास कार्यक्रमअनुसार प्राथमिकता सूची तयार गर्दछन् । विकासका पूर्वाधार (सडक, सिंचाइ, खानेपानी) समुदायको उच्च प्राथमिकतामा पर्दछ ।

गाउँ विकास समितिस्तर

ग्रामीण सल्लाहकार समितिको बैठकले प्रारम्भिक चरणबाट प्रस्तुत गरिएको कार्यक्रमको छनोट गर्दछ । कार्यक्रमको छनोट गर्दा समुदायका धेरै मानिसलाई फाइदा हुने प्राथमिकताको छनोट गरिन्छ ।

इलाकास्तर
इलाका तहको कार्यशालाले गाउँ विकास समितिले पेस गरेको कार्यक्रममा छलफल गर्दछ । यस कार्यक्रमको छनोटसम्बन्धित संस्थाका प्रतिनिधि, स्थानीय अधिकारी र फाइदा प्राप्त गर्ने व्यक्तिका बीचमा छलफल गराइकन गरिन्छ र त्यसपछि जिल्लास्तरमा पठाइन्छ ।

जिल्ला विकासस्तर
इलाकास्तरको कार्यशालाले पठाएको कार्यक्रमको प्राथमिकता सूचीलाई जिल्ला विकास समितिको चार एकाइले विश्लेषण गर्दछ । त्यस सूचीलाई जिल्ला विकास समितिमा आवश्यक छलफल गरी जिल्ला विकास योजनाको एउटै वार्षिक कार्यक्रममा राखिन्छ ।

केन्द्रीयस्तर
जिल्ला विकास योजना जिल्ला विकास समितिले योजना आयोग र स्थानीय विकास मन्त्रालयमा पठाउँछ । यी योजनाले नीति निर्माताहरूलाई श्री ५ को सरकारको लागि वार्षिक योजना तथा बजेटको निर्माण गर्न सहयोग पुऱ्याउँछ .
*( स्रोत : PDDP Bulletin P.2)*

## ४ पृष्ठपोषण

क) जनकराज गौतमले लेख्नु भएको लेख र तालिकासमेत प्रयोग गरी एसियाली विकास बैंकको सहयोगसम्बन्धी तालिका बनाई प्रस्तुत गर्नुहोस् ।
ख) विश्व बैंकको सहयोगसम्बन्धी संवाद बनाउनुहोस् ।
ग) सामुदायिक विकासको चित्र बनाउनुहोस् ।
घ) दातृराष्ट्रको सामुदायिक वन विकासमा सहयोगसम्बन्धी कथा बनाउनुहोस् ।

## ५ परिशिष्ट

क) जनकराज गौतम, “नेपालको विकासमा एसियाली विकास बैंक” नेपाल निजामती सेवा दिवस विशेषाङ्क, वर्ष ३५, भाद्र १, पूर्णाङ्क १५० साउन भदौ २०६१ ।
ख) सम्पर्क, विश्व बैंक, नेपाल कार्यालय, पोष्ट बक्स नं. ७९८, यति होटल परिसर, दरवारमार्ग, काठमाडौं नेपाल, फोन नं. ४२२६७९२, ४२२६७९३ ।
ग) PDDP Bulletin, UNDP No. 3, July 1997.
घ) सामुदायिक वन सँगालो, वर्ष २, अङ्क ५, आश्विन २०५५ ।

## पाठ चार : आयमूलक कार्यक्रम

### १ उद्देश्य

यो पाठ पढिसकेपछि शिक्षकहरू निम्नलिखित कार्यहरूमा सक्षम हुनेछन् :

क) आयमूलक कार्यको सम्झौतापत्र तयार गर्न ।

ख) आयमूलक कार्यका उपलब्धि तालिका बनाउन ।

ग) आयमूलक कार्यसम्बन्धी पत्र लेख्न ।

घ) आयमूलक कार्यको पर्चा तयार गर्न ।

ङ) आयमूलक कार्यसम्बन्धी कार्यशाला गोष्ठीको कार्यक्रम बनाउन ।

### २ विषयवस्तु

क) सम्झौता पत्र

ख) आयमूलक कार्यको उपलब्धि

ग) आयमूलक कार्यमा लाग्न सुझाव

घ) आयमूलक कार्यसम्बन्धी पर्चा

ङ) गोष्ठीसम्बन्धी कार्यक्रम

### ३ विषयवस्तु प्रस्तुतीकरण

#### क) आयमूलक कार्यक्रम

सहभागितामूलक जिल्ला विकास तथा ३० सेप्टेम्बर र १ अक्टोबर १९९७ का दिन होटल ब्लुस्टारमा राष्ट्रिय योजना आयोग, स्थानीय विकास मन्त्रालय र युएनडिपीको सहयोगमा सहभागितामूलक जिल्ला विकास तथा स्थानीय शासनसम्बन्धी दुईदिने गोष्ठीको आयोजना गरियो । कार्यक्रमको आयोजनाको मुख्य उद्देश्य हालै निर्वाचित जिल्ला विकास समितिका सदस्य र स्थानीय विकास अधिकारीलाई सामान्यरूपमा सहभागितामूलक शासन र खासरूपमा स्थानीय शासन कार्यक्रम र सहभागितामूलक जिल्ला विकास कार्यक्रम सम्बन्धमा जानकारी दिनु थियो ।

यस गोष्ठीमा जिल्ला विकास समितिका अध्यक्षहरू स्थानीय विकास अधिकारीहरू, जिल्ला योजना सल्लाहकार सहभागितामूलक जिल्ला विकास कार्यक्रम र स्थानीय शासन कार्यक्रमका प्रतिनिधिहरू सामेल भएका थिए ।

उद्घाटन समारोह

समारोहको उद्घाटन गर्दै प्रमुख अतिथि माननीय स्थानीय विकास मन्त्रीले स्थानीय स्रोतको न्यून प्रयोगमाथि प्रकाश पार्नु भयो । प्रमुख अतिथिले भन्नुभयो सहभागितामूलक जिल्ला विकास कार्यक्रम र स्थानीय शासन कार्यक्रमको मुख्य उद्देश्य नै स्थानीयस्तरमा योजना निर्माण, लागू गर्नु, अनुगमन गर्नु र सामाजिक गतिशीलताको माध्यमबाट स्थानीय क्षमता र स्रोत उपयोगको विकासको मूल्याङ्कन गर्नु हो ।उद्घाटन समारोहलाई राष्ट्रिय योजना आयोगका तत्कालीन सदस्य सचिव, यूएनडिपीका सहायक आवसीय प्रतिनिधि केशाङ्ग चुङ्गेलया लगायतका महानुभावहरूले बोल्नु भएको थियो ।

यसभन्दा अघि स्थानीय विकास मन्त्रालयका विशेष सचिव उदयराज सोतीले सहभागीहरूको स्वागत गर्दै दुईदिने गोष्ठीको उद्देश्यमाथि प्रकाश पार्नुभएको थियो । राष्ट्रिय योजना आयोग सचिवालयका विशेष सचिव श्रीकान्त रेग्मीले सहभागीहरूलाई धन्यवाद दिँदै उद्घाटन समारोहको अन्त्य गर्नुभयो, उद्घाटन समारोहको अध्यक्षता माननीय डा. किशोरकुमार गुरुघरानाले गर्नुभएको थियो ।

### गोष्ठीको उद्देश्य

नवनिर्वाचित जिल्ला विकास समितिका सदस्य र स्थानीय विकास अधिकारीलाई विशेष रूपमा सहभागितामूलक शासन र सामान्यरूपमा सहभागितामूलक जिल्ला विकास कार्यक्रम र स्थानीय शासन कार्यक्रम सम्बन्धमा जानकारी गराउनु हो जसले गर्दा यिनले स्थानीय विकास गतिविधिमा निर्देशन दिन र लागू गर्न आफूलाई पूर्णरूपमा सक्षम बनाउन सकून् ।

### पहिलो दिन

पहिलो सत्रको अध्यक्षता राष्ट्रिय योजना आयोगका सदस्य सचिव पूण्यप्रसाद दहालले गर्नुभएको थियो भने सहभागितामूलक जिल्ला विकास कार्यक्रम स्थानीय शासन कार्यक्रमसम्बन्धी विचार स्थानीय विकास मन्त्रालयका विशेष सचिव उदयराज सोतीले व्यक्त गर्नुभएको थियो । युएनडिपीका एकाइ प्रमुख मनोज बस्नेतको सहभागितामूलक जिल्ला विकास कार्यक्रम र स्थानीय शासन कार्यक्रमप्रति युएनडिपीको विचारसम्बन्धी भनाइबाट दोस्रो सत्रको कार्यक्रम अगाडि बढेको थियो । दोस्रो सत्रको कार्यक्रमको अध्यक्षता स्थानीय विकास मन्त्रालयका सचिव विश्वराज रेग्मीले गर्नुभएको थियो । तनहुँ जिल्ला विकास समितिका भूतपूर्व अध्यक्ष रामचन्द्र पोखरेल, धनकुटा जिल्ला विकास समितिका भूतपूर्व अध्यक्ष धर्मराज पौडेलका सहभागितामूलक विकास सम्बन्ध आफ्नो अनुभव बाँड्ने कामबाट अगाडि बढेको थियो । यस सत्रमा पनि स्थानीय शासन कार्यक्रम र सहभागितामूलक जिल्ला विकास कार्यक्रम सम्बन्धमा सहभागितामूलक जिल्ला विकास कार्यक्रम काभ्रेका अध्यक्ष कृष्णप्रसाद सापकोटा, स्थानीय शासन कार्यक्रम मोरङका अध्यक्ष खड्गबहादुर बस्नेत, पर्वत र ललितपुरका स्थानीय विकास अधिकारी सूर्यप्रसाद आचार्य र कृष्णप्रसाद धिमिरेका आफ्ना अनुभव सुनाउने काम भएका थिए । पहिलो दिनको सत्र घण्टौँको छलफलपछि सकिएको थियो ।

### दोस्रो दिन

यस दिनमा सहभागीहरू दुईसमूहमा विभाजित भएर सहभागितामूलक जिल्ला विकास कार्यक्रम र स्थानीय शासन कार्यक्रमसम्बन्धी छलफलमा भाग लिन दुईओटा छुट्टाछुट्टै कोठामा गएका थिए ।

### सिद्धार्थ हल

सहभागितामूलक जिल्ला विकास कार्यक्रम (पिडिडिपि) का सहभागितामूलक जिल्ला विकास कार्यक्रमका कार्यक्रम निर्देशक श्रीमती मन्दिरा पौडेलको सहभागितामलक जिल्ला विकास कार्यक्रमको पृष्ठभूमि र उद्देश्यसम्बन्धी विचारबाट छलफलको थालनी भएको थियो । त्यसपछि सहभागितामूलक जिल्ला विकास कार्यक्रमका सल्लाहकार कल्याणराज पाण्डेले सहभागीहरूलाई पिडिडिपीका क्रियाकलाप, गाउँ जिल्ला क्षेत्र र केन्दस्तरमा कार्यान्वयनका तरिकाबाट अवगत गराउनुभएको थियो । त्यसलाई पिडिडिपीका सूचना कार्यक्रम निर्माता एन.के. श्रेष्ठले सूचना पद्धति र त्यसको सम्बन्धसम्बन्धी विचारबाट अगाडि बढाउनुभएको थियो । त्यसैदिन एक सत्रमा पिडिडिपीका क्षेत्रीय विकास सल्लाहकारद्वय लक्ष्मण शाह र बासुदेव भण्डारीले क्षेत्रीय विकास विश्लेषण, व्यवस्थापन

सहयोग, सहभागितामूलक योजना र घटनाअध्ययन (केस स्टडी) का आधारमा विकास योजनाको अनुगमन प्रक्रिया सम्बन्धमा विचार व्यक्त गरिएका थिए । पिडिडिपीका कार्यक्रम सहायक सञ्जिव अधिकारीले एउटा सानो सत्रमा गाउँ विकास कार्यक्रमसम्बन्धी धारणा र प्रगतिसम्बन्धी विचार व्यक्त गर्नु भयो । पिडिडिपीका जिल्ला विकास सल्लाहकार शुमाधयक शाहले दिउसोको खाना खानुभन्दा अघि नुवाकोट जिल्लाको गाउँ विकास कार्यक्रमसम्बन्धी घटना प्रस्तुत गर्नुभएको थियो ।

मन्जुश्री हल

स्थानीय शासन कार्यक्रम (एलजिपी) का सहभागीहरू स्थानीय शासन कार्यक्रमका राष्ट्रिय योजना निर्देशक मनोजकुमार श्रेष्ठले एलजिपीका पृष्ठभूमि र उद्देश्यमाथि प्रकाश पार्दै सत्रको प्रारम्भ गर्नुभएको थियो । एलजिपी का कार्यक्रम सल्लाहकार रामकृष्ण पोखरेलले गाउँ, जिल्ला, क्षेत्र र केन्द्रीयस्तरमा एलजिपीका कार्यक्रम सञ्चालन तरिका र कार्यक्रमको प्रगति सम्बन्धमा प्रतिनिधिहरूलाई अवगत गराउनुभएको थियो । एलजिपीका सिनियर योजना सल्लाहकार डा. रघु श्रेष्ठले जिल्ला सूचना पद्धतिमा छोटो सत्र लिनु भयो । एलजिपीका तालिम विशेषज्ञ रमेश अधिकारीले सहभागितामूलक योजना र अनुगमन र व्यवस्थापन सहयोग सम्बन्धमा आफ्नो विचार व्यक्त गर्दै सत्रलाई अगाडि बढाउनुभएको थियो । एलजिपीका कार्यक्रम सहायक सुश्री शोभा सुवेदीले ग्रामीण विकास कार्यक्रमसम्बन्धी धारणाको व्याख्या गर्नुभएको थियो ।

सिद्धार्थ हल

एलजिपी/पिडिडिपीका प्रतिनिधिका संयुक्त सत्र मध्यान्हमा पिडिडिपीका कार्यक्रम सल्लाहका कल्याणराज पाण्डेले प्रदर्शन सत्र र पिडिडिपीका तालिम अधिकृत कृष्णप्रसाद पौडेलले स्थानीय सहयोग कोषसम्बन्धी धारणा र मेगासयको भौगोलिक सूचना पद्धति (GIS) र जिल्ला विकास योजनामा यसको प्रयोग, जिल्ला विकास समितिको लेखा र तथ्याङ्क समूह (डाटाबेस प्याकेज) माथि प्रकाश पार्नुभएको थियो । अन्त्यमा प्रशस्त छलफलपछि योजनाका माननीय सदस्यबाट गोष्ठीको समापन गरियो ।

*(स्रोत : LGP Bulletin N.1.Dec. 97)*

## ४ पृष्ठपोषण

क) आफ्ना समुदायमा सञ्चालन गर्न सकिने परियोजनासम्बन्धी सम्झौतापत्रको नमुना तयार गर्नुहोस् ।

ख) आफ्नो मनमा लागेको कुनै पनि आयमूलक कार्यको तालिका बनाउनुहोस् ।

ग) आयमूलक कार्यको महत्व झल्कने गरी साथीलाई पत्र लेख्नुहोस् ।

घ) आयमूलक कार्यसम्बन्धी पर्चा तयार गर्नुहोस् र कक्षामा सुनाउनुहोस्

ङ) LGP Bullletin मा प्रकाशित National Seminar on Participatory District Development and Local Governance को आधारमा कुनै अर्कै गोष्ठिको कार्यक्रम बनाउनुहोस् ।

## ५ परिशिष्ट

क) यात्रा, बुद्ध एयरद्वारा प्रकाशित, जावलाखेल, ललितपुर, २००४।

ख) सामुदायिक वन सङ्गालो, नेपाल यू.के. सामुदायिक वन परियोजनाद्वारा प्रकाशित बुलेटिन वर्ष २, अङ्क ५ ।

ग) पहाडी कबुलियती वन तथा चरन विकास आयोजना, सहयोग : खाद्य तथा कृषि सङ्गठन र संयुक्त राष्ट्र सङ्घ, कार्तिक २०५७ ।

घ) नेपाली उत्पादनलाई प्रोत्साहन गरी देश विकासमा जुटौं, गण्डकी बी कन्सर्न, गोंगबु, गणेशस्थान, फोन ४३५१०१३, ४३५३२५८, Email:business@mail.com.np, business@mos.com.np

ङ) LGP Bulletin MLD/NPC/UNDPNEP/95/021 No. 1 Dec. 9

पाठ एक : सडक र अन्य यातायातका साधनहरू

१ **उद्देश्य**

यो पाठ पढिसकेपछि शिक्षकहरू निम्नलिखित कार्यहरूमा सक्षम हुनेछन् :

क) सडक यातायातको समस्यासम्बन्धी समाचार अध्ययन गरी विश्लेषण गर्न ।

ख) सडक यातायातसम्बन्धी समाचार बनाई प्रस्तुत गर्न ।

२ **विषयवस्तु**

क) सडक यातायातको समस्यासम्बधी समाचार अध्ययन ।

ख) सडक यातायासम्बन्धी समाचारको नमुना तयारी ।

३ **विषयवस्तु प्रस्तुतीकरण**

क) तलको सडक यातायातसम्बन्धी समाचार अध्ययन गरी विश्लेषण गर्नुहोस् ।

**पहाडी क्षेत्रमा सडक पुऱ्याउने लक्ष्य अधुरै**
**गैडाकोट, माघ १४ गते ।**

बहुदल स्थापना भएपछि बनेको पहिलो जननिर्वाचित सरकारले नवलपरासीको पहाडी क्षेत्रमा मोटरबाटो पुऱ्याउने घोषणा गरेको ११ वर्ष वित्दा पनि सडक अलपत्र अवस्थामा रहँदा स्थानीय बासिन्दा ठूलो मारमा परेका छन् ।

गैडाकोट-कालीगण्डकी हुँदै पाल्पा-रामपुर जोड्ने सडक योजनाको अवधारणा ल्याएपछि गिरीजाप्रसाद कोइराला प्रधानमन्त्री रहँदा २०५०/५१ मा सुरू भएको सो योजना अहिले २२ कि.मी. मात्र ग्राबलिङ बाटो सम्पन्न भएको छ । नवलपरासी १७, पाल्पाका २०, तनहुँका १५ र स्याङ्जाका ६ गाउँ विकास समितिका ३०,००० जनताले लिखित निवेदन पेस गरेर सो सडकको निर्माण कार्य सञ्चालन गर्न सरकारलाई दबाब दिएपछि आर्थिक वर्ष २०५२/५३ बाट सुरू भएको सो सडक अहिले धिमधिम गतिमा अघि बढेको छ, पूर्वसांसद दामोदर बस्ताकोटीले बताउनुहुन्छ ।

सो मोटरबाटो निर्माणका लागि हालसम्म दुई करोड ७५ लाख रूपैयाँ विनियोजन भएपनि त्यति ठूलो रकममा जम्मा २२ किलोमिटर बाटो ग्राबलिङ हुनुले आयोजनामा ठूलो अनियमितता भएको मोटरबाटो उपभोक्ता समितिका अध्यक्ष एवम् पूर्वसांसद दामोदर बस्ताकोटी दावी गर्नुहुन्छ । समितिका अध्यक्ष बस्ताकोटीले समिति शक्तिशाली नहुँदा आयोजना प्रमुखले मनोमानी गर्दा मोटरबाटो निर्माण कार्य अगाड़ि बढ्न नसकेको बताउनुहुन्छ । उपभोक्ता समितिले लेखापरीक्षण गर्ने, अधिकार पाएमा तीनवर्षमा मोटरबाटो पाल्पा रामपुर जोड्ने दावी उहाँ गर्नुहुन्छ । सडक आयोजना प्रमुख मुक्तिनाथ दवाडी समितिको निर्णयअनुसार आफूले काम गरेको र आयोजनामा कुनै भ्रष्टाचार तथा अनियमितता नभएको बताउनुहुन्छ । रतनपुर र काटथर गाविसको बीचमा करिब १२ कि.मी. चट्टान विस्फोट गर्न

सरकारले अनुमति दिएमा यो वर्ष प्राप्त रकमले कोटथर मोटरबाटो पुऱ्याइने आयोजना प्रमुख दवाडी बताउनुहुन्छ ।

सम्पूर्ण आर्थिक तथा प्रशासनिक निर्णय जिविसले गर्दा काम गर्न अप्ठ्यारो परेको बताउँदै उहाँले विकेन्द्रीकरणका नाममा केन्द्रीकरण गर्ने काम भइरहेकोले योजनामा ढिलाइ भएको बताउनुभयो ।

गैंडाकोट-कालिगण्डकी-रामपुर सडक योजना सम्पन्न समयमै भएमा यसबाट चार जिल्लाका लाखौं बासिन्दा प्रत्यक्ष लाभान्वित हुने कोटथर गाविसका पूर्वअध्यक्ष चन्द्रबहादुर आले बताउनुहुन्छ ।
*( साभार : गोरखापत्र, २०६१ माघ १५ )*

ख) माथि 'क' मा दिइएको समाचारको नमुना अध्ययन गर्नुहोस् र आफ्नो समुदायको यातायात समस्यासम्बन्धी समाचार बनाउनुहोस् ।

मादनकुँडारी, काभ्रे
२०६१ माघ १७
काभ्रे जिल्लाको दोलालघाट-मादनकुँडारी सडकको अधिकांश भाग माघ महिनामा परेको पानीले गर्दा बिग्रिएको छ । सडक कच्ची भएकाले पानीले गर्दा सो खण्डमा मोटर चल्न सकेको छैन । यसबाट सो क्षेत्रमा मानिसहरू आवतजावत गर्न र सामानहरू ओसारपसार गर्न असुविधा पुगेको छ । सडक यातायातको यो समस्याले गर्दा त्यस भेकका जनतालाई खाद्यान्न र अन्य दैनिक उपभोगका सामग्रीहरू अभाव हुन गएको छ । सो खण्डको सडक निर्माण तथा मर्मतका लागि सम्बन्धित पक्षको ध्यान जानु जरूरी छ ।

४ **पृष्ठपोषण**

क) तपाईंले तयार गर्नुभएको सामग्रीहरूमा के-कस्ता कमजोरी होलान् ?
ख) ती सामग्रीहरूको सुधार गर्न के-के गर्नुपर्ला ?

## पाठ दुई : स्वस्थ रहने बानी र सरसफाइ

### १ उद्देश्य

यो पाठ पढिसकेपछि शिक्षकहरू निम्नलिखित कार्यहरूमा सक्षम हुनेछन् :

क) सरसफाइमा ध्यान पुऱ्याउनुपर्ने सन्देशहरूको सूची गरी सम्पादकीय तयार गर्न ।

ख) ती सन्देशहरूका आधारमा प्लेकार्ड बनाई प्रस्तुत गर्न ।

### २ विषयवस्तु

क) सरसफाइमा ध्यान पुऱ्याउनुपर्ने सन्देशहरू

ख) प्लेकार्ड निर्माण र प्रस्तुतीकरण

### ३ विषयवस्तु प्रस्तुतीकरण

क) सरसफाइमा ध्यान दिनुपर्ने तलका मुख्य छओटा सन्देशहरू अध्ययन गरी सम्पादकीय तयार गर्नुहोस् ।

१) खाना पकाउनु र खानु अघि, दिसा धोएपछि सावुनपानीले वा खरानीपानीले हात धुनुपर्छ । यसो गरेको खण्डमा धेरै रोगहरूबाट बच्न सकिन्छ ।

२) चर्पीमा मात्र दिसापिसाब गर्नाले पनि धेरै रोगबाट बच्न सकिन्छ ।

३) सफा पानीको प्रयोगबाट पनि धेरै रोगबाट बच्न सकिन्छ ।

४) खानेपानी सफा मूलको छैन भने उमालेर खानुपर्छ । उमालेको पानी खाने गर्नाले धेरै रोगबाट बच्न सकिन्छ ।

५) खानेकुरा सफा राख्नु रोगबाट बच्ने अर्को राम्रो उपाय हो ।

६) फोहोरमैला र कसिङ्गर गाड्ने वा पोल्ने गर्नाले पनि धेरै रोगबाट बच्न सकिन्छ ।

ख) तलको सामग्री अध्ययन गर्नुहोस् र बालस्वास्थ्यमा देखिएका चुनौतीहरूको सूची बनाउनुहोस् ।

बालस्वास्थ्य क्षेत्रको लागि जटिल चुनौती

शारीरिक स्वस्थता र मानव विकासका लागि पोषणयुक्त खाद्यवस्तुमा आवश्यक पर्दछ । शारीरिक विकासका लागि भ्रुण अवस्थादेखि नै उचित हेरचाह र पोषणयुक्त सूक्ष्मतत्वको आवश्यकता त्यतिकै महत्त्वपूर्ण पक्ष मानिन्छ । शरीरका लागि आवश्यक पोषणयुक्त पदार्थ, खाद्यवस्तु तथा खोपजन्य प्रक्रियाबाट उपलब्ध हुन्छ । यस्ता सूक्ष्म पोषण तत्वहरूले शरीरमा इन्जाइम, हर्मोनलगायतका अन्य तत्वहरू निर्माण हुन्छ । यस्ता तत्वहरूले मानिसमा दिमागको क्षमतामा विकास, गतिविधि एवम् सुधारमा सघाउ पुऱ्याउँछ । यसले मानिसलाई शारीरिक रूपमा स्वस्थ राख्नुका साथै मानसिक विकासका क्रियाकलापमा सक्रिय बनाउने क्षमताको विकास गराई तीक्ष्ण बनाउँछ । साथै प्रतिरक्षा प्रणाली तथा प्रजनन् प्रणालीको कार्य क्षमतामा विकास गराउँदछ । यस्ता सूक्ष्म पोषण तत्वहरू बाल्यकाल र द्रुत मानसिक विकासको क्रम, गर्भावस्था एवम् स्तनपान गराउने समयमा पर्याप्त मात्रामा महिलालाई खुवाउनु अत्यन्त जरूरी हुन्छ । यस्ता पौष्टिक तत्वयुक्त खाद्यवस्तुले शारीरिक विकासका साथै विभिन्न किसिमका रोग लाग्नबाट बच्ने क्षमतासँग लड्ने प्रतिरक्षा प्रणालीको विकासमा सघाउ पुऱ्याउँदछ । फलत: यस्ता पौष्टिक तत्व शरीरका लागि आवश्यक मानिन्छ ।

मानिसका शरीरका लागि खासगरी आवश्यक पर्ने सूक्ष्म पोषण तत्वहरूमा आयोडिन, भिटामिन ए, आइरन, जिङ्क, फोलेट अति आवश्यक रहेको विज्ञहरूको भनाइ छ । यसरी शरीरमा आयोडिनको मात्राले मानसिक सुस्तता कम गर्छ भने यसको कमीले गर्भवती महिलाले मरेको बच्चा जन्माउने र गर्भपतन हुने सम्भावना त्यतिकै रहन्छ । त्यसले गर्दा गर्भवती महिलाका लागि आयोडिन जरूरत पर्दछ । त्यसैगरी भिटामिन 'ए' ले झाडापखाला तथा दादुराजन्य रोगसँग लड्ने क्षमताको विकास गर्दछ । जसबाट आँखाको रोग अर्थात कानो वा अन्धोपनको समस्या नहुनसक्छ । यसबाट औंलोको सङ्क्रमणबाट पनि बच्न सकिन्छ । यसले ज्वरो आउने क्रमलाई कमी ल्याउँछ । गर्भवती महिलालाई भने भिटामिन 'ए' खान दिन नहुने विशेषज्ञहरू सल्लाह दिन्छन् । किनकि भ्रुणको विकासमा नकारात्मक असर तथा खतरा उत्पन्न गराउँदछ । यसैगरी आइरनले रक्तअल्पतालाई कम गराई रोगबाट बच्न सघाउ पुऱ्याउँदछ । यससँगै आइरनले मानिसको शारीरिक तन्दुरूस्ती बढाउन सहयोग पुऱ्याउँदछ जसबाट गर्भवती महिलामा सुत्केरी अवस्थामा रक्तश्राव भई सङ्क्रमण हुने खतरालाई पनि आइरनले कमी ल्याउँछ । आइरनको कमी, अपर्याप्त खाना, महिनावारी हुँदा बढी रक्तश्राव हुने, अङ्कुसे जुका र परजीवीको सङ्क्रमणजस्ता समस्या शरीरमा देखिन्छन् । यसलाई खानाको माध्यमबाट पनि पूरा गर्न सकिन्छ । आइरनयुक्त खाद्यपदार्थ प्राय: गरी गहुँको पीठो र यसबाट बनेका पदार्थमा पाइन्छन् । जिङ्क तथा फोलेटजस्ता तत्वले शिशुलाई कम तौल हुनबाट बचाउने, गर्भवती महिला सुत्केरी हुँदा समस्या कम देखापर्ने, लामो समयसम्म सुत्केरी व्यथा नलाग्ने, औंलो रोगको समस्याले भेट्ने सम्भावना न्यून हुने जस्ता स्वास्थ्यमा जटिलतामा कमी ल्याउन सकिन्छ ।

शरीरको सामान्य विकास तथा शारीरिक क्रियाका लागि रसायनिक तत्व तथा खाद्यपदार्थहरू अति आवश्यक छ । शरीरमा चाहिने सूक्ष्म पोषक तत्व आफै पूरा हुँदैनन् । यस्ता तत्वहरूलाई खाद्यपदार्थ तथा खोपको माध्यमबाट शरीरमा पूर्ति गराउनुपर्दछ । यसका लागि खानपानमा विभिन्न किसिमका तरकारी सागसब्जी, गेडागुडी, माछा मासु लगायतका पदार्थहरू समयोचित रूपमा सेवन तथा उपलब्ध हुनु जरूरी हुन्छ । फलत: यसले मानव शरीरको विकाससँगै आवश्यक तत्वको मात्रा उपलब्ध हुनुपर्दछ भने रोग भेट्न नदिन तथा रोगसँग लड्ने क्षमतालाई अभिबृद्धि गर्न यसले सघाउ पुऱ्याएँदछ । कुपोषणको समस्याबाट बच्न सघाउ पुऱ्याउँछ । यसबाट बालबालिकाहरूमा दादुरा, झाडापखाला, कुपोषण तथा श्वासप्रश्वाससम्बन्धी रोगहरूले भेट्ने सम्भावना न्यून हुन्छ । यससँगै बालबालिका लुलो लङ्गडो, कम तौलको, आँखा नदेख्ने लगायतका समस्या कमै हुन सक्छ भने महिलामा रक्तअल्पता, सुत्केरी अवस्थामा अत्यधिक पीडा, प्रजनन् एवम् मातृमृत्युको समस्या न्यून भई स्वास्थ्यका जटिलताहरूमा कमी आउन सक्छ ।

कुपोषणको समस्याले नेपालमा वर्षेनी विभिन्न खालका स्वास्थ्यसम्बन्धी जटिलताहरू देखापर्दै आएका छन् । नेपालका कुल बालबालिकामध्ये करिब ४६ प्रतिशत कुपोषणको समस्याले पीडित छन् भने कुपोषणकै कारण मातृ तथा शिशुमृत्युदर उच्च रहेको छ । यससँगै प्रसूतिका समयमा महिलाले स्वास्थ्यसम्बन्धी जटिलताहरू भोग्नु परिरहेको छ । यही समस्या विश्वमा हेर्ने हो भने बर्सेनी विश्वमा झण्डै १० करोडभन्दा माथिको सङ्ख्यामा बालबालिका तथा दशौं लाख गर्भवती महिलाको शारीरिक प्रतिरक्षा प्रणालीलाई नष्ट गरिराखेको हुन्छ । यो सङ्ख्या एच.आई.भी. सङ्क्रमितमा भने पर्दैन । उचित पोषणको व्यवस्थाका कारण भ्रुण अवस्थादेखि नै बालबालिकामा भएको कुपोषणले ठूलो भएपछि मुटुको रोग, चिनीको रोग, उच्च रक्तचापजस्ता दीर्घरोगलाई कम गर्न सकिने

अनुसन्धानहरूले जनाएको छ भने महिला वर्गमा देखापर्ने विभिन्न खाले रोगमा पनि कमी आउने उल्लेख छ ।

नेपालको स्थिति हेर्ने हो भने पोषणतत्वयुक्त खाद्यपदार्थ हाम्रा घर खेत तथा करेसाबारीमा नै प्रशस्त उपलब्ध भए पनि त्यसलाई मात्रा मिलाएर सेवन गर्ने जानकारीको अभावमा जटिलता देखापर्ने गरेका हुन् । त्यसमाथि पनि हाम्रो सामाजिक तथा साँस्कृतिक प्रणालीमा देखिएको विभेद तथा महिलाविरूद्ध हुने भेदभावले खाता, साधन स्रोत, स्वास्थ्य सेवा, पारिवारिक तथा सामुदायिक सहयोग, हेरचाह लगायत जानकारीको कमीका कारण स्वास्थ्य क्षेत्रमा जटिलता उत्पन्न गराई गम्भीर चुनौती बन्दै गएको छ । यसले महिला, बालबालिका तथा शिशुअवस्थादेखि नै उचित स्याहार, हेरचाह नहुँदा भविष्यसमेत अन्योल र कुपोषणको समस्याले जटिलता उत्पन्न गरेको हो ।

यसबाट बढ्दो कुपोषणको समस्या नियन्त्रण गर्न कतिपय यस्ता महत्त्वपूर्ण सवालप्रति परिवार, समाज तथा राज्य उत्तरदायी हुनैपर्छ । यसका लागि आवश्यक प्रक्रिया तथा चेतनाको विकास गरी भेदभावपूर्ण वातावरणको अन्त्य हुनुपर्दछ । फलत: राज्यले भविष्यमा यस्ता आफ्नै लापरवाही तथा अशिक्षाका कारण उत्पन्न हुने खालका समस्यामा जुध्नु नपरोस् । यस्तो कुपोषणको समस्या अत्यधिक रूपमा विकाससील मुलुकहरूमा देखिने गरेका छन् । गरिबी अशिक्षा तथा अभाव जस्ता समस्याले पिरोलिएका मुलुकहरूमा महिलाका लागि राम्रो खाना खानु, आराम गर्नु, बालबालिकाको स्वास्थ्य रक्षाका लागि ध्यान दिने कार्य असम्भव भएकाले पनि यो समस्या देखापरेको हो । परिवार तथा समाजले पनि न्यायोचित वितरण तथा हेरचाह पुऱ्याउन नसक्नुले नै यस्ता समस्या देखापरेका छन् । यसको प्रत्यक्ष भार भने बालबालिका र महिलामा परेको छ ।

ग) तलको समाचार अध्ययन गरी विश्लेषण गर्नुहोस् ।

स्वास्थ्य सेवालाई सुलभ र सुविधायुक्त बनाइने - प्रम
शहीद गङ्गालाल राष्ट्रिय हृदयरोग केन्द्रको नवौं वार्षिकोत्सवका अवसरमा आज यहाँ आयोजित कार्यक्रममा प्रधानमन्त्री देउवाले भन्नुभयो- "हृदयरोगको आवश्यकीय उपचार सेवालाई भरपर्दो बनाउन जरूरी छ, केन्द्रले गरेको काम प्रशंसनीय छ ।"

प्रधानमन्त्री देउवाको भनाइ छ- "विश्वमा मुटुसम्बन्धी रोग मृत्युको प्रमुख कारण बन्दै गएको छ, नेपालमा पनि मुटुरोगको बढ्दो चापलाई ध्यानमा राखेर सेवा सुविधालाई प्रभावकारी बनाउँदै लैजानु पर्ने अवस्था सिर्जना भएको छ ।"

स्वास्थ्य सेवाका क्षेत्रमा गैरसरकारी क्षेत्र तथा नागरिक समाजबाट पुऱ्याइँदै आएको सहयोगको सराहना गर्दै प्रधानमन्त्री देउवाले भन्नुभयो- यस्ता संस्थालाई भविष्यमा पनि निरन्तर सहयोग पुऱ्याउन आग्रह गर्दछु ।

मुटुरोगजस्तो संवेदनशील समस्याको उपचार सेवालाई सर्वसाधारणको पहुँचसम्म पुऱ्याउन अति आवश्यक भएको बेला हृदयरोग केन्द्रले पुऱ्याएको सुविधा उच्च मान्नुपर्छ भन्दै प्रम देउवाले भन्नु भयो- "मुटु रोगको उपचारमा विदेशीने रकम न्यून हुँदै गई स्वदेशमै परिचालित हुन सक्छ ।"

सो अवसरमा प्रधानमन्त्री देउवाले यहाँ निर्माण गरिएको सर्जिकल आई.सी.यू. र शल्यक्रिया क्लबको उद्घाटन गर्नुभयो भने निर्माण हुन लागेको एकसय शय्या भवनको शिलान्यास पनि गर्नुभयो ।

सो कार्यक्रममा स्वास्थ्यमन्त्री अशोककुमार राईले सरकारले स्वास्थ्य सेवा सर्वसुलभ उपलब्ध गराउँदै जाने नीतिअनुरूप मुलुकभित्रै मुटुरोगसम्बन्धी अत्याधुनिक उपचार पद्धति अपनाइएको बताउनुभयो ।

मन्त्री राईको भनाइ छ- "मुटु रोगको उपचार पद्धतिलाई कम खर्चमा नै स्वदेश मै उपलब्ध सेवाले सुविधा पुगेको बताउनुभयो । शहीद गङ्गालाल राष्ट्रिय हृदयरोग उपचारमा केन्द्रले विदेशमा जानुपर्ने बाध्यताबाट मुक्ति दिलाउन सक्नुपर्छ ।"

स्वास्थ्य क्षेत्र अत्यन्त संवेदनशील रहेको धारणा राख्दै स्वास्थ्यमन्त्री राईले भन्नुभयो- "विकासको केन्द्र विन्दु मानवलाई सुखी बनाउने हो, स्वास्थ्य क्षेत्र त्यहीभित्र पर्दछ । सो कार्यक्रमका अवसरमा स्वास्थ्य राज्यमन्त्री डा. वंशीधर मिश्रले स्वास्थ्य क्षेत्रमा उच्च सेवा उपलब्ध गराउनका लागि सरकारले यस क्षेत्रको विकास र विस्तारमा सहयोग पुऱ्याउने बताउनुभयो ।

स्वास्थ्य मन्त्रालयका सचिव मोहनबहादुर कार्कीले मुटुरोगजस्तो जटिल र अति खर्चिलो उपचार पद्धतिलाई कम खर्चमै स्वदेशमै उपलब्ध सेवाले सुविधा पुगेको बताउनुभयो ।

शहीद गङ्गलाल राष्ट्रिय हृदयरोग केन्द्रका कार्यकारी निर्देशक डा. भगवान कोइरालाले मुटुरोगको उपचार तथा सेवाका क्षेत्रमा गुणस्तरीय विकास तथा सुधार भएको बताउनुभयो । यो आर्थिक वर्षमा केन्द्रले करिब छ सय व्यक्तिको मुटुको शल्यक्रिया गर्ने लक्ष्य राखेको जानकारी दिँदै कार्यकारी निर्देशक डा. कोइरालाले भन्नुभयो- "यहाँको सेवा अन्तर्राष्ट्रियस्तरको बनाइएको छ ।"

सो कार्यक्रममा हाल निर्माण हुन लागेको नयाँ भवन प्रयोगमा ल्याएपछि वार्षिक करिब एक हजारको शल्यक्रिया गर्नसक्ने क्षमता बन्ने जनाइएको छ । स्थापनाको आठवर्ष पूरा गरेको सो केन्द्रले हालसम्म एकहजार पाँचसय व्यक्तिको मुटुको शल्यक्रिया र एकहजार व्यक्तिको एनजीओग्राफी गरेको केन्द्रले जानकारी दिएको छ ।

त्यसैगरी, सो केन्द्रले यस वर्षदेखि आफ्नै आम्दानीले आन्तरिक खर्च धान्न सक्ने भएको, हालसम्म एककरोड रूपैयाँ बराबरको सहयोग गरिब तथा असहाय बिरामीका लागि खर्च गरेको पनि जनाइएको छ । सो कार्यक्रममा सो केन्द्रका संस्थापक अध्यक्ष डा. अरुण सायमी र डा. मनबहादुर के.सी.ले पनि बोल्नु भएको थियो ।

( *साभार : गोरखापत्र, २०६१ माघ १६* )

घ) माथि उल्लिखित सन्देशहरूका आधारमा प्लेकार्ड बनाई प्रस्तुत गर्नुहोस् ।

प्लेकार्डका नमुना निम्नानुसार हुन सक्नेछन् :-
"दिसापिसाब गरेपछि साबुन पानीले हात धोऔं, रोगहरूबाट बचौं"
"चर्पीमा मात्र दिसापिसाब गरौं"

"पानी उमालेर पिउने गरौं"
"फोहोर मैला र कसिङ्गर खाडलमा पुरौं"

४ **पृष्ठपोषण**

क) तपाईंले तयार गरेका सामग्रीहरूमा के-के कमी कमजोरी होलान् ?

ख) यस सामग्रीमा कुन-कुन कुरामा सुधार गर्नुपर्ला ?

**पाठ तीन : सौर्यशक्तिको सम्भावनाको खोजी र सञ्चारका साधनहरूको प्रयोग ।**

१ **उद्देश्य**

यो पाठ पढिसकेपछि शिक्षकहरू निम्नलिखित कार्यहरूमा सक्षम हुनेछन् :

क) सौर्यशक्तिको सम्भावनाको अध्ययन गरी समाचार तयार गर्न ।

ख) सञ्चारका साधनहरूको प्रयोगसम्बन्धी अध्ययन गरी विश्लेषण गर्न ।

२ **विषयवस्तु**

क) सौर्यशक्तिको सम्भावनाको अध्ययन

ख) सञ्चारका साधनहरूको प्रयोग र विश्लेषण

३ **विषयवस्तु प्रस्तुतीकरण**

क) तलको सामग्री अध्ययन गरी समाचारको नमुना तयार गर्नुहोस् ।

जोमसोम, मुस्ताङ

"पश्चिमाञ्चल विकास क्षेत्रको हिमाली प्रदेशमा मुस्ताङ जिल्ला अवस्थित छ । यहाँ केन्द्रीय विद्युत् लाइन पुऱ्याउन सकिएको छैन । त्यसैले यस क्षेत्रमा सौर्यशक्तिको उत्पादन गरी बत्ती बाल्न, रेडियो, टेलिभिजन सुन्न र हेर्न एवम् खाना पकाउनसमेत यसको प्रयोग सकिने भएकाले यस जिल्लाका अधिकांश बासिन्दाले सौर्यशक्ति उत्पादन गरी उपभोग गर्न सक्ने कुरा जिल्ला विकास समितिका भूतपूर्व सभापति पाल्तेन गुरूङले बताउनुभएको छ ।"

ख) सञ्चारका आधुनिक साधनहरूको सम्बन्धमा एक विश्लेषणात्मक लेख तयार गर्नुहोस् ।

४ **पृष्ठपोषण**

क) तपाईंले तयार गरेका सामग्रीहरूमा भएका कमजोरी केलाउनुहोस् ।

ख) ती सामग्रीहरूमा कुन-कुन सुधार गर्नुपर्ला ?

पाठ एक : राजा जनक र राजकुमारी सीताको कथा

१ **उद्देश्य**

क) राजा जनक र राजकुमारी सीताको जीवन कथा बनाउन ।

ख) रामायणका प्रमुख पात्र र तिनका कामको तालिका बनाउन ।

ग) भानुभक्त रामायणको श्लोक सार्न र वाचन गर्न ।

२ **विषयवस्तु**

क) राजा जनक र राजकुमारी सीता

ख) रामायणका पात्र

ग) रामायणका श्लोक

३ **विषयवस्तु प्रस्तुतीकरण**

जनक

नेपालमा ठूलाठूला वीर, ऋषि तथा राजर्षिहरूको जन्म भएको छ । नेपालमा जन्मेर नेपाली र विश्व समुदायको निम्ति सदासर्वदाका लागि प्रेरणाको स्रोत बनेर अमर भएका यस्ता महापुरुषहरूमा राजा जनकको नाम अत्यन्त प्रसिद्ध छ ।

राजा जनक सीताका बाबु थिए । जनकको नाम सीरध्वज हो । जनक उनको वंशको नाम हो । जनक वंशमा सीरध्वज धेरै ठूला राजा थिए । सत्यनिष्ठ र कर्तव्यनिष्ठ राजा सीरध्वज नै पछि उनको वंशको नामबाट राजा जनकको रूपमा प्रसिद्ध भए । यसरी राजा जनकले आफ्नो कुलको नाम अमर गरे । राजा भएर पनि ऋषिको जस्तो त्याग, कर्तव्यप्रतिको समर्पण, सत्यनिष्ठा र आदर्श व्यवहारको प्रदर्शन गर्न सक्षम भएकाले मानिसहरूले राजा जनकलाई राजर्षि भन्दथे । त्यसैले उनी राजा र योगी दुवै थिए ।

राजा जनक ठूला विद्वान् र आत्मज्ञानी थिए । त्यसैले टाढा-टाढाका ठूलाठूला विद्वान्हरू पनि राजा जनककहाँ उनको सल्लाह लिन आउँथे । उनीहरू राजा जनकबाट ज्ञान सिक्दथे । योगीहरू पनि उनीकहाँ ज्ञान सिक्न आउँथे । उनीसँग सत्सँग गर्न भारतबाट पनि ठूलाठूला योगीहरू आउँथे । सधैं राजा जनककहाँ विद्वान्, योगी, मुनिहरूको सभा हुन्थ्यो । ठूलाठूला विषयमा बहस हुन्थ्यो । राजा जनक जङ्गलमा गएर तपस्या नगरिकन घरमै बसेर पनि ठूला ऋषिको रूपमा प्रतिष्ठित थिए ।

मिथिला प्रदेश (जनकपुर) त्यसबेला दर्शन विद्याको ठूलो केन्द्र थियो । ठूला-ठूला विद्वान्हरू त्यहाँ बस्दथे । उनीहरू विद्याको जतातत प्रचार गर्दथे । याज्ञवल्क्य ऋषि राजा जनकका पुरोहित थिए । उनी ठूला विद्वान् थिए । याज्ञवल्क्यले यर्जुवेदको सङ्कलन गरेका थिए । उनी राजा जनकलाई सरसल्लाह दिन्थे । विद्वान्हरूको सभामा उनले भाग लिन्थे । याज्ञवल्क्य-स्मृतिलाई अहिले पनि धार्मिक

विषयहरूको निरूपण गर्ने एउटा महत्त्वपूर्ण आधारको रूपमा लिइने तथ्यले पनि याज्ञवल्क्य ठूला विद्वान थिए भन्ने कुराको पुष्टि हुन्छ ।

राजा जनक जन्मसिद्ध योगी थिए । उनले कसैबाट ज्ञान सिकेका थिएनन् । उनलाई आत्मज्ञान भयो । गृहस्थ आश्रममा बसेर पनि उनी ऋषि भए । राजा जनकले मानिस मात्रको भलाइका लागि धेरै उपदेश दिएका थिए । उनको उपदेश यसप्रकार छन् :-

१) सबै मिलेर सँगै खाऔं ।
२) सबै मिलेर बाँडचुड गरी सँगै खाऔं ।
३) सबै मिलेर एक भई काम गरौं ।
४) सबै मिलेर संसारमा शान्ति कायम गरौं ।
५) शान्ति कायम गर्न लडाई झगडा गर्न नपरोस् ।

यी पाँच महान उपदेशहरू हाम्रा लागि ज्यादै आवश्यक छन् । यी उपदेशहरू हिन्दू धर्मका महान तथ्य कुरा हुन् । यी हिन्दू दर्शनका मुख्य आधार हुन् । वास्तवमा भन्ने हो भने पाँचओटा उपदेशहरूलाई कुनै पनि धर्मले अस्वीकार गरेका छैनन् । त्यसैले यिनलाई कुनै धर्म विशेषका रूपमा मात्र नभएर मानव सभ्यताको आधारको रूपमा लिन सकिन्छ । आज त यी कुराहरूको महत्त्व ठूलो छ । वर्तमान विश्वमा मानिसहरूमा झै-झगडा र लडाइँ भइरहेको देखिन्छ । यसले गर्दा समाज र मुलुकहरूमा शान्तिको आवश्यकता बढिरहेको छ । यस्तो अवस्थामा राजा जनकका माथिका उपदेशहरूको पालना गरेर समाजमा शान्ति, पारस्परिक सहयोग र सद्भावको वृद्धि गर्न सकिन्छ । सत्य र कर्तव्यप्रतिको समर्पणको नमुना बनेर राजा जनक अमर भएका छन् । उनी हाम्रा एक महान् विभूति हुन् । नेपाली भू-भागमा जन्मेर आफ्नो जीवनलाई मानवमात्रको हितको निम्ति समर्पित बनाएको कारणले सारा नेपाली उनीप्रति ऋणि छन् । राजा जनकले नेपाल र नेपालीको प्रतिष्ठा बढाएका छन् ।

पहिले जनकपुरलाई मिथिल्ला भनिन्थ्यो । अहिले नेपालको जनकपुर अञ्चलमा धनुषा जिल्ला छ । त्यही धनुषा जिल्लाको क्षेत्रमा जनकको राज्य थियो । उनी आफ्ना प्रजालाई ज्यादै प्यारो गर्दथे । प्रजाले राजालाई पिता जस्तै मान्दथे । यसरी राजा र प्रजामा ठूलो मेल थियो । प्रजा सुखी थिए । प्रजालाई कुनै किसिमको दु:ख थिएन । सारा जनता राजा जनकको तारिफ गर्दथे । देशमा सुख शान्ति थियो ।

कुनै पनि शासन प्रणाली अपनाएको मुलुकको निम्ति राजा जनकका उपदेशहरूले राज्य सञ्चालनको निम्ति मार्गदर्शन गर्न सक्दछन् । कसैले कसैलाई थिचोमिचो गर्नुहुँदैन, एकअर्कालाई सहयोग गर्नुपर्छ, कसैले कसैबाट अनुचित फाइदा उठाउन पाइदैन, सबै मिलेर काम गर्नुपर्छ र सानो ठूलो भनेर भेदभाव गर्नुहुँदैन भन्ने कुरालाई मार्गदर्शक सिद्धान्तको रूपमा अवलम्बन गरेर राजा जनकले आफ्ना शासन सञ्चालन गरेका थिए । राजा जनकले आजभन्दा धेरै अगाडिको युगमा अवलम्बन गरेका यी सिद्धान्तहरूलाई व्यवहारमा उतार्ने हो भने अहिले पनि आदर्श राज्यको अवधारणालाई साकार बनाउन सकिन्छ । त्यसैले उनको योगदान नेपाली समाजको निम्ति मात्र नभएर सिङ्गो मानव समुदायको निम्ति महत्त्वपूर्ण र अमूल्य रहेको छ । यसले गर्दा उनलाई मानव सभ्यताको इतिहासमा अमर पनि बनाएको छ ।

सीता

सीता नेपाली नारीहरूको इतिहासमा एक उज्जवल अमर नक्षत्र हुन् । उनले समस्त नारी समुदायको अगाडि आदर्श नारीआचारणको एउटा नमुना प्रस्तुत गरेकी छन् । उनले प्रस्तुत गरेको नारी चरित्रको आदर्शले गर्दा मानव जातिको इतिहासमा उनको नाम अत्यन्त उँचो छ ।

सीता राजा जनककी छोरी हुन् र राजा दशरथकी बुहारी हुन् । सीताको विवाह वीर पराक्रमी राजकुमार रामसँग भएको थियो । सीता र रामको प्रेमविवाह थिएन । उनीहरूको विवाह पराक्रम विवाह थियो । राजा जनकले आफ्नो दरवारमा रहेको शिवको धनु उठाउन सक्ने वीर पुरुषसँग मात्र सीताको विवाह गरिदिने प्रतिज्ञा गरेका थिए । धेरै वीर राजाहरू स्वम्वरमा आएका थिए । उनीहरू सबैले सीतासँग विवाह गर्ने इच्छा गरेर धनु उठाउने कोशिश गरे । तर कसैले पनि त्यो धनु उठाउन सकेनन् । राम र उनका भाइ लक्ष्मण पनि सीताको स्वयम्वरमा आएका थिए । अन्तमा रामले धनु उठाए । अरू ठूलाठूला वीरहरूले उठाउन पनि नसकेको धनु रामले उठाउँदा भाँचियो । अरूले उठाउन पनि नसकेको धनु सजिलोसँग भाँचेर रामले ठूलो पराक्रम देखाए । त्यसपछि सीताले रामलाई वरमाला लगाइदिइन् । त्यसैले यो पराक्रम विवाह हो ।

राम राजा दशरथका जेठा छोरा थिए । दशरथ अयोध्याका राजा थिए । राम राजाका जेठा छोरा भएकाले राजगद्दीमा हकदार थिए । तर राजा दशरथले रामलाई राजगद्दी नदिएर १४ वर्ष वनबास जाने आज्ञा दिए । रामको साथ सीता पनि वनबास गइन् । सीता पतिभक्त थिइन् । पतिसाथ वन जान उनले दु:ख मानिनन् । हिन्दू धर्ममा पति सेवा गर्नु पतिब्रता नारीको ठूलो कर्तव्य मानिन्छ । पतिब्रत एक ठूलो शक्ति हो र यही शक्तिको भरमा नारीहरूले ठूलाठूला काम गर्न सक्छन् भन्ने हिन्दू धर्मको मान्यता रहेको छ । सीताले पतिब्रताको पाठ पढाएर गइन् ।

वनमा एकदिन सीताजी एक्लै थिइन् । त्यसै बखत सीताजीलाई रावणले हऱ्यो । रावणले सीताजीलाई आफ्नो राज्य लङ्कामा लग्यो । त्यहाँ उसले एक सुन्दर बगैंचामा सीताजीलाई राख्यो । त्यस बगैंचालाई अशोकवाटीका भन्दछन् । सीताजी त्यहाँ बसिन् । रावणले सीताजीलाई अनेक प्रकारका लोभ लालच देखाएर फकाउन खोज्यो । तर त्यसरी नफकिएपछि उसले सीताजीलाई डर देखाउन र तर्साउन लाग्यो । तर कसै गरेपनि रावणले सीताको मन आफूप्रति फर्काउन सकेन । उसले हार खानुपऱ्यो । यसरी सीताजीको चरित्रवलको जीत भयो । रावणले सीताको अगाडि झुक्नुपऱ्यो ।

नारी सौन्दर्यकी खानी हुन् । सौन्दर्य सबैलाई मन पनि पर्दछ । सौन्दर्यको बसमा सबै पर्दछन् । तर नारीमा सौन्दर्यमात्र हुँदैन । सौन्दर्यको साथै नारी शक्ति पनि हुन् । नारी-शक्तिले दु:खहरूलाई नाश गर्दछ । नारीमा चरित्रबल हुन्छ । चरित्रबल मानिसको ठूलो शक्ति हो । सीतामा अत्यन्तै उँचो चरित्रबल थियो । सीताजीको शक्तिको अगाडि रावणले पनि झुक्नुपऱ्यो । रावण शक्तिशाली राक्षस थियो । उसको शारीरिक बल धेरै भएपनि चरित्रबल उँचो थिएन । चरित्रबल बढी भएकी सीतासँग चरित्रबल नभएको कारण पराजित भयो । वास्तवमा यो सत्यको असत्यमाथिको र सच्चचरित्रताको चरित्रहीनतामाथिको विजय थियो । रावणले सीताजीको अपहरण गरेको कारणले राम र रावणको लडाई भयो । रामले रावणलाई लडाईंमा मारे । यो पनि सत्यको जित थियो । यसरी जहिले पनि सत्यको जित हुन्छ ।

सीताजीलाई रामले फर्काएर ल्याए । त्यसबेला १४ वर्ष पुगेको थियो । सीताजी रामको साथमा घर फर्किन् । तर उनी रावणद्वारा अपहरित भएर धेरै समयसम्म लङ्कामा बसेकी हुनाले कतिपय मानिसहरूले उनको चरित्रमाथि शङ्का उठाए । मानिसको भनाइलाई कसैले रोक्न सक्तैन । अब सीताजीले आफूलाई शुद्ध सावित गर्नुपर्‍यो । यसको लागि उनले आगोमा पस्नुपर्‍यो । यसलाई अग्नि परीक्षा भन्दछन् । शुद्ध मानिसलाई आगोले छुँदैन भन्ने धार्मिक मान्यता रहेको छ । सीताजी आगोभित्र पसिन् । तर आगोले उनलाई छोएन । उनी शुद्ध सावित भइन् । समाजमा बसेपछि मानिसको भनाइलाई सुन्नुपर्दछ । आफ्नो चरित्र शुद्ध छ भन्ने कुरा सिद्ध गर्नुपर्दछ । चरित्र खराब भएको मानिस समाजबाट गिर्दछ । उसको कुनै महत्त्व हुँदैन । त्यसैले सीताले पनि अग्नि परीक्षा दिएर आफूलाई सबैको अघिल्तिर चरित्रवान् सावित गरिन् । समाजको मुख्य आधार सुचरित्र हो । हिन्दू आदर्श पनि शुद्ध चरित्र हो । सीताले पनि समाजको अघिल्तिर आफ्नो चारित्रिक शुद्धताको परिचय दिइन् ।

राजा दशरथले रामलाई मात्र वनबास जाने आज्ञा दिएका थिए, सीतालाई वनबास जाने आज्ञा दिएका थिएनन् । त्यसैले सीता वनबास नगएर अयोध्यामै राजी सुखसयल भोग गरेर बस्न सक्थिन् । त्यसो गर्दा पनि समाजले उनलाई कुनै दोष दिन सक्ने थिएन । राम वनबास गएको समयमा अयोध्यामा पनि नबसेर माइत जनकपुरमा गएर बस्न खोजेकी भए उनलाई दोष दिन मिल्ने थिएन । तर उनले राजसी सुखसयललाई भन्दा वनबासको कष्टपूर्ण जीवनलाई स्वेच्छाले रोजिन् । यसरी उनले आफ्नो निजी सुख सुविस्तालाई भन्दा आफ्नो जीवन साथीसितको सहजीवनलाई प्राथमिकता दिइन् ।

यसरी नेपाली छोरी सीताजीले संसारमा ठूलो आदर्श कायम राखिन् । आफ्नो आदर्श आचरण र व्यवहारले उनले आफूलाई देवीको रूपमा परिचित गराईन् । त्यसैले सीताजीलाई देवीको रूपमा पूजा गरिन्छ । मानिस मात्रकी आराध्यदेवीको रूपमा स्थापित सीताको जन्म भएको कारणले नै जनकपुर क्षेत्र धार्मिक क्षेत्रको रूपमा प्रतिष्ठित भएको मान्न सकिन्छ । जनकपुरमा भएको राम जानकी मन्दिरमा प्रत्येक वर्ष लाखौं नरनारीहरू सीताको पूजा अर्चना गर्न आउने गर्दछन् ।

सीताले नारीहरूलाई पतिव्रताको पाठ पढाइन् । उनले चरित्रवान् नारीको उदाहरण दिइन् । चरित्रवान नारीको महत्त्वलाई चिनाइन् । सीताले पतिसेवा कसरी गर्नुपर्दछ भन्ने कुरालाई देखाइन् । उनले सत्य र धर्ममा कसरी अचल रहनुपर्दछ भन्ने शिक्षा दिएकी छिन् । सीताको आचरण र व्यवहारबाट नारी समुदाय र मानवमात्रको शिक्षा लिन सक्तछ । उनले देखाएको बाटोमा हिंडेर पारिवारिक सद्भाव र सहयोगको नमुना निर्माण गर्न सकिन्छ । नारी आदर्शलाई कायम राख्न सहयोग पुग्दछ । सीताको जीवनले नारी समुदाय र सिङ्गो मानव समुदायलाई कठोर दुःखलाई सहेर पनि आ-आफ्नो कर्तव्य र धर्मको पालना गर्न प्रेरित गर्दछ । सीताजीले गरेको जस्तो कठोर तपस्या र त्यागबाट मात्र देश र समाजलाई अगाडि बढाउन सकिन्छ । नारी सौन्दर्यकी मूर्तिमात्र नभएर त्याग, समर्पण र कठोर तपस्याका प्रतीकसमेत बन्न सक्छन् भन्ने तथ्यलाई सीताको जीवनगाथाले पुष्टि गरेको छ । सीताको जीवनगाथा अनेकौं आपत्‌विपत् पर्दा पनि नारीहरू आफ्नो कर्तव्य र धर्ममा अलिकति पनि विचलित नभइकन अघि बढ्न समर्थ हुन्छन् भन्ने कुराको सजीव दृष्टान्त बनेर मानव सभ्यताको इतिहासमा अमर भएको छ ।

सीताको प्रेरणादायी जीवनगाथा नेपाल र नेपालको गौरव र खुशीको रूपमा नेपालको इतिहासमा अङ्कित रहेको छ । उनको जीवनगाथाले त्याग, तपस्या, सहनशीलता र कर्तव्यपरायणताको

दृष्टान्तको रूपमा नेपाली सभ्यता र जीवनप्रतिलाई विश्व समुदायमा स्थापित गराउनमा समेत अभूतपूर्व योगदान दिएको छ । त्यसैले सीता हाम्री एक महान् विभूति हुन् । उनी सदा अमर रहनेछिन् र उनको जीवनगाथाले हामीलाई आफ्नो कर्तव्यप्रति सजग र समर्पित रहनसहन सदासर्वदा प्रेरित गरिरहन्छ ।

## ४ पृष्ठपोषण

क) राजा जनक र राजकुमारी सीताको जीवन कथा लेख्नुहोस् ।

ख) रामायणका प्रमुख पात्र र तिनका कामको तालिका बनाउनुहोस् ।

ग) निर्धारित समयमा भानुभक्तका रामायणको श्लोक सार्नुहोस् । तपाईंले कति समयमा कति पङ्क्ति सार्नुभयो ? घडी हेरेर पत्ता लगाउनुहोस् ।

## ५ पाठ्यसामग्री

क) नेपालका राष्ट्रिय विभूतिहरू, श्री ५ को सरकार, सूचना तथा सञ्चार मन्त्रालय, सूचना विभाग, काठमाडौं, २०५५

ख) भानुभक्त आचार्य, रामायण, साझा प्रकाशन, २०५५

## पाठ दुई : राष्ट्रपिता श्री ५ त्रिभुवन

### १ उद्देश्य

यो पाठ पढिसकेपछि शिक्षकहरू निम्नलिखित कार्यहरूमा सक्षम हुनेछन् :

क) राष्ट्रिय प्रजातन्त्र दिवससम्बन्धी पोष्टर बनाउन ।

ख) २००७ साल फागुन ७ गते राष्ट्रको नाममा भएको सम्बोधनको समाचार बनाउन ।

ग) राष्ट्रिय प्रजातन्त्र दिवससम्बन्धी एकदिने कार्यक्रम तयार गर्न ।

### २ विषयवस्तु

क) राष्ट्रिय प्रजातन्त्र दिवस

ख) श्री ५ त्रिभुवनबाट राष्ट्रको नाममा सम्बोधन

ग) कार्यक्रम निर्माण

### ३ विषयवस्तु प्रस्तुतीकरण

श्री ५ त्रिभुवन

वि.सं २००७ सालमा भएको राणाविरोधी प्रजातान्त्रिक आन्दोलनका समयमा हाम्रो देशका राजा श्री ५ त्रिभुवन थिए । राणाविरोधी आन्दोलनलाई सफल बनाउन उनले ठूलो भूमिका खेलेका थिए ।

श्री ५ त्रिभुवनको जन्म १९६३ साल आषाढ १७ गते भएको थियो । पाँचवर्षको सानै उमेरमा नै श्री ५ त्रिभुवन राजा भएका थिए । त्यसबेला देशमा राणा शासन थियो । राणाहरूले नै देशमा शासन चलाएका थिए । त्यसैबेला राजा नाम मात्रका शासक थिए । राजाले भनेको कुरा गर्न पाउँदैनथे । उनी स्वतन्त्र थिएनन् । सानै उमेरदेखि नै श्री ५ त्रिभुवनलाई पढ्ने ठूलो इच्छा थियो । पढेर मात्र नयाँनयाँ कुराहरू जानिन्छ भन्ने कुरा श्री ५ त्रिभुवनलाई थाहा थियो । उनी नयाँ कुरा जान्न इच्छा गर्दथे । तर उता राणाहरू भने यस कुरालाई रोक्दथे । राजा बाठा भए भने हाम्रो शासनको अन्त्य हुन्छ भन्ने उनीहरूलाई थाहा थियो । अर्को शब्दमा राजा बाठा भए भने आफूहरूले राजाको नाममा देशको शासन चलाउन सकिँदैन भन्ने कुरा राणाहरूले बुझेका थिए । त्यसैले श्री ५ त्रिभुवनलाई पढाइको सुविधा र मौका प्रदान गरिएको थिएन । राणाहरूले पढ्ने मौका नदिएका भए पनि श्री ५ त्रिभुवनले पुस्तकहरू पढ्ने कनै न कुनै उपायहरू निकाल्थे । राणाहरूलाई थाहा हुँदैनथ्यो । यसरी अनेक उपाय गरेर श्री ५ त्रिभुवनले पुस्तक पुस्तिकाहरू झिकाएर पढ्थे र ज्ञानआर्जन गर्दथे ।

राणा शासकहरूमा राजा राणाका कठपुतली झैं थिए । राजाले चाहेको बोल्न, चाहेको गर्न, र चाहेको भन्न पनि सक्दैनथे । त्यसबेला राणाहरूले राजाको नाममा देशको शासन चलाउँथे । उनीहरूले राजाको अधिकार खोसेका थिए । उनीहरूले राज्य गर्दा जनताहरूलाई पनि सुख थिएन । जनताहरूलाई चाहेको बोल्न, लेख्न र पढ्नसमेत गाह्रो थियो । आफूले चाहेजस्तो गरी हिंड्न, डुल्नसमेत पाउँदैनथे । यसरी राणाहरूले नेपालीहरूलाई अन्धकारमा राखेका थिए । उनीहरूलाई कुनै किसिमको स्वतन्त्रता थिएन । उनीहरू सँधै डर, त्रासमा रहनुपर्दथ्यो । उनीहरू गरिब थिए । पढ्नलाई धेरै स्कूल, कलेजहरू थिएनन् । उनीहरूलाई पढ्ने, लेख्ने र आफ्ना विचार पोख्ने हक थिएन । बेकसूरमा पनि कडा सजाय हुन्थ्यो । मुख हेरी न्याय हुन्थ्यो । राणाहरू एउटै कसूरमा पनि कसैलाई

कडा सजाय दिन्थे भने कसैलाई कम सजाय दिन्थे । यसरी राणा शासनकालमा देशको शासन व्यवस्थाको सञ्चालन न्यायपूर्ण ढङ्गले भएको थिएन ।

जनताको कस्तो अवस्था छ भन्ने राजालाई ज्ञान थिएन । बाहिर आएर देशको अवस्था बुझ्ने मौका राजाले पाउँदैनथे । राजदरवारमा नै उनको समय बित्दथ्यो । एकदिन बिहान राजा श्री ५ त्रिभुवन बग्गीमा चढेर शहर घुम्न निस्के । राजाको बग्गीको पछिपछि धेरै मानिसहरू लागे । राजा त्रिभुवनले बग्गीबाट ओर्लेर सवारी पछिपछि आउने यी को हुन् र यी के चाहन्छन् भन्ने कुरा आफ्नो अङ्गरक्षकसँग सोधे । अङ्गरक्षकले यी मौसूफका प्रजा हुन्, यिनीहरू आफ्ना राजालाई पिता झैं मान्दछन्, त्यसैले यिनीहरू सरकारको दर्शनका लागि पछिपछि लागेका हुन् भन्ने जवाफ दिए । राजा उनीहरूको सुख अँध्यारो देखेर चिन्तित भए । उनीलाई तिनीहरू भोकै छन् अथवा उनीहरूलाई दुःख कष्टको सामना गर्नु परिरहेको छ भन्ने शङ्का लाग्यो । उनीहरूका फाटेका र मैला लुगा देखेर राजा त्रिभुवन दुःखी भए । अङ्गरक्षकले राणाहरूले मनपरी शासन गरी प्रजालाई ठूलो दुःख दिएको र बेकारी एवम् बेगारी चारैतिर फैलिएको हुनाले प्रजा ज्यादै दुःख अवस्थामा रहेको कुरा राजा त्रिभुवनलाई सुनाए । यसबाट त्रिभुवनलाई ठूलो दुःख लाग्यो । उनी अपशोच गर्न थाले । आफूलाई पितासरह प्रेम र सम्मान गर्ने आफ्ना प्रजाको सुखको लागि केही न केही गर्नुपर्दछ भन्ने उनले अठोट गरे । यसरी जनताको सुख सुविस्ताको निम्ति आफूसक्दो प्रयास गर्नुपर्छ भन्ने मान्यताबाट श्री ५ त्रिभुवन राणाशासन समाप्त गर्ने उपायको खोजमा लागेका हुन् भन्ने कतिपय इतिहासकारहरूको धारणा रहेको पाइन्छ । सबै प्रजाहरू सुखी बनून् भन्ने उनको इच्छा थियो । प्रजाको सुख चाहने राजा नै प्रजाको प्यारो हुन्छ । प्रजाले पनि श्री ५ त्रिभुवनलाई प्यारो गर्दथे ।

२००७ सालमा राजा र प्रजा मिलेर राणा शासनको अन्त्य गरे । अनि हामी स्वतन्त्र भयौं । राजा त्रिभुवनले आफूलाई प्रजातन्त्रको पक्षमा उभ्याए । सबै मिलेर देशको शासन चलाउनु नै प्रजातन्त्र हो । २००७ सालअघि हाम्रो देशमा प्रजातन्त्र थिएन । त्यसबेला आम नेपाली जनताहरूले देशको शासनमा हात हाल्ने मौका पाएका थिएनन् । २००७ साल फागुन ७ गतेका दिन श्री ५ त्रिभुवनबाट नेपालमा प्रजातन्त्रको घोषणा भयो । सारा नेपाली खुशीले गद्गद् भए । सबैले राजाको स्वागत गरे । राजाले प्रजाको सुखको लागि ठूलो दुःख उठाएको नेपाली जनताहरूले महसुस गरे । राजाले आफूलाई जनताको अधिकार र स्वतन्त्रताको पक्षमा उभ्याएको यो घटना संसारको इतिहासमा नै सर्वथा नौलो र भिन्नप्रकारको थियो । यो हामी नेपालीको लागि ठूलो सौभाग्यको कुरा हो ।

२००७ सालमा राणा शासनको अन्त्य भएपछि शासनभार राजा त्रिभुवनमा आयो । राणाहरूले देश गरिब बनाइसकेका थिए । ढुकुटी रित्तो थियो । विदेशमा लगेर पैसा थुपारेका थिए । देशको विकास भएको थिएन । यसर्थ देश बनाउन राजालाई धेरै परिश्रम गर्नुपर्‍यो । जनताको भलाई गर्न पटकपटक मन्त्रीमण्डल गठन भयो । त्यसबेला राजनैतिक दलहरू थिए । यसरी विभिन्न दलका मन्त्रिमण्डल बने । राजनैतिक दलहरू आ-आफ्नो दल बलियो बनाउनतिर पनि लागे । यता श्री ५ त्रिभुवन सुखको लागि रातदिन चिन्ता गरिरहन्थे । उनी ठूलो परिश्रम गर्थे । कडा परिश्रम गर्दा उनलाई हृदय (मुटु) रोगले छोयो । औषधी गर्न श्री ५ त्रिभुवन विदेश गए । औषधी गरी उनी स्वदेश फर्के । देश र जनताको लागि काम गर्न थाले । फेरि उनलाई हृदयरोगले सतायो । उनी धेरै विरामी भए । दोस्रो पटक पनि औषधी गर्न विदेश गए । त्यहाँ उनको स्वर्गवास भयो । आफ्ना प्यारा प्रजाको चिन्ता

गर्दागर्दै २०११ साल फागुन ३० गतेका दिन श्री त्रिभुवनको स्वर्गवास भयो । सारा नेपालीहरू दुःखी भए ।

नेपाली जनता र श्री ५ त्रिभुवनको प्रयत्नले गर्दा देशमा प्रजातन्त्र आएको हुनाले उनलाई हामी राष्ट्रपिता भन्दछौं । नेपालको एकीकरण अभियान थालेर एकीकृत नेपालको जग बसालेका हुनाले हामीहरूले श्री ५ बडामहाराजा पृथ्वीनारायण शाहलाई राष्ट्रनिर्माता भन्दछौं भने २००७ सालको प्रजातान्त्रिक आन्दोलनलाई सफल बनाउन सहयोग पुऱ्याएको हुनाले श्री ५ त्रिभुवनलाई राष्ट्रपिता भन्दछौं । श्री ५ त्रिभुवन हाम्रा एक महान विभूति हुन् । उनको नाम इतिहासमा अमर भएको छ । फागुन ७ गते प्रजातन्त्रको स्थापना भएकाले हामीहरूले प्रत्येक वर्ष फागुन ७ गतेको दिनलाई राष्ट्रिय प्रजातन्त्र दिवसको रूपमा मनाउँछौं र यसैदिन प्रजातन्त्रको स्थापनामा नेपाली जनतालाई सहयोग पुऱ्याउने स्व. श्री ५ त्रिभुवनको जयन्ती मनाएर उनको सम्झना गरी उनीप्रति सम्मानसमेत प्रकट गर्दछौं ।

**४ पृष्ठपोषण**

क) राष्ट्रिय प्रजातन्त्र दिवससम्बन्धी पोष्टर बनाउनुहोस् ।
ख) राष्ट्रपिता श्री ५ त्रिभुवनबाट राष्ट्रको नाममा भएको सम्बोधनको समाचार बनाउनुहोस् ।
ग) राष्ट्रिय प्रजातन्त्र दिवससम्बन्धी एकदिने कार्यक्रम बनाउनुहोस् ।

## पाठ तीन : निस्वार्थ सेवाका प्रतीक राष्ट्रिय विभूति शंखधर साख्वा

### १ उद्देश्य

यो पाठ पढिसकेपछि शिक्षकहरू निम्नलिखित कार्यहरूमा सक्षम हुनेछन् :

क) राष्ट्रिय विभूति शंखधर साख्वाका निस्वार्थ सेवासम्बन्धी संवाद बनाउन ।

ख) निस्वार्थ सेवामा लागेका कुनै व्यक्तिको जीवनी तयार गर्न ।

ग) नेपाली स्वयम्सेवकका कथा बनाउन ।

### २ विषयवस्तु

क) शंखधर साख्वाका निस्वार्थ सेवा

ख) निस्वार्थ सेवामा लागेका व्यक्ति

ग) स्वयम्सेवकका कथा

### ३ विषयवस्तु प्रस्तुतीकरण

**राष्ट्रका विभूति शंखधर साख्वा**

शंखधर साख्वा नेपालका राष्ट्रिय विभूति हुन् । श्री ५ को सरकारले वि.सं. २०५६ साल मङ्सिर २ गतेदेखि उनलाई राष्ट्रिय विभूतिका रूपमा घोषणा गरिसकेको छ । त्यसैगरी मध्यपुर नगरपालिकामा समेत उनको सम्झनामा स्मारक बनाइएको छ । आजभन्दा ११२४ वर्षपहिले काठमाडौं निवासी शंखधर साख्वा नामक एकजना शुद्र व्यापारीले नेपालमा त्यसबखत ऋणी व्यक्ति भन्ने कोही नरहने गरी सारा ऋणीहरूको ऋण तिरिदिई ऋण मुक्त गरेर 'नेपाल संवत्' नामक आफ्नै राष्ट्रिय संवत् चलाए । अनि उक्त शंखधर व्यापारीले नेपाल निवासी सारा ऋणी व्यक्तिहरूलाई ऋण मुक्त गर्न कहाँबाट पैसा ल्याए भन्ने बारेमा भाषा वंशावलीमा यस्तो कुरा लेखिएको छ - आजभन्दा ११२४ वर्षपूर्व भादगाउँका एकजना एक सामुद्रीशास्त्र जान्ने ज्योतिषी सिद्धिवन्तले ज्योतिष शास्त्रानुसार विशेष साइत हेर्दा भद्रमती र विष्णुमति नदीको बीच पर्ने लुँखुतीर्थ ( लुँ बराबर सुन, खु बराबर खोल्सो, कंकेश्वरी स्यानपारि विष्णुमतीको पश्चिमी किनारमा छाउनीतिरबाट मिल्न आउने स्वर्णावती भनिने सहायक नदीको दोभान, यस खोलाको नाम लुखलाई अपभ्रंश गरी 'लुखु' भन्ने गरिन्छ ) नदीबाट बालुवा झिकेर ल्याई चार दिनसम्म छोपेर राखेमा त्यो सबै बालुवा सुनमा परिणत हुन्छ भन्ने थाहा पाई उक्त तीर्थको बालुवा लिन भनी एकाबिहानै भक्तपुरदेखि केही भरियाहरूलाई पठाएका थिए । ती भरियाहरूले शुभमुहूर्तमा उक्त लुँखुतीर्थको बालुवा लिई आउँदा थकाई लागेकाले उक्त भारी विष्णुमती खोलाको पूर्वी किनारस्थित पाटीमा बिसाउन पुगे । त्यही बेलामा काठमाडौंको मरू भन्ने ठाउँमा बस्ने शंखधर व्यापारीले सो भारी देख्न पुगे । बालुवा त भक्तपुरमा पनि नभएको होइन, तर यिनीहरू यहाँसम्म बालुवा लिन किन आए त ? यसको रहस्य अवश्यै पनि केही त हुनैपर्छ भन्ने मनमनमा विचार गरी उनले ललाइफकाइ भरियाहरूसँग त्यो बालुवा किन्न पुगे । ती भरियाहरूले आफूले बोकेर ल्याएको बालुवा साधारण किसिमको होला भन्ने ठानेर बेचेछन् । ज्याला पाएपछि उल्टै खुशी हुँदै उनीहरूले लुंखुतीर्थमा गई अरू नै बालुवा भरी भक्तपुरतिर लगी ज्योतिषीलाई बुझाए । तर बिना साइतको बेलाको बालुवा भएको हुनाले त्यो बालुवा सुन नभएको पाइयो ।

यता शंखधर व्यापारीले किनेको बालुवामा मात्र सुन भएको पाइयो । साधारण बालुवा सुन भएको देखेर शंखधर साह्रै चकित भए । उक्त शंखधर खुब उदार धार्मिक प्रवृत्तिका व्यापारी थिए । उनले बिना परिश्रमबाट प्राप्त उक्त सुनबाट कुनै एउटा ठूलो कार्य गर्ने विचार गरे । उनले उक्त सुनबाट साधारण जनताले गर्न नसक्ने तथा लोकमा ठूलो पुण्य प्राप्त गर्न सकिने काम गर्छु भन्ने कुरा मनमनै विचार गरे । त्यहाँ जम्मा भएका पण्डित, ज्योतिषीहरूको सर्वसम्मतिले उनले राजा राघवदेवसँग स्वीकृति लिई नेपाल (त्यसबेलाको नेपाल भन्नाले उपत्यका मात्र) का ऋण तिर्न नसकी गरिब एवम् दास बन्न पुगेका सबै जनताको ऋण तिरिदिए । यसरी नेपाल निवासी सबै छोटाबडा प्रजाहरूको ऋणमुक्त गरी स्वतन्त्र पारिदिई एक प्रशंसनीय काम गर्न पुगे । यसपछि शंखधरको अनुरोधमा त्यसबेला राजा राघवदेवले आफ्नो राज्यकालमा प्रचलित भइरहेको पुरानो संवत् रोकी त्यसको बदला कार्तिकशुक्ल प्रतिपदा तिथिबाट नयाँ संवत्सर प्रचलन गर्न हुकुम दिए र यसका लागि आवश्यक व्यवस्था पनि मिलाइदिए । यही कारणले राजा राघवदेवको शासनकालमा शंखधर साख्वाले 'पशुपति भट्टारक संवत्सर' नामले १ बाट नयाँ राष्ट्रिय संवत् चलाउन पुगे । यसरी इस्वीको १२ औं शताब्दी (कलिगताब्द ३९८१ र शाके ८०२) देखि यही संवत् 'नेपाल संवत् १' नामले प्रसिद्ध हुनपुग्यो । नेपाल संवत् चलाउन प्रमुख भूमिका शंखधर साख्वा र राजा राघवदेवको थियो । संवत् फेर्नेजस्तो राज्यीय मामिलामा राजाको सहयोग र स्वीकृति अनिवार्य हुन्छ नै । तर, संवत् फेर्न लागेको खर्च सरकारी कोषबाट नभई साख्वाले बेहोरेको हुनाले राजा राघवदेले यस संवत्को नामकरण आफ्नो नामबाट अथवा एक अदना व्यक्ति शंखधरको नामबाट राख्नु उचित् ठानेनन् होला । त्यसैले उनले यस संवत्को नामकरण देशकै नामबाट गर्ने अनुमति अर्थात् हुकुम दिए होलान् । यसरी संवत् परिवर्तन गरेर नेपाल राष्ट्रकै नाउँबाट व्यवहारमा लागू हुने गरी एउटा अलग्गै संवत्को थालनी गरेर शंखधरले ठूलो यश आर्जन गरे ।

यसरी नेपाल संवत् कुनै राजाले आफ्नो शासनकालमा चलाएको नभएर सर्वसाधारण जनताले ज्योतिषिद्वारा शुभसाइत निकाली बालुवाबाट सुन बनेको सम्पत्तिबाट ऋणमा चुर्लुम्म डुबेका जनतालाई ऋणमुक्त गरी स्वतन्त्र गराइएको उपलक्ष्यमा चलाइएको नेपाल संवत् हो । यसरी सर्वसाधारण जनताको बुद्धि र लगनशीलताले जनतालाई नै भलाई गरेर प्रयोगमा ल्याइएको नेपाल संवत्का प्रवर्तक शंखधर साख्वालाई सरकारले मनन गरी ने.सं. ११२० मार्ग महिनामा राष्ट्रिय विभूतिको उपाधि प्रदान गऱ्यो । यी शंखधरले श्री पशुपतिनाथ मन्दिरको दक्षिणढोकाको सन्मुखमा आफ्नो शिलामूर्ति बनाई स्थापना गरे । श्री पशुपतिनाथ भगावन्को रोज भक्तिभावले सेवा गरी आएकाले अन्तिम अवस्थामा पनि श्री पशुपतिनाथ मन्दिरको समीपमा बागमती खोलाको किनारामा देहत्याग गरे । शंखधरले सूत्रपात गरेकाले यस संवत्लाई 'शंखधरकृत नेपाल वा नेपाल संवत्' भनियो । भनिन्छ, शंखधर साख्वाले चलाएको नेपाल संवत्को उपलक्ष्यमा नेवार सम्प्रदायका देशवासीहरूले खुशीयालीस्वरूप उनको सम्झनामा प्रत्येक वर्ष नेपाल संवत्को अन्तिम दिन लक्ष्मीपूजाको लेखाजोखा राखी लक्ष्मीको पूजा गरी भोलिपल्ट नयाँ वर्षको प्रारम्भका रूपमा नववर्ष मनाउने र 'म्ह पूजा' अर्थात् आत्मालाई सर्वोपरि मानी आफ्नै शरीरको पूजा गर्ने गर्दछन् ।

## ४ पृष्ठपोषण

क) राष्ट्रिय विभूति शंखाधर साख्वाका निस्वार्थ सेवासम्बन्धी संवाद बनाउनुहोस् ।

ख) निस्वार्थ सेवामा लागेका कुनै व्यक्तिको जीवनी लेख्नुहोस् ।

ग) नेपाली स्वयम्सेवकका कथा बनाउनुहोस् ।

## ५ पाठ्यसामग्री

नेपालका राष्ट्रिय विभूतिहरू ( २०५५ ), सूचना तथा सञ्चार मन्त्रालय, सूचना विभाग, काठमाडौँ ।

**नोट :**

नेपालको इतिहास अनेकौं वीर वीराङ्गनाहरूका गाथाहरूले भरिएको छ । त्यस्ता कतिपय वीर वीराङ्गानाहरू सिङ्गो संसार र सम्पूर्ण मानव समुदायका अमूल्य नीधिका रूपमा प्रतिष्ठितसमेत भएका छन् । आफ्ना पूर्खाहरूले देखाएको आदर्शअनुरूप वर्तमान र भविष्यलाई डोऱ्याउनका लागि मुलुकले आफ्नो मुलुकका महामानवका गाथाहरूको पनि प्रचारप्रसार गर्न सक्नुपर्दछ । नेपालका राष्ट्रिय विभूतिहरूमध्ये जनक, सीता, श्री ५ त्रिभुवन र शङ्खधर साख्वाको सङ्क्षिप्त परिचय यसै स्रोतसामग्रीमा समावेश भइसकेकोले अन्य राष्ट्रिय विभूतिहरूको जीवनीका सम्बन्धमा श्री ५ को सरकार, सूचना तथा सञ्चार मन्त्रालय, सूचना विभागद्वारा प्रकाशित 'नेपालका राष्ट्रिय विभूतिहरू ( २०५५ )' पुस्तकका साथै अन्य पुस्तकहरूको अध्ययन गरी प्रत्येक विभूतिको जीवनी तयार पार्नुहोस् ।

## एकाइ चार : शोषणबाट बचावट

### पाठ एक : शोषणबाट बच्ने उपायहरू

१ **उद्देश्य**

यो पाठ पढिसकेपछि शिक्षकहरू निम्नलिखित कार्यहरूमा सक्षम हुनेछन् :

क) हाम्रो समुदायमा भए गरेका विभिन्न शोषणसम्बन्धी समाचार सङ्कलन गर्न ।

ख) प्राप्त समाचारहरूमा ज्ञान, सीप र अभिवृद्धिसम्बन्धी विषयहरू छुट्याउन ।

ग) समुदायमा भएका शोषणहरूको समाचार तयार गरी प्रस्तुत गर्न ।

२ **विषयवस्तु**

क) शोषणसम्बन्धी समाचार सङ्कलन

ख) स्रोतसामग्रीको प्रयोग र घटनाक्रमलाई समाचार बनाउन ।

३ **विषयवस्तु प्रस्तुतीकरण**

क) विश्वका बालबालिकाको अवस्था (संयुक्त राष्ट्रसङ्घीय गतिविधि, यूनिसेफको वार्षिक प्रतिवेदन)

विश्वमा बालबालिकाको कुल जनसङ्ख्याको आधा अर्थात एक अर्बभन्दा बढी बालबालिका गरिबी, हिंसा, द्वन्द्व तथा एड्सको प्रहारबाट पीडित रहेको जानकारी संयुक्त राष्ट्र सङ्घ बालबालिकोषले आफ्नो वार्षिक प्रतिवेदन (The State of the World's Children 2005) मा दिएको छ ।

सन् १९८९ मा लागू भएको बालअधिकार महासन्धिमा व्यवस्था भएअनुसार स्वस्थ तथा सुरक्षित भएर हुर्कन पाउने बालबालिकाको अधिकार, मानवअधिकार तथा अर्थतन्त्रमा सुधार गर्न सरकारी असफलताका कारण निरन्तर रूपमा खतरामा परेको दाबी यूनिसेफले गरेको छ ।

दातृसंस्था तथा बालबालिकालाई सहयोग गरिरहेका विश्वका नेताहरूले प्रतिवेदनको तथ्याङ्कलाई एकीकृत गर्न बेलायतको लन्डन स्कूल अफ इकोनोमिक्स तथा ब्रिस्टोल विश्वविद्यालयका अनुसन्धानकर्ताहरूसँग मिलेर काम गरेका छन् । यस प्रतिवेदनले विश्वका धेरै भागमा बालबालिकाले जोखिम व्यहोरिरहेको चित्रण गर्छ ।

प्रतिवेदनअनुसार विश्वका ६४ करोड बालबालिकाले पर्याप्त आवास प्राप्त गरेका छैनन् । ४० करोड बालबालिकाले सुरक्षित पानी प्राप्त गरेका छैनन् । २७ करोड बालबालिकाले स्वास्थ्य सेवा प्रांप्त गरेका छैनन् । १४ करोड बालिका कहिल्यै विद्यालय गएका छैनन् ।

यस विश्वका ७० करोड बालबालिकाहरूले सबैभन्दा गरिबीका पाँच बुँदाहरूमध्ये सूचना तथा सफाई पनि परेको बताइएको छ ।

यो यूनिसेफको दशौं वार्षिक प्रतिवेदन हो । यसमा सबै महादेशका बालबालिकामाथि एकीकृत रूपमा हेर्ने गरिन्छ । प्रतिवेदनमा युद्ध तथा एचआईभी/एड्सले बालबालिकालाई सुरक्षा गर्ने सञ्जालहरूलाई नष्ट बनाएको उल्लेख गरिएको छ । यसरी बालबालिका आक्रमणका लागि प्रत्यक्ष लक्ष्य बन्न थालेको पनि यस प्रतिवेदनमा उल्लेख गरिएको छ ।

प्रतिवेदनमा सन् १९९० देखि हालसम्म ३६ लाख मानिसको हत्या गरिएको र तीमध्ये आधा बालबालिका परेको उल्लेख गरिएको छ । यूनिसेफको बालसुरक्षा कार्यक्रमका प्रमुख करिन ल्यान्डग्रेनले ६० लाख बालबालिका द्वन्द्वमा स्थायी रूपमा घाइते भएको र धेरैले बलात्कारजस्ता पीडा भोगेको बताउनुभयो । यस प्रतिवेदनमा अन्तर्राष्ट्रिय द्वन्द्वमा बालबालिकालाई लक्ष्य बनाउन थालिएको उदाहरणको रूपमा रूसको बेसलानमा स्कूले बालबालिकालाई बन्ध बनाइएको कुरा उल्लेख छ । प्रतिवेदनमा धनी मुलुकका बालबालिका पनि बढ्दो गरिबीको दरबाट प्रभावित हुन थालेको बताइएको छ ।

सङ्कटमा परेका बाल्यावस्था (Childhood Under Threat) नामक उक्त प्रतिवेदनमा सन् १९९० को दसकमा द्वन्द्वका कारण झन्डै दुई करोड बालबालिका घर छाड्न बाध्य भएको उल्लेख छ । गरिबी, युद्ध र एचआईभी/एड्स सङ्क्रमणको मारमा परेकाले ती बालबालिकाको विकासक्रम पछाडि धकेलिएको छ । प्रतिवेदनमा भनिएको छ- 'पाँच वर्ष लामो युद्धमा पाँच वर्षमुनिका बालबालिकाको मृत्युदर १३ प्रतिशतले वृद्धि हुने गरेको छ ।'

प्रतिवेदनका मुख्य बुँदा

१. ६४ करोड बालबालिकालाई पर्याप्त वास छैन ।
२. ५० करोड बालिका अस्वस्थकर स्थानमा बस्छन् ।
३. ४० करोड बालबालिकालाई स्वच्छ पिउने पानी उपलब्ध छैन
४. सञ्चारका सशक्त माध्यम टेलिभिजन, रेडयो र अखबारको पहुँचभन्दा बाहिर ३० करोड बालबालिका छन् ।
५. स्वास्थ्य सेवाबाट २७ करोड बालबालिका भोजनबाट वञ्चित छन् ।
६. ९ करोड बालबालिका भोजनबाट बञ्चित छन् ।
७. १४ करोड बालबालिका स्कूलसम्म गएकै छैनन् ।

*( स्रोत : सर्वज्ञान मन्च, २६ पुस २०६१)*

बालबालिकासम्बन्धी कानुन

बालबालिकाकसम्बन्धी कानुनहरूमा बालश्रम (निषेध र नियमित गर्ने) ऐन २०५६ उल्लेखनीय रूपमा मनाउँदछ । यो ऐन केही समय अगाडिदेखि क्रियाशील भइसकेको छ । यस ऐनले बालबालिकालाई कलकारखाना, खानी वा यस्तै अन्य जोखिमपूर्ण काममा लगाउन निषेध गर्न तथा बालबालिकालाई अन्य काममा लगाउँदा उनीहरूको स्वास्थ्य, सुरक्षा तथा सेवा र सुविधाका सम्बन्धमा आवश्यक व्यवस्था गरेको छ ।

कसैले पनि १४ वर्ष उमेर पूरा नगरेका बालबालिकालाई श्रमिकको रूपमा काम लगाउन कानुनले रोक लगाएको छ । कसैले पनि बालबालिकालाई तल उल्लेखित जोखिमपूर्ण व्यवसाय वा काममा लगाउनुहुँदैन :

- पर्यटन, आवास, मोटेल, होटल, जुवाघर, रेस्टुराँ, बार, पब, रिसोर्ट, स्किइङ, ग्लाइडिङ्, वाटर र्‍याफ्टिङ, केबलकार कम्प्लेक्स, ट्रेकिङ्, पदयात्रा, पर्वतारोहण, हट एयर ब्यालुनिङ, गल्फ कोर्स, पोलो, अश्वारोहण आदि पर्यटनसँगसम्बन्धित व्यवसायहरू ।
- कार्यशाला, प्रयोगशाला, पशुवधशाला, शीतभण्डार आदि सेवामूलक व्यवसायहरू ।
- सार्वजनिक परिवहन र निर्माण व्यवसायहरू ।
- चुरोट, बिडी बनाउने, गलैंचा बुन्ने तथा रङ्गाउने, ऊन सफा गर्ने, कपडा बुन्ने, धुने, रङ्गाउने तथा बुट्टा छाप्ने, छाला प्रशोधन गर्ने, सिमेन्ट उत्पादन तथा प्याकिङ, सलाई विस्फोटक तथा अन्य आगजन्य पदार्थहरूको उत्पादन र बिक्री वितरण, बियर, मदिरा तथा अन्य पेयपदार्थहरूको उत्पादन, साबुन उत्पादन, बिटुमिन उत्पादन, पल्प र पेपर उत्पादन, स्लेट, पेन्सिल उत्पादन, किटनाशक औषधी उत्पादन, लुब्रिकेटिङ्, तेल उत्पादन, फोहोरमैला सङ्कलन, प्रशोधन तथा इलेक्ट्रोप्लेटिङ, फोटो प्रोसेसिङ, रबर, सिन्थेटिक, प्लास्टिक, सिसा, पाटोसँग सम्बन्धित कार्यहरू ।
- खानी, खनिज पदार्थ, प्राकृतिक तेल वा ग्यासको उत्खनन्, प्रशोधन तथा वितरणसँग सम्बन्धित कार्यहरू ।
- रिक्सा वा ठेलागाडा ।
- कटिङ मेसिनजस्ता कार्यहरू ।
- जमिनमुनि, पानीमुनि र धेरै उचाइमा चढेर गर्नुपर्ने कार्यहरू ।
- कानुनद्वारा निर्धारित अन्य जोखिमपूर्ण कार्यहरू ।

*( स्रोत: अन्नपूर्ण समाचार, २०६१ माघ १५ गते । )*

**नेपालका बालबालिकाको अवस्था**

नेपालका बालबालिकाको अवस्था ज्यादै नाजुक देखिन्छ । कतिपय बालबालिकाहरू सडकमा खाते भएर हिँडेका देखिन्छन् भने कतिपय बालबालिका अर्काको घरमा काम गरेर बसेको पाइन्छ । गाउँघरबाट त्यसै हल्लैहल्लामा शहर आएर सडकमा बास भएका बालबालिकाहरू पनि प्रशस्त छन् । कतिपय बालबालिका आफ्नो आमा वा बुबाको अभावमा घरमा बस्न नसकेर पनि शहर आएका छन् । शहरमा कारखानामा काम गर्ने, अर्काको घरमा काम गर्ने, आफ्नै नातेदारको घरमा बसेर काम गर्ने बालबालिकाको सङ्ख्या ज्यादै ठूलो छ । जुनसुकै अवस्थामा रहेको भए पनि उनीहरूले प्राप्त गर्नुपर्ने प्राथमिक शिक्षाबाट वञ्चित भएका छन् ।

नेपालको राष्ट्रिय जनगणना, २०५८ को तथ्याङ्कअनुसार बालबालिकाको अवस्थालाई तथ्याङ्कमा तल प्रस्तुत गरिएको छ । उनीहरूले कोसँग आफ्नो दिन बिताएका छन् । यो ०-१५ वर्षसम्मका बालबालिकाहरूको तथ्याङ्क हो ।

| लिङ्ग | बाबुआमा सँग रहेका | आमासँग रहेका | बाबुसँग रहेका | बाबु र सौतेनी आमासँग | आमा र अन्य भक्ट्केलो ब्बासँग | अन्य नातेदार कहाँ | काममा लागेका | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| पुरुष | ४२४४२४१ | २६१०८६ | ५८५५८ | ३७८३३ | ३०७०६ | ४३१८८ | २९९८६ | ११३९८० | ४८११५७८ |
| महिला | ४०६०९८९ | २६४८०० | ५५७९३ | ४१०११ | ३३७३६ | ४६६२५ | ३३२४५ | १२०१२१ | ४६५६३२० |
| जम्मा | ८३०५२३० | ५२५८८७ | ११४३५१ | ७८८४३ | ६४४४२ | ८९८१३ | ६३२३१ | २३४१०१ | ९४७५८९८ |

(*स्रोत: C.B.S. 2001 National Census*)

## शिक्षा दिवस

जब स्कूलहरूमा तथाकथित उदारवादी, प्रगतिशील र स्वच्छन्दतावादी क्रान्ति चरम अवस्थामा थियो, तब चार्ल्स सिल्वरम्यान र उनको अनुसन्धान टोली देशभरका सयौं स्कूलहरूमा गए । अनुसन्धानका क्रममा फेलापरेका कुराहरूलाई सिल्वर म्यानले आफ्नो पुस्तक 'क्राइसिस इन द क्लासरुम' मा वर्णन गरेका छन् । उनी लेख्छन् - मैले स्कूलका अधिकांश वयस्कहरूमा बच्चाहरूप्रति 'भयावह अभद्रता' पाएँ ।

यसका साथै बच्चाहरूप्रति, खासगरी स-साना बच्चाहरू प्रति, स्कूलहरूमा पर्याप्त मात्रामा शारीरिक हिंसाको व्यवहार गरिन्छ । शारीरिक दण्डविरोधी पत्रिका 'द लास्ट? रिजार्ट' की सम्पादिका एडा माउरेरले हालै मात्र स्कूलहरूभित्र राष्ट्रव्यापी सर्वेक्षण गरेकी थिइन् । त्यस सर्वेक्षणको लक्ष्य वर्ष भरिमा कतिजना बच्चाहरूलाई औपचारिक र आधिकारिक रूपले पिटिन्छ भन्ने कुरा थाहा पाउनु थियो ।

सर्वेक्षणका क्रममा जुनजुन स्कूलहरूले यसको जवाफ दिएनन्, तिनीहरूले बच्चाहरूलाई त्यति नै पिट्थे, जति यसको जवाफ दिने स्कूलहरूले पिट्दथे, । अझ सम्भावना त के छ भने जवाफ नदिने स्कूलहरूमा अरू बेसी पिटाइको क्रम चल्न सक्छ । त, यो हिसावले हरेक वर्ष स्कूलहरूमा करिब १५ लाख बच्चाहरू पिटिन्छन् । यस्तो पिटाइलाई धेरैजसो स्कूलहरूले 'गालामा चड्कन चिउरा ख्वाउनु' नामकरण गरेका छन् । तर वास्तविकता केलाएर हेर्दा यस्तो खालको पिटाइको सिकार भएका केही बच्चाहरू अस्पतालहरूमा समेत पुऱ्याइएका छन् । यहाँ स्मरणीय कुरा के हो भने सर्वेक्षणमा देखिएको यस्तो पिटाइ भनेको केवल आधिकारिक पिटाइ मात्रै हो, जुन प्रधानाध्यापकको कोठामा मात्रै हुन्छ र जुन पिटाइको रेकर्ड राखिएको हुन्छ ।

तर औपचारिक रूपमा गाला चड्काउने, मुक्का हान्ने, कपाल लुछ्ने, हातमा पिट्ने, कान निमाठ्ने, चिमोट्ने, गाला तान्ने, भित्तामा टाउको ठोक्ने, पिठमा पिट्नेजस्ता यातनाहरू पनि स्कूलहरूमा निरन्तर चलिरहेका छन् । यस्ता अनौपचारिक ढङ्गले हुने पिटाइहरूको अनुमान मात्र गर्नु पनि असम्भव छ ।

सम्भावना बेसी के छ भने माथि बताइएका औपचारिक र आधिकारिक पिटाइभन्दा यस्तो पिटाइको सङ्ख्या दुईगुना, तीनगुना वा पाँच अथवा दसगुना हुन सक्छ । अझ त्यसमाथि, एक वा दुईजना बच्चाहरूद्वारा गरिएका अपराधको सजाय पूराका पूरा कक्षाले भोग्नुपरेका कुराहरू पनि पुष्टि

भइसकेका छन् । परीक्षामा खराब अङ्क पाउँदासमेत बच्चाहरूलाई कैयौं पटक जमेर मारपिट गरिन्छ । शारिरिक हिंसाको प्रत्येक दृष्टान्तका साथसाथै अनेकौं उदाहरणहरू मानसिक वा आत्मिक हिंसाका पनि छन्, जस्तो- व्यग्य हान्नु, छेडपेच हान्नु, गाली गलौज गर्नु । पहिले आफ्नो धेरै समय कक्षाहरूमा बिताएका हालका शिक्षाका प्रोफेसर आर्सर पर्लले यस्ता मानसिक वा आत्मिक हिंसाका घटनाहरूलाई 'बेइज्जतीका रीतिरिवाजहरू' नाम दिएका छन् । यी सबै रीतिरिवाजहरू प्राथमिक कक्षाहरूदेखि नै सुरू हुन थाल्छन् । प्राथमिक कक्षामा आउने सबैभन्दा कमजोर बच्चाहरूसमेत सम्पूर्ण रूपमा विश्वास गर्ने र आशावादी हुन्छन् । उनीहरूले त शिक्षकमाथि कुनै पनि खाले शारीरिक नोकसानी पुऱ्याउने सम्भावना नै हुँदैन, तापनि यस्ता रिवाजहरूको थालनी गरिन्छ । यसका उदाहरणहरू यति बेसी छन् कि ती उदाहरणहरू मात्रै बटुलेर लेख्ने हो भने कैयौं किताबहरू भर्न सकिन्छ । मैले एउटा मात्र उल्लेख गरें, अरूहरू उल्लेख गर्नु कुनै आवश्यक छैन ।

होइन होइन, समस्या भूटो मुस्कान वा भुटो प्रशंसामा निहित छैन । यो त बच्चाहरूप्रति, योभन्दा अरूचि, अविश्वास र भयमा निहित छ जुन यति हदसम्म तीव्र छ कि त्यसलाई घृणाको नाम दिंदा पनि गलत नहोला वास्तवमा यस्तो भावनाको जरो शिक्षकको निजी असुरक्षा, कमजोरी र भय हो । त्यसैले यस्तो नराम्रो भावनालाई छिट्टै र सजिलै फेर्न सकिन्छ भनेर आशा गर्नु अर्थहीन हुन्छ, खास गरी त्यस्तो स्थितिमा, जहाँ यस्तो भावना आम जनतामा पनि सामान्य रूपमा पाइन्छ ।

*( स्रोत : कान्तिपुर, १५ फागुन २०५७ । लेखक प्रख्यात अमेरिकी शिक्षाविद् हुनुहुन्छ । उहाँको 'हाउ चिल्ड्रेन फेल' बाट अनुवाद गरिएको हो ।)*

पिटेर तह लगाउन खोज्ने शिक्षक 'मान्छे' नै होइन

स्कूले जीवन पार गरिसकेका तन्नेरी भूषण गुरागाईं आफ्नो वाल्यकाल रत्तिभर सम्भन चाहँदैनन् । राजधानीको एक बोर्डिङ्ग स्कूलमा पढ्दा शिक्षकबाट आफूले पाएको मानसिक र शारीरिक सास्तीको वृतान्त कसैलाई कहिनसक्नु भएपछि महिना दिनअघि उनले कान्तिपुरलाई लामो लेख नै पठाएका थिए । त्यसमा उनले लेखेका छन् -विद्यार्थीलाई पिटेर तह लगाउन खोज्ने शिक्षकलाई 'म मान्छे नै भन्दिन' ।

मुलुकभर २६ औं राष्ट्रिय शिक्षा दिवस मनाउने तयारी भइरहेका बेला विद्यालय तहमा पढ्ने अधिकांश विद्यार्थीको एउटा 'परम्परा र आम समस्याप्रति' भने कसैले ध्यान दिएको छैन । विद्यार्थीलाई दिने मानसिक र शारीरिक प्रतडानाविरूद्ध आधिकारिक निकायले वास्ता नगर्दा यो पक्ष अझै बहसमा आउन नसकेको अनुभव सम्वद्ध विज्ञहरूले गरेका छन् ।

कलङ्कीस्थित जनपथ मा. वि. मा कक्षा ४ मा पढ्ने केही विद्यार्थीलाई गत कार्तिक महिनाको सुरूमा गृहकार्य नगरेको सजायस्वरूप दिनभर ट्वाइलेटमा थुनियो । यसबारे जिल्ला शिक्षा अधिकारी डिल्ली रिमाललाई अभिभावकले जानकारी गराएपछि सम्बन्धित शिक्षकलाई 'मौखिक चेतावनी दिइएको थियो' । 'यहाँका एकजना शिक्षक अलि भोकी स्वभावका हुनुहुन्थ्यो, वहाँलाई हामीले विद्यार्थीलाई कुनै मानसिक वा शारीरिक सजाय नदिनु भनी सम्भाइसकेका छौं', सहायक प्रधानाध्यापक निर्जला दवाडीले कान्तिपुरसँग भन्नुभयो । ती शिक्षकको पिटाइमा परेर चार पाँच कक्षामा पढ्ने केही विद्यार्थीको लाठीको पिटाइले औंला फुट्नुको साथै उनीहरू ज्वरोले थलिएका थिए ।

सरकारीभन्दा निजी विद्यालयमा विद्यार्थीले मानसिक र शारीरिक प्रताडना बढी पाएका घटना सार्वजनिक हुने गरेका छन् । 'विद्यार्थीलाई बढी अनुशासित र पढाइमा केन्द्रित देखाउन निजी स्कूलमा पढाउने शिक्षकहरूले 'शक्तिको दुरुपयोग' गर्ने गरेका छन्', बालमनोविज्ञानका क्षेत्रमा अनुसन्धानरत डा. भोगेन्द्र शर्माको अनुभव छ ।

दुई वर्षअघिको विश्व बैंकको तथ्याङ्कअनुसार नेपालका प्राथमिक तहमा पढ्ने विद्यार्थीमा अत्याधिक अनुपातमा कक्षा छाड्ने प्रविधि छ । प्राथमिक तहमा भर्ना भएका मध्ये ३१ प्रतिशत विद्यार्थीले मात्रै त्यो तह पार गर्ने गरेका छन् । 'यसो हुनुमा विद्यार्थीलाई कक्षामा शारीरिक तथा मानसिक यातना दिइने संस्कारको प्रमुख प्रभाव छ', प्रतिवेदनमा भनिएको छ । चार कक्षामा पढ्दा ३० विद्यार्थीमाझ सातौं स्थानमा रहेका भुषण शिक्षकको धम्की र पिटाइबाट तर्सिएर पछिल्ला कक्षामा १७ औं र २६ औं स्थानमा धकेल्लिएका छन् ।

बालबच्चालाई यौन दुर्व्यवहार, होष्टेलमा बस्ने विद्यार्थीमाथि देखाइने त्रास र दिइने प्रातडना, क्षमताभन्दा बढी बच्चा कोचेर स्कूल भ्यान चलाउने प्रवृत्ति, सजायस्वरूप घाँस, दिसा खुवाउने मानसिकता, कमजोरलाई १० कक्षाको टेष्ट परीक्षा नजिकमा स्कूलबाट निकाल्ने चलन र माओवादी समूहले फैलाएको सन्त्रासमा पर्ने बालबच्चाका समाचार बरोबर दोहोरिँदै आउने गरेका छन् । 'यस्ता व्यवहारमा पर्ने विद्यार्थी भविष्यमा मनोवैज्ञाननिक रूपमा आतंकित र दिग्भ्रमित बन्ने गरेका छन्', अनुसन्धाता शर्माले भन्नुभयो ।

'कुनै तालिम र ज्ञान नभएकालाई कहिले नाताका कारण र कहिले 'सोर्स' ले शिक्षक बनाइनाले विद्यार्थीले प्रताडना पाउने गरेका हुन्', सिद्धार्थ बनस्थली विद्यालयका प्रिन्सीपल लक्ष्मण राजवंशी भन्नुहुन्छ ।

केटाकेटीलाई रमाइलो वातावरणमा तिनको इच्छाबमोजिम शिक्षा दिलाउन शैक्षिक विकास तथा अनुसन्धान केन्द्र (सेरिड) ले पनि हालै 'टिचर ट्रेनिङ फर जोयफुल लर्निङ' कार्यक्रम अघि सारेको छ । 'यसमा शिक्षकले कसरी आनन्दमय वातावरणमा विद्यार्थीलाई पढ्न सक्छ भन्ने उपाय छ', सेरिडका निर्देशक डा. हृदयरत्न वज्राचार्य भन्नुहुन्छ ।

'बालबच्चालाई प्रताडना दिने शिक्षकलाई के गर्ने भन्ने नै कतै उल्लेख छैन', शिक्षाविद् डा. मन वाग्ले भन्नुहुन्छ- 'यो नियमकानुनको कुराभन्दा पनि शिक्षकको 'नैतिकता र बौद्धिकता' को कुरा हो ।' 'एउटा चिसो रातमा म र मेरा मित्र सौरभ न्यानोको खोजीमा भनी एउटै खाटमा सुतेका थियौं । रातमा मजाले निन्द्रा आयो तर विहान हुन नपाई हामीलाई हाम्रा शिक्षकले सबैका सामुन्ने लगेर लुगा खोलिदिए र सँगै सुतेको आरोपमा नाङ्गो पारेर २५ मिनेटसम्म चिसो भुईमा सुत्न लगाए । त्यसबेला मेरो सारा शरीर हिउँ बनेको थियो, मैले रूदैं र चिच्याउँदै त्यो विहान बिताउनुपऱ्यो', विद्यालयको होस्टलमा बस्नुपर्दाको पीडाको भूषणले कान्तिपुरलाई लेखेका छन् ।

*(स्रोत : कान्तिपुर, ८ मङ्सिर २०६१)*

राजधानीका यौनकर्मीलाई एड्सबारे शिक्षा दिइने

विश्व एड्स दिवसका अवसरमा सङ्क्रमणको खतरामा रहेका समुदायलाई लक्षित गरी एचआईभीबारे विशेष जनचेतना कार्यक्रम सञ्चालन गरिने भएको छ ।

यौनव्यवसायमा लाग्न सक्ने महिला र तिनका सम्भावित ग्राहकलाई एचआईभी सङ्क्रमणबाट बचाउन कार्यक्रम सञ्चालन गर्न लागिएको जिल्ला जनस्वास्थ्य कार्यालय काठमाडौंका प्रमुख डा. ज्योतिराज श्रेष्ठले जानकारी दिनुभयो । उहाँले जनचेतना कार्यक्रमको लक्षित वर्ग फुटपाथे व्यापारी, ठेलागाडाचालक, सवारीचालक लगायतका हुने बताउनुभयो ।

कार्यक्रम सञ्चालन गर्दा यौनकर्मीको परिचय तथा सम्बन्धित अन्य कुरा गोप्य राखिने जानकारी उहाँले दिनुभयो । आगामी १४,१५ र १६ गते उक्त कार्यक्रम सञ्चालन गरिने भएको छ । यसैगरी कार्यालय र महानगरपालिकाको सहयोग तथा यौनकर्मीबीच कार्यरत संस्था वाच र सोसियल वेलफेयर प्रतिष्ठानको संयुक्त आयोजनामा दोहोरी तथा सामूहिक गीती कार्यक्रम सञ्चालन गरिने जानकारी सोसियल वेलफेयर प्रतिष्ठानका कार्यक्रम निर्देशक गणेश लोहनीले दिनुभयो ।

राजधानीका सडक आश्रित यौनकर्मीको सहभागितामा हुने उक्त कार्यक्रम रत्नपार्कमा आयोजना गरिने पनि लोहनीको बताउनुभयो । रत्नपार्कमा यौनकर्मी तथा तिनका ग्राहक ठूलो सङ्ख्यामा रहने भएका कारण कार्यक्रम गर्न त्यही ठाउँलाई छानिएको जानकारी पनि लोहनीले दिनुभयो । दोहोरी गीतको मुख्य विषयवस्तु एचआईभी एड्स र त्यसविरूद्धको प्रतिकारात्मक उपायका साथै सङ्क्रमितहरूलाई अपहेलना गर्न नहुने रहेको उहाँले बताउनुभयो । हालसम्म वाचको सम्पर्कमा छ सयभन्दा बढी यौनकर्मी आइसकेको जानकारी संस्थाका सदस्य सञ्चित महर्जनले दिनुभयो । 'यसरी सम्पर्क गर्नेहरूको सङ्ख्या प्रतिमहिना २० देखि ३० जनासम्म छ', उहाँले भन्नुभयो ।

अनियन्त्रित सहरीकरण र द्वन्द्वले देशका सबै भागबाट राजधानी आउनेहरूको सङ्ख्या बढिरहेका कारण महानगरभित्र यस्तो जोखिममा पर्नेहरूको सङ्ख्या बढ्दै गइरहेको पनि डा. श्रेष्ठ बताउनुहुन्छ । यस वर्ष महानगरपालिका क्षेत्रमा जोखिममा पर्न सक्नेको सङ्ख्या पाँच हजारभन्दा बढी रहेको अनुमान जिल्ला जनस्वास्थ्य कार्यालयको छ । यसका साथै सोही दिवसलाई लक्षित गरी प्राथमिक विद्यालयस्तरीय चित्रकला प्रतियोगितासमेत आयोजना गरिने पनि डा. श्रेष्ठले बताउनु भयो । 'महिला, बालिका तथा एचआईभी एड्स' भन्ने नारासहित विश्वव्यापी रूपमा मनाउन लागिएको यस वर्षको एड्स दिवस राजधानीमा भने सङ्क्रमणको बढी खतरा रहेको समुदायतर्फ लक्षित भएको जानकारी डा. श्रेष्ठले दिनुभयो ।

*( स्रोत : अन्नपूर्ण, ८ मङ्सिर २०६१ )*

उनीसँग निर्धक्क मन खोल्छन् यौनकर्मी महिला

उनी यौन व्यवसायी महिलाकी शिक्षक । सुरक्षित यौन सम्बन्धबारे प्रशिक्षण दिन्छिन् उनी । केही वर्ष अघिसम्म उनको नजिक पर्न डराउँथे महिलाहरू बदनामी होला भनेर । तर अहिले ती उर्मिला चौधरी यौनकर्मी महिलाबीच घनिष्ठ बन्न पुगेकी छिन् ।

आफ्नै खर्चले यौन रोगग्रस्त महिलाको उपचार गराएपछि उनीप्रति विश्वास बढ्दै गयो र उनी प्राय 'उर्मिला दिदी' भएकी छिन् अहिले । आफ्नो पेसाबारे बोल्न नचाहने यौनकर्मीहरू उनीसँग भने निर्धक्क बोल्छन् ।

गैरसरकारी संस्थाको सहयोगमा साथी शिक्षक' भएर काम गरिरहेकी चौधरी भन्छिन्, 'अहिले यौन पेसा अँगालेका दिदीबहिनी स्वयम् समस्या लिएर आउँछन्, मलाई देख्ने वित्तिकै कण्डम माग्छन् ।' विभिन्न सङ्घसङ्स्थाले खोलेका यौनरोग उपचारसम्बन्धी क्लिनिकमा ती महिलाको नियमित रगत परीक्षण र उपचार गराउनु चौधरीको दिनचर्या हो ।

आफूले चिनेकी दुई यौनव्यवसायीले एड्सबाट ज्यान गुमाएपछि चार वर्षअघि उनी यौन शिक्षाको प्रचारप्रसारमा लागिन् । सामान्य लेखपढ गर्न सक्ने चौधरीले परिवारबाट कुनै अड्चन नआएको बताउँछिन् । मोरङको इन्द्रपुर गाविस-८ की चौधरीको यस अभियानलाई दुई गैरसरकरी संस्थाले सघाएका छन् ।

यौन प्रचार र स्वस्थ यौन जीवनबारे निर्धक्क वहस गर्ने चौधरी भन्छिन्, 'द्वन्द्वपीडित र वेरोजगार व्यक्तिको बढ्दो भीडसँगै यौन व्यवसायमा लाग्नेको सङ्ख्या बढेको छ । चार वर्षअघि झन्डै पाँच सय महिला यस पेसामा थिए, अहिले त्यो सङ्ख्या हजारसमेत नाघिसकेको छ,' उनी बताउँछिन् । आफू आफ्ना सहयोगी साथीको सम्पर्कमा आएकाको आधारमा उनले तयो सङ्ख्या अनुमान गरेकी हुन् । गोप्य रूपले यस पेसा अँगाल्नेको सङ्ख्या भने अझ बढी हुनसक्ने उनको अनुमान छ ।

चौधरीले आफ्नो सम्पर्कमा आएकामध्ये ५ सय महिला शिक्षित भएका बताउँछिन् । उनी भन्छिन्, 'सहाराविहीन एवम् आर्थिक समस्यामा जेलिएर यस पेसालाई अँगाल्ने धेरै छन् ।' चौधरीकोअनुसार १५ देखि ५० वर्षसम्म उमेरसमूहका महिलासम्म यस व्यवसायमा छन् । विगत केही महिनादेखि १२ देखि १५ उमेर समूहको १० यौनकर्मी बालिका र किशोरी पनि सम्पर्कमा आएको उनी बताउँछिन् । उनी भन्छिन्, 'यो चन्ताको विषय हो, यसअघि यति कम उमेरका यस व्यवसायमा देखिएका थिएनन् ।'

चौधरीकाअनुसार आफ्नो समूहका सम्पर्कमा आएका महिलाहरूमध्ये ५ जना एचआईभी पोजिटिभबाट ग्रसित छन् । झन्डै २० जनामा एड्स पूर्ण विकसित भएको छ ।

हालसालै दुईजनाले यस रोगका कारण ज्यान गुमाएको उनले बताइन् । एचआईभी पोजिटिभबाट महिलाहरू पनि यस पेसामा सक्रिय रहेको औंल्याउँदै उनी भन्छिन्, 'हामीले उनीहरूलाई कण्डम प्रयोग गर्न नमान्नेसँग नजाने सल्लाह दिएका छौं ।'

*( स्रोत :*

छ सन्तानकी आमा बलात्कृत

टोलसुधार समितिकै दुई सदस्यबाट धरान १७ स्थित शान्तिटोलकी ५ सन्तानकी आमा बलात्कृत भएकी छन् ।

सुकुम्वासीमा झुप्रो घरमा जीविकोपार्जन गरिरहेकी ४२ वर्षीया विष्णुदेवी श्रेष्ठलाई मंगलवार बेलुकी अलि परसम्म जाऔं भनी घरदेखि दुईसय मिटर पर लगी दुईजनाले पालैपालो बलात्कार गरेका थिए । बलात्कार गर्नेहरूमा २८ वर्षीय सुरज राई र २५ वर्षीय दुर्गा चौधरी छन् । आफ्ना छोराजस्ता मान्छेले जाउँ भनेका कारण आफूहरू गएको, तर अलि पर पुग्दा चक्कु देखाई बलात्कार गरेको उहाँले बताउनुभयो । आठ महिनाअघि वडामा शान्तिसुरक्षाको स्थितिलाई सुदृढ गर्न समिति गठन भएको थियो । दुई दिनअघि नै बलात्कार भए पनि आफूलाई मारिदिने धम्की दिएको कारण आफूले कसैलाई केही नभनेको पीडित श्रेष्ठले बताउनुभयो । 'बुधावारदेखि पूरै जीउ दुख्न थालेको छ, छाती पनि दुखेको छ', श्रेष्ठले अन्नपूर्णसँग भन्नुभयो ।

विहिवार विहान स्थानीय आमा समूहका सदस्यहरूलाई घटनाबारे बताएपछि झन्डै ५० महिला भेला भई पीडित र पीडक दुवैलाई ल्याई सत्यतथ्य पत्ता लगाएका थिए । बलात्कारीहरूले पनि आफूहरूले बलात्कार गरेको स्वीकार गरेका छन्, आमा समूहकी अध्यक्ष आरधिमादेवी राईले भन्नुभयो ।
*( स्रोत : अन्नपूर्ण, १० माघ, २०६१ )*

झ्याल-ढोका थुनेर यातना (पारिवारिक हिंसा)
दिनहुँ सासू र लोग्नेको यातना खप्न नसकेपछि फुलासी हरेकी सङ्गीता अधिकारी न्यायको खोजीमा सदरमुकाम आएकी छिन् ।

'एक दिन हैन, दुई दिन हैन मलाई घरको झ्याल ढोका थुनेर सासू र लोग्नेले दिनसम्म यातना दिए' सङ्गीताले भनिन्, 'खप्नै नसकेर घर छाडेर न्याय माग्न यहाँ आइपुगें ।' न जाडा छल्ने न्यानो लुगा, न वासको टुङ्गो । दस महिनाकी काखे छोरी लिएर सङ्गीता न्याय माग्दै सदरमुकामका सरकारी निकाय गुहार्दैछिन् ।

मलाई सासू मैया र लोग्ने दिपकले कुटपिट गरी घर गरी खान दिएनन्, उनी रूँदै भन्छिन् । 'म अब यस्तो यातना सहेर त्यो घरमा बस्न सक्दिनँ', उनी भन्छिन् ।

दुई वर्षअघि सङ्गीताको फुलासी हरेका दीपक अधिकारीसँग विवाह भएको हो । विवाह भएको दुई महिनाजति सुखले बसें, सङ्गिता भन्छिन्, 'त्यसपछि यातना दिन थाले । यातना यतिसम्मकी कहिलेकाही वेहोरै हुन्थें', उनी घटना सम्झन्छिन् ।

'मेलामा गयो तैंले गरेको काम भएन भनेर सासू कहिले कोदालो कहिलो माटोको डल्ला उचाल्छिन् । एकाविहानै जाँतो पिध्न बस्यो यो कसरी पिंधको ? भनेर हुत्याउछिन्' सङ्गीताले रूँदै भनिन् । लोग्ने दीपक आमाको कुरा सुनेर ढोका-झ्याल सबै बन्द गरेर रातभर कुटपीट गर्छ । लोग्ने नहुँदा सासू आफैं कुट्छिन् सङ्गीता गुनासो गर्छिन्, 'दीपक काठमाडौंतिर पढ्दै छन्, घर आएपछि मलाई देख्नै सक्दैनन् ।

दस कक्षा पास गरेकी सङ्गीता भर्खर १८ वर्ष टेकेकी छिन् 'मैले न्याय पाए भने आफ्नो गरेर खान्छु तर त्यहाँ मरे पनि जान्नँ', उनी भन्छिन् ।

पारिवारिक हिंसाबाट पीडित सङ्गीताले जिल्ला प्रहरी कार्यालयमा सोमवार निवेदन गर्दै भनेकी छिन् 'म न्याय पाउँ' ।
*(स्रोत : कान्तिपुर, २०६१ मङ्सिर २३ )*

महिला विरूद्धको हिंसा सुरक्षाका लागि चुनौती
संयुक्त राष्ट्र जनसङ्ख्या कोषका निर्देशक थोराया अहमत ओवाइदिले महिला तथा बालबालिकाविरूद्ध हुने हिंसाले सामाजिक र अर्थ व्यवस्थामा नकारात्मक प्रभाव पार्ने मात्र नभएर शान्ति र सुरक्षामाथि नै चुनौती खडा गरेको बताउनुभएको छ । महिलामाथिको हिंसाविरूद्धको अन्तर्राष्ट्रिय दिवसका अवसरमा बिहिवार ओवाइदिले एउटा वक्तव्यमार्फत यो धारणा व्यक्त गर्नुभएको हो । नोभेम्बर २५ तारिखलाई महिलामाथिको हिंसाविरूद्ध अन्तर्राष्ट्रिय महिला दिवसको रूपमा मनाइन्छ ।

ललितपुरस्थित कोषको कार्यालयद्वारा बिहीवार जारी गरिएको निर्देशक ओवाइदीको वक्तव्यमा भनिएको छ , 'महिला तथा बालबालिकामाथि हुने हिंसाको अन्त्य गर्न प्रभावकारी ऐन कानुन बनाइनुका साथै त्यसको कार्यान्वयन पनि उत्तिकै सशक्त ढङ्गले गर्नु आवश्यक छ ।

त्यतिमात्रै होइन, सानैदेखि बालबालिकालाई महिला र पुरुष समान हुन्, महिलामाथि हुने हिंसा मानवताविरूद्धकै हिंसा हो भनेर सिकाइनुपर्छ ।'

वक्तव्यमा महिलामाथि हुने दुर्व्यवहारको अन्त्य नभएसम्म गरिबी, बिग्रदो स्वास्थ्य स्थिति, अशान्ति र असुरक्षा निर्मूल हुन नसक्ने दावी गर्दै बेलैमा सचेत हुन सबैलाई आव्हान गरिएको छ ।
*( स्रोत : अन्नपूर्ण, ११ मङ्सिर २०६१ )*

बालबालिका बेच्ने महिलालाई मृत्युदण्ड
बालबालिका बेचबिखनमा संलग्न एक महिलालाई चीनको एक अदालतले मृत्युदण्डको सजाय सुनाएको छ । कुख्यात अपरहणकारीको एक समूहका सदस्यसमेत रहेकी ती महिला स्वयम् पनि बेचिएर जवरजस्ती विवाह गर्न पुगेकी प्रहरीले जनाएको छ । सिन्ह्वा समाचार समितिकाअनुसार १९८६ र १९९२ को बीचमा एक महिला र १६ बालबालिकाको अपहरण गर्न सहयोग पुऱ्याएको अभियोगमा चोङ क्वीङ महानगरको एक अदालतले ५१ वर्षीया पेङ होङजुलाई मृत्युदण्ड दिइएको हो । संन् १९९२ देखि रोङ चाङ काउन्टिका प्रहरीले भण्डाफोर गरेको यस काण्डका ३ अभियुक्तलाई त्यतिखेर नै मृत्युदण्ड दिएको थियो । तर पेङ भने भाग्न सफल भएकी थिइन् । त्यसको लगत्तै अपहरणमा परेकी पेङ बेचिएर सान्जीहेकू काउन्टि बस्न पुगिन् । १२ वर्षपछि उनलाई प्रहरीले उद्धार गर्ने क्रममा पुरानो अपराधको पोल खुलेको थियो । तर पेङले मृत्युदण्डको सजायविरूद्ध रिट हाल्ने भएकी छन् ।
*( स्रोत : कान्तिपुर, २१ कार्तिक २०६१ )*

बालश्रमको व्यथा
दशैं र तिहारको लामो छुट्टी मनाउने क्रममा हामी नेपालगंज गएका थियौं । नेपालगंजबाट भोलिपल्ट बिहान घरका लागि केही सामान लिन रूपडीमा पुग्यौं । सामान किनमेल गर्दा दिनको १२ बजेछ ।

मैले अर्को मित्रलाई भने यही होटलमा खाना खाऊँ, साथीको समर्थन पाएपछि होटलभित्र प्रवेश गर्‍यौं । होटलकोबाहिर एउटा केटा भाँडा सफा गर्दै थियो । भित्र अर्को केटा टेबुल सफा गर्दै थियो । मैले तिनीहरूलाई देख्नेबित्तिकै नेपाली पहाडिया केटाजस्ता लागेर बाबु तिम्रो घर कहाँ हो ? कति वर्षाका भयौ ? विद्यालय नगएर यहाँ किन आएको भन्दा, उनीहरूले मलाई काम गर्दै आफ्नो व्यथा बताउन थाले । तर साहुले उनीहरूलाई अलि कडा शब्द प्रयोग गरेर काम लगाउन थाल्यो । उनीहरू मसँग कुरा गर्न डराए । उनीहरू दुवै रोल्पाबाट दुईवर्ष पहिल्यै त्यहाँ आएका थिए । विद्यालय जानको लागि घरमा खानेकुरा नभएर त्यहा आएका बताएका थिए । उनीहरू ११ र १२ वर्षका मात्र थिए । उनीहरू घर जान पैसा छैन कसरी जाने भनेका थिए । यसरी हामीले कुरा गर्दै उक्त होटलबाट खाना खाएर बाहिर आयौं । उनीहरू हामीलाई हेर्दै थिए ।

*( विश्वविद्यालयमा प्रध्यापन गर्ने प्राध्यापक द्वय, २०६१/७/२१ )*

उपत्यका संक्षेप ( बालश्रम प्रयोग खराव आचरण )

पूर्वसांसद लेखनाथ न्यौपानेले बालश्रम शोषण गर्नेलाई निरूत्साहित गर्न बालश्रम प्रयोगलाई खराव आचरणको विषय बनाउनुपर्ने आवश्यकता औंल्याउनुभएको छ । नेपाल ट्रेड युनियन कांग्रेसद्वारा आइतवार जारी विज्ञप्तिअनुसार बालश्रम शोषणविरूद्ध निर्माण गरिएको आचारसंहिता प्रचारप्रसार अभियानअन्तर्गत एनटीयूसी भक्तपुर र अन्तर्राष्ट्रिय श्रम सङ्गठन (आईएलओ) द्वारा संयुक्त रूपमा शनिवार आयोजित कार्यक्रममा उहाँले उक्त धारणा व्यक्त गर्नुभएको हो । कार्यक्रममा नेपाल ट्रेड युनियन कांग्रेसका अध्यक्ष लक्ष्मणबहादुर बस्नेतले विश्वभरि नै समस्याका रूपमा रहेको बालश्रमलाई उन्मूलन गर्न बालश्रम शोषण गर्नेलाई कडा कारवाही गरिनुपर्ने बताउनुभयो ।

*( स्रोत : अन्नपूर्ण, ५ पुस २०६१ )*

एकसय चालीसौं स्थान

संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रमले सन् २००४ को मानव विकास प्रतिवेदन सार्वजनिक गर्दै नेपाल एक सय चालीसौं स्थानमा रहेको जनाएको छ । उक्त प्रतिवेदनले मानव विकासको स्तर न्यूनबाट मध्यममा वृद्धि देखाएको छ ।

यसै साता राजधानीमा आयोजित कार्यक्रममार्फत सार्वजनिक गरिएको प्रतिवेदनले नेपाल सार्क राष्ट्रमा छैटौं स्थानमा सार्क मुलुकमा माल्दिभ्स चौरासिऔं, श्रीलङ्का छयान्नब्यौं, भारत एकसय सत्ताइसौं, भुटान एकसय चौतीसौं र पाकिस्तानको स्थान एकसय बयालिसौं रहेको छ । प्रतिवेदनले सार्कमा माल्दिभ्सले सबैभन्दा राम्रो प्रगति गरेको र पाकिस्तानको स्थान सबैभन्दा पछाडि रहेको देखाएको छ । मानव विकासमा गरेको प्रगतिको कारण अहिले नेपालीको प्रतिव्यक्ति आय ३ सय ७० अमेरिकी डलर पुगेको छ । राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा.शंकर शर्मा भन्छन्, 'अप्ठ्यारो परिस्थितिमा पनि शिक्षा र स्वास्थ्य क्षेत्रमा नेपालले प्राप्त गरेको उल्लेख्य प्रगतिका कारण मानव विकास सूचाकङ्कले मानव विकासका तीनओटा मापनयोग्य आयामहरूका आधारमा सूचकाङ्कको निर्धारण गरेको छ, जसमा दीर्घ र स्वस्थ्य जीवन जीउने, शिक्षित हुने र गुणस्तरीय जीवन बाँच्न पाउने नागरिकको अधिकारलाई समेटिएका छन् । नेपालको मानव विकास सूचकाङ्क मूल्य ०.५०४६ रहेको छ । विश्वमा मानव विकास सूचकाङ्कमा सबैभन्दा प्रथम स्थानमा नर्वे रहेको छ भने सबैभन्दा अन्तिम स्थानमा नाइजर रहेको छ । आजको विविधायुक्त विश्वमा सांस्कृतिक स्वतन्त्रता नामक उक्त प्रतिवेदनले विश्वमा जातीय स्वतन्त्रताको विषयमा वकालत गरेको छ । कार्यक्रममा नेपालका लागि

राष्ट्रसङ्घीय विकास कार्यक्रमका कार्यवाहक आवासीय प्रतिनिधि निकोलस ब्राउन, युनेस्कोका प्रतिनिधि कोतो कानो, यूएनडिपीका सहायक आवासीय प्रतिनिधि श्रीरामराज पाण्डे र संयुक्त राष्ट्रसङ्घीय स्थायी मञ्चका उपाध्यक्ष परशुराम तामाङले जातीय स्वतन्त्रताका विविध पक्षमा बोल्नु भएको थियो ।

*( स्रोत : समय साप्ताहिक, १४ श्रावण २०६१ )*

बोक्सीका नाममा अत्याचार

पर्सा देवाङ-५, महोत्तरी निवासी ६० बर्षीया सुदादेवी रावत बैष्णव धर्मावलम्बी हुन् । भगवान्प्रति रातोदिन लागिरहनु उनको उमेरको रूचि र धर्मप्रतिको नियमितता हो । तर स्थानीय अन्धविश्वासीहरूका दृष्टिमा उनको भगवान्भक्त 'बोक्सी क्रियाकलाप' मा दरियो र उनी शारीरिक, मानसिक तथा सामाजिक यातनाको पछिल्लो अमानवीय सिकार बनिन् । छिमेकी रामबाबु साफी, श्यामबाबु साफी र उनीहरूका श्रीमतीसमेतका अन्धविश्वासीहरूले दैनिक पूजा गर्ने सुदादेवीलाई रामबाबुका नवजात शिशुको मृत्युमा उनी जिम्मेवार भएको बताउँदै 'बोक्सी' भएको आरोपमा गत महिना घरमै पिटेका थिए ।

छुटाउन गएकी सुदाकी बुहारी पनि पिटिइन् र दुवैजना अस्पताल भर्ना भए । गत जेठ १५ गते स्थानीय संस्थाको सहयोगमा उनले साफी परिवारविरूद्ध उजुरी दिइन् । यसपछि महिला, कानुन र विकास मञ्चको सहयोगमा राष्ट्रिय मानवअधिकार आयोगमा निवेदन दिन राजधानी आइन् । अहिले उनी घर फर्कन डराइरहेकी छिन् । "गाउँमा छिमेकीले एउटै धाराको पानी खान पनि दिँदैनन्", सुदादेवीले इन्द्रेणीसँग भनिन्- "म बोक्सी हो भने प्रमाण पुऱ्याउनुपऱ्यो, होइन भने मलाई बारम्बार किन दु:ख दिनु ?"

*( स्रोत : नेपाल राष्ट्रिय पाक्षिक, १-१५, असार २०५९ )*

**विश्व एड्स दिवस २००४ विशेष एचआईभी एड्स र महिला जो कमजोर उही शिकार**



एच.आई.भी. र एड्सविरूद्ध एकीकृत अभियानमा जुटौं

आज विश्व एड्स दिवस, संसारभरि एचआईभी र एड्समाथि संवेदनशील व्यक्ति, सङ्घसंस्था तथा निकायहरूले विभिन्न कार्यक्रमहरू गरिरहेका छन् । नेपालमा पनि आजको दिनमा थुप्रै कार्यक्रमहरू भइरहेका छन् । तर सोच्नै पर्ने कुरा छ- यो कामना मात्र हो या हामी साँच्चिकै समस्याप्रति प्रतिबद्ध छौं ?

अहिले एचआईभी र एड्स विश्व अर्थराजनीतिको मुख्य विषय बनेको छ । यसबाट हामी पनि अछूतो छैनौं । विगतका दिनहरूदेखि नै हामीले पनि यसलाई विशुद्ध स्वास्थ्यगत दृष्टिकोणले हेर्दै आयौं । रोग, सामाजिक संरचना र विश्वव्यापी सन्दर्भको आपसी अर्न्तसम्बन्ध हेर्न सकेनौं । हामीकहाँ रोग कम हुनुको साटो झन्झन् फैलिंदो गयो । अहिले हामी निकै ठूलो सङ्कटमा परेका छौं । यदि यही स्थिति रहिरहने हो भने यसले एकातिर मुख्य उत्पादक शक्तिका रूपमा रहेको उमेर समूह त प्रभावित हुने छ नै साथै राष्ट्रिय अर्थतन्त्र पनि निकै सङ्कटमा पर्नेछ ।

नेपालमा एचआइभी र एड्स रोकथामका लागि सबैक्षेत्रबाट प्रयास नभएका होइनन् । तर पनि स्थितिको गम्भीरता र झण्डै एक दशकभन्दा बढीको नेपालको एचआईभी एड्सको इतिहासलाई हेर्ने हो भने हामीले कति उपलब्धि हासिल गर्‍यौं भन्ने ठूला प्रश्नचिन्ह तेर्सिएको छ । अहिले एचआईभी र एड्स सङ्क्रमित भएर बाँचिरहेकाहरूलाई समाजले हेर्ने दृष्टिकोण, निर्णायक भूमिकामा उनीहरूको सहभागिता, त्यसमा पनि महिला र बालबालिकाहरूको अवस्था, उनीहरूको औषधीमाथिको पहुँच, दातृ संस्थाहरूको सहयोगको सदुपयोगिता, पारदर्शिता, एचआईभी र एड्ससित सम्बन्धित मानवाधिकार आदि अहिलेका जल्दाबल्दा सवालहरू हुन् । यसका साथै सरकारी तथा गैर सरकारी क्षेत्रबाट व्यक्त गरिएका प्रतिवद्धताहरू पनि अहिलेका टड्कारा सवालहरू हुन् । यी प्रश्नहरूको जवाफ समयमा खोज्न सकिएन भने देशले आगामी केही वर्षमै गम्भीर सामाजिक, आर्थिक तथा राजनैतिक र विकासमाथिको सङ्कट झेल्नुपर्नेछ । त्यतिबेला सरकारी, गैरसरकारी सङ्घसंस्थाहरू, नागरिक समाज लगायतका हामी सबैले यसको जिम्मेवारी लिनुपर्नेछ र सबैभन्दा ठूलो चुनौती त के हो भने त्यतिञ्जेलसम्म समय हाम्रो हातबाट फुत्किसकेको हुनेछ ।

त्यसैले यो स्थितिमा समस्याको सकारात्मक निराकरणका लागि जनस्तरबाट नै सङ्गठित पहल हुनु अत्यन्त जरूरी छ । एचआईभी र एड्सलाई विकास, न्याय र मानवाधिकारको मुद्दा मान्ने हो भने यो क्षेत्रमा क्रियाशील सबैले संवेदनशील बन्नुपर्ने र यसका विरूद्ध एकीकृत ढङ्गले लागिपर्नु अहिलेको आवश्यकता हो । यस दिशामा सम्पूर्ण नेपाली नागरिक तथा उनीहरूका विभिन्न पेशा तथा समुदायगत सङ्गठनहरू संवेदनशील र जवाफदेही हुनुपर्ने देखिन्छ । साथै यो रोग नियन्त्रण होस् भनेर कामनाले मात्रै पुग्दैन । अब सबैको प्रत्यक्ष सहभागिता र प्रतिवद्धताको आवश्यकता छ । स्थितिको गम्भीरतालाई महसुस गर्दै श्री ५ को सरकार, दातृ संस्था र गैर सरकारी सङ्घसंस्थाहरूले पनि आफ्ना तय गरिएका रणनीतिहरू परिमार्जन गर्ने, विभिन्न निकायहरूसित समन्वय गर्ने र अहिले विकास भएका विभिन्न समस्या तथा चुनौतीका आधारमा कार्यक्रमहरू तर्जुमा गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ । प्रभावकारी तरीकाको पैरवी, विषयगत तथा प्राविधिक ज्ञानको उपयुक्त परिचालन, आवश्यक नीति तथा कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन, विषयगत कार्यक्रमहरूलाई सफल बनाउन आवश्यक तत्वहरूको पहिचान तथा थप स्रोतहरूको विकास गरी एचआईभी र एड्ससँग लड्नको लागि समाजका विभिन्न पक्षहरूको एकीकृत पहलतर्फ सबैको ध्यान जानु जरूरी छ । यो

आवश्यकता महसुस गरी नागरिक समाज, विद्यार्थी सङ्गठनहरू, एचआईभी र एड्स सङ्क्रमित तथा प्रभावितहरू, ट्रेड यूनियन, वकिल, मानवाधिकारवादी, सञ्चारकर्मीहरू तथा एचआईभी र एड्ससितसम्बन्धी गैरसरकारी संस्थाहरूको एचआईभी र एड्सविरूद्धको साझा सामाजिक अभियानको थालनी भएको छ । त्यसैले एचआईभी र एड्सविरूद्ध सामाजिक आन्दोलन सञ्चालन गर्न र सबै पक्षको भूमिकालाई निकै सशक्तरूपमा अगाडि बढाउन सम्पूर्ण पक्षहरूले यो अभियानमा सहयोग गर्न हार्दिक अनुरोध गर्दछौं । एचआईभी र एड्सविरूद्ध सामाजिक अभियान नेपाल एउटा साझा मञ्च हो । यसमा सबै पक्षको सहयोग, सद्भाव र हातेपातेको हामी हार्दिक स्वागत गर्दछौं ।

*(स्रोत: कान्तिपुर १६, मङ्सिर २०६१)*

नेपालमा भुटान र तिब्बतका शरणार्थी

नेपाल दुई विशाल राज्य भारत र चीनको बीचमा अवस्थित एउटा सानो भूपरिवेष्ठित स्वतन्त्र देश हो । यो समुद्रदेखि १२७ कि.मी. टाढा रहेको छ । यसको उचाइ ६० मी. देखि ८८४८ मि. छ । उच्च शिखर सगरमाथा पनि यहाँ नै पर्दछ । यो १,४७,१८१ वर्ग कि.मी. क्षेत्रफलमा फैलिएको छ । हिमाली र पहाडी भूभाग ८३ प्रतिशत छ भने तराईको मैदानी भाग केवल १७ प्रतिशत मात्र छ । तराईको भूमि ज्यादै उब्जाउशील छ । यहाँको अधिकांश जनसङ्ख्या यहाँको उत्पादनमा निरर्भर रहन्छन् । २०५८ सालको जनगणनाअनुसार नेपालको जनसङ्ख्या २३२०००० ( दुई करोड बत्तीस लाख ) पुगेको छ । जनसङ्ख्या वृद्धिदर २.१ छ भने वार्षिक आय प्रतिव्यक्ति २२० डलर पुगेको छ ।

नेपाल एउटा सार्वभौमसम्पन्न स्वतन्त्र राज्य भएको हुँदा यसले राजतन्त्र र बहुदलीय प्रजातन्त्रमा विश्वास गर्दछ । नेपालले अन्तर्राष्ट्रिय कानुन, सुरक्षा, मानवअधिकार र विश्व शान्तिमा जोड दिएको पाइन्छ ।

नेपालमा भुटानी र तिब्बतीयन शरणार्थीको समस्या केही समय पहिलेदेखि खडा भएको हो । आज यो समस्या अरू जटिल बन्दै गएको छ । नेपालमा भएका भुटानीहरूको र तिब्बतीयनहरूको जनसङ्ख्या तल तथ्याङ्कमा प्रस्तुत गरिएको छ ।

तिब्बतीयनहरूको सङ्ख्या विभिन्न जिल्लामा गरी १२,५४० रहेको छ भने भुटानीहरूको सङ्ख्या विभिन्न सिविरमा गरी १,०२,२६३ रहेको छ । यसलाई सिविरअनुसार तल प्रस्तुत गरिएको छ :-

भुटानीहरूको सङ्ख्या :-

| क्र.सं. | सिविर | सङ्ख्या |
|---|---|---|
| १. | बेलडाङ्गी-१ | १७६५० |
| २. | बेलडाङ्गी-२ | २१७६२ |
| ३. | बेलडाङ्गी-३ | ११०९१ |
| ४. | सनिश्चरे | २००६७ |
| ५. | तिमै | ९७२० |
| ६. | खुदनावारी | १२७८७ |
| ७. | गोलढाप | ९०८६ |
| जम्मा | | १,०२,२६३ |

त्यसै गरी तिब्बतीयनहरू पनि नेपालका पूर्वदेखि पश्चिमसम्मका विभिन्न जिल्लामा फैलिएर शरणार्थीका रूपमा रहेका छन् । त्यसको तथ्याङ्क जिल्लाअनुसार यहाँ प्रस्तुत गरिएको छ :-

| क्र.सं. | जिल्ला | क्र.सं. | जिल्ला | क्र.सं. | जिल्ला |
|---|---|---|---|---|---|
| १. | ताप्लेजुङ्ग- २१९ | ८. | काठमाडौं- ४७९५ | १५. | मुस्ताङ्- २९७ |
| २. | इलाम- ५० | ९. | रसुवा- २९७ | १६. | वाग्लुङ- २६२ |
| ३. | संखुवा-सभा- ३३ | १०. | सोलुखुम्बु- ८९० | १७. | नवलपरासी- ११० |
| ४. | दोलखा- ८२ | ११. | गोरखा- ३८ | १८. | डोल्पा- ६९८ |
| ५. | सिन्धुपाल्चोक- ५७ | १२. | कास्की- १९२४ | १९. | जुम्ला- ११० |
| ६. | भक्तपुर- १८ | १३. | तनहुँ- ८५६ | २०. | हुम्ला- २ |
| ७. | ललितपुरं- १३०७ | १४. | मनाङ- ४१९ | २१. | दार्चला- ७५ |
| जम्मा १२५४० | | | | | |

तिब्बतका शरणार्थीहरू उत्तरको सिमाबाट आएर नेपालका विभिन्न जिल्लामा रहेका छन् । उनीहरूको आफ्नै समस्या रहेको छ । त्योभन्दा बढी समस्या त भुटानी शरणार्थीहरूको बारेमा रहेको छ ।

भुटानमा आन्तरिक द्वन्द्व सुरू भएपछि भुटानीहरूको नेपाल प्रवेश सुरू भएको हो । सर्वप्रथम १९९० मा ६० जनाको समूहले प्रवेश गरेको थियो । यसैगरी पटकपटक गरेर १९९२ मा १००० जनाको समूह आएको थियो १९९३ मा ८४००० भुटानीले नेपाल प्रवेश गरेका थिए । अहिले नेपालमा भुटानीको सङ्ख्या १०२२६३ पुगेको छ । नेपालको भुटानी प्रवेश द्वारका रूपमा रहेको काँकडभिट्टानामा कडा सुरक्षा भए यता भुटानीले प्रवेश पाउन सकेका छैन ।

सन् १९९८ मा नेपाल भुटानबीच भुटानी शरणार्थी समस्यबीच पहिलो छलफल भएको थियो । यो समस्या सार्क मुलुकबीच र संयुक्त राष्ट्रसङ्घमा पनि नपुगेको होइन । तर समस्या दशौंपटकको वार्ता र छलफलपछि पनि जस्ताको तस्तै छ । सन् २००० मा नेपाल भुटानबीच भएको उच्चस्तरीय संझौताअनुसार भुटानी शरणार्थी समस्या सुल्झाउन एउटा नेपाल भुटानको संयुक्त टोली गठन गरी खुदनावारी शिविरमा तथ्याङ्क सङ्कलन गरिएको थियो । ३ मे २००३ मा उक्त शिविरको अध्ययन गरी कार्यान्वयन गर्ने पक्षमा गएको थियो ।

तर उक्त अध्ययनको कार्यान्वयन हुन सकेन । यो कार्यन्वयन हुन नसक्नुको दोषी नेपाल होइन । भुटानीहरूको नेपाल प्रवेश भएको अवस्था देखिनै नेपालले भुटानीहरूको बारेमा सोचिरहेको छ । प्रत्येक छिमेकी मुलुक भारत र सार्क मुलुकहरूसँग समस्या प्रस्तुत गरेको छ । संयुक्त राष्ट्र सङ्घसम्म पुगेको छ । तर त्यसको समाधान हुन सकेको छैन । भुटानीहरूले बिनाशर्त आफ्नो मुलुक फर्कन पाउनुपर्छ भन्ने भनाइरहेको छ । यो नेपाल र भुटानको समस्या नभएर भुटान सरकार र त्यहाका जनताको समस्या हो । यो समस्या समाधान गर्ने भुटानले चासो देखाउनुपर्ने हुन्छ । नेपालले भुटानको सार्वभौमसत्तामा विश्वास राख्दछ । यसमा हस्तक्षेप गर्न चाहदैन ।

*( स्रोत: NUCRA श्री ५ को सरकार गृह मन्त्रालय अप्रिल २००३ )*

" शरणार्थीमध्ये धेरै भुटानी होइनन् "

–जिग्मे

भुटानी राजा जिग्मे सिङ्गे वाङ्चुकले नेपालको झापा र मोरङ शिविरमा रहेका एक लाखभन्दा बढी शरणार्थीमध्ये धेरैजसो भुटानी नभएको आरोप लगाउनुभएको छ । उहाँकोअनुसार 'भुटानी नागरिक' भुटानी कानुनअनुसार संरक्षित छन् ।

भारतको राष्ट्रपति भवनमा शनिवार भारतीय पत्रकारहरूको एउटा समूहसँग विभिन्न विषयमा कुराकानी गर्ने क्रममा राजा जिग्मेले 'जब संयुक्त प्रमाणीकरणका लागि हाम्रा प्रतिनिधि गए तिनीहरूमाथि आक्रमण भयो' भन्ने औंल्याउँदै भन्नुभयो - 'हामीले सम्झिनुपर्छ, त्यो माओवादी प्रभावित क्षेत्र हो ।'

उहाँले त्यहाँ कुनै भुटानी नागरिक छन् भने तिनलाई स्वीकार गरिने जनाउँदै उहाँले भुटानी कानुनले तिनलाई संरक्षण गर्ने बताएको भारतीय सञ्चार माध्यमले उद्धृत गरेका छन् ।

भुटानमा प्रजातन्त्रका लागि राजतन्त्रको भूमिकाबारे सोधिएको प्रश्नमा उहाँले राजा हुनै जन्मेकाले राजा हुन नहुने बरू राजसंस्थाले जनतालाई लाभान्वित गर्ने तर्क गर्नुभयो । गत मार्चमा सार्वजनिक गरिएको संविधानको मस्यौदालाई जनमत सङ्ग्रहमा लैजाने जानकारी दिँदै उहाँले त्यसमा राजसंस्थाको भूमिका प्रष्ट तोकिएको बताउनुभयो । 'संसारमा कतै पनि नभएका केही प्रावधान पनि हामीले त्यसमा राखेका छौं,' उहाँले भन्नुभयो- 'जसले त्यस संस्था (राजा) बाट जनता लाभान्वित हुने निश्चित गर्छन् ।'

अर्को एक प्रसङ्गमा उहाँले राष्ट्रसङ्घीय सुरक्षा परिषद्का चीनसहित पाँचौ स्थायी राष्ट्रसँग पूर्ण कूटनीतिक सम्बन्ध कायम नगर्ने आफ्नो नीति उल्लेख गर्दै साढे चार सय किलोमिटर सीमा जोडिएको उत्तरी छिमेकी चीनसँग 'केही सानो भागमा विवाद' रहेको पनि औंल्याउनुभयो । भारत स्थायी समितिको सदस्य भएको अवस्थामा भने आफ्नो सम्बन्ध उही रहने प्रष्ट गर्दै उहाँले भन्नुभयो- 'नत्र त यो श्रीमतीसँग सम्बन्धविच्छेद गरेजस्तो हुनेछ ।'

सन् १९८० को दशकमा सुरू भएको प्रजातान्त्रीकरणको प्रक्रियाअनुसार शक्ति विकेन्द्रीकरण हुने र मन्त्रिपरिषद् सदस्य पालैपालो प्रधानमन्त्री हुने स्वीस शैलीको व्यवस्था गरिएको जानकारी दिँदै राजा जिग्मेले तिनलाई भुटानी प्रजातन्त्रका सौन्दर्यका रूपमा व्याख्या गर्नुभयो ।

धुम्रपानलाई प्रतिबन्धित गर्ने संसारकै पहिलो देश भएको प्रसङ्गमा उहाँले भन्नुभयो- 'म पनि पिउँछु तर अहिले कम गर्ने निर्णय गरें, छाड्ने प्रयास गर्दैछु । चुरोट उपलब्ध छ तर सय प्रतिशत बिक्री कर र आयात शुल्क लगाइएको छ ।'

भारतको गणतन्त्र दिवसमा दोस्रोपल्ट प्रमुख अतिथि बन्न नयाँ दिल्ली आएका राजा जिग्मे पाँचदिने लामो औपचारिक भ्रमण सकेर शनिबारै थिम्पु फर्किनुभयो ।
( *स्रोत: कान्तिपुर दैनिक, १७ माघ २०६१* )

## ४ पृष्ठपोषण

क) बालबालिकालाई पिटेर होइन फकाएर शिक्षा दिनुपर्छ भन्ने बारेमा आएको परिवर्तनलाई समाचारका रूपमा तयार पार्ने काम गर्नुहोस् ।

ख) विश्व एड्स दिवसको बारेमा एउटा समाचार तयार पार्नुहोस् ।

ग) एड्सबाट बच्न विभिन्न किसिमको सुरक्षित उपायहरूको सूची तयार गरी समुदायमा प्रस्तुत र प्रचार गर्नुहोस् ।

घ) बाल शोषणविरूद्ध अभियानमा सक्रिय भएर समुदायमा देखापरेका बालशोषण मुक्त गर्ने प्रयासमा लाग्नुहोस् ।

ङ) महिला शोषणको समाचार तयार पार्नुहोस् ।

च) महिलाकानुनको पालन गर्न सक्रिय गराउन जनचेनता जगाउने कार्यक्रम तर्जुमा गर्नुहोस् ।

छ) पारिवारिक हिंसाबाट वचाउन महिलाको साथै पुरुषवर्ग सचेत हुनुपर्ने कुरामा एउटा लेख तयार पार्नुहोस् ।

## पाठ एक : सामाजिक सेवा

### १ उद्देश्य

यो पाठ पढिसकेपछि शिक्षकहरू निम्नलिखित कार्यहरूमा सक्षम हुनेछन् :

क) सामाजिक सेवासँग सम्बन्धित क्लब तथा एजेन्सीहरूले गर्ने कार्यहरू पहिचान गर्न ।

ख) अपाङ्ग सेवासम्बन्धी राष्ट्रिय कार्ययोजना, २०६० को मुख्य विशेषताहरू वर्णन गर्न ।

### २ विषयवस्तु

क) सामाजिक सेवा र क्षेत्र

ख) सामाजिक सङ्घसंस्थाहरू

ग) "अपाङ्ग सेवासम्बन्धी राष्ट्रिय कार्ययोजना, २०६०"

### ३ विषयवस्तु प्रस्तुतीकरण

क) परिचय

मानिस सामाजिक प्राणी हो । मानिसको विकासका लागि विभिन्न सेवा र सुविधाहरूको आवश्यकता पर्दछ । समाजको सर्वाङ्गीण विकासका लागि समाज सेवासँग सम्बन्धित विभिन्न क्रियाकलापहरू सञ्चालन गर्नुपर्दछ । समुदायको विकासका लागि विभिन्न सेवा र सुविधाहरूका लागि विभिन्न किसिमका कार्यक्रमको सञ्चालन गरिएका छन् । सामाजिक सेवा भन्नाले शिक्षा, स्वास्थ्य, खानेपानी, सरसफाई र शान्तिसुरक्षाजस्ता क्षेत्रहरू पर्दछन् । त्यसैगरी जेष्ठ नागरिक, अपाङ्ग, पिछडिएको वर्गका लागि उचित अवसर तथा संरक्षणको क्षेत्र पनि सामाजिक सेवाभित्र पर्दछ । जुन देशको सामाजिक क्षेत्र बलियो छ त्यो देशको विकासका लागि आवश्यक पूर्वाधारहरू खडा भएको मानिन्छ । विकासका लागि शिक्षा, स्वास्थ्य, खानेपानी तथा शान्तिसुरक्षाजस्ता क्षेत्रहरू बलियो हुनु जरूरी छ । राज्यले आफ्ना नागरिकहरूलाई सामाजिक सेवा र सुविधा दिनु उसको कर्तव्य हुन आउँछ । समाजका कमजोर समुदायलाई मानवोचित जीवनयापन गर्न सक्षम तुल्याउन समाजसेवी सङ्घसंस्थाहरू तथा व्यक्तिहरूको मर्यादा र प्रतिष्ठा बढाउन सरकारी तथा गैरसरकारी सामाजिक सङ्घसंस्थाहरूबाट प्रयास गरिनुपर्दछ ।

सामाजिक सेवाका क्षेत्रको आर्थिक विकासमा पनि महत्त्वपूर्ण भूमिका हुन्छ भन्ने कुरा निम्न लेखबाट प्रष्ट हुन्छ :-

संवादमा ल्याउनुपर्ने मुद्दाहरू

सामाजिक वर्जम (Social Exclusion)

Macroeconomic stability कायम हुन सकेको भए तापनि प्रतिस्पर्धात्मक बाह्य सहयोग दक्षिण एसियामै उच्च देखिए तापनि, सामाजिक परिसूचकहरूमा सामान्य सुधार देखिए तापनि गरिवी र पिछडिएको समूहलाई बढी प्रभाव पर्ने स्वास्थ्य, प्राथमिक शिक्षा, खानेपानी, सरसफाईजस्ता क्षेत्रमा स्रोतको प्रवाह असमानुपातिक ढङ्गले सहरी क्षेत्रमा केन्द्रित भएर मदत पुऱ्याउनुपर्ने ठूलो समूह बढ्दो

गतिमा सामाजिक रूपमा वहिस्कृत (Social Exclusion) भएको हामीले अनुभव गरेका छौं । उदाहरणका लागि स्वास्थ्य कै कुरा गर्ने हो भने पनि सरकारको खर्चको बनावटलाई हेर्दा यो प्राथमिकता र आवश्यकतामुखी देखिँदैन । बजेटको वितरण प्राथमिक स्वास्थ्य सेवामा नाटकीय ढङ्गले घटेको छ भने अस्पतालको खर्चमा बढेको देखिन्छ । सुविधा कम भएका स्वास्थ्य केन्द्र र स्वास्थ्य चौकीमा तलव सुविधा भने बढी देखिन्छ । यस्ता केन्द्रहरूमा समग्र लागतको २ प्रतिशत मात्र औषधीमा खर्च भएको देखिन्छ । राजनैतिक प्रभाव हावी भएर प्राथमिकताको वर्गीकरणसमेत गैहजिम्मेवारपूर्ण तवरले गर्ने गरिएको असमानता बढेर गरिबी निवारण साङ्केतिक महत्त्वको वस्तु भएको छ । शिक्षा र सिचाइजस्ता क्षेत्रलाई तेस्रो प्राथमिकतामा पारेर व्यक्तिको नाउँबाट स्थापना गरिएको ट्रष्ट प्रथम प्राथमिकतामा राखिनु यस्तै विसङ्गतिका उदाहरण हुन् । संसदमा प्रतिनिधित्व गराएर महिला र पिछडिएका समूहको राजनैतिक सहभागिता हुने कार्य प्रारम्भ हुन थालेको भए तापनि प्रजातान्त्रिक सहभागिता खासै बढ्न सकेको देखिएन । त्यसैले नागरिक स्वतन्त्रता, प्रकाशन स्वतन्त्रता, शान्तिसुरक्षा, कानुनी राज्य, सरकारको प्रभावकारिता र भ्रष्टाचारजस्ता क्षेत्रमा नेपाल तुलनात्मक दृष्टिले निम्नस्तरमा नै रह्यो । बढ्दो Social Exclusion विकासको मानवीय पक्षलाई लक्षित गर्न नसकेर पो हो की भन्ने अनुभव गर्न थालिएको छ । यस अर्थमा मानवीय आवश्यकतालाई लक्षित गरिसकेपछि मात्र उत्पादन र खपतको भौतिक लक्ष्य निर्धारण गर्नुपर्ने देखिन्छ, जुन पक्ष हाम्रो योजनाको विकासको क्रममा कमजोर देखिन्छ । त्यसैले प्रजातान्त्रिक सहभागिता र सामाजिक क्षेत्रको विकास पनि आर्थिक एजेण्डामा नै गाम्नुपर्ने हो कि ?

*( स्रोत : प्रा. विश्वम्भर प्याकुरेल, मिर्मिरे, २०६० : नेपाल राष्ट्र बैंक )*

सामाजिक सेवाका क्षेत्रमा संलग्न सङ्घसंस्थाहरू

नेपालमा सामाजिक सेवाका क्षेत्रमा सरकारी र गैरसरकारी सङ्घसंस्थाहरूबाट विभिन्न क्रियाकलापहरू सञ्चालन भइरहेका छन् । सरकारी क्षेत्रबाट शिक्षा, स्वास्थ्य, खानेपानी, सरसफाई, शान्तिसुरक्षाजस्ता क्षेत्रहरूमा विशेष कार्यक्रमहरू सञ्चालन भइरहेका छन् । यसैगरी समाजका अग्रज नागरिक ( जेष्ठ नागरिक ), बालबालिका, अपाङ्गहरूका लागि उचित अवसर प्रदान गरी उनीहरूलाई पनि समाजको अभिन्न अङ्गको रूपमा अङ्गिकार गरिएको छ । त्यसैगरी सामाजिक सेवाका क्षेत्रमा राष्ट्रिय र अन्तर्राष्ट्रिय गैरसरकारी सङ्घसंस्थाहरूले विभिन्न क्रियाकलापहरू गर्दै आएका छन् । स्थानीयस्तरदेखि राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका क्लबहरू पनि सामाजिक सेवामा प्रतिवद्ध छन् । यस्ता क्लबहरूबाट समुदायको सर्वाङ्गीण विकासका लागि शिक्षा, स्वास्थ्य तथा अन्य क्षेत्रमा आफ्ना क्रियाकलापहरू केन्द्रित गरेका छन् ।

श्री ५ को सरकारको तर्फबाट सामाजिक सेवाका क्षेत्रको विकासका लागि गरिएका प्रयासहरू निम्नानुसार रहेका छन् :

- स्थानीय तहसम्म शिक्षा र स्वास्थ्य क्षेत्रको विकासका लागि विद्यालय तथा स्वास्थ्य चौकीहरूको स्थापना तथा सञ्चालन ।
- गाँउ-गाँउसम्म खानेपानीको सुविधा उपलब्ध गराउनु ।
- सरसफाईका कार्यक्रमहरूका लागि जनचेतना जागृत गर्ने खालका कार्यक्रमहरू सञ्चालन ।
- समुदायको शान्तिसुरक्षाका लागि प्रहरी चौकीहरूको स्थापना ।

- समाजका जेष्ठ नागरिक, अपाङ्ग तथा बालबालिकाहरूलाई समाजमा उपेक्षित हुन नपरोस् भनी उनीहरूलाई राष्ट्रिय मूलधारमा ल्याउनका लागि राष्ट्रिय कार्ययोजना तर्जुमा गरी कार्यक्रमहरू सञ्चालन ।
- सामाजिक सेवाका क्षेत्रको विकासलाई बजेट तथा कार्यक्रमले प्राथमिकता दिएको ।
- स्वास्थ्य सुविधालाई जनताको घरदैलोमा पुऱ्याउन समय-समयमा गाँउ-गाँउमा स्वास्थ्य शिविरहरूको आयोजना ।
- समाज कल्याण परिषद्को स्थापना गरी विभिन्न गैरसरकारी संस्थाहरूलाई सामाजिक सेवाको क्षेत्रमा लाग्न प्रेरित गरेको ।

गैरसरकारी सङ्घसंस्थाहरूबाट गरिएका प्रयासहरू :
सामाजिक सेवाका क्षेत्रहरूको विकास गरी सभ्य समाजको स्थापना गर्न विभिन्न स्तरका सङ्घसंस्थाहरू कार्यरत रहेका छन् ।

क) स्थानीयस्तरमा स्थापना गरिएका विभिन्न क्लबहरू

- लायन्स क्लब
- UNICEF
- UNDP
- माइती नेपाल
- ABC नेपाल
- रेयुकाई
- मानवअधिकारवादी सङ्गठनहरू
- सेभ द चिल्ड्रेन
- रेडक्रस
- स्काउट

ख) सामाजिक सेवाको विकासका लागि गरिएका प्रयासहरू :

- जनचेतना अभिवृद्धि गर्ने कार्यक्रमहरू सञ्चालन
- स्वास्थ्य शिविरको आयोजना
- बालबालिका तथा प्रौढहरूका लागि शिक्षामूलक कार्यक्रमहरू सञ्चालन
- खानेपानी तथा सरसफाईका कार्यक्रमहरू सञ्चालन
- समाजका जेष्ठ नागरिक, अपाङ्ग तथा पिछडिएको समुदायको विकासका लागि विभिन्न कार्यक्रमहरू सञ्चालन
- बालबालिकाको चौतर्फी विकासका लागि शिक्षा, स्वास्थ्य तथा खेलकुदका कार्यक्रमहरू सञ्चालन ।

ग) अपाङ्ग सेवा राष्ट्रिय कार्ययोजना, २०६०

सामाजिक सेवासँग सम्बन्धित विभिन्न क्षेत्रहरूमध्ये "अपाङ्ग सेवा राष्ट्रिय कार्ययोजना, २०६०" अपाङ्ग हुने कारणको जनाउ, अपाङ्गपन निरोध, अपाङ्गपनको पूर्ण पहिचान गर्दै अपाङ्ग भएका

व्यक्तिहरूलाई विभिन्न सेवा, सुविधा योजनाबद्ध ढङ्गले उपलब्ध गराउँदै जाने सन्दर्भमा श्री ५ को सरकारले अगाडि ल्याएको हो । अपाङ्गहरूको सेवा, सुविधा, संरक्षण र अधिकार स्थापना गरी अन्य नागरिकसरह सम्मानपूर्वक जीवनयापनका लागि नीतिगत र कानुनी व्यवस्थालाई अपाङ्गता भएका व्यक्तिहरूका पक्षमा प्रभावकारी कार्यान्वयन गर्नु आवश्यक छ भने यस्ता व्यक्तिहरूका लागि अवसर समानीकरणसम्बन्धी संयुक्त राष्ट्र सङ्घीय प्रामणिक नियमहरू १९९४, एसिया तथा प्रशान्त क्षेत्रका अपाङ्गहरूको दशक, २००३-२०१२ ले लक्षित गरेका प्राथमिकताका क्षेत्रहरूलाई व्यावहारिकता अनुकल कार्यान्वयन गर्दै जानु आजको खाँचो हो ।

विद्यालयमा आउने विभिन्न किसिमका अपाङ्ग विद्यार्थीहरूलाई कक्षाकोठामा शिक्षण-सिकाइको क्रियाकलापमा अन्य विद्यार्थीहरूसँगै शिक्षण गर्नुपर्ने भएकोले शिक्षकहरूलाई अपाङ्गताका बारेमा ज्ञान हुनु जरूरी छ । कक्षाकोठामा शिक्षण-सिकाइको क्रममा अपाङ्ग विद्यार्थीहरूलाई विशेष अवसर दिनुपर्दछ । उनीहरूको इच्छा, आकांक्षा बुझ्न सक्नुपर्दछ । कक्षाकोठा व्यवस्थापनमा विशेष ध्यान दिनु जरूरी हुन्छ ।

## अपाङ्ग सेवा राष्ट्रिय कार्ययोजना, २०६०

कार्ययोजनाको विषयगत विवरण

अपाङ्ग सेवा राष्ट्रिय नीति, २०५३ मा अपाङ्गहरूका विविध विषय र क्षेत्रहरूमा पुऱ्याउनुपर्ने सेवा एवम् सुविधाहरूको लामो फेहरिस्त दिइएको छ । उल्लेखित विषय र क्षेत्रहरूलाई मुख्यतया निम्न भागमा विभाजन गरी अपाङ्गता भएका व्यक्तिहरूलाई आवश्यक सेवा सुविधा एवम् अवसरहरू उपलब्ध गराइनेछ ।

दीर्घकालीन उद्देश्य

अपाङ्गता भएका व्यक्तिहरूको जीवन सहज र सम्मानित हुने वातावरण सिर्जना गर्दै राष्ट्रिय विकासको मूल प्रवाहमा समाहित गर्ने ।

रणनीति

नीतिगत व्यवस्था ( कानुनी व्यवस्थासमेत ), सम्बद्ध संस्थाहरू (सरकारी, गैरसरकारी) बीच समन्वय, जनचेतना अभिवृद्धि, संस्थागत सुदृढीकरण, सामाजिक परिचालन, तालिम, पुनर्स्थापना र समान अवसरको व्यवस्था गरेर ।

क) ऐन नियम

अपाङ्गसँग सम्बन्धित विद्यमान कतिपय ऐन, नियमहरूमा संशोधन गर्नु आवश्यक देखिन्छ । अपाङ्ग संरक्षण तथा कल्याण ऐन, २०३९ र अपाङ्ग संरक्षण तथा कल्याण नियमावली, २०५१ लगायत यस क्षेत्रसँग सम्बन्धित विभिन्न ऐन नियमहरूमा आवश्यक संशोधन गरी अपाङ्गहरूको हित जगेर्ना गर्नु पहिलो आवश्यकता देखिएको छ । अत: महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयले सम्बंन्धित अन्य मन्त्रालयहरू समेतको सहयोगमा उपर्युक्त कार्यका लागि पहल गर्नेछ ।

ख) पुनर्स्थापना व्यवस्था

अपाङ्गहरूको तथ्याङ्क सङ्कलन तथा अपाङ्गहरूका लागि समुदायमा आधारित पुनर्स्थापना कार्यक्रम सञ्चालन गर्न सरकारी, निजी, राष्ट्रिय वा अन्तर्राष्ट्रिय गैरसरकारी सङ्घसंस्था, केन्द्रीय वा स्थानीय निकाय, शिक्षण संस्था एवम् जनसमुदायलाई परिचालन गरिनेछ र ती निकायहरूबीच महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयले समन्वय स्थापित गर्नेछ ।

ग) शिक्षा

१) विद्यालय एवम् उच्च शिक्षाका पाठ्यक्रमहरूमा अपाङ्गपन निरोधसम्बन्धी विषयवस्तु समावेश गर्ने । साथै विद्यालय एवम् उच्च शिक्षाका शिक्षकहरूलाई दिइने तालिमको पाठ्यक्रममा अपाङ्गसम्बन्धी विषयवस्तु अनिवार्य रूपमा समावेश गर्ने ।

२) अपाङ्ग तथा तिनका सन्ततिहरूका लागि विद्यालय एवम् उच्च शिक्षालयहरूमा खान, बस्न तथा छात्रावाससहितको नि:शुल्क शिक्षा व्यवस्था गर्नेतर्फ सोचाइ लिने ।

३) अपाङ्गगृहमा सीपमूलक तालिम एवम् विशेष स्वास्थ्य सेवासमेत प्रदान गर्ने व्यवस्था मिलाउने ।

४) अपाङ्ग तथा तिनका परिवारलाई गैरसरकारी सङ्घसंस्थामार्फत अपाङ्गतासम्बन्धी सल्लाह सेवा (Counselling Services) प्रदान गर्ने ।

५) अपाङ्गहरूको निमित्त एकीकृत शिक्षा (Inclusion Education/Integrated Education) को व्यवस्था गर्ने र सोको निरीक्षणको व्यवस्थासमेत मिलाउने ।

६) अपाङ्गहरूका लागि अनौपचारिक शिक्षा, सीपमूलक कार्यक्रम एवम् खेलकुद, मनोरञ्जन र साँस्कृतिक क्रियाकलाप सञ्चालन गर्ने ।

७) विशेष शिक्षा कार्यक्रमको निमित्त आवश्यक जनशक्ति तयार गर्न राष्ट्रिय योजना आयोगको सहयोगमा उपयुक्त व्यवस्था मिलाउने ।

८) विशेष शिक्षाअन्तर्गतका विद्यालयहरूमा अध्ययनरत अपाङ्ग विद्यार्थीहरूलाई आवश्यक पर्ने भौतिक सुविधा उपलब्ध गराउने ।

९) प्रत्येक वर्ष कम्तिमा थप १००० ( एक हजार ) अपाङ्ग विद्यार्थीहरूलाई साधारण विद्यालयहरूमा अध्ययन गर्ने व्यवस्था मिलाउने ।

१०) विभिन्न अपाङ्गता भएका बालबालिकाहरूलाई अध्ययनका लागि घरको आर्थिक अवस्था हेरी मासिक रूपमा छात्रवृत्तिको व्यवस्था गर्ने ।

११) विशेष शिक्षाका लागि आवश्यक पर्ने ब्रेल र साङ्केतिक भाषा (Sign Language) लगायत अन्य पाठ्यपुस्तक शैक्षिक सामग्री स्वदेशमा नै उत्पादन गर्ने व्यवस्था मिलाउने ।

१२) साङ्केतिक भाषाबाट उच्च शिक्षा हासिल गर्नेहरूका लागि दोभाषेको प्रबन्ध गर्ने ।

१३) ब्रेल लिपिबाट उच्च शिक्षा अध्ययन गर्नेलाई ब्रेल पुस्तकालयको व्यवस्था मिलाउने ।

१४) प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम केन्द्रहरूमा अपाङ्गहरूका लागि पनि आवश्यक सीपमूलक तालिम दिने व्यवस्था गर्ने ।

१५) विद्यालय पठाउने उमेरका अपाङ्गहरूलाई विद्यालय पठाउनेभन्दा घरमा लुकाएर राख्ने प्रवृत्ति कम गर्ने र अपाङ्गलाई घृणा होइन समान अवसर र सहारा भन्ने भावना जगाउन विशेष चेतनामूलक कार्यक्रम सञ्चालन गर्ने ।

१६) शिक्षण प्रतिष्ठानहरूमा Physiotherapy, accupational therapy, speech therapy विषयको अध्ययन अध्यापन गराउनका लागि स्वास्थ्य संस्थाहरूमा सोसम्बन्धी उपचार सेवा उपलब्ध गराउने व्यवस्था मिलाउने ।

घ) स्वास्थ्य

१) अपाङ्गहरूलाई निःशुल्क उपचार र औषधीको व्यवस्था मिलाउने ।

२) अपाङ्गताको रोकथामका लागि विभिन्न कार्यक्रमहरू सञ्चालन गर्ने ।

३) अपाङ्गहरूको पुनर्स्थापनाका लागि आवश्यक पर्ने कृत्रिम अङ्गहरू र व्हिलचियर लगायतका अन्य सहायक उपकरण एवम् आवश्यक सामग्रीहरू स्वदेशमा नै कम मूल्य (Low Cost) मा उत्पादन गर्ने व्यवस्था मिलाउने ।

ङ) तालिम र रोजगारी

१) विभिन्न प्रकृतिका अपाङ्गहरूलाई दिनुपर्ने सीप र दक्षतासम्बन्धी तालिमबारे अध्ययन गर्ने ।

२) अपाङ्गहरूको प्रकृति, योग्यता, क्षमता र तालिमको आधारमा उपयुक्त रोजगारी उपलब्ध गराउने सम्बन्धमा सम्भाव्य क्षेत्रको पहिचान गर्ने ।

३) अपाङ्गता भएका व्यक्तिहरूको तालिमका निमित्त प्राविधिक शिक्षालयहरूलाई आवश्यक सहयोग एवम् टेवा पुऱ्याई अपाङ्गअनुकूल बनाउँदै आवश्यक तालिमका लागि परिचालन गर्ने ।

४) सरकारी, गैरसरकारी सङ्घसस्थाहरू एवम् औद्योगिक प्रतिष्ठानहरूमा ५% कोटा छुट्याई अपाङ्गहरूलाई रोजगारीको व्यवस्था मिलाउने अन्य देशमा भएको व्यवस्थाको समेत अध्ययन गरी सम्बन्धित ऐन, नियममा समावेश गर्नेतर्फ आवश्यक कार्य गर्ने ।

च) सुविधा र सहुलियत

१) अपाङ्ग संरक्षण तथा कल्याण ऐन, २०३९ र अपाङ्ग संरक्षण तथा कल्याण नियमावली, २०५१ मा उल्लेखित विभिन्न प्रकारका सुविधा र सहुलियतहरू अपाङ्गहरूलाई प्रदान गर्ने र सोसँग सम्बन्धित अन्य ऐन नियमहरूमा तदनुरूपको संशोधन गर्ने ।

२) अपाङगहरूका लागि हाललाई उपत्यकाका तीनओटै सहरका महत्त्वपूर्ण ठाउँहरूमा व्हिलचियर जाने बाटो र उपयुक्त ट्राफिक सङ्केतको व्यवस्था मिलाउने र उपत्यकाबाहिर पनि यस्तो व्यवस्था क्रमशः गर्दै जाने ।

३) अर्काको ( सहायकको ) सहायताले मात्र जीवनयापन गर्नुपर्ने अवस्थाका अपाङ्गहरूलाई निश्चित दरमा मासिक अपाङ्गवृत्तिको व्यवस्था गर्ने । यसका लागि स्थानीय विकास मन्त्रालयसँग आवश्यक समन्वय गर्ने ।

४) विशेष शिक्षाअन्तर्गतका विद्यालयहरूमा अध्ययनरत अपाङ्ग विद्यार्थीहरूलाई आवश्यक पर्ने भौतिक सुविधा उपलब्ध गराउने ।

छ) निर्माण मापदण्ड

अपाङ्गहरूका लागि सार्वजनिक यातायात, भवन र स्थलहरूमा सजिलै पहुँच पुग्ने व्यवस्था गर्दै जाने । नयाँ निर्माणमा अपाङ्गका लागि पहुँच हुने गरी मापदण्ड लागू गर्न गराउन पहल गर्ने ।

ज) विविध

सामाजिकीकरण

१) अपाङ्गप्रति समाजमा सकारात्मक भावनाको विकास गराई उनीहरूको मनोवल उच्च गराउनका साथै अपाङ्गहरू समाजका दायित्व मात्र होइनन्, समाजका अभिन्न अङ्ग पनि हुन् भन्ने भावना जागृत गराउन एवम् अपाङ्गता रोकथामसम्बन्धी जनचेतना वृद्धि गराउन गैरसरकारी संस्थासमेतसँग समन्वय गरी रेडियो, टेलिभिजन, पत्र-पत्रिकामार्फत जनचेतनामूलक कार्यक्रमको प्रचार-प्रसार गर्ने ।

२) अपाङ्गहरूलाई सामाजिक विकासमा समाहित गर्ने कार्यक्रमहरू सञ्चालन गर्ने ।

३) अपाङ्गहरूका लागि सेवा उपलब्ध गराउन पाँचओटै विकास क्षेत्रमा चरणबद्ध रूपमा अपाङ्गघर सञ्चालन गर्ने । यसका लागि गैरसरकारी संस्था, स्थानीय निकाय र अन्तर्राष्ट्रिय सहयोग नियोगलाई परिचालन गर्ने ।

४) मूलत: अपाङ्गहरूलाई अरूको सहारा चाहिने र नचाहिने गरी दुई प्रकारमा विभाजन गरी सहारा चाहिनेका लागि विशेष कार्यक्रम सञ्चालन गर्ने तथा सहारा नचाहिनेका लागि शिक्षा दिन विद्यालय एवम् उच्च शिक्षामा विशेष सहयोग दिने परिपाटी बसाल्ने ।

*( स्रोत : महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय, सिंहदरवार, अपाङ्ग सेवा राष्ट्रिय कार्ययोजना, २०६० )*

| क्र. सं. | कामको विवरण | काम गर्ने निकाय | काम गर्दा सहयोग लिनुपर्ने निकाय | अपेक्षित प्रतिफल | कार्यान्वयन गरिने अवधि |
|---|---|---|---|---|---|
| १ | **कानुनी पक्ष**<br>अपाङ्ग संरक्षण तथा कल्याण ऐन, २०३९ र अपाङ्ग संरक्षण तथा कल्याण नियमावली, २०५१ मा आवश्यक संशोधन गर्ने । | महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय । | मन्त्रिपरिषद् सचिवालय, कानुन, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय र सम्बन्धित अन्य मन्त्रालयहरू । | कानुनी आधार तयार भई अपाङ्गहरूको हक हित संरक्षण हुने । | २०६०/०६१ देखि ( कारवाही भइरहेको ) |
| २ | अपाङ्गहरूको रोजगारी, सुविधा संरक्षण र समान अवसरका लागि अन्य सम्बन्धित ऐन र नियमहरूको अध्ययन गरी संशोधन गर्न सम्बन्धित निकायमा सिफारिस गर्ने । | महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय । | मन्त्रिपरिषद् सचिवालय, कानुन, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय र सम्बन्धित अन्य मन्त्रालयहरू, गैरसरकारी संस्थाहरू, अन्तर्राष्ट्रिय सहयोग नियोग । | कानुनी आधार तयार भई अपाङ्गहरूको हक हित संरक्षण हुने । | २०६१/०६२ देखि एक वर्षभित्र |
| ३ | **शिक्षा**<br>विद्यालयका विभिन्न कक्षाहरूको पाठ्यक्रम | शिक्षा तथा खेलकुद | महिला, बालबालिका तथा समाज कल्याण | अपाङ्गहरूको सामान्यीकरण | २०६२ देखि सुरू भई |

| | | | | | |
|---|---|---|---|---|---|
| | तथा शिक्षकहरूको तालिम कार्यक्रममा अपाङ्गता र निरोधसम्बन्धी विषयवस्तु समावेश गर्ने । | मन्त्रालय । | मन्त्रालय, पाठ्यक्रम विकास केन्द्र, विश्वविद्यालय, शैक्षिक जनशक्ति विकास केन्द्र लगायत अन्य शैक्षिक संस्थाहरू । | (Normalisation) मा सामुदायिक सहभागिता वृद्धि हुने । अपाङ्गप्रति सकारात्मक धारणाको अभिवृद्धि हुने । | २०६४ सम्ममा सम्पन्न हुने |
| ४ | अपाङ्गका लागि विद्यालय वा उच्च शिक्षामा नि:शुल्क अध्ययनको व्यवस्था मिलाउने । | शिक्षा तथा खेलकुद मन्त्रालय । | महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय, निजी तथा आवासीय विद्यालयहरू तथा उच्च माध्यमिक शिक्षा परिषद् र विश्वविद्यालयहरू । | अपाङ्गहरूले शैक्षिक अवसर प्राप्त गर्न सक्ने । | २०६०/०६१ देखि निरन्तर |
| ५ | अपाङ्ग तथा निजका परिवारहरूलाई अपाङ्गपनसम्बन्धी परामर्श सेवा प्रदान गर्ने । | समाज कल्याण परिषद्, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था । | महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय, स्वास्थ्य मन्त्रालय र चिकित्सासम्बन्धी पेसागत सङ्घ, संस्था, गैरसरकारी संस्थाहरू । | अपाङ्गप्रति सकारात्मक धारणा विकास भई मानवोचित जीवन यापन गर्न मदत पुग्ने । | २०६०/०६१ देखि निरन्तर |
| ६ | अपाङ्गहरूका लागि एकीकृत (Inclusion/ Integrated Education) को व्यवस्था एवम् विस्तार गर्ने । | शिक्षा तथा खेलकुद मन्त्रालय । | महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय, स्थानीय निकाय तथा गैरसरकारी संस्थाहरू । | अपाङ्गहरूलाई शिक्षाको अवसर प्राप्त हुने । | २०६०/०६१ देखि निरन्तर (कार्यान्वयन भएको र अझ विस्तार गर्ने ) |
| ७ | अपाङ्गका लागि अनौपचारिक शिक्षा र सीपमूलक शिक्षा कार्यक्रम सञ्चालन गर्ने । | शिक्षा तथा खेलकुद मन्त्रालय र विश्वविद्यालयहरू | महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय र समाज कल्याण परिषद्, प्राविधिक शिक्षालयहरू | रोजगारी तथा स्वरोजगारी उपलब्ध हुनमा सहयोग पुग्ने । | २०६०/०६१ देखि निरन्तर |
| ८ | अपाङ्गपन भएका व्यक्तिहरूका लागि खेलकुद, मनोरञ्जन र साँस्कृतिक कार्यक्रम सञ्चालन एवम् विशेष शिक्षा | शिक्षा तथा खेलकुद मन्त्रालय र विश्वविद्यालयहरू | राष्ट्रिय योजना आयोग र महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय, राष्ट्रिय खेलकुद परिषद्, अन्तर्राष्ट्रिय सहयोग | खेलकुद र मनोरञ्जन सुविधा प्राप्त हुने, आवश्यक जनशक्ति तयार हुने । | २०६०/०६१ देखि |

| | | | | | |
|---|---|---|---|---|---|
| | कार्यक्रमको निमित्त आवश्यक जनशक्ति तयार गर्ने । | | नियोग, गैरसरकारी संस्थाहरू । | | |
| ९ | विशेष शिक्षाअन्तर्गतका विद्यालयहरूमा अध्ययनरत अपाङ्ग विद्यार्थीहरूलाई आवश्यक पर्ने भौतिक सामग्री उपलब्ध गराउने । | शिक्षा तथा खेलकुद मन्त्रालय । | अर्थ मन्त्रालय, महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय, समाज कल्याण परिषद् र गैरसरकारी संस्था । | अपाङ्गहरूलाई अध्ययनमा सहयोग पुग्ने । | २०६१/०६२ देखि निरन्तर |
| १० | प्रत्येक वर्ष कम्तिमा १००० (एक हजार) थप अपाङ्ग विद्यार्थीहरूलाई साधारण एवम् उच्च शिक्षामा अध्ययन गर्ने व्यवस्था मिलाउने । | शिक्षा तथा खेलकुद मन्त्रालय र विश्वविद्यालयहरू | महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय, निजी विद्यालय, उच्च माध्यमिक विद्यालयहरू, गैरसरकारी संस्थाहरू । | शिक्षाको अवसर प्राप्त हुने । | २०६०/०६१ देखि निरन्तर |
| ११ | साङ्गहरूका लागि सञ्चालित प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम केन्द्रहरूमा अपाङ्गहरूका लागि पनि क्रमिक रूपमा सीपमूलक तालिम दिने व्यवस्था गर्ने । | शिक्षा तथा खेलकुद मन्त्रालय । | महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय, प्राविधिक शिक्षा तथा व्यावसयायिक तालिम परिषद् र यस्तै प्रकारका कार्यक्रम सञ्चालन गर्ने गैरसरकारी संस्थाहरू । | अपाङ्गहरूले सीपको अवसर प्राप्त गर्न सक्ने । | २०६०/०६१ देखि निरन्तर |
| १२ | अपाङ्ग गृहमा सीपमूलक तालिम एवम् विशेष स्वास्थ्य सेवा सञ्चालन गर्ने । | महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय । | उद्योग, वाणिज्य तथा आपूर्ति, स्वास्थ्य मन्त्रालय, समाज कल्याण परिषद् र गैरसरकारी तथा निजी चिकित्सा संस्थाहरू । | विशेष सुविधा उपलब्ध हुने । | २०६७/०६८ देखि निरन्तर |
| १३ | विशेष शिक्षाका लागि आवश्यक पर्ने ब्रेल र साङ्केतिक भाषाको पाठ्यपुस्तक लगायत अन्य शैक्षिक सामग्रीहरू स्वदेशमै | शिक्षा तथा खेलकुद मन्त्रालय । | महिला, बालबालिका तथा समाज कल्याण, उद्योग, बाणिज्य तथा आपूर्ति, अर्थ, परराष्ट्र, सूचना तथा सञ्चार मन्त्रालय र | अपाङ्गहरूलाई शिक्षामा सहजता । | २०६०/०६१ देखि निरन्तर |

| | | | | | |
|---|---|---|---|---|---|
| | उत्पादन गर्ने व्यवस्था मिलाउने । | | गैरसरकारी संस्था । | | |
| १४ | साङ्केतिक भाषाबाट उच्च शिक्षा हासिल गर्नेलाई दोभाषेको व्यवस्था गर्ने । | शिक्षा तथा खेलकुद मन्त्रालय । | महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय, विश्वविद्यालयहरू, उच्च माध्यमिक शिक्षा परिषद्, गैरसरकारी संस्थाहरू र समाज कल्याण परिषद् । | अपाङ्गहरूले उच्च शिक्षाको अवसर प्राप्त गर्न सक्ने । | २०६०/०६१ देखि |
| १५ | उच्च शिक्षाका लागि ब्रेललिपिको पुस्तकालयको व्यवस्था गर्ने । | शिक्षा तथा खेलकुद मन्त्रालय । | महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय, विश्वविद्यालयहरू, उच्च माध्यमिक शिक्षा परिषद्, समाज कल्याण परिषद् र गैरसरकारी संस्थाहरू । | अपाङ्गहरूले उच्च शिक्षाको अवसर प्राप्त गर्न सक्ने । | २०६३/०६४ देखि तीन वर्षभित्रमा |
| १६ | **स्वास्थ्य** अपाङ्गहरूको पुनर्स्थापनामा सहयोग पुग्ने कृत्रिम अङ्गहरू र अन्य सहायक उपकरणहरू ( सेतो छडी, ह्विलचियर, आदि ) उत्पादन र वितरण गर्ने व्यवस्था मिलाउने । | स्वास्थ्य मन्त्रालय र गैरसरकारी संस्थाहरू र निजी क्षेत्रका उत्पादक संस्थाहरू । | महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय, समाज कल्लाण परिषद् र निजी तथा गैरसरकारी संस्था । | दिनचर्यामा अपाङ्गहरूलाई सहजता आउने । | २०६०/०६१ देखि निरन्तर |
| १७ | अपाङ्गहरूलाई निःशुल्क उपचार र औषधीको व्यवस्था मिलाउने । | स्वास्थ्य मन्त्रालय । | महिला, बालबालिका तथा समाज कल्याण, अर्थ मन्त्रालय, निजी तथा गैरसरकारी संस्था, औषधी उत्पादक र चिकित्सा सेवा प्रदान गर्ने संस्थाहरू । | स्वास्थ्य सेवा उपलब्ध भई निरोगिता बढ्ने । | २०६१/०६२ देखि निरन्तर |
| १८ | अपाङ्गताको रोकथामका लागि स्वास्थ्य शिविर | स्वास्थ्य मन्त्रालय र गैरसरकारी संस्था । | महिला, बालबालिका तया समाज कल्याण मन्त्रालय, निजी | अपाङ्गताको रोकथाममा सहयोग पुग्ने । | २०६१/०६२ देखि |

| | | | | | |
|---|---|---|---|---|---|
| | सञ्चालन गर्ने । | | चिकित्सा सेवा संस्था र गैरसरकारी संस्थाहरू । | | |
| १९ | शिक्षण संस्थाहरूमा भौतिक चिकित्सा (Speech Therapy, Accupational Therapy, Physiotherapy) अध्ययन-अध्यापन गराउनुको साथै स्वास्थ्य संस्थाहरूमा सोसम्बन्धी उपचारको व्यवस्था गर्ने | स्वास्थ्य मन्त्रालय, विश्वविद्यालयहरू ( मेडिकल कलेज) र निजी तथा गैरसरकारी संस्थाहरू । | महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय तथा गैरसरकारी संस्थाहरू । | आवश्यक सङ्ख्यामा Speech Therapy, Accupational र Physiotherapist तयार भई तत्सम्बन्धी सेवा उपलब्ध हुने । | २०६३/०६४ देखि २ वर्षभित्र |
| २० | **तालिम र रोजगारी** विभिन्न प्रकृतिका अपाङ्गहरूलाई दिनुपर्ने सीपबारे अध्ययन गराउने । | महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय । | शिक्षा तथा खेलकुद, अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोग र गैरसरकारी संस्थाहरू । | अपाङ्गहरूको तालिम आवश्यकताको पहिचान हुने । | २०६०/०६१ देखि १ वर्षभित्र |
| २१ | अपाङ्गहरूको प्रकृति, योग्यता, क्षमता र तालिमको आधारमा रोजगार उपलब्ध गराउने सम्भाव्य क्षेत्रको पहिचान गर्ने । | महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय । | श्रम तथा यातायात व्यवस्था, बाणिज्य तथा आपूर्ति मन्त्रालय र विभिन्न निजी तथा अन्य व्यवसायिक संस्थाहरू । | रोजगार उपलब्ध गराउन सकिने । | २०६१/०६२ देखि |
| २२ | सरकारी र गैरसरकारी संस्थाहरूमा ५% कोटा छुट्याई अपाङ्गहरूलाई रोजगारीको व्यवस्था गर्न अन्य मुलुकमा भएको व्यवस्थाको समेत अध्ययन गरी आवश्यक कार्यहरू गर्ने । | महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय । | श्री ५ को सरकारका मन्त्रालय, सचिवालय, आयोग एवम् अन्य प्रतिष्ठानहरू, निजी तथा गैरसरकारी संस्थाहरू । | अपाङ्गहरूलाई रोजगारी उपलब्ध हुने । | २०६१/०६२ देखि |
| २३ | **सुविधा र सहुलियत** | | | | |
| | अपाङ्गका लागि व्यवसायिक तालिम | महिला, बालबालिका तथा | अर्थ, शिक्षा तथा खेलकुद मन्त्रालय, | अपाङ्गहरूलाई रोजगारी प्राप्त | २०६३/०६४ देखि एघारौं |

| | | | | | |
|---|---|---|---|---|---|
| | प्रदान गर्न प्राविधिक शिक्षालयहरूलाई सुदृढीकरण एवम् अपाङ्ग अनुकूल बनाउँदै तालिम दिने । | समाज कल्याण मन्त्रालय । | राष्ट्रिय योजना आयोग र गैरसरकारी संस्था र प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् । | गर्नमा सहयोग पुग्ने । | योजनाको दोस्रो वर्षसम्ममा |
| २४ | अपाङ्ग संरक्षण तथा कल्याण ऐन, २०३९ र नियमावली २०५१ मा उल्लेखित सुविधाहरू उपलब्ध गराउने । | महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय । | अर्थ मन्त्रालयलगायत सम्बद्ध मन्त्रालहरू, सङ्घसंस्थाहरू, गैरसरकारी संस्थाहरू । | अपाङ्गहरूलाई सुविधा प्राप्त हुने । | २०६०/०६१ देखि ३ वर्षभित्र |
| २५ | अपाङ्गका लागि उपयुक्त ट्राफिक सङ्केतको व्यवस्था मिलाउने । | गृह मन्त्रालय, भौतिक योजना तथा निर्माण र श्रम तथा यातायात व्यवस्था मन्त्रालय । | महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय र प्रहरी प्रधान कार्यालय । | आवागमनमा सुविधा पुग्ने, जनमानसमा चेतना अभिवृद्धि भई अपाङ्गप्रति सकारात्मक धारणा बढ्ने । | २०६०/०६१ देखि ३ वर्षभित्रमा |
| २६ | सार्वजनिक यातायात, भवन र स्थलहरूमा सजिलै पहुँच पुग्ने व्यवस्था गर्ने । | भौतिक योजना तथा निर्माण मन्त्रालय, स्थानीय विकास मन्त्रालय । | सम्बद्ध सबै मन्त्रालयहरू, स्थानीय निकायहरू, निजी क्षेत्रका उद्यमी, व्यवसायीहरू र गैरसरकारी संस्था । | सार्वजनिक स्थल, भवन र साधनमा अपाङ्गहरूको पहुँच सजिलै हुने । | २०६०/०६१ देखि एघारौं योजना अवधिको तेस्रो वर्षसम्म |
| २७ | सूचनामा पहुँच, सार्वजनिक सञ्चार माध्यममार्फत अपाङ्गहरूको सामाजिक प्रतिष्ठा बढाउने, रोकथाम र चेतनामूलक कार्यक्रम सञ्चालन गर्ने । | महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय । | सूचना तथा सञ्चार मन्त्रालय, गैरसरकारी संस्थाहरू र समाज कल्याण परिषद् । | सूचनामा पहुँच, अपाङ्गपन घट्ने, अपाङ्गहरूको मनोवल उच्च गर्न सहयोग पुग्ने । | २०६०/०६१ देखि निरन्तर |
| २८ | सहायकको सहायताले मात्र जीवनयापन गर्ने अवस्थाका अपाङ्गहरूलाई मासिक अपाङ्गवृत्ति उपलब्ध गराउने । | स्थानीय विकास मन्त्रालय । | अर्थ मन्त्रालय र महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय । | जीविकोपार्जनका लागि सहयोग पुग्ने । | २०६०/०६१ देखि निरन्तर |
| २९ | विविध | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | प्रत्येक गाँउ विकास समिति, नगरपालिका र जिल्ला विकास समितिमा अपाङ्गको अद्यावधिक रूपमा लगत राख्ने र परिचय-पत्र उपलब्ध गराउने व्यवस्था मिलाउने । | महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय । | स्थानीय विकास मन्त्रालय र गृह मन्त्रालय, स्थानीय निकायहरू ( जिल्ला स्थित सम्बद्ध निकाय ), गैरसरकारी तथा अपाङ्ग व्यक्तिका संस्थाहरू (DPOs) । | लगत अद्यावधिक भई अपाङ्गहरूले परिचय-पत्र पाउने । | २०६०/०६१ देखि निरन्तर |
| ३० | अपाङ्गहरूलाई सामाजिक विकासमा समाहित गर्न पुनर्स्थापनाको व्यवस्था मिलाउन विभिन्न कार्यक्रमहरू सञ्चालन गर्ने । | स्थानीय विकास मन्त्रालय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू । | महिला, बालबालिका तथा समाज कल्याण, स्वास्थ्य, शिक्षा तथा खेलकुद, स्थानीय विकास र गृह मन्त्रालय, समाज कल्याण परिषद्, स्थानीय निकायहरू, गैरसरकारी संस्थाहरू । | अपाङ्गहरू सामाजिक विकासको क्रियाकलापमा समाहित भई मनोवल बढ्ने । | २०६०/०६१ देखि निरन्तर |
| ३१ | अपाङ्ग घर निर्माण गर्ने । | महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय । | अर्थ, भूमि सुधार तथा व्यवस्था, गृह र स्थानीय विकास मन्त्रालय, राष्ट्रिय योजना आयोग, गैरसरकारी संस्था, अन्तर्राष्ट्रिय सहयोग नियोग । | एकीकृत रूपमा सुविधा पुऱ्याउन सहयोग हुने । | २०६४/०६५ देखि तीनवर्ष भित्र |
| ३२ | अपाङ्ग भएका व्यक्तिहरूका स्वाबलम्बी संस्थालाई समयसापेक्ष सुदृढ तुल्याउन आवश्यक कार्यक्रमलाई निरन्तरता दिने । | महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय । | सम्बद्ध सबै निकायहरू, दातृ निकाय, गैरसरकारी संस्थाहरू, विकासमा साझेदार संस्था । | संस्थागत सुदृढीकरण, अपाङ्गहरूलाई मानवोचित जीवन हासिल गर्न क्षमताको विकास हुने । | २०६०/०६१ देखि |

४ **पृष्ठपोषण**

क) तपाईंको गाँउ समुदायमा स्वास्थ्य सुविधाको अभाव रहेकोले आफ्नै गाँउमा स्वास्थ्य शिविर आयोजना गर्नका लागि एक अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाका लागि अनुरोध पत्र तयार गर्नुहोस् ।

ख) तपाईंको गाँउ समुदायमा रहेका अपाङ्गहरूलाई मुलधारमा ल्याउनका लागि गर्नुपर्ने कार्यहरू सुझावहरू प्रस्तुत गर्दै स्थानीय पत्रिकाका लागि समाचार तयार गर्नुहोस् ।

५ **अध्ययन सामग्री**

क) दसौं योजना ( २०५९ - ०६४ )

ख) विभिन्न क्लब तथा सङ्घसंस्थाहरूबाट प्रकाशित बुकलेट

ग) पत्रपत्रिकाहरू

घ) अपाङ्ग सेवासम्बन्धी राष्ट्रिय कार्ययोजना, २०६०, महिला तथ बालबालिका तथा समाज कल्याण मन्त्रालय ।

ङ) मिर्मिरे २०६०, नेपाल राष्ट्र बैंक

## पाठ एक : प्रजातान्त्रिक अभ्यासमा जनसहभागिता

### १ उद्देश्य

यो पाठ पढिसकेपछि शिक्षकहरू निम्नलिखित कार्यहरूमा सक्षम हुनेछन् :

क) प्रजातान्त्रिक अभ्यासमा जनताको सहभागिता ( जनसहभागिता ) को महत्त्व उल्लेख गर्न ।

ख) नेपाल अधिराज्यको संविधान, २०४७ ले व्यवस्था गरेको राजनैतिक दलसम्बन्धी कुराहरू बताउन ।

### २ विषयवस्तु

क) राजनीतिक सहभागिताको परिचय स्वरूपहरू

ख) २०१५ साल र २०५१ सालको निर्वाचनको परिणाम

ग) राजनैतिक दल

### ३ विषयवस्तु प्रस्तुतीकरण

क) तल दिइएको राजनीति सहभागिताको परिचय अध्ययन गरी आफ्नो जि.वि.स.को सहभागिताको परिचय दिनुहोस् ।

कुनै पनि राजनीतिक प्रणालीको बलियो आधार नै राजनीतिक सहभागिता हो । राजनीतिक प्रणालीको सफलता असफलता भन्ने कुरा पनि मुख्यतया त्यस प्रणालीले जुटाउन सकेको समर्थन वा जनसहभागितामा टिकेको हुन्छ । राजनीतिक व्यवस्था कतिको लोकप्रिय छ वा प्रजातान्त्रिक छ भनेर मूल्याङ्कन गर्ने आधार पनि सहभागिता हो ।

आजको युग प्रजातान्त्रिक युग हो । राजनीतिमा प्रजातन्त्र एउटा यस्तो लोकप्रिय र सर्वव्यापक शब्द भएको छ, संसारका प्रत्येक शासन व्यवस्थामा प्रयोग गरिन्छ । संसदीय, अध्यक्षात्मक, राजतन्त्रात्मक, गणतन्त्रात्मक, साम्यवादी, सैनिक शासन सबैमा यो शब्द प्रयोग हुन्छ । कुनै पनि शासन व्यवस्थाले सामाजिक, आर्थिक र राजनीतिक क्रियाकलापमा जनतालाई सहभागी हुने अवस्था कतिको प्रदान गर्न सकेको छ, कति मानिस वास्तविक रूपमा राष्ट्रको लक्ष्य प्राप्तिका लागि समावेश भएका छन् भन्ने कुरा नै उक्त व्यवस्था प्रजातान्त्रिक हो या होइन भन्ने प्रश्नको उत्तर दिने आधार मानिन्छ ।

अझ व्यापक शब्दमा भन्नुपर्दा राजनीतिक सहभागिता भन्नाले जनताका ती सबै कार्यहरू जो वैध तथा अवैध, प्रत्यक्ष तथा अप्रत्यक्ष रूपबाट सरकारका कार्यहरू र तिनीहरूको छनौट (कर्मचारी) लाई समावेश गरिन्छ । ती कार्यहरू विविध प्रकारबाट हुन्छन् जस्तो वैध तथा अवैध, हिंसात्मक तथा शान्तिपूर्ण, सफल र असफल । वैध तरिकाहरूमा सरकारी नीतिहरूमा प्रभाव पार्नु, निर्वाचनमा सहभागी बन्नु, उम्मेद्वार भएर तथा मतदान गरेर, भाषण गरेर, प्रदर्शन पाम्प्लेटिङ्ग, सञ्चारको साधनको स्वतन्त्रपूर्वक प्रयोग अर्थात् ती साधन जुन देशको कानुनले प्रदान गरेको छ आदि पर्छन् ।

अवैध तरिका जो देशको कानुनले बन्द गरेको हुन्छ, उदाहरणको रूपमा हाइज्याकिङ्ग, किडन्यापिङ्ग, ध्वँसात्मक क्रियाकलाप आदि । कतिपय देशमा वैध साधन मानिएका कुराहरू पनि कतिपय देशमा अवैध मानिन्छन् ।

यसरी सङ्क्षेपमा भन्नुपर्दा राजनीतिक सहभागिता भन्नाले नीति निर्माण गर्ने व्यक्तिलाई प्रभावित पार्न गरिने प्रयास भन्ने बुझिन्छ । सहभागितामा दुई कुरा मुख्य रूपले देखापर्दछन् - पहिलो हो राजनेताको छनौटमा (रोजाइमा) सङ्गठित प्रयास र दोस्रो हो सार्वजनिक नीतिहरूको निर्माण र सञ्चालन ।

देशका नागरिकहरूले चुनाव लड्छन्, सरकारी नीतिहरूलाई विभिन्न दबाब समूहको माध्यमबाट प्रभावित पार्छन् । राजनीतिको माध्यमबाट नीति निर्माणमा प्रवेशका लागि सङ्गठित प्रयास गर्छन् र गलत सरकारी कार्यक्रम वा नीतिहरूको विरोध गर्दछन् भने यिनीहरूमा यिनै गतिविधिलाई सहभागिता भन्दछन् ।

सहभागिताका स्वरूपहरू

१) मतदान

२) क्याम्पेनिङ एक्टिभिटिङ

३) नागरिक आफै उत्तरदायी भएर सम्पर्क राख्ने

४) सहयोगात्मक क्रियाकलाप

ख) तल दिइएको आमनिर्वाचन, २०१५ र २०५१ सालमा विभिन्न राजनैतिक दलहरूले प्राप्त गरेको मतको तुलना गरी गा.वि.स.को चुनावको तालिका बनाउनुहोस् ।

आम निर्वाचन, २०१५

| पार्टी समूह | उम्मेदवार | प्राप्त मत | विजय स्थान | प्रतिशत |
|---|---|---|---|---|
| नेपाली काँग्रेस | १०८ | ६६६८९८ | ७४ | ६७.९ |
| गोरखा परिषद् | ८६ | ३०५११८ | १९ | १७.४ |
| स.प्र.ज.ने. | ८६ | १७७४०८ | ५ | ४.६ |
| नेपाल कम्युनिष्ट पार्टी | ४७ | १२९१४२ | ४ | ३.७ |
| स्वतन्त्र समूह-१४ | २६८ | १९१२४७ | ४ | ३.७ |
| ने.प्र.पा. कोदालो | ४६ | १५३०३८ | २ | ०.८ |
| ने.प्र.पा. हलो | ३६ | ५९८२० | १ | ०.९ |
| तराई काँग्रेस | २१ | ३६१०७ | ........... | ........... |
| ने.प्र.म. | ६८ | ५९८९६ | ........... | ........... |
| ने.रा.का. | २० | १२७०७ | ........... | ........... |
| **जम्मा** | ७८६ | १७९१३८१ | १०९ | १००.०० |

नेपालको प्रथम ऐतिहासिक यस निर्वाचनमा २१ वर्ष पूरा गरेका प्रत्येक वालिग नागरिकले स्वतन्त्र रूपले चुनावमा भाग लिन पाएका थिए । कुल मतदाता र जम्मा खसेको मतलाई दृष्टिगत गर्दा उक्त निर्वाचनमा जनता प्रत्यक्ष सहभागी भएको प्रथम अवसर थियो । राजनीतिक सहभागिताको

सिद्धान्तअनुसार जनसहभागिता सीमित सहभागिता र असहभागिताको वर्गीकरण गरेको पाइन्छ । यस दृष्टिकोणबाट हेर्दा उपयुक्त निर्वाचन परिणाममा प्रतिशतको आधारमा जनसहभागिता केही कम मात्र देखिए पनि वास्तवमा नेपालमा भएको प्रथम आमनिर्वाचन, सञ्चार तथा यातायातको कमी, प्रचार प्रसारको कमी, जनचेतनाको अभाव, राजनीतिक दलहरूमा सुझबुझको कमीजस्ता व्यवधानको वावजुद पनि कम सहभागिता भएको भन्न मिल्दैन ।

प्रतिनिधिसभा सदस्य निर्वाचन, २०५१
राजनैतिक दलहरूले प्राप्त गरेको स्थान, मत सङ्ख्या र प्रतिशत

| पार्टीको नाम | जम्मा उम्मेदवार | जितेको स्थान | प्राप्त मत | खसेको मतको प्रतिशत |
|---|---|---|---|---|
| नेपाल कम्युनिष्ट पार्टी (एमाले) | १९६ | ८८ | २३५२६०१ | ३०.८५ |
| नेपाली काँग्रेस | २०५ | ८३ | २५४५२८७ | ३३.३८ |
| राष्ट्रिय प्रजातन्त्र पार्टी | २०२ | २० | १३६७१४८ | १७.९३ |
| नेपाल मजदुर किसान पार्टी | २७ | ४ | ७५०७२ | ०.९८ |
| नेपाल सद्भावना पार्टी | ८६ | ३ | २६५५४७ | ३.४९ |
| संयुक्त जनमोर्चा, नेपाल | ४९ | ० | १००२८५ | १.३२ |
| जनता दल (स.प्र.) | १ | ० | ४०४ | ०.०१ |
| जनवादी मोर्चा नेपाल | ३ | ० | ३६८१ | ०.०५ |
| नेपाल कम्युनिष्ट पार्टी (संयुक्त) | ३४ | ० | २९२७३ | ०.३८ |
| नेपाल जनवादी मोर्चा | ४१ | ० | ३२७३२ | ०.४३ |
| नेपाल जनहीत पार्टी | २ | ० | १५६ | ०.०० |
| नेपाल प्रजा परिषद् | ७ | ० | १८३२ | ०.०२ |
| राष्ट्रिय जनता पार्टी | ७ | ० | १५२५ | ०.०२ |
| लिवरल डेमोक्रेटिक पार्टी | १ | ० | १८ | ०.०० |
| संयुक्त प्रजातन्त्र पार्टी | १ | ० | २१८ | ०.०० |
| नेपाली काँग्रेस(विश्वेश्वर) पार्टी | १० | ० | १२५७१ | ०.१६ |
| युनाइटेड पिपुल्स पार्टी | ९ | ० | १३४६ | ०.०२ |
| नेपाली काँग्रेस (वी.पी.) | २ | ० | ८४० | ०.०१ |
| राष्ट्रिय जनता पार्टी | २८ | ० | ८९३१ | ०.१२ |
| राष्ट्रिय जनमुक्ति पार्टी | ८२ | ० | ७९९९६ | १.०५ |
| रेडिकल नेपाली काँग्रेस | १ | ० | ५३ | ०.०० |
| नेपाल कम्युनिष्ट पार्टी(मार्क्सवादी) | ४९ | ० | २९५७१ | ०.३९ |
| नेपाली काँग्रेस (सुवर्ण) | ४ | ० | ४८४ | ०.०१ |
| प्रजातान्त्रिक लोकदल | १० | ० | ३०८२ | ०.०४ |
| स्वतन्त्र | ३८५ | ७ | ४७१३२४ | ६.१८ |
| जम्मा | १४४२ | २०५ | ७३८४२७७ | ९६.८४ |
| बदर मत | | | २४१०७१ | ३.१६ |
| जम्मा खसेको मत | | | ७६२५३४८ | १००.०० |

ग)	राजनैतिक दलसम्बन्धी तल दिइएको विषयवस्तु अध्ययन गर्नुहोस् र प्रजातान्त्रिक अभ्यासमा उनीहरूको भूमिका के हुन सक्छ ? छलफल गर्नुहोस् ।

Admund Burk का शब्दमा "Political party is a body of men, united for the purpose of promoting by their joint endeavours the public interest upon some principle on which they are all agreed" कतिपय विद्वान्ले त यसलाई Political System को life blood सँग दाँजेका छन् । राजनैतिक दलबिनाको संसदीय व्यवस्थाको कल्पना गर्न सकिँदैन । राजनैतिक दलहरूले नै असङ्ख्य मतदाताहरूको अव्यवस्थित भीडमा एउटा व्यवस्था कायम गर्छ । यिनीहरूले नै मानिसका अस्पष्ट तथा परस्पर विरोधी विचारहरूलाई रूप र आकार प्रदान गर्दछन् । छरिएर रहेका विचार अभिव्यक्तिहरूलाई एकिकृत गर्ने काम पनि यिनीहरूले नै गर्छन् ।

आधुनिक शासन जनमतमा निर्भर छ । हरेक राजनीतिक दलले जनताको इच्छालाई कार्यान्वयन गर्ने प्रयास गर्दछन् । दलगत शासन उत्तरदायी शासनको महत्त्वपूर्ण सिद्धान्त हो ।

राजनैतिक दल

जनतालाई जागृत, सङ्गठित र सरकारलाई सचेत गराउने एवम् जनमत अभिव्यक्ति गर्न सशक्त र अपरिहार्य माध्यमको रूपमा राजनैतिक दलहरूको महत्त्वपूर्ण भूमिका हुन्छ । १८ औं शताब्दीको अन्तदेखि सङ्गठित रूपमा राजनैतिक दलहरूले प्रजातान्त्रिक व्यवस्थाको सुदृढीकरणमा महत्त्वपूर्ण भूमिका खेल्दै आएको देखिन्छ । आधुनिक प्रजातान्त्रिक राज्यमा जनतालाई राजनैतिक शिक्षा दिलाउन र सरकारी नीतिमा नियन्त्रण गरी सरकारलाई जनताप्रति उत्तरदायी बनाउन राजनैतिक सङ्गठन र दलहरूले लेखेका महत्त्वपूर्ण भूमिकाको कारणले यसको आवश्यकता विश्वका प्राय: सबै प्रजातान्त्रिक मुलुकहरूले अङ्गिकार गरेका छन् । यसै परिप्रेक्ष्यमा एकतन्त्रीय निरङ्कुश राणा शासनको अन्त्य गरी प्रजातान्त्रिक शासन व्यवस्थाको स्थापना गर्न राणा शासनको अन्तकालदेखि नै विभिन्न राजनैतिक सङ्गठनहरू सक्रिय भएकाले विक्रम सम्वत् २००७ सालमा नेपालमा प्रजातन्त्र स्थापना भयो । वि.सं. २००७ सालदेखि २०१७ सालसम्म विभिन्न राजनैतिक सङ्गठन र दलहरूले प्रजातान्त्रिक अभ्यास गराउनमा सकारात्मक भूमिका निर्वाह गरेको भए पनि त्यसलाई मार्गदर्शन गर्ने संवैधानिक व्यवस्थाको अभाव रहेको थियो ।

२०१७ सालको राजनैतिक परिवर्तनपश्चात् राजनैतिक उद्देश्यले प्रेरित सङ्गठन वा दलहरूमाथि संवैधानिक प्रतिबन्ध लाग्न पुगेको भए पनि गुप्त रूपमा राजनैतिक दलहरूले प्रजातन्त्रको स्थापनाको निमित्त सक्रिय भूमिका खेल्दै आएको परिप्रेक्ष्यमा २०४६ सालमा भएको जनआन्दोलनको परिणामस्वरूप दलहरू प्रजातान्त्रिक राजनैतिक व्यवस्थाका लागि नभई नहुने कारकतत्व हुन् भने अर्कातिर राजनैतिक दलहरूको उत्तरदायित्वपूर्ण क्रियाकलाप पनि प्रजातान्त्रिक व्यवस्थाका लागि त्यतिकै आवश्यक ठानिन्छ । स्वस्थ राजनैतिक अभ्यासप्रति प्रतिबद्ध र क्रियाशील दलहरूले नै प्रजातन्त्रलाई बलियो बनाउन सक्छन् । जनआन्दोलनपछि बनेको संविधानले बहुदलीय प्रजातान्त्रिक व्यवस्थाको सुदृढीकरण गर्ने उद्देश्य राखेको हुँदा राजनैतिक सङ्गठन वा दलहरूको स्वरूप, सरकार र जनताप्रति ती दलहरूमा दायित्व र दलहरू स्वयम्को अस्तित्वको सुरक्षासम्बन्धी व्यवस्थालाई संवैधानिक प्रत्याभूति गरेको छ ।

राजनैतिक सङ्गठन वा दललाई प्रतिबन्ध लगाउन बन्देज (धारा - ११२)

प्रजातन्त्रको सुदृढीकरणका निमित्त राजनैतिक सङ्गठन वा दलहरूको अपरिहार्यतालाई स्वीकारिएको आजको प्रजातान्त्रिक राजनैतिक व्यवस्थाले राजनैतिक वा दलहरू स्वयम्को अस्तित्व एवम् मान्यताप्रति संवैधानिक संरक्षण हुनु आवश्यक छ । यही मान्यताअनुरूप संविधानले समेत राजनैतिक उद्देश्य र कार्यक्रममा प्रतिबद्ध व्यक्तिहरूको आफ्नो इच्छाअनुसारको राजनैतिक सङ्गठन वा दल खोल्ने, सञ्चालन गर्ने र यस्तो उद्देश्य तथा कार्यक्रमप्रति जनसाधारणको सहयोग र समर्थन प्राप्त गर्नका लागि प्रचार-प्रसार गर्न गराउन सक्ने व्यवस्था गरेको छ । राजनैतिक सङ्गठन वा दलको अस्तित्व र मान्यताको प्रतिकूल हुने गरी प्रतिबन्ध लगाउने उद्देश्यले बनाइएका कुनै कानुन, व्यवस्था वा निर्णयहरू अमान्य हुने गरी महत्त्वपूर्ण संवैधानिक सुरक्षा गरिएको छ ।

बहुदलीय प्रजातान्त्रिक व्यवस्थाको सुदृढीकरण गर्ने लक्ष्य संविधानले लिएको हुँदा एउटै राजनैतिक सङ्गठन वा दल वा एकै किसिमको राजनैतिक विचारधाराका व्यक्तिहरूले मात्र देशको शासन व्यवस्थामा एकाधिकार कायम गर्नेगरी जारी भएको कुनै कानुन, व्यवस्था वा निर्णयहरू संविधानको प्रतिकूल अमान्य हुने व्यवस्था पनि गरेको छ ।

राजनीतिको एउटा प्रमुख उद्देश्य देशका सबै जनतालाई एकै सूत्रमा आवद्ध गरी राष्ट्रिय एकताको संरक्षण र सम्बर्द्धन गर्नु हो । राजनैतिक दलहरू जनतामा धर्म, सम्प्रदाय, जात, जाति वा क्षेत्रीयताका आधारमा कुनै किसिमका सङ्घर्ष र बैमनस्यतामा संलग्न नहोउन् र स्वस्थ राजनैतिक संस्कारको विकास होस् भन्नका लागि त्यस्तो धर्म र सम्प्रदायका आधारमा गठित राजनैतिक दललाई निर्वाचनमा भाग लिन पाउने गरी मान्यता दिइएको छैन ।

राजनैतिक सङ्गठन वा दलका रूपमा मान्यता प्राप्त गर्न दर्ता गराउनुपर्ने (धारा - ११३)

आधुनिक प्रजातान्त्रिक राजनैतिक व्यवस्थाअन्तर्गत जनतामा राजनैतिक जागरण गराउने र सरकारलाई सचेत गराई लोककल्याणकारी कार्यमा निर्देशन गर्नेजस्ता महत्त्वपूर्ण दायित्व राजनैतिक सङ्गठनहरूको भएको हुँदा यिनीहरूको कानुनी अस्तित्व कायम गर्नु आवश्यक हुन्छ । यस संविधानले निर्वाचनका लागि आफ्नो अस्तित्व र मान्यता कायम गराउन आफ्नो राजनैतिक सङ्गठन वा दलको नाम र त्यसको कार्यकारी समिति, समितिका सदस्यहरूको नाम, ठेगाना, आफ्नो नियमावली तथा घोषणापत्रसमेत साथै राखी निर्वाचन आयोगमा दर्ता गराउनुपर्ने व्यवस्था गरेको छ । यसका साथै कम्तीमा ५ वर्षको एकपटक सङ्गठन वा दलका पदाधिकारीहरूको निर्वाचन भएको हुनुपर्ने र प्रतिनिधि सभाको लागि भएको निर्वाचनमा खसेको जम्मा मतको तीन प्रतिशत मत प्राप्त गरेको हुनुपर्ने व्यवस्था पनि गरेको छ ।

कुनै पनि सङ्गठन वा दलको विधान र नियम प्रजातान्त्रिक हुनुपर्ने कुरा पनि संविधानको धारा ११३ (क) ले गरी प्रजातान्त्रिक आदर्श र सिद्धान्तलाई मान्यता दिएको छ । देशको राष्ट्रियता, एकता र अखण्डता कायम राखी यसको सार्वभौमिकताको रक्षा यसले गरेको छ । केवल धर्म, जात, जाति, भाषा वा लिङ्गको आधारमा नेपाली नागरिकउपर भेदभावपूर्ण बन्देज लगाइएको वा कुनै राजनैतिक सङ्गठन

वा दलको नाम, उद्देश्य, चिन्ह वा झण्डा, धार्मिक, साम्प्रदायिक वा देशलाई विखण्डित गर्ने प्रकृतिको रहेछ भने यस्तो सङ्गठन वा दललाई निर्वाचन आयोगले दर्ता गर्ने छैन ।

नेपालमा महिलाहरू लगभग ५० प्रतिशतभन्दा बढी छन् । तिनलाई देशको राजनीतिमा सहभागी बनाइनु अत्यन्त आवश्यक हुन्छ । यसैले प्रतिनिधि सभाका लागि हुने निर्वाचनमा प्रत्येक राजनैतिक सङ्गठन वा दलका उम्मेदवारहरूमध्ये कम्तीमा पाँच प्रतिशत महिला उम्मेदवार हुनु अनिवार्य गरिएको छ ।

१ अदालतको अवहेलना

फुलदेवी ब्राह्मणीसमेत वि. कोशी टप्पू वन्यजन्तु आरक्ष विस्तार व्यवस्था समितिसमेत २०४६ को फौ. विविध नं - ७३, स. अ. मु. - सर्वोच्च अदालतबाट भएको निर्णय आदेशको अपहेलना भएकोमा कारवाही गरी पाउँ, सं. इं, - न्या. ओमभक्त श्रेष्ठ, न्या. कृष्णजङ्ग रायमाझी, २०४९/८/१०/४

"कुनै व्यक्ति वा निकायबाट अदालतको आदेशलाई बेवास्ता गरिन्छ भने यो स्पष्ट रूपमा अदालतको अपहेलनाजनक कार्य हुन्छ ।"

"लिखित जवाफबाट यस अदालतको आदेश मान्न इन्कार गरेको समेत देखिदैन । हाल मात्र विपक्षीहरूले लिएको विन्तिपत्र उपरको कारवाही टुङ्गो लागी यस अदालतको पूर्व आदेश यथावत् कामम रहेको र सो आदेशबमोजिम काम कारवाही गर्न विपक्षीहरूले आफ्नो लिखित जवाफमा इन्कार गरेको समेत नदेखिएको स्थितिमा अहिले नै विपक्षीहरूले यस अदालतको आदेशको अवहेलना गरी सकेको भन्न मिल्ने नदेखिदा अवहेलना गरेको भनी सजाय गर्ने समेत अवस्था नदेखिने ।"

२ अधिकार क्षेत्रसम्बन्धी

क) हरिनारायण देव वि. जिल्ला प्रहरी कार्यालय, सप्तरीसमेत
२०४७ को रि. नं. - १२७१, स. अ., वि. - उत्प्रेषण, सं. इ. न्या. गजेन्द्रकेशरी बास्तोला, न्या. ओमभक्त श्रेष्ठ, २०४९/९/२०/२

"अदालतमा विचाराधीन रहेको मुद्दा मामिलामा असाधारण अधिकार क्षेत्र प्रयोग गरी हस्तक्षेप गर्न नमिल्ने ।"

"निवेदकलाई प्रहरी समेतका प्रत्यर्थीहरू भइ कागज गराएको भन्ने कुरा देखिन नआएको र यदि कागज गराएको भए पनि सो कागज प्रमाण शून्य नै हुने हुँदा प्रस्तुत रिट निवेदनमा निवेदकको मागबमोजिम असाधारण अधिकार क्षेत्र प्रयोग गरी निवेदकको हक प्रचलन गर्न नमिल्ने ।"

ख) भीमसेन खड्का वि. टंककुमारी खड्कासमेत
२०४८ को रि. नं. - १३६०, बा. अ., वि. - उत्पेषण, सं. इ. - न्या. गजेन्द्रकेशरी बास्तोला, न्या. लक्ष्मणप्रसाद अर्याल, २०४९/९/८/४

"तह तहबाट प्रमाणको मूल्याङ्कन भइआएको मुद्दामा रिट क्षेत्रबाट प्रमाणको मूल्याङ्कन गरी निर्णय गर्न नमिल्ने हुँदा रिट निवेदन खारेज हुने ।"

ग) वृष्टबहादुर खड्का वि. गणेशबहादुर खड्कासमेत
२०४६ को दे. पु. नं. - ५२१, ज. अ., मु. - थैली बुझाई हक सफा गरी पाउँ, सं. इ. - न्या. ओमभक्त श्रेष्ठ, न्या. केदारनाथ उपाध्याय, २०४९/८/८/२

"पक्षले पनि फैसलामा फलाना ठाउँमा पुनरावेदन गर्न जानु भन्दैमा सो ठाउँमा नगइ कानुनले निर्दिष्ट गरेको निकायमा जानुपर्ने कानुनको ज्ञान राख्नुपर्ने हो तर गम्भीर गल्ती अदालतबाट भएकोले पक्षको हक हितमा असर पर्ने कुरा आएन ।"

घ) चेतराम थारू वि. वर्दिया जिल्ला अदालतसमेत
२०४९ को रि. नं. - २५०४, भे. अ., वि. - उत्प्रेषण, एक न्या. को इ., न्या. मोहनप्रसाद शर्मा, २०४९/७/१९/४

"वादीको नाउँमा दर्ता रहेका जग्गा बण्डा लाग्ने हुन वा होइन भनी तहत ह अदालतबाट निर्णय आदेश भइसकेको अवस्थामा सवूद प्रमाणको मूल्याङ्कन गरी पुनरावेदनको रूपमा रिट क्षेत्रबाट हेर्न मिल्ने अवस्था नहुँदा रिट निवेदन खारेज हुने ।"

ङ) रामकृष्ण किलन श्रेष्ठ वि. मालपोत कार्यालय, भक्तपुरसमेत
२०४८ को रि. नं. - २०४८, बा. अ., वि. - उत्प्रेषण, एक न्या. को इ., न्या. गोविन्दबहादुर श्रेष्ठ, २०४४९/५/२४/४

"तथ्यको विषयमा प्रवेश गरी सबूद प्रमाणको मूल्याङ्कन गरी पुनरावेदनको रूपमा रिट क्षेत्रबाट हेर्न नमिल्ने ।"

च) टिकाप्रसाद काफ्ले वि. तिलकुमारी पराजुलीसमेत
२०४६ को रि. नं. - १०२४, वि. उत्प्रेषण, सं. इ. - न्या. मोहनप्रसाद शर्मा, न्या. गोविन्दबहादुर श्रेष्ठ, २०४९/५/२१/१

"आफूलाई अधिकार नभएको गाउँ पञ्चायत क्षेत्रभित्रको कुलोपानीको विषयमा निर्णय गरेको देखिएकोले त्यसरी अधिकार क्षेत्रको अतिक्रमण गरी गरेको तत्कालीन गाउँ पञ्चायत न्यायिक समितिको निर्णय उत्प्रेषणको आदेशद्वारा बदर हुने ।"

## ४ पृष्ठपोषण

क) प्रजातान्त्रिक अभ्यासमा जनताको सहभागिता ( जनसहभागिता ) को महत्त्व उल्लेख गर्नुहोस ।

ख) नेपाल अधिराज्यको संविधान, २०४७ ले व्यवस्था गरेको राजनैतिक दलसम्बन्धी कुराहरू वर्णन गर्नुहोस् ।

ग) प्रतिनिधिसभा सदस्यको अन्तिमपटकको निर्वाचनमा तपाईंको जिल्लामा राजनैतिक दलहरूले प्राप्त गरेको स्थान, मत सङ्ख्या र प्रतिशतको विवरण तयार पार्नुहोस् ।

**पाठ एक : महादेशहरूको आर्थिक क्रियाकलाप ।**

**१ उद्देश्य**

यो पाठ पढिसकेपछि शिक्षकहरू निम्नलिखित कार्यहरूमा सक्षम हुनेछन् :

क) युरोप, एसिया, अफ्रिका र अष्ट्रेलिया महादेशमा मानव विकासको अवस्था पत्ता लगाउन ।

ख) विकासका सूचकहरूको सूची तयार गरी प्रत्येक महादेशको उक्त सूचीमा तुलना गरी विश्वको नक्सामा भर्न ।

ग) विकासोन्मुख मुलुकहरूको विकासमा जनसहभागिता भन्ने शीर्षकलाई प्रष्ट पारी, नेपालको विकासमा जनसहभागिताको अवस्था उदाहरण दिएर प्रष्ट पार्न ।

घ) विश्वमा विज्ञानले गरेको प्रगतिलाई उदाहरण दिएर प्रष्ट पार्न ।

ङ) विकसित र अविकसित मुलुकहरूले विज्ञानले गरेको प्रगतिलाई कसरी उपयोग गरिरहेका छन् उल्लेख गर्न ।

**२ विषयवस्तु**

क) युरोप, एसिया, अफ्रिका र अष्ट्रेलिया महादेशमा भएको मानव विकास सम्बन्ध विषयलाई लिएर तयार पारिएको समाचार, लेखहरू

ख) मानव विकासका सूचकहरूको सूची

ग) नेपालको मानव विकास सूचाङ्कमा नेपालको स्थान

घ) विकासमा जनसहभागिता ।

ङ) विश्वका प्रत्येक महादेशका आर्थिक प्रगति ।

च) विज्ञानले गरेको उन्नति ।

**३ विषयवस्तु प्रस्तुतीकरण**

क) युरोप, एसिया, अफ्रिका र अष्ट्रेलिया महादेशमा भएको मानव विकास सम्बन्ध विषयलाई लिएर तयार पारिएको समाचार, लेखहरू

युरोप, एसिया, अफ्रिका र अष्ट्रेलियामा मानव विकासको अवस्थालाई हेर्दा, एसियाका केही मुलुकबाहेकका मुलुकहरू र अफ्रिकाका सबैजसो मुलुकहरू मानव विकासको क्षेत्रमा पछि परेका छन् । मानव विकास हुनु भनेकै शिक्षा, स्वास्थ्य, प्रतिव्यक्ति आयलाई लिएर अध्ययन गरिन्छ । यहाँ एसियाको जापानलगायत केही मुलुकबाहेक सबै नै मुलुकको मानव विकासको अवस्था ज्यादै नाजुक रहेको छ । मानव विकासको अवस्थालाई मापन गर्ने शिक्षाको तहलाई पनि प्रौढ, साक्षर र विद्यालय जाने उमेरका बालबालिकाको विद्यालय भर्नाको अवस्था वा कति प्रतिशत विद्यार्थी विद्यालयमा भर्ना भएका छन् ।

प्रौढको शिक्षा प्रतिशत र विद्यालय भर्नाको प्रतिशतलाई लिएर हिसाब गर्दा सबैभन्दा बढी विद्यालयमा भर्ना भएका र प्रौढको साक्षरत प्रतिशत बढी भएको औसत आय पनि बढी भएको मुलुकलाई मानव विकासको अवस्था राम्रो भएको मानिन्छ ।

एसिया

एसिया महादेशको जनसङ्ख्या बृद्धिदर ३% रहेको छ । यहाँको औसत आयु ६५ वर्ष छ भने प्रतिव्यक्ति आय ४६५० डलर रहेको छ । एसियाको (१५-४९) वर्ष समूहका महिला ०.६% लाई एच. आई. भि. एड्स लागेको छ । यहाँको प्रौढ शिक्षाको प्रतिशत... % रहेको छ भने विद्यालय जाने उमेरका बालबालिकाको प्रतिशत .... % रहेको छ । यी सम्पूर्ण विषयको तथ्याङ्कबाट नै यहाँको मानव विकासको अवस्था पत्ता लगाउन सकिन्छ ।

अफ्रिका

अफ्रिका महादेशको वार्षिक जनसङ्ख्या बृद्धिदर ५.१% रहेको छ र यसको औसत आयु ५२ वर्ष छ । यहाँको प्रतिव्यक्ति आय २१०० डलर रहेको तथ्याङ्कले देखाउँछ भने यहाँको (१५-४९) वर्षका महिला मानिसहरू ६.२% लाई एच. आई. भि. एड्स लागेको छ । अफ्रिकी महादेशका विद्यालय जाने बालबालिकाको प्रतिशत ....% रेहेको छ भने प्रौढ साक्षरताको अवस्था ज्यादै कम ....% रहेको छ । यहाँको सबै तथ्याङ्कबाट यो प्रष्ट हुन्छ कि मानव विकासको अवस्था ज्यादै दयनीय देखिन्छ ।

युरोप

यो महादेशको जनसङ्ख्या वृद्धिदर -१.४% रहेको छ । यहाँका मानिसको औसत आय ७४ वर्ष छ भने प्रतिव्यक्ति आय १७,६३० डलर छ । अन्य महादेशको तुलनामा युरोपको प्रतिव्यक्ति आय बढी नै छ । यहाँका (१५-४९) वर्ष समूहका महिला ०.५% लाई एच. आई. भि. एड्स लागेको देखिन्छ । अन्य महादेशको तुलनामा मानव विकास अवस्था युरोपमा राम्रो देखिन्छ ।

*( स्रोत : मानव विकासको प्रतिवेदन प्रकाशक संयुक्त राष्ट्र सङ्घ युएनडिपि (UNDP) 2004 )*

कर्णालीमा बाटो

'२०३५ सालमा बाटो बन्याँ भयो भन्याँ सुन्याँ छियौं (थियौं) तर, अहिलेसम्म बनेन । खलङ्गाबाट खनिसक्या, हामी कहिले खन्न पाउला भनी कुरी राख्या छौं,' जुम्ला तातोपानीका ६८ वर्षीय मोहन बीर बुढाले सडक बारे सुनेको २६ वर्ष भइसक्यो, तर उनले गाडी देख्ने दिन आएन ।

कर्णालीवासीको धेरै पुरानो सपना हो राजमार्ग । धेरै छिप्पिएको योजना भएपनि पछिल्लो समयमा निर्माण तिब्र पारिएपछि स्थानीयवासीमा गाडी आउने आस पलाएको छ । स्थानीय मोहन बीर बुढा भन्छन् -'काँधमा लौरी र सिरमा भारी छुट्न्याँ भयो । नूनतेल खान सुबिस्ता होला । लुगा लता राम्रो होला । हाम्रो दु:ख घट्ला । आजभोलि धान खेतीले हामीलाई साह्रै दु:ख दिइराखेको छ । पसिना बगाएअनुसार उब्जनी छैन । तीन महिनालाई पनि खान पुग्दैन । बाटो आयो भन्याँ मान्ठ त्यो काम गर्न छोडी अरू काम गर्ने छिया (थिएँ) ।'

६ वर्षदेखि रोकिएको राजमार्ग निर्माणले २०६० मङ्सिरमा सुर्खेतदेखि जुम्लासम्मको सामाजिक स्थिति बिश्लेषण पूरा गरेपछि गति लिएको हो । जुम्ला–कालिकोट ३५ किलोमिटर खण्ड निर्माण समुदायमा

आधारित संस्था (सिबिओ) मार्फत गर्न विश्व बैंक र सडक विभाग सहमत भएका थिए परिणामस्वरूप गत असारदेखि समुदायको पूर्ण सहभागितामा बाटो छिटोछिटो खनिएको हो । संभवत बैशाखसम्ममा कर्णालीवासीको सपना पूरा हुनेछ । जुम्ला-कालीकोट गाडी गुड्नेछ ।

तालीउम गाबिसमा दलबहादुर शाहीले आफ्नै आँखाले सडक नापजाँच गरेको धेरैपटक देखे । खनेको भने देख्नै नपाई मरिने भइयो भन्ने उनलाई लागेको थियो । अहिले उनी आफै सिबिओ अध्यक्ष भएका छन् । उनी भन्छन्, 'हालसम्म यो बाटो (सडक) निर्माणका लागि कम्मर कसेर कसैले पनि पहल गरिदिएन ।'

स्थानीय लोकबहादुर शाहीले एक महिना काम गरेर अठारहजार कमाए । उनले दिएको बाह्रहजारबाट बाबु दलबहादुरले आठहजारको घोडा किने । उनी भन्छन्, यो बाटो निर्माण कार्य सुरू भएपछि धेरैले खेतबारी जोड्ने मौका पाए, कतिले खच्चर किनें, लुगाफाटा बदले ।

कर्णाली राजमार्गको निर्माण कार्यमा परियोजनाबाट गम्भीर ढङ्गले प्रभावित र प्रभावित समुदायका सदस्यलाई अवसरको पहिलो दाबेदार मानिएको छ । हरेक ५०० मि. को अन्तरमा एउटा सिबिओको गठन हुन्छ जसले परियोजना शाखा कार्यालय जुम्लासँग पाँचलाखसम्मको सम्झौता गर्न सक्छ । निर्माण कार्यको प्राविधिक पक्ष सिडेफ कन्सलटेन्सीले हेरी रहेको छ भने सामाजिक परिचालन कर्णाली एकीकृत ग्रामीण विकास तथा अनुसन्धान केन्द्र (किर्डाक) ले गरिरहेको छ । यस राजमार्गको निर्माणबाट सुर्खेत, दैलेख, अछाम, कालीकोट, जुम्ला, मुगु आदि क्षेत्रका लगभग दसलाख जनसङ्ख्याले प्रत्यक्ष फाइदा लिन सक्नेछन् ।

स्वीस सरकार विकास सहयोग नियोगको सहयोगमा २०६० असार १० र ११ गते जुम्लामा सम्पन्न कर्णाली सम्मेलनमा सहभागीले सडक निर्माणमा प्राथमिकता दिनुपर्ने औंल्याएका थिए । तर, ससस्त्र विद्रोहका कारण त्यो सजिलो थिएन । त्यसका लागि सकरात्मक वातावरण बनेपछि दाता तयार भए । वर्षौंदेखि राजमार्ग खनिरहेका स्थानीय बासिन्दा स्वयम् निर्माणमा सहभागी हुन पाए । २२० किलोमिटर यो राजमार्ग निमार्ण कार्य दुवैतिरबाट भइरहेको छ । हाल जुम्लाबाट लाम्रासम्मको ८ कि. मि. बनिसकेको छ । बाँकीका लागि सिबिओहरू गठन तिब्रतर भइरहेको छ । यसअघि सरकारले लगभग ८० करोड खर्च गरिसकेको यो बृहत् योजनाले पहिले गति लिन सकेको थिएन । जब समुदाय जुट्यो यो अगाडि बढ्यो ।

**जुम्लाबाट सुरू भएको निर्माण कार्यबाट स्थानीय बासिन्दाले जनही २०० देखि ३५० रूपैयाँसम्म कमाएका छन् । क्षतिपूर्तिबाट पनि प्रशस्तै आम्दानी गरेका छन् ।**

**मुलुकमा विद्रोह छ । पहाडी क्षेत्रका विकास निर्माण ठप्प छन् । यो राजमार्गलाई सुचारू बनाउने वातावरणका लागि नागरिक मञ्च गठन गरिएको छ । यसले निर्माण क्रममा आइपर्ने समस्या समाधानमा पहल गर्दै आएको छ । यसैले राजमार्ग बनेपछिका अवसरहरू कसरी सदुपयोग गर्ने भनी समुदायलाई सचेत पनि गराउँछ ।**

नागरिक मञ्च 'ख' का अध्यक्ष हरिबहादुर डाँगीको अनुभव छ, 'बुढापाकाहरू गाडी नआए पनि बाटो खनेको देखेर मर्न पाउने भयौँ भन्न थालेका छन् ।' स्थानीय बासिन्दा उनलाई छोटे इन्जिनियर भन्ने गर्छन् । निर्माणका क्रममा आइपरेका सानातिना समस्या उनैले सुल्झाउने गर्छन् ।

यसअघि यसको निर्माण रोकिएको थियो । त्यसको वास्तविकता संभवत धेरैलाई थाहा थिएन । त्यसको यथार्थता पत्ता लगाउन हामी सुर्खेतबाट जुम्लासम्म १२ दिन लगाएर हिड्यौँ । स्थिति सकारात्मक पाएपछि दातालाई विस्वस्त गरायौँ र काम सुरू हुन सक्यो ।

हाल जनसहभागिता धेरै भएकाले पालैपालो काम गर्न थालिएको छ । 'बाटो बन्यो भन्याँ गाउँको स्याउ, सिमी, ओखर र आलु बजारसम्म जालान् । कमाई खान्या बाटो खुल्ला । कोही ट्याक्सी किन्लान्, कोही बस किन्लान्, कोही ट्याम्पो ल्याउलान् । कसैले ल्यायो भने गाडी गुडेको देख्न र चढ्न पाइन्या भयो' स्थानीय हरिसचन्द्र गिरी भन्छन् ।

पर्यटन, जलस्रोत, खानी लगायतका विविध क्षेत्रमा कर्णालीले प्रशस्तै संभावना बोकेको छ । यसको सदुपयोगका लागि पनि यहाँ सडक चाहिएको छ । सशस्त्र द्वन्दमा होमिएका विद्रोही पक्ष पनि यसमा सकारात्मक छन् । 'गाडी छिटो आओस्, हामी मरिसक्या पछि आउँछ कि भन्ने चिन्ता छ' स्थानीय दलबहादुर शाही भन्छन् ।

*( स्रोत : मिनबहादुर शाही, २०६१/१०/१६, कान्तिपुर, कोसेली )*

विज्ञानले गरेको प्रगति

सूचना प्रविधि मोह

प्रत्येक १८ महिनामा कम्प्युटरको क्षेत्रमा दोब्बर विकास हुन्छ । अझ नेटवर्किङ तथा इन्टरनेटको क्षेत्रमा प्रत्येक वर्ष दोब्बर विकास हुन्छ । कम्प्युटरको स्टोरेजको तथा क्षमतामा पनि प्रत्येक नौ महिनामा दोब्बर वृद्धि हुन्छ । प्रविधिको क्षेत्रमा जति वृद्धि भएको छ, त्यसको मूल्यमा समेत कमी आउने गरेको छ । नयाँ प्रविधि त्यो पनि सस्तो भाउमा समृद्धिको सूचक मानिने प्रविधिउन्मुख उपभोक्तामध्ये पनि विशेष गरी युवायुवतीलाई त्यतिभए के चाहियो र त्यसैले उनीहरू कम्प्युटर एसोसिएसन अफ नेपालद्वारा वीरेन्द्र अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रमा अवसरको फाइदा उठाउन सधैं लालायित हुन्छन् । त्यसैले यस साता नयाँ बानेश्वरमा प्रविधिप्रेमी युवायुवतीको निकै नै आकर्षक भीड भइरह्यो ।

आयोजकहरूकाअनुसार प्रत्येक दिन औसत २५ हजारभन्दा बढीले क्यान इन्फोटेकमा सहभागी भए । पछिल्ला वर्षहरूमा राजधानीमा आयोजना हुने प्रदर्शनीमध्ये सर्वाधिक सफल प्रदर्शनीको कोटीमा गनिन्छ क्यान इन्फोटेक । प्रदर्शनीमा अहिले ६ दिनमा दुई लाखसम्म सहभागी हुन्छन् । 'इन्फोटेकको सफलता नै यही हो,' क्यानका उपाध्यक्ष राजीव सुब्बा भन्छन् ।

अहिले नेपाली समाजमा कम्प्युटर नभई नहुने वस्तु भएको छ । एउटा पूर्ण गृहस्थीका लागि घरमा कम्प्युटर हुनु जरूरी छ । कम्प्युटरमा विकास भएका सुविधाका कारण यो तिलस्मीयन्त्र अहिले

बहुउपयोगी भएकाले पनि यसमा सबैको आकर्षण देखिएको छ । अहिले एउटा कम्प्युटर भयो भने त्यसमा लेखपढदेखि मनोरन्जन गर्नसम्म सकिन्छ । त्यसैले यसको उपयोगिता निकै वृद्धि भएको हो ।

नेपालमा कम्प्युटर भित्रिएको तीन दशक भएपनि सुरूका दुई दशकसम्म यसको गति सुसुप्त अवस्थामा थियो । क्यानले १० वर्ष अघि इन्फोटेक आयोजना गर्दा २ हजारमात्रै पुगेबाट यसप्रति समाजमा यसको महत्त्वबारे जान्न सकिन्थ्यो । त्यसबेलाको तुलनामा अहिले निकै परिवर्तन भएको छ । अहिले झन्डै चार दर्जन कम्प्युटर पढाउने कलेज स्थापना भइसकेका छन् । सबैजसो बोर्डिङ स्कुलमा कम्प्युटरको पढाइ हुन्छ । कम्प्युटर नभएको कार्यालय भेट्टाउन मुस्किलै पर्छ । अहिले सरकारी कार्यालयदेखि प्रत्येकजसो सहरवासीको घरमा एउटा कम्प्युटर अनिवार्यजस्तै भइसकेको छ ।

'कम्प्युटरको ज्ञानमा भएको वृद्धिसँगै उपभोक्तालाई कम्प्युटरको क्षमता र गति बढी चाहिन्छ, त्यसैले नेपालमा पनि प्रत्येक एकदेखि डेढ वर्षमा उपभोक्ताले नयाँ कम्प्युटर किन्ने गर्छन्, त्यस्ता उपभोक्ता नै इन्फोटेकका प्रमुख दर्शक हुन्छन्,' सुब्बा भन्छन् । एकातिर कम्प्युटरको क्षमता बढ्दै गएको छ भने अर्कोतिर यसको मूल्यमा कमी आइरहेको छ । यो प्रवृत्ति कम्प्युटरको हार्डवेयर, सफ्टवेयर, शैक्षिक संस्थादेखि सेवामा समेत लागू हुन्छ । यही परिवर्तनलाई देखाउनु नै क्यान इन्फोटेकको मुख्य उद्देश्य हो ।

यसपटकको प्रदर्शनीमा झन्डै चार हजार रूपैयाँमा युनाइटेड टेलिकमले आधारभूत टेलिफोन बिक्री सुरू गरेको छ भने विभिन्न प्रकारका कम्प्युटरजन्य सामग्रीमा ७० प्रतिशतसम्म छुट दिइएको थियो । छुटको आकर्षणका कारण मेलामा धेरैजनाको सहभागिता हुने गरेको छ ।

क्यान इन्फोटेक संयोजक सीएन उपाध्यायकाअनुसार समाजमा एकपटक इन्फोटेकमा पुग्नुपर्ने अवधारणा विकास भएको छ । उनले तीन चार महिनादेखि नै समाजमा क्यान इन्फोटेकको बारेमा बहस हुने गरेको र त्यत्ति नै समयअघिदेखि कम्पनीले स्टल बुक गठराउने गरेका छन् । कम्पनीमा स्वदेशबाहेक विदेशी कम्पनीसमेत सहभागी हुने गरेका छन् ।

*( स्रोत : बिजयबाबु खत्री, २०६१/१०/१५, कान्तिपुर, कोसेली )*

विश्वमा आणविकशास्त्रको होडबाजी

संयुक्त राष्ट्रसङ्घका सुरक्षा परिषद्का पाँच सदस्य राष्ट्र अमेरिका, रूस, चीन, फ्रान्स र बेलायत विश्वमा आणविक शक्तिसम्पन्न राष्ट्रको रूपमा रहेका छन् । यसका अतिरिक्त हाल विश्वका २५ राष्ट्रले आणविक हातहतियार विकसित गर्ने चाहना राखेको अन्तर्राष्ट्रिय विश्लेषकहरूको अनुमान रहेको छ । अन्तर्राष्ट्रिय समुदायको विरोधका बाबजुद इजरायल, भारत, पाकिस्तान तथा दक्षिण अफ्रिकाले आणविक हतियारको विकास गरिसकेका छन् । दक्षिण अफ्रिकाले शीतयुद्धको प्रभाव विश्वमा चर्कोरूपमा परेको समयमा अणुअस्त्र विकसित गरेको थियो भने दक्षिण एसियाका परस्पर छिमेकी राष्ट्र भारत र पाकिस्तान सन् १९९८ मा आणविक अस्त्रको होडबाजीमा उत्रेका थिए । हाल विश्व समुदाय उत्तर कोरियाले अणुअस्त्र विकसित गरेको छ कि भन्ने शंकामा त्रसित छ ।

इरान पनि आणविक हतियार विकसित गर्ने क्षमता भएको मुलुक मानिन्छ भने जापानको अवस्था पनि त्यस्तै रहेको छ । आणविक हातहतियार विकसित गर्ने महत्त्वाकाङ्क्षा भएका अन्य राष्ट्रहरूमा

ब्राजिल, अर्जेन्टिना, लिबिया र अल्जेरियाको नाम आउँछ । आणविक हतियार विकसित गरिसकेको इजरायलले औपचारिक रूपमा आफूसँग अणुअस्त्र रहेको घोषणा भने गरेको छैन । भारत पनि दशकौंसम्मको प्रयासपछि सन् १९९८ मा आफूलाई अणुअस्त्रयुक्त मुलुकका रूपमा स्थापित गरेको हो । मुम्बई शहरबाहिर रहेको भाभा आणविक शोधकेन्द्रको निरन्तरताको प्रयासले यसलाई संभव बनाएको हो । सन् १९७४ मा भारतको राजस्थानको मरुभूमिमा प्लुटोनियम बम परीक्षण गरेको थियो । चीनबाट अणुअस्त्र विकसित गर्ने प्रविधि पाकिस्तानले भित्र्याएको ठानिएको छ । पाकिस्तानसँग हाल सात सय किलोग्राम विपन्स ग्रेड युरेनियम तथा करिब १५ ओटा आणविक अस्त्र भएको विश्वास गरिएको छ ।

उत्तर कोरियाको अणुअस्त्रको प्रतिस्पर्धामा अगाडि आउन अन्तर्राष्ट्रिय आणविक ऊर्जा संस्थासँगको सम्बन्धलाई तोडेर आणविक अप्रसार सन्धिबाट फिर्ता भएको घोषणा गरेको थियो । उत्तर कोरियाले आफूले चाहेको समयमा अणुबम परीक्षण गर्नसक्ने अवस्थामा रहेको जनाउ दिएपछि अमेरिकाले प्योङ्याङसँग दुईओटा अणुअस्त्र बम भएको हुनसक्ने अनुमान गरेको छ । त्यस्तै इरान अणुअस्त्र विकसित गर्न सक्षम ठानिएको मुलुक हो । इरानले पूर्वसोभियत सङ्घ तथा अहिलेको रूसबाट आणविक प्रविधि भित्र्याएको हो । इरान र उत्तर कोरियाको आणविक कार्यक्रम पश्चिमा शक्तिका लागि टाउको दुखाइको विषय बन्न पुगेको छ ।
*( स्रोत : अन्तर्राष्ट्रिय मञ्च, २०६० मङ्सिर )*

### विश्वव्यापी हतियार व्यापार

आमसंहार हतियारको निर्यात पश्चिमी राज्यहरूको ढुकुटी भर्ने महत्त्वपूर्ण स्रोत हो । अमेरिका यो व्यापारमा सबैभन्दा अगाडि छ । सन् २००३ मा कुल २५ अर्ब ६० करोड डलर बराबरको ठूला हतियार कारोबार भएका थिए ।

उल्लेख्य मात्रामा नभए पनि विगत ३ वर्षमा ठूला हतियारको बिक्रीमा क्रमिक रूपमा गिरावट आएको छ । सन् २००३ मा अमेरिकाले १४ अर्ब ५० करोड डलर बराबरको हतियार बिक्री सम्झौता गरेको थियो, जुन कुल हतियार खरिदबिक्रीको ५६.७ प्रतिशत हुन आउँछ । अघिल्लो वर्ष अर्थात् सन् २००२ मा उसले १३ अर्ब ६० करोडको हतियार व्यापार गरेको थियो । यसैगरी सन् २००२ मा ६ अर्ब डलर बराबर हतियार बिक्री गरेको रूसको व्यापार पछिल्लो वर्ष ४ अर्ब ३० करोडमात्र रह्यो । विश्व हतियार बजारमा रूसको अंश १६.८ प्रतिशत छ ।

हतियार बिक्रीका हिसाबले जर्मनी तेस्रो स्थानमा आउँछ । सन् २००३ मा उसले १ अर्ब ४० करोड डलर बराबरको हतियार खरिदबिक्री सम्झौतामा हस्ताक्षर गरेको थियो । अमेरिकी सदनको एक संसदीय समितिले प्रत्येक वर्ष ठूला हतियार खरिद बिक्रीको फेहरिस्त प्रकाशित गर्ने गर्छ । ९० पृष्ठ लामो उक्त प्रतिवेदनले सन् १९९६ देखि १९९९ बीचमा अमेरिका, रूस, चीन र युरोपेली राष्ट्रले जमिनदेखि जमिनमा प्रहार गर्ने क्षेप्यास्त्र बिक्री नगरेको बताएको छ । तर यस्ता खाले ३० हतियारको ओसारपसार भएको छ । यी हतियारको निर्यात दक्षिण अफ्रिका, इजरायल अथवा उत्तर कोरियाबाट भएको हुनसक्ने अनुमान गरिएको छ । सन् २००२ देखि २००३ को बीचमा यस्ता २० हतियार बिक्री भएका छन् । आपूर्ति गरिएका यी ५० मध्ये १० एसिया र ४० मध्यपूर्वमा पुगेका थिए यद्यपि ती देशको नाम खुल्न सकेको छैन ।

हतियार आपूर्तिकर्ताको ग्राहक विकासशील राष्ट्र नै हुन् । सन् २००३ मा यिनीहरूले कुल बिक्रीको ५३.६ प्रतिशत अर्थात् १३ अर्ब ७० करोड डलर बराबरको हतियार खरिद गरे । ठूला हतियार महँगा हुनाले यिनीहरूको खरिद गर्ने क्षमतामा भने ह्रास आएको छ ।

पछिल्लो वर्षमा तेल धनी राष्ट्रहरू मुख्य हतियार खरिदकर्ताका रूपमा देखिएका छन् । हतियार सङ्कलनकै कारण सद्दाम शासनकालमा इराकमाथि क्षेत्रीय खतरा भएको आरोपमा आक्रमण गरियो । चीनले अमेरिकासँग सन् २००२ र २००३ को बीचमा ९ अर्ब ३० करोड डलर बराबरको हतियार खरिद सम्झौता गरेको थियो । चीनपछि संयुक्त अरब इमिरेट्स, इजिप्ट, भारत, इजरायल, साउदी अरब, मलेसिया, सिंगापुर र कुवेत क्रमश: ठूला हतियार खरिदकर्ता हुन् ।

विश्वभर गरिबी निवारणका कार्यक्रममा लगाउन सकिने ठूलो रकम हतियार खरिदमा लगाइएको तथ्य सार्वजनिक भएको छ । हतियार निर्यातक प्रमुख राष्ट्रले गरिबी निवारणका कार्यक्रम चालू रहेको राष्ट्रलाई हतियार नबेच्ने प्रतिबद्धता पूरा नगरेको आरोप प्रतिवेदनमा छ ।

हतियार खरिदले वैधता प्राप्त गरेको र सरकारले सुरक्षा, स्वास्थ्य, मानवअधिकार, जनसाधारणको सुरक्षाजस्ता क्षेत्रमा छुट्याउने खर्चमा कटौती हुने स्थिति बनेको अक्सफार्म इन्टरनेसनलको प्रतिवेदनमा जनाइएको छ ।

अक्सफामले उक्त प्रतिवेदन हतियारबिक्रीमा नियन्त्रण गर्ने अभियानलाई जोड दिन प्लोसेयर तथा सेफरवर्ल्ड परियोजनाअन्तर्गत तयार गरेको हो । हतियार ओसारपसारविरूद्ध एमनेस्टि इन्टरनेसनल र इन्टरनेसनल नेटवर्क अन स्मल आर्म्स (आईएएनएसए) ले प्रकाशित गर्दै आएको पुस्तक श्रृङ्खलामा अक्सफामको यो पछिल्लो अनुसन्धान प्रतिवेदन सार्वजनिक भएको हो ।

गन्स अर ग्रोथ नामको उक्त अनुसन्धान प्रतिवेदनका लागि हतियार निर्यात गर्ने प्रमुख १७ राष्ट्रहरूमा सर्वेक्षण गरिएको थियो । अमेरिका,बेलायत, जर्मनी, फ्रान्स, स्विडेन, निदरल्याण्ड, क्यानडालगायतका अनुसन्धानमा समाविष्ट राष्ट्रले हतियार निर्यातबाट गरिबी निवारणमा पर्नसक्ने नकारात्मक असरलाई यथेष्ट ध्यानदिने प्रतिबद्धता व्यक्त गर्दै एक अन्तर्राष्ट्रिय सम्झौतामा हस्ताक्षरसमेत गरेका छन् ।

सम्झौतामा हस्ताक्षर गरेका भए पनि निदरल्याण्ड र बेलायतबाहेक उल्लेखित अन्य राष्ट्रमा यससम्बन्धी परामर्श गर्ने निकाय र नीति दुवै नभएको प्रतिवेदनले बताएको छ । हालसम्म यीमध्येका चार राष्ट्र (बुलगेरिया, बेलायत, नेदरल्याण्ड र स्वीडेन) ले मात्र खरिदकर्ता राष्ट्रको दिगो विकासमा असर गर्ने भन्दै हतियार बिक्री गर्न अस्वीकार गरेको उदाहरण छ ।

प्रतिवेदनले ओमन, सिरिया, बर्मा, पाकिस्तान, इरिट्रिया र बुरून्डीले शिक्षा र स्वास्थ्यमा गरिने कुल खर्चभन्दा बढी रकम हतियार खरिदमा लगाउने गरको तथ्य प्रकाशमा ल्याएको छ । सन् २००२ मा एसिया, मध्यपूर्व, ल्याटिन अमेरिका र अफ्रिकी मुलुकतर्फ दुई तिहाइभन्दा बढी हतियार बिक्री गरिएको थियो । यी राष्ट्रले प्रत्येक वर्ष औसत २२ अर्ब अमेरिकी डलर हतियार खरिदमा लगाउने गरेका छन् । यही रकम शिक्षा तथा स्वस्थ्यमा लगाउने हो भने सहस्राब्दी विकास लक्ष्यले निर्धारण गरेका दुई उद्देश्य पूर्ति हुने प्रतिवेदनले जनाएको छ ।

एसिया, मध्यपूर्व, ल्याटिन अमेरिका र अफ्रिकामा सन् २००२ मा बिक्री गरिएका कुल हतियारमध्ये ९० प्रतिशत सुरक्षा परिषद्का ५ स्थायी सदस्य राष्ट्रबाट गएको थियो । सबै सहारा अफ्रिकी राष्ट्रमा सन् ९० को दशकको उत्तरार्द्धतिर सैन्य खर्च ४७ प्रतिशतले बढेको थियो भने औसत उमेर घटेर ४६ वर्ष पुगेको थियो ।

पाकिस्तानले सन् २००२ मा सुरक्षातर्फ कुल गार्हस्थ उत्पादनको आधा रकम खर्च गरेको थियो । यसमा सैन्य सम्झौताहरूमा तिर्नुपर्ने पहिलेका रकमको सावाँ तथा ब्याज पनि समाविष्ट छ । हाल संसारभर ५० देखि ६० अर्ब डलरको हाराहारीमा वैदेशिक सहयोगमा खर्च हुनेगर्छ भने ९ खर्ब सुरक्षाका लगि खर्च गरिने तथ्याङ्कप्रतिवेदनले प्रस्तुत गरेको छ ।

सन् १९९९ मा दक्षिण अफ्रिकाले ६ अर्ब डलर बराबरको हतियार खरिद सम्झौता गरेको थियो । यो रकमबाट यहाँका ५० लाख एड्स पीडितलाई दुईवर्षसम्म उपचार गर्न सकिन्थ्यो,' प्रतिवेदनले भनेको छ । यसैगरी सन् २००१ मा तान्जानियाले ४ करोड डलर सैनिक उपकरण खरिद गरेको थियो, जसलाई विश्व बैंक तथा अन्तर्राष्ट्रिय मुद्राकोषले अत्यन्तै अनावश्यक र महँगो भनेका थिए । यो ४ करोडले ३५ लाख तान्जानियालीलाई स्वास्थ्य सेवा प्रदान गर्न सकिने ती संस्थाले बताएका छन् ।

एघार लाख भारतीयलाई १ वर्षसम्म निर्वाहमुखी जीवनयापन गर्न पुग्ने १ अर्ब ५० करोड डलर मूल्यको एड्मीरल गोर्सोकोभ विमानबाहक भारतले रूससँग किनेको थियो । भारत र रूसले यससम्बन्धी सम्झौतामा सन् २००४ मा हस्ताक्षर गरेका थिए ।
*( स्रोत : सर्वज्ञान मञ्च, पुष २०६१ )*

दक्षिण एसियामा खतरा
दक्षिण एसियामा हतियारहरूको होडबाजीका कारण त्यस क्षेत्रमा आणविक युद्धको खतरा बढेको एक अमेरिकी प्रतिवेदनमा चेतावनी दिइयो ।

भारतसँग ७५ देखि १०० परमाणु अस्त्र बनाउन चाहिने विखण्डनयुक्त पदार्थ भएको जनाउँदै उक्त चेतावनी आएको हो । प्रतिवेदनमा भारत र पाकिस्तानबीच अस्त्रहरूको अप्रत्यक्ष होडबाजीले दक्षिण एसियामा आणविक अस्त्र प्रयोगको खतरा बढेको उल्लेख छ ।
*( स्रोत : सर्वज्ञान मञ्च, पुष २०६१ )*

४ **पृष्ठपोषण**

क) युरोप, एसिया, अफ्रिका र अष्ट्रेलिया महादेशमा भएको मानव विकास सम्बन्ध विषयलाई लिएर समाचार, लेखहरू तयार पार्नुहोस् ।

ख) मानव विकासका सूचकहरूको सूची बनाउनुहोस् ।

ग) नेपालको मानव विकास सूचाङ्कमा नेपालको स्थान उल्लेख गर्नुहोस् ।

एकाइ आठ : नक्सा

पाठ एक : आफू बस्ने कोठा तथा कक्षाकोठाको नक्सा

१ **उद्देश्य**

यो पाठ पढिसकेपछि शिक्षकहरू निम्नलिखित कार्यहरूमा सक्षम हुनेछन् :

क) नक्साको अर्थ, परिभाषा र महत्वलाई समेटी एउटा लेख तयार गर्न ।

ख) आफ्नो कोठा तथा कक्षाकोठाको नक्सा कोर्न ।

२ **विषयवस्तु**

क) लेखलेखन

ख) नक्सा निर्माण

३ **विषयवस्तु प्रस्तुतीकरण**

क) लेखलेखनको ढाँचा

नक्सा र यसको महत्त्व

पृथ्वीको कुनै भागको अध्ययन गर्ने सबैभन्दा राम्रो तरिका त्यसको भ्रमण गर्नु हो । यदि हामी उक्त ठाउँलाई सधैं हेर्न चाहन्छौं भने त्यस ठाउँको तस्बिर खिच्नु र मन लागेको बेलामा हेर्नु हो । पृथ्वी धेरै बृहत् भएकाले यो सम्भव छैन । यसका केही भागको भ्रमण गर्नु र तस्बिरमा उतार्नु निक्कै खर्चिलो हुन्छ । तसर्थ ती ठाउँमा नपुगी तिनीहरूको बारेमा ज्ञान हाँसिल गर्न हामीलाई नक्सा चाहिन्छ । पृथ्वीको पूरै सतह वा केही भागलाई वा खगोलका कुनै सदस्यलाई मापनीको आधारमा उपयुक्त सङ्केत वा चिन्ह प्रयोग गरी (जसले गर्दा यहाँ देखाइएका प्रत्येक विन्दुले पृथ्वी वा खगोलका सदस्यको वास्तविक अवस्थिति देखाउँछन् । ) कागजमा गरिएको प्रतिनिधित्वलाई नक्सा भनिन्छ ।

प्रत्येक क्षेत्रमा नक्साको प्रयोग हुन्छ । नक्सामा स्थान र समाजसँग सम्बन्धित धेरै जानकारीहरू हुन्छन् । यिनीहरूलाई नक्सामा बुझ्न र त्यहाँबाट अन्यत्र निकाल्न पनि सजिलो हुन्छ । यस अर्थमा समस्या र सम्भावनालाई पनि बुझ्न सजिलो बनाउँछ र विकासका पाइला चाल्न पनि सजिलो बनाउँछ । नक्साबाट विभिन्न चरहरूलाई तुलना गर्न सजिलो हुन्छ । नक्साबाट कुनै स्थान विशेषको जानकारी चाँडो प्राप्त गर्न सकिन्छ । त्यसैले भनिन्छ एउटा तस्बिर हजार शब्द बराबर महत्त्वपूर्ण हुन्छ ।

ख) आफ्नो कोठा तथा कक्षाकोठाको नक्सा कोर्ने तरिका




### ४ पृष्ठपोषण

नक्साको अर्थ र महत्त्व अन्य कुनै विधिबाट प्रष्ट्याउन सकेको भए असल हुने थियो । आफू बस्ने कोठा र कक्षाकोठाका विभिन्न आकारका नक्साहरू राख्न सकेको भए अझ असल हुने थियो । नक्सा कोर्न नसक्ने प्रशिक्षार्थीहरू नक्सा कोर्ने तरिका पनि पेश गरेको भए बढी प्रभावकारी हुने थियो ।

## पाठ दुई : समुदाय तथा विद्यालयको नक्सा

१ **उद्देश्य**

यो पाठ पढिसकेपछि शिक्षकहरू निम्नलिखित कार्यहरूमा सक्षम हुनेछन् :

क) विद्यालय तथा यसको वरिपरिका वस्तुहरूलाई नक्साङ्कन गर्न ।

ख) आफ्नो समुदाय नक्सामा उतार्न ।

ग) ठाउँ पत्ता लगाउन उपयोग हुने सहयोगी नक्सा तयार गर्न ।

घ) कुनै एक स्थानमा बसी अर्को स्थानमा देखिने वस्तुलाई नक्सामा उतार्न ।

२ **विषयवस्तु**

क) नक्सा निर्माण

ख) परियोजना निर्माण

ग) अवलोकन र प्रदर्शन

३ **विषयवस्तु प्रस्तुतीकरण**

क) विद्यालय तथा यसको वरिपरिको नक्साङ्कन :-



ख) समुदाय नक्साङ्कन :-




ग) बाटोको दुवैतर्फ पर्ने महत्त्वपूर्ण वस्तुहरू देखाई घरदेखि विद्यालयसम्म पुग्ने नमुना नक्साहरू



घ) कुनै एक स्थानमा बसेर अर्को स्थानको अवलोकन गरी त्यसको प्रदर्शन :-




४ पृष्ठपोषण

माथि धेरै प्रकारका नक्सा पेश गरिएको भए पनि यी नक्साले कतिपय प्रशिक्षार्थीको विद्यालय, घर आदि नसमेट्न सक्छ । प्रशिक्षार्थीलाई उनीहरूको क्षेत्रको वास्तुकलालाई प्रदर्शन गर्न लगाउन सके राम्रो हुने थियो ।

## १ उद्देश्य

यो पाठ पढिसकेपछि शिक्षकहरू निम्नलिखित कार्यहरूमा सक्षम हुनेछन् :

क) उपयुक्त विधि अपनाई नेपालको नक्सा कोर्न ।

ख) ग्राफभित्र नेपालको नक्साङ्कन गर्न ।

## २ विषयवस्तु

क) चतुर्भुज तथा समानान्तर चतुर्भुजभित्र नेपालको नक्साङ्कन ।

ख) ग्राफभित्र नेपालको नक्साङ्कन ।

## ३ विषयवस्तु प्रस्तुतीकरण

क) चतुर्भुज तथा समानान्तर चतुर्भुज प्रयोग गरी नेपालको नक्सा बनाउने तरिका :-

नेपालको नक्सा बनाउने विधि

सर्वप्रथम AB बराबर २० से.मी. र AD बराबर १० से.मी. को रेखाबाट एउटा चतुर्भुज बनाउनुहोस् । A र B रेखामा A बाट ४ से.मी. नाप्नुहोस् । थोप्लो लगाई M नाउँ दिनुहोस् । A देखि B रेखामा ४ से.मी. नाप र थोप्लो लगाई N नाउँ दिनुहोस् । C देखि B रेखासम्म ४ से.मी. नाप्नुहोस् र O नाउँ दिनुहोस् । अब C देखि D रेखासम्म ४ से.मी. नाप्नुहोस् र थोप्लो लगाई P नाउँ दिनुहोस् । यति भएपछि M, N, O र P एउटा समानान्तर चतुर्भुज (Parallelogram) तयार गर्नुहोस् । फेरी AB रेखामा A देखि B सम्म १० से.मी. नाप्नुहोस् र थोप्लो K नाउँ दिनुहोस् । अनि पुन: C रेखामा C देखि D सम्म १० से.मी. नाप्नुहोस् र थोप्लो लगाई L नाउँ दिनुहोस् । त्यसपछि KL लाई मसिनो थोप्लो रेखा (doteed line) ले जोड्नुहोस् । यस रेखाबाट नेपाल अधिराज्यलाई झण्डै दुई बराबर भागमा बाँडिन्छ ।

अन्तत: चतुर्भुज र समानान्तर चतुर्भुजको प्रयोग गरी नेपालको नक्सा तयार गर्न सकिन्छ । अभ्यास गर्ने क्रममा चतुर्भुज र समानान्तर चतुर्भुजलाई डटपेनको प्रयोग गरी नमेटिने गरी बनाउने र नेपालको नक्सालाई मात्रै पटक-पटक मेटी सही बनाउने प्रयास गर्ने ।



ख)  ग्राफभित्र नेपालको नक्साङ्कन :-




६.१५ : नेपालको नक्सा बनाउने तरिका

१. १० से.मी. लम्बाइ र ६ से.मी. चौडाइको एक आयाताकार खिच्नुहोस् । ठूलो पृष्ठमा बनाउनु परे यसको नाप लिनुहोस् अर्थात् २० से.मी. ×१२ से.मी.को आयाताकार ।

२. २ से.मी. को फरक पारी प्रत्येक बाकसको कुनाबाट एउटा रेखा  तान्नुहोस् । बाकसको ठीक बीचबाट एउटा ठाडो रेखा तान्नुहोस् । यी रेखाहरूले हाम्रो देशको नक्साका कुनाहरू देखाउँछन् ।

३. १० से.मी. × ६ से.मी. भए १ से.मी. बराबर ८० कि.मी. हुन्छ तर २० से.मी. × १२ से.मी. भए १ से.मी. ले ४० कि.मी. देखाउँछ । यो स्केल पनि नक्साको एक छेउमा लेख्नुहोस् ।

४. यो अभ्यास धेरै पटक दोहोऱ्याउनुहोस् । विकास क्षेत्रका सिमाना कोर्नुहोस् । विभिन्न शहर, नदी, हिमाल आदिको सही अवस्थिति कहाँ-कहाँ हुन्छ, देखाउनुहोस् । तपाईंको आफ्नो नगरपालिका वा गा.वि.स. कहाँनेर पर्छ ? अनुमान गरी देखाउनुहोस् ।

## ४ पृष्ठपोषण

धेरैओटा विधि प्रयोग गरी नेपालको नक्सा तयार गरिदिएको भए असल हुने थियो । ठूलो कागजमा नक्सा तयार भएको भए अझ प्रष्ट र उपयुक्त हुने थियो ।

## पाठ चार : मापनी र यसको प्रयोग

### १ उद्देश्य

यो पाठ पढिसकेपछि शिक्षकहरू निम्नलिखित कार्यहरूमा सक्षम हुनेछन् :

क) मापनी र यसको प्रकार वर्णन गर्न ।

ख) सेतो वा कालोपाटी, डेस्क र कक्षाकोठालाई नापी नक्सामा उतार्न ।

ग) आफ्नो घर वा स्कूल वरिपरिको नक्सा तयार गर्न ।

### २ विषयवस्तु

क) मापनी र यसका प्रकार

ख) मापनी प्रयोग

ग) नक्सा निर्माण

### ३ विषयवस्तु प्रस्तुतीकरण

क) मापनी र यसका प्रकार

कुनै स्वरूपको खास दूरी र त्यसलाई कागज वा अन्य कुनै वस्तुमा उतार्दाको अनुपातलाई मापनी (scale) भनिन्छ । मापनी तीन प्रकारका हुन्छन् : कथनात्मक, प्रतिनिधिमूलक र रेखाचित्रात्मक मापनी ।

अ) **कथनात्मक मापनी (Scale by statement) : यसमा कुनै वस्तु वा धरातलको दूरी र कागजको अनुपातलाई शब्दद्वारा व्यक्त गरिन्छ । जस्तै १ इन्च = २० फिट ।**

आ) **रेखाचित्रात्मक मापनी ( graphical scale) : यसमा कुनै वस्तु वा धरातलको दूरी र कागजको अनुपातलाई एउटा सरल रेखा खिचेर त्यसलाई सुविधानुसार प्रथम, द्वितीय र तृतीयमा विभाजन गरी तीमध्ये बायाँको पहिलो खण्डलाई सहायक विभाजन गरी देखाइएको हुन्छ ।**




**स्केल १ से. मी. = २५ कि. मी.**

इ) **प्रतिनिधिमूलक नक्सा (Representative fraction) : यसमा कुनै वस्तु वा धरातलको दूरी र कागजको अनुपातलाई भिन्नता प्रदर्शन गरिन्छ । कागजको दूरी १ से. मी. ले १०० से. मी. देखाइयो भने १:१०० हुन्छ ।**

ख) कालोपाटी, डेस्क र कक्षाकोठाकलाई नक्सामा उतार्ने तरिका







ग) घर तथा स्कूल वरिपरिलाई मापनीको आधारमा नक्साङ्कन गर्ने तरिका ।




घरदेखि स्कूलसम्मको नक्सा

४ पृष्ठपोषण

नमुना नक्साले प्रशिक्षार्थीहरूको परिवेशलाई नसमेट्न सक्छ । घर वरिपरिको वातावरणलाई समेटेर नक्सा तयार पार्ने अभ्यास धेरैपटक गर्दा यसमा कुशलता आउने निश्चित छ ।

## पाठ पाँच : नक्सामा रङ र सङ्केतको प्रयोग

### १ उद्देश्य

यो पाठ पढिसकेपछि शिक्षकहरू निम्नलिखित कार्यहरूमा सक्षम हुनेछन् :

क) नक्साका गुणहरू समेटी एउटा लेख तयार गर्न ।

ख) नक्सामा प्रयोग हुने प्रमुख सङ्केत कोर्न (श्याम श्वेत किताब प्रकाशन हुने भएकोले रङ नसमेटिएको) ।

ग) उपयुक्त सङ्केत र रङको प्रयोग गरी घर वरिपरि तथा विद्यालयको नक्साङ्कन गर्न ।

घ) उपयुक्त सङ्केतसहितका कम्तिमा तीनओटा विश्वको नक्सा तयार गर्न ।

### २ विषयवस्तु

क) हरफलेखन

ख) सङ्केत निर्माण

ग) सङ्केतसहितको नक्सा निर्माण

### ३ विषयवस्तु प्रस्तुतीकरण

क) नक्साका गुणहरू समेटी तयार गरिएको एउटा लेख ।

असल नक्सामा हुनुपर्ने गुणहरू

एउटा असल नक्सा सफा, स्पष्ट, ठीक र शुद्ध हुनुपर्दछ । यसमा अनावश्यक विवरण दिनुहुँदैन । भरपर्दो तथ्याङ्कबाट नक्साङ्कन गर्नुपर्दछ । विषयवस्तुलाई चाहिने प्रकारले नक्सा कोर्नुपर्दछ । आफ्नो आवश्यकताअनुसार प्रयोग गर्न सादा खाका एवम् खेस्रा नक्साहरू निर्माण गर्नुपर्दछ ।

भौगोलिक वर्णन सरल र सङ्क्षिप्त रूपमा एवम् सारांश प्रदान गर्न मानचित्र निकै काम लाग्छ । तर नक्सामा हुने आधारभूत कुराहरू नभए कोरा नक्साले मात्रै आफ्नो काम पूरा गर्न सक्दैन । तसर्थ नक्सामा निम्न आधारभूत कुराहरू हुनुपर्दछ ।

अ) मापनी

नक्सा जमिनको वास्तविक आकारको एक भाग हो । नक्साले जमिनको कति भाग प्रतिनिधित्व गर्छ भनी देखाउन नक्साका लागि मापनी आवश्यक हुन्छ । भौगोलिक नक्सामा मापनी नभए त्यो सामान्य कोरकार खेस्रा (Sketch map) रेखाकृति नक्सा मात्र हुन्छ ।

आ) सङ्केत चिन्ह र रङ

कुनै वस्तु वा धरातलका प्राकृतिक र साँस्कृतिक विशेषतालाई विशेष चिन्ह प्रयोग गरी नक्सामा प्रतिनिधित्व गरिन्छ त्यसलाई सङ्केत चिन्ह भनिन्छ । त्यसैगरी नक्सामा कुनै वस्तु वा धरातलको उचाइ, गहिराइ तथा प्राकृतिकपन प्रतिनिधित्व गर्न रङ प्रयोग गरिन्छ । बन जङ्गल, नदीनाला, ताल, समुद्र, घरगाउँ, बाटोघाटो आदिलाई सङ्केत र रङको प्रयोग गरी तिनलाई यी-यी कुराहरू इङ्कित गर्दछन् भनेर एक छेउमा दिइन्छ ।

इ) भूमिको प्रतिनिधित्व

माथिबाट देखिएजस्तो प्रकारले नक्साले जमिनको प्रतिनिधित्व गर्ने भएकाले नक्सामा लम्बाइ चौडाइ मात्र देखिन्छ, उचाइ देखिन्न । त्यसैले नक्सामा लम्बाइ र चौडाइको मात्र प्रतिनिधित्व देखाइन्छ । तस्विरले जस्तो लम्बाइ र चौडाइ देखाइन्न । उचाइका लागि समोच्चरेखा एवम् भूआकृति मानचित्रले सघाउँछ ।

ई) शीर्षक

ठाउँ पत्ता लगाउन नक्सामा अक्षाराङ्कन गरिन्छ । नक्साको शीर्षकले नक्सामा के कुरा देखाउन खोजेको हो बताउँछ ।

उ) अक्षांश र देशान्तर रेखा

अक्षांश र देशान्तर रेखाले कुनै ठाँउको पूर्वदेखि पश्चिम र दक्षिणदेखि उत्तरसम्मको कोणीय फरक देखाउँछ । तसर्थ यी रेखाले नक्साको accuracy बढाउने काम गर्दछ । यी रेखाले स्थान पहिचान गर्न पनि सजिलो बनाउँछ ।

ऊ) प्रक्षेपण

करिब गोलाकार पृथ्वीको अवस्थालाई कागजमा उतार्न प्रक्षेपणको प्रयोग गरिन्छ । प्रक्षेपण धेरै प्रकारका हुन्छन् । कुन प्रकारको प्रक्षेपण प्रयोग गरिएको हो नक्साको तल्लो छेउमा खुलाइएको हुनुपर्दछ ।

ए) मुख्य नक्साको इतिहास

हामीले नक्सा तयार गर्न अन्य विभिन्न नक्सालाई आधार मान्दछौं । आधार मानिएको नक्साको इतिहास उल्लेख गरिनुपर्दछ ।

ख) नक्सामा प्रयोग हुने प्रमुख सङ्केतहरू




ग)　उपयुक्त सङ्केत र रङ प्रयोग गरेर तयार गरिएको घर वरिपरिको नक्सा






घ) उपयुक्त सङ्केतसहितका नेपालको एक विकास क्षेत्रको नक्सा




४ **पृष्ठपोषण**

नक्सा सबै आकर्षक छन् । विधि उपयुक्त लाग्यो ।

## १ उद्देश्य

यो पाठ पढिसकेपछि शिक्षकहरू निम्नलिखित कार्यहरूमा सक्षम हुनेछन् :

क) लघु तथा वृहत मापनीका एक एकओटा नक्सा तयार गर्न ।

ख) कित्तानापी (Cadastral) नक्सा र योजना (Plan) नक्साका नमुना पेश गर्न ।

ग) आफ्नो क्षेत्रको स्थलरुप नक्सा (Topographical Map) हेरेर यसलाई सेतो कागजमा सार्न ।

घ) एउटा विशेष उद्देश्यमा आधारित नक्सा (Thematic Map) बनाउन ।

## २ विषयवस्तु

क) नक्सा निर्माण

ख) नक्सा सङ्कलन

ग) नक्सा साभार

## ३ विषयवस्तु प्रस्तुतीकरण

क) नक्सा निर्माण

अ) साना मापनीको नक्सा




*Physical divisions of Europe*

आ) योजना नक्साको नमुना




यसैगरी कित्तानापी नक्सा अध्ययन गर्नुहोस् । साथै आफ्नो क्षेत्रको स्थलरूप नक्सा हेरेर त्यसलाई सोतो कागजमा उतार्ने अभ्यास गर्नुहोस् ।

४ **पृष्ठपोषण**

विभिन्न प्रकारका नक्सा राम्ररी समेटिएकोले स्रोतसामाग्री निक्कै रोचक र उत्कृष्ठ लाग्यो । नक्साको वर्गीकरणअनुसारकै नक्साहरू हेर्न पाउँदा गौरव नलाग्ने त कुरै भएन ।

## पाठ सात : नक्सा बढाउने र घटाउने कार्य

### १ उद्देश्य

यो पाठ पढिसकेपछि शिक्षकहरू निम्नलिखित कार्यहरूमा सक्षम हुनेछन् :

क) ग्राफ विधिबाट बढाउन र घटाउन ।

ख) ग्राफ विधिबाट अफ्रिकाको नक्सा बढाउन र घटाउन ।

ग) पेन्टोग्राफ मध्यमाञ्चल विकासक्षेत्रको नक्सा बढाउन र घटाउन ।

### २ विषयवस्तु

क) नक्सा निर्माण

ख) ग्राफ विधिबाट नक्सा बढाउने र घटाउने

### ३ विषयवस्तु प्रस्तुतीकरण

क) ग्राफ विधिबाट नेपालको नक्सा घटाउने कार्य ।



उक्त नक्साको सानो कोठाको लम्बाइ र चौडाइ २/२ इन्च छ भने नक्सालाई ठीक आधा बनाउनुपर्दा कोठाको लम्बाइ र चौडाइ १/१ इन्च लिनुपर्छ ।

ख)   ग्राफ विधिबाट नेपालको नक्सा बढाउने तरिका ।




उक्त नक्साको सानो कोठाको लम्बाइ र चौडाइ १/१ इन्च छ भने नक्सालाई दोब्बर बनाउनुपर्दा कोठाको लम्बाइ र चौडाइ २/२ इन्च लिनुपर्छ ।

त्यसैगरी पेन्टोग्राफ विधिबाट पनि नक्सालाई घटाउन तथा बढाउन सकिन्छ ।

## ४   पृष्ठपोषण

नक्सा उपयुक्त ठाउँमा चाहिएजति पेश गरिएका छन् । अझ यी नक्सालाई कागजको आकार मिलाई ठ्याक्कै दोब्बर र ठ्याक्कै आधा गर्नुपर्दथ्यो ।

## १ उद्देश्य

यो पाठ पढिसकेपछि शिक्षकहरू निम्नलिखित कार्यहरूमा सक्षम हुनेछन् :

क) धरातलीय उचाइ प्रदर्शनको गणितीय विधिअन्तर्गत Bench Mark को एउटा नमुना प्रस्तुत गर्न ।

ख) गणितीय विधिअन्तर्गतकै समोच्चरेखा विधि (Contour Method) को एउटा उदाहरण प्रस्तुत गर्न ।

ग) नदी बेसी, मन्द ढाल, सामुद्रिक द्वीप, तिव्र ढालयुक्त र हिमनदीले बनाएका विभिन्न भागलाई समोच्चरेखा तथा नक्साबाट देखाउन ।

घ) समोच्चरेखाबाट बनेका नक्सा सम्बन्धित समोच्चरेखासँग जोडा मिलाउन ।

## २ विषयवस्तु

क) Bench Mark को प्रस्तुती

ख) समोच्चरेखा निर्माण

ग) समोच्चरेखा निर्माण

घ) जोडा मिलाउने

## ३ विषयवस्तु प्रस्तुतीकरण

क) Bench Mark को नमुना



ख) समोच्चरेखा




ग) नदी बेसीको समोच्चरेखा र नक्सा




Fig. 56

घ)  मन्द ढालको समोच्चरेखा र नक्सा




ङ)  सामुद्रिक द्वीपको समोच्चरेखा र नक्सा



च)　तिव्र ढालयुक्त भागको समोच्चरेखा र नक्सा




छ)　हिमनदीले बनाएका विभिन्न भागका समोच्चरेखा र नक्सा




## ४　पृष्ठपोषण

समोच्चरेखाहरू पर्याप्त र स्तरीय पनि छन् ।

## पाठ एक : युयानी नगरराज्यका साहित्य तथा दर्शन

### १ उद्देश्य

यो पाठ पढिसकेपछि शिक्षकहरू निम्नलिखित कार्यहरूमा सक्षम हुनेछन् :

क) युनानी नगरराज्यका नक्सा बनाउन,

ख) युनानी साहित्य र दर्शनका कथा बनाउन,

ग) युनानी सभ्यता झल्कने चित्र बनाउन,

### २ विषयवस्तु

क) नक्सा

ख) साहित्य र दर्शन

ग) चित्र

### ३ विषयवस्तु प्रस्तुतीकरण

क) युनानी नगरराज्य

युनानको सभ्यताको मुख्य विशेषता नै नगरराज्यको विकास थियो । नागरिक शब्दको उत्पत्ति यसै नगरराज्यबाट भएको थियो । तर त्यसबेला नागरिक शब्दको अर्थ भिन्न थियो । त्यसबखत देशभित्र बस्ने सबै व्यक्ति नागरिक हुँदैनथे । अरस्तु (Aristotle) ले दिएको नागरिकताको परिभाषाअनुसार राज्यको काममा सक्रियतासाथ भाग लिने र निर्णय गर्ने व्यक्तिलाई नागरिक भनिन्छ जोसँग राज्यको हितको निम्ति सोच्ने प्रशस्त समय होस् र जसलाई जीविकोपार्जनको निम्ति धन कमाउने कुनै चिन्ता नहोस् र जसले राज्यकै विषयमा सोच्ने गर्दछ ।

भौगोलिक कारण र जातीय चरित्रले गर्दा प्राचीन युनान सयौं नगरराज्यहरूमा विभाजित थियो । यस्ता राज्यहरूमा सबभन्दा महत्त्वपूर्ण नगरराज्य युनानको मूलभूमिमा रहेको एथेन्स, थेब्स र मेगारा, पेलोपोनेसस (Peloponnesus) को स्पार्टा र कोरिन्थ (Corinth), एसिया माइनरको किनारामा रहेको मिलेटस (Miletus) र एजियन समुद्रको टापूमा रहेको मिटलेन र समोस (Mitylene and Samos) थियो । यीमध्ये सबभन्दा ठूलो स्पार्टा ३,००० वर्ग मिलमा फैलिएको थियो । त्यसपछि एथेन्स, १,०६० वर्ग मिल र अन्य नगरराज्यहरू १०० वर्ग मिलभन्दा कम भूभागमा फैलिएका थिए । यी राज्यहरू एक अर्काबाट पूर्णरूपमा स्वतन्त्र थिए । स्पार्टा र आरगोसबाहेक कुनै पनि राज्यमा राजतन्त्र थिएन । प्रत्येक राज्यमा जनताको प्रत्यक्ष सहभागिता थियो ।

नगरराज्यका मानिसहरू प्रत्येक वर्ष एकठाउँमा भेला भएर राज्यको नीति सम्बन्धमा राजनैतिक निर्णय गर्दथे । यसरी भेला हुने ठाउँ गाउँको बीचमा सामूहिक आक्रमणबाट सुरक्षित हुन्थ्यो । यसै समयमा नगरराज्यका अधिकारीहरूको निर्वाचन गरिन्थ्यो । नगरराज्यको यसै भेलाले स्थायी समिति वा काउन्सिलको गठन गर्दथ्यो । यसै काउन्सिलले राज्य सञ्चालनसम्बन्धी नीतिनिर्धारण गर्दथ्यो ।

कुनैकुनै ठाउँमा काउन्सिलका सदस्यहरू जीवनभरको लागि निर्वाचित हुन्थे । यसैगरी केही नगरराज्यमा भूमिपति मात्र काउन्सिलका सदस्य हुन्थे ।

नगरराज्यमा राजाको काम धार्मिक काम गर्नुमात्र थियो । राज्यको दैनिक प्रशासन सञ्चालन गर्न जनरल (पोलेमार्च) र निजामती सेना प्रमुख (आचेन) को नियुक्ति गरिन्थ्यो । यसबाहेक न्यायपालिकासम्बन्धी काम र राज्यप्रति भक्तिभाव जगाउन न्यायपालिकाको व्यवस्था पनि गरिएको थियो ।

समयको गतिको साथै नगरराज्यको काममा पनि जटिलता आउँदै गयो । यसले राज्यको बढ्दो आवश्यकतालाई पूरा गर्न अनेक अप्ठ्यारा राजनैतिक निर्णयहरू गर्नुपर्ने भयो । नगरराज्यमा व्यक्तिगत नेतृत्वको सिद्धान्तभन्दा सामूहिक कार्यपद्धतिमा जोड दिइदैनथ्यो । यस व्यवस्थामा सबै किसिमका समुदायले आफूलाई एकै समूहमा आवद्ध भएको पाउँथे । यसमा समाजका तल्लो र माथिल्लो समुदायको बीचमा कुनै प्रतिस्पर्धा थिएन । तल्लोवर्गका मानिसहरू माथिल्लो वर्ष सत्तामा जाउन् भन्ने चाहन्थे । तर त्यसरी सत्तामा जाने वर्गले सबैको निम्ति न्यायपूर्ण ढङ्गबाट राज्य सञ्चालन गरून् भन्ने तल्लोवर्गको चाहना थियो । नगरराज्यले आफ्ना जनताको मौलिक अधिकारको रक्षा गर्ने जिम्मेवारी लिनुपर्दथ्यो । तर शान्ति सुव्यवस्था खलबलिन गएमा मौलिक अधिकारको निलम्बन पनि गरिन्थ्यो ।

नगरराज्य व्यवस्था पूर्णरूपमा प्रजातान्त्रिक थिएन । समाजमा प्रशस्त मात्रामा दास तथा अर्धदासहरू थिए । तैपनि यस व्यवस्थालाई राजनैतिक आदर्शमा आधारित कार्यपद्धति मानिन्थ्यो । त्यसैले अरस्तुको विचारमा नगरराज्यले केही नभए पनि सामाजिक समानताको आदर्श कायम गर्ने कोशिश गरेको थियो ।

### साहित्यको विकास

प्राचीन युनानमा साहित्यको विविध विधामा निकै प्रगति भएको थियो । युनानीहरूले महाकाव्य, गीत, नाटक र इतिहास लेखनका क्षेत्रमा कीर्तिमान कायम गरेका थिए ।

### महाकाव्य

युनानको महाकाव्यको क्षेत्रमा महाकवि होमरले दिएको योगदानले विश्व साहित्य अमर भयो । नेत्रविहीन यी महाकविले आफ्ना काव्य साधनाद्वारा नेत्रवानका भित्री नेत्र खोलिदिए । यिनले लेखेका इलियड र ओडेसी नामका दुई महाकाव्यहरूको तुलना हिन्दूहरूका दुई प्राचीन ग्रन्थ रामायण र महाभारतसँग गर्न सकिन्छ । त्यसै हुनाले होमरलाई पाश्चात्य जगतको आदिकवि भनिन्छ । होमरले मानव हृदयको अनेक तरङ्गको स्पर्श गरेर त्यसलाई आफ्नो काव्य धारामा उतारेका छन् । महाकाव्य इलियडमा उल्लेख गरिएका कथाअनुसार स्पार्टाका राज्य मिनिलासकी पत्नी हेलेनलाई एसिया माइनरको ट्रायको राजा पेपिसले हरण गरेर लगे । यस कुरालाई लिएर युनान र ट्रायको बीचमा युद्ध भयो । यस युद्धमा स्पार्टा विजयी भयो र आफ्नी रानीलाई फर्कायो । अर्को महाकाव्य ओडेसीमा होमरले वीर योद्धा तथा पतिव्रता नारीको वियोग र मिलनको कथाको चित्रण गरेका छन् ।

अर्का युनानी कवि हेसिओड (Hesiod) ले आफ्ना कवितामा देउताको जीवनचरित्र मानिसको जस्तै गरी चित्रण गरेका थिए । यिनले कृषकहरूमाथि गरिने अन्याय र त्यसको विरोधमा पनि लेखेका थिए । जनताको पक्षमा लेख्ने भएकाले यिनलाई जनकवि भनिन्थ्यो ।

गीत

सातौं शताव्दी ई.पू. देखि नै युनानमा गीत रचना हुन थालिसकेको थियो । गीत रचनामा कवयित्री सेफो (Sappho) को विशेष स्थान थियो । तिनको गीत रचनामा शारीरिक सौन्दर्य र सरल प्रेमको अभिव्यक्ति पाइन्छ । पिन्डार युनानका सर्वश्रेष्ठ कवि तथा गीतकार थिए । यिनी गायन तथा वाद्यवादनमा पनि निपुण थिए । यिनको गीतमा राष्ट्रिय उत्सव र खेलकुदको विजय उल्लासको चित्रण पाइन्छ ।

नाटक

नाटकलेखनका प्रारम्भ युनानबाट नै भएको थियो । युनानमा एसकाइलज, सौफीक्लीज, यूरीपाइडीज र एरिस्टोफेनीज नामका प्रसिद्ध नाटककारहरू जन्मेका थिए ।

एसकाइलजलाई दु:खान्त नाटकको जन्मदाता भनिन्छ । यिनको नाटकमा मानव जीवनको राम्रो पक्षको साथै दु:ख र कष्टको पनि चित्रण गरिएको छ ।

युनानका अर्का नाटककार सौफीक्लीज थिए । यिनले एकसय नाटकहरू लेखेका थिए । तीमध्ये केवल सात नाटकहरूमात्र फेला परेका छन् । यिनका प्रसिद्ध नाटकहरूमा एन्टिगोने र एलेक्ट्राको विशेष स्थान रहेको छ ।

युनानका अर्का नाटककार यूरीपाइडीजले यथार्थवादी नाटकको सिर्जना गर्दथे । यिनका नाटकमा दासप्रथाको विरोध र नारी स्वतन्त्रताको समर्थन गरेको पाइन्छ । यिनी बिनागीतको नाटक लेख्ने गर्दथे ।

अर्को नाटककार एरिस्टोफेनीजले सुखान्त नाटकको क्षेत्रमा कलम चलाएका थिए । यिनका नाटकमा सरकार र समाजमा व्याप्त कुरीतिहरूमाथि व्यङ्ग्य प्रहार गरिएको हुन्थ्यो ।

युनानी दर्शन (Greek Philosophy)

युनानलाई नै दर्शनशास्त्रको जन्मस्थल मान्न सकिन्छ । विश्व प्रशिद्ध दार्शनिकहरूको जन्म यसै स्थलमा भएको थियो । यस्तो दार्शनिकहरूमा सुकरात (Socrates), प्लेटो (Plato), अरस्तु, आर्कमिडिज, हिपोक्रेटस, इरासटौसयनीज, एरिसटारचस, थेल्स (Thales), पाइथागोरस इत्यादिले दर्शनशास्त्र र विज्ञानको क्षेत्रमा सम्मानजनक स्थान प्राप्त गरेका छन् ।

सुकरात (४७०–३९९ ई.पू.)

सुकरात एथेन्सका निवासी थिए । यिनी युनानका सर्वश्रेष्ठ दार्शनिक थिए । यिनले सोफिस्टहरूको विचारको खण्डन गरेका थिए । सोफिस्टको अर्थ ज्ञानी हुन्छ । यी सोफिस्टहरू एसिया माइनरबाट युनानमा आएर शिक्षकको रूपमा अध्यापन गर्दथे । यिनीहरू आफूले भनेको सबै कुरा सत्य छ भन्ने

दाबी गर्दथे । तर सुकरात कुनै पनि कुराको सत्यता तर्कको आधारमा प्रमाणित गर्नुपर्छ भन्ने पक्षमा थिए । यिनले कुनै पाठशालामा पढाएनन् । तर विभिन्न ठाउँहरूमा घुमेर यिनले मानिसहरूलाई अनेक प्रश्नहरू गरी परम्परालाई तोड्ने प्रयास गरे । यिनीमाथि युवाहरूलाई भड्काएर पथभ्रष्ट गरेको आरोप लगाएर मृत्युदण्ड दिइयो । यिनका मित्रहरूले यिनलाई भाग्ने सल्लाह दिएका थिए । तर यिनले विषपान गर्ने र सत्यलाई नछोड्ने अठोट गरे । ३९९ ई.पू. मा सुकरातले सत्य र न्यायको निम्ति सहर्ष विषपान गरे ।

प्लेटो (४२७–३४७ ई.पू.)

सुकरातका शिष्य एथेन्सनिवासी प्लेटो आफ्ना गुरुले सिकाएको बाटोमा निर्भय भएर अगाडि बढेका थिए । सुकरातले कुनै ग्रन्थ लेख्न पाएनन् । तर यिनका शिष्य प्लेटोले मानव समुदायको निम्ति अनेक अमर ग्रन्थहरू छाडेर गए । "रिपब्लिक" (Republic) यिनको प्रसिद्ध रचना थियो । यसमा सुकरातका सम्वादहरू (Dialogues) लेखिएका थिए । यस पुस्तकमा यिनले आदर्श राज्य र दार्शनिक राजाको परिकल्पना गरेका थिए । प्लेटो व्यक्तिगत सम्पत्तिका विरोधी थिए । यिनको विचारमा सम्पत्तिको लोभले मानिसलाई पथभ्रष्ट बनाउँछ । यिनको यही विचार आधुनिक साम्यवादको मूल जरो थियो । राजनीतिशास्त्रको क्षेत्रमा यिनले दिएको योगदान आगामी दिनहरूका निम्ति पनि प्रेरणादायी हुनेछ ।

अरस्तु (३८४-३२२ ई.पू.)

अरस्तु प्लेटोको शिष्य थिए । यिनी प्रतिभाका धनी थिए । यिनले खगोलशास्त्र, प्राणीशास्त्र र चिकित्साशास्त्रको क्षेत्रमा अनेक ग्रन्थहरू लेखेका थिए । आजसम्म विश्वले यस्ता बहुआयामिक व्यक्तित्व जन्माउन सकेको छैन । अरस्तुले ज्ञानगुनका क्षेत्रमा आफ्ना गुरुलाई पनि उछिनेका थिए । यिनी विश्वविजेता एलेक्जेण्डरका पनि गुरु थिए । यिनले आफ्ना गुरु प्लेटोले जस्तै पाठशाला खोलेका थिए । यिनले खोलेको पाठशालालाई लाइकम (Lyccum) नाम दिइएको थियो ।

अन्य वैज्ञानिक तथा दार्शनिकहरू

युनानका अन्य वैज्ञानिक तथा दार्शनिकहरूमा आर्कमिडिज, हिपोक्रेटस (Hippocrates), इरासटौसथनीज (Erastosthenes), एरिसटारचस (Aristarchus), थेल्स र पाइथागोरस विशेष उल्लेखनीय मानिन्छन् । युनानी गणितज्ञ तथा भौतिकशास्त्री आर्कमिडिजका सिद्धान्त वर्तमान विश्वको निम्ति पनि उपयोगी रहेको छ । यिनको गुरुत्वाकर्षणको सिद्धान्त सबै भौतिकशास्त्रीहरूको मूलमन्त्र बनेको थियो । अर्का गणितज्ञ युक्लिड (Euclid) ले प्रतिपादन गरेको बीजगणितको सिद्धान्त आजसम्म सर्वमान्य छ ।

हिपोक्रेटस चिकित्साशास्त्रका पिता थिए । यिनी पहिलो चिकित्सक थिए जसले सबै रोगको कारण प्रकृति नै हो भन्ने कुरा जनसमक्ष राखेका थिए । आफ्नो शरीर र प्रकृतिलाई फोहर नपारेर स्वास्थ्य रहन सकिन्छ भन्ने यिनको धारणा थियो । यिनले डाक्टरहरूले सपथ लिनुपर्ने नियम बनाएका थिए ।

**४ पृष्ठपोषण**

क) युनानी नगरराज्यको नक्सा बनाउनुहोस् ।

ख) युनानी साहित्य र दर्शनको कथा बनाउनुहोस् ।

ग)　युनानी सभ्यता झल्कने चित्र बनाउनुहोस् ।

## ५　परिशिष्ट


क)　J.M. Roberts, The World of Greece and Rome An Illustrated World History . Penguin Book Limited England, 1980.

ख)　डा. श्रीरामप्रसाद उपाध्याय विश्वको इतिहास रत्नपुस्तक भण्डार, बागबजार, काठमाडौं, २०५४ ।

ग)　अनन्तकुमार, पौड्याल "इसपको जीवनी" भोजपुर, , कर्मचारी मिलन केन्द्र, २०६०, सिलिचुङ ।

## पाठ दुई : युयानका कला तथा वास्तुकला

### १ उद्देश्य

यो पाठ पढिसकेपछि शिक्षकहरू निम्नलिखित कार्यहरूमा सक्षम हुनेछन् :

क) युनानी कला र वास्तुकलाको चित्रण गर्न,

ख) युनानी कला र वास्तुकलाको चित्र बनाई रङ भर्न,

ग) युनानी कलालाई नेपाली कलासँग तुलना गर्न ।

### २ विषयवस्तु

क) युनानी कला र वास्तुकला

ख) चित्र निर्माण

ग) युनानी र नेपाली कलामा तुलना

### ३ विषयवस्तु प्रस्तुतीकरण

क) प्राचीन युनानको कला र वास्तुकला

प्राचीन युनानमा विभिन्न शैलीका वास्तुकलाको विकास भएको थियो । युनानीहरूले आफ्ना आराध्यदेवका अनेक सुन्दर मन्दिरहरू बनाएका थिए । यी मन्दिरका छाना कलात्मक खामोहरूमा अड्याइएका थिए । यी मन्दिरहरू डोरिक (Doric), आयोनिक (Ionic) र कोरिन्थियन (Corinthian) गरी तीन शैलीहरूमा बनेका पाइन्छन् । डोरिक शैलीमा बनेको मन्दिरको खामो मोटो र टुप्पो च्याप्टो चौकोर परेको थियो । एथेन्सस्थित पार्थिननको मन्दिर यसै शैलीबाट बनेको थियो । यस मन्दिरमा छयालिसओटा कलात्मक खम्बाहरू थिए । यी प्रत्येक खम्बाहरू ३४ फिट अग्ला थिए । यो मन्दिर देवी एथेनाको स्मृतिमा बनाइएको थियो । सेतो सङ्गमरमरले बनेको यो मन्दिरको सौन्दर्यता अद्वितीय मानिन्छ । एक्रोपोलिस (Acropolis) पर्वतको टाकुरामा अवस्थित यो मन्दिर युनानको मात्र होइन विश्वको नै उत्कृष्ट वास्तुकलाको नमुना मानिन्छ । यसका भित्ता अनेक सुन्दर चित्रहरूबाट सजिएका छन् । यी चित्रहरूमा युद्धका दृष्यहरू देखाइएका छन् । युनानमा डोरिक शैली लोकप्रिय मानिन्छ ।

प्राचीन युनानमा प्रचलित वास्तुकलाको अर्को शैली आयोनिक शैली थियो । इरेकाथियमको मन्दिर यसै शैलीबाट बनेको थियो । यस मन्दिरको खामाको टुप्पामा भेडाको दुई सिङ्गजस्तो घुमाउरो आकारको बुट्टा बनाइएको छ । तेस्रो शैलीको कोरिन्थिएनको मन्दिर कोरिन्थिएनको नगरराज्यमा स्थित छ । यस मन्दिरको खामोको टुप्पोमा पातको आकारका चित्रहरू बनाइएका छन् । यीबाहेक एफोसियनमा बनेको डायनादेवीको मन्दिर एथेन्सको थिसियाँको मन्दिरले पनि युनानी कलाकारहरूको उत्कृष्ट वास्तुकलाकारिताको परिचय दिन्छ ।

मूर्तिकला

युनानीहरू मूर्तिकलाको क्षेत्रमा पनि अग्रणी थिए । युनानी शासक पेरिक्लिजका मित्र फिडियस (Phidias), तत्कालीन युनानका प्रसिद्ध मूर्तिकार थिए । यिनले पार्थिनियनको मन्दिरमा एथेना देवीका मूर्ति बनाएका थिए । यिनको अर्को प्रसिद्ध मूर्ति ओलम्पियामा बनाइएको देवताका राजा जियुस

(Zeus) को मूर्ति थियो । यस मूर्तिलाई विश्वको सात आश्चर्यमध्ये एक मानिन्छ । पाँचौ शताब्दी ई.पू. का युनानका अर्का प्रसिद्ध मूर्तिकार मायरन (Myron) थिए । यिनले बनाएको ढुङ्गा फाल्ने खेलमा (Discuss Throw) संलग्न खेलाडीको पूर्ण कदको ढुङ्गाको मूर्तिले स्वर्णयुगको मानव शरीर रचनाको चित्रण गरिएको छ । यसैगरी चौथो शताब्दी ई. पू. का अर्का कलाकार एथेन्स निवासी प्राक्जिटिलिस् (Praxitiles) ले बनाएको हर्मियसले शिशु डायोनियससँग खेलेको पूर्णकदको ढुङ्गाको मूर्ति अत्यन्त सुन्दर छ ।

### चित्रकला

चित्रकलाको क्षेत्रमा पनि युनानीहरूले निकै उन्नति गरेका थिए । युनानीहरूले चित्रकलाको प्रारम्भ माटाका भाँडा र भित्तामा देवदेवी तथा मानवीय क्रियाकलापका चित्र बनाएर गरेका थिए । केही समयपछि युनानीहरूले मैनमा विभिन्न किसिमको रङ मिसाई काठको फलेकमा चित्र बनाउन थाले । यसले गर्दा फलेकमा चित्र बनाएर घर सजाउने र चित्र बिक्री गरेर व्यवसाय चलाउने परम्पराको पनि थालनी भयो । एथेन्स निवासी एपोल्लोडोरस (Apollodorus) प्रसिद्ध युनानी चित्रकार थिए ।

### सङ्गीत कला

प्राचीन युनानमा सङ्गीत कलाको पनि विकास भएको थियो । युनानको पौराणिक कथामा ओरफियस नामका सङ्गीतकारको विशेष उल्लेख भएको पाइन्छ । यिनको सङ्गीतले रूख पातलाई पनि निहुर्‍याई दिन्थ्यो भन्ने किम्बदन्ति रहेको पाइन्छ । प्राचीन युनानमा स्वर र ध्वनिको विकास भयो । शास्त्रीय सङ्गीत लोकप्रिय हुँदै गयो । युनानीहरू बाँसुरी र सितार बजाउन निपुण थिए । विशेष चाडपर्व वा समारोहमा गीत तथा सङ्गीतको कार्यक्रम हुने गर्दथ्यो ।

## ४ पृष्ठपोषण

क) युनानी कला र वास्तुकलाको बखान गर्नुहोस् ।
ख) युनानी कला र वास्तुकलाको चित्र बनाउनुहोस् ।
ग) युनानी कलालाई नेपाली कलासँग तुलना गर्नुहोस् ।

## ५ परिशिष्ट


क) मनुजबाबु मिश्र : <u>विश्वकलाको इतिहास</u>, पाठ्यक्रम विकास केन्द्र त्रि.वि. २०३९

ख) डा. श्रीरामप्रसाद उपाध्याय <u>विश्वको इतिहास</u>, रत्नपुस्तक भण्डार, बागबजार, काठमाडौं, २०५४ ।

ग) J.M. Roberts, <u>The World of Greece and Rome:</u> An Illustrated World History Penguin Books Ltd. England 1980.

पाठ तीन : युनानी सभ्यताका योगदान

१ उद्देश्य

यो पाठ पढिसकेपछि शिक्षकहरू निम्नलिखित कार्यहरूमा सक्षम हुनेछन् :

क) युनानी सभ्यताको योगदानबारे कथा बनाउन,

ख) युनानी कविका कृतिको अनुवाद गर्न,

ग) ओलम्पिकको कुनै खेल खेल्न ।

२ **विषयवस्तु**

**क) युनानी सभ्यताका कथा**

**ख) युनानी कविका कृति**

**ग) ओलम्पिक खेल**

३ **विषयवस्तु प्रस्तुतीकरण**

क) आधुनिक विश्वलाई युनानी सभ्यताको देन

आधुनिक विश्वलाई युनानी सभ्यताले निकै ठूलो योगदान दिएको थियो । त्यसै हुनाले सर हेनरीमेनले भनेका थिए "आधुनिक युगमा हामी जे जति वस्तु देख्दछौं ती सबैको उत्पत्ति युनानी सभ्यताबाट भएको हो ।" रोमनहरूले युनानमा आक्रमण गरेपछि युनानी सभ्यता स्पेन, फ्रान्स, बेलायत र जर्मनी हुँदै सम्पूर्ण यूरोपमा फैलियो । आजसम्म पनि यूरोपियनहरू युनानी वास्तुकलाको नक्कल र कलाकारिताको बयान गर्दैछन् । त्यसै हुनाले अङ्ग्रेज कवि शेली (Shelly) भन्दछन् "हामी युनानी हौं, हाम्रो कानुन, हाम्रो साहित्य, हाम्रो धर्म, हाम्रो कला सबैको जरो युनानमा छ"। (We are all Greeks, our literature, our religion, our arts have their roots in Greece.)

यूरोप मात्र होइन सम्पूर्ण संसार कुनै न कुनै रूपमा युनानी सभ्यताबाट प्रभावित भएको छ । आजसम्म पनि बौद्धिक क्षेत्र युनानी कवि, विचारक, नाटककार, कलाकारको अध्ययन गर्दैछ र यसको गहिराइमा पुग्ने प्रयास गरिरहेको छ । विश्वविद्यालयका पाठ्यवस्तुहरूले यिनैका विचार र सिद्धान्तका अप्ठ्यारा गाँठाहरू फुकाउनमा आफूलाई तल्लीन राखेको छ ।

साहित्यमा देन

विश्व साहित्यको भण्डार भर्न युनानी साहित्यले निकै धेरै योगदान पुऱ्याएको थियो । युनानी सभ्यतामा उब्जिएको साहित्यिक प्रकाशपुन्ज पूर्व, पश्चिम, उत्तर, दक्षिण सबैतर्फ फैलिएर जाज्वल्यमान भयो । यूरोपियन साहित्य युनानी सभ्यताको ऋणी भयो । युनानी महाकवि होमरको महाकाव्य युरोपियन साहित्यको अङ्ग भयो । युरोपियन साहित्य यिनकै महाकाव्यबाट पल्लवित र पुष्पित भएका छन् । मिल्टनको पैराडाइज लौस्ट यिनकै महाकाव्यबाट प्रभावित भएको पाइन्छ । रामायण र महाभारतका विषयवस्तु पनि यसै महाकाव्यसँग मिल्दोजुल्दो छ । यीबाहेक वड्सवर्थ, कालरिज, किट्स, शेलीजस्ता अङ्ग्रेज कविहरूमा युनानी साहित्यको निकै प्रभाव परेको देखिन्छ ।

### खेलकुदको देन

विश्वलाई मनोरन्जन र खेलकुदसम्बन्धी ज्ञान गराउने पहिलो राष्ट्र पनि युनान नै थियो । युनानमा नै सबभन्दा पहिले नाटक लेख्ने र रङ्गमञ्चमा मञ्चन गर्ने काम भएको थियो । पछि यूरोपमा पनि यसै शैलीमा नाटक लेख्ने र मञ्चन गराउने परम्पराको थालनी भयो । यति मात्र होइन युनानले विश्वलाई स्वास्थ्य र मनोरन्जनका निम्ति विविध किसिमका खेलकुदबाट पनि परिचित गरायो । जनावर लडाउने, जनावरसँग जुध्ने, कुस्ती खेल्ने, भाला हान्ने, ढुङ्गा हान्ने, दगुर्ने खेलको प्रारम्भ युनानबाट नै भएको थियो । आजसम्म पनि ओलम्पिकमा खेलाइने अनेक खेलहरू युनानमा प्रचलित खेलहरू नै हुन् । हाम्रो देशको प्राचीन इतिहासमा पनि जनावर जुधाउने र दगुर्ने खेलहरू लोकप्रिय भएको पाइन्छ ।

### राजनीतिमा देन

राजनीतिको क्षेत्रमा पनि युनानी सभ्यताको योगदान कम महत्त्वको छैन । संसारको कुनै पनि राजनैतिक व्यवस्थाले युनानको राजनीतिमा प्रभाव पार्न सकेन । संविधानको निर्माण गर्ने विश्वको पहिलो रूपमा युनानले विश्वलाई संवैधानिक मूल्य र मान्यताबाट परिचित गरायो । यति मात्र होइन आज विश्वमा प्रजातन्त्र, स्वतन्त्रता, मानवअधिकारका विषयमा जुन चर्चा परिचर्चा हुने गर्दछन् ती सबै युनानी दार्शनिकहरूका चिन्तनका उपज हुन् । सुकरात, प्लेटो, अरस्तुका राजनैतिक विचारहरूबाट आजसम्म पनि अधिनायकवादीहरू तर्सिरहेका छन् ।

### दर्शनमा देन

युनानी दार्शनिकहरूका जीवन चरित्रबाट मानव समुदायले कुनै न कुनै रूपबाट प्रेरणा प्राप्त गरिरहेकै हुन्छ । सुकरातको विषपानले सत्यको निम्ति भयमुक्त भएर जीवन उत्सर्ग गर्ने प्रेरणा प्रदान गर्दछ । यसैबाट अभिप्रेरित भएर आजसम्म पनि केही व्यक्तिहरू सत्य र न्यायको पक्षमा लडेर मृत्युलाई वरण गरिरहेका छन् । प्लेटो र अरस्तुले आफ्नो सम्पत्ति दान गरेर एकेडेमीको स्थापना गरे । यिनीहरूले आफ्नो सम्पूर्ण जीवन अध्ययन र अध्यापनमा व्यतित गरे । यिनीहरूको जीवनी र कार्यबाट सम्पूर्ण मानव समुदाय शिक्षाप्रति अभिप्रेरित भए । आज शिक्षाप्रति जुन तृष्णा बढेको छ त्यसको जडमा यिनै दार्शनिकहरूका विचारले उर्वरभूमिको काम गरेको छ । प्लेटोले राजनीतिज्ञहरूलाई सम्पत्तिको लोभबाट टाढा रहन सन्देश दिएका थिए । यही सन्देश जनताहरूको निम्ति आफ्नो नेताहरूको मूल्याङ्कन गर्ने कसी बनेको छ । जनताको आँखाबाट बच्न आजका नेताहरू व्यवहारमा नभए पनि सैद्धान्तिक रूपमा आफूलाई सम्पत्तिको मोहबाट टाढा रहेको दाबी गर्दछन् ।

### विज्ञानमा देन

विज्ञानको क्षेत्रमा युनानी सभ्यताले दिएको योगदानले सम्पूर्ण मानव समुदाय युनानको ऋणी भएको छ । चिकित्साशास्त्रको क्षेत्रमा यसले गरेको योगदानले गर्दा सबै प्राणीलाई अकाल मृत्युबाट सुरक्षा प्रदान गर्‍यो । हिपाक्रेटसको रोगसम्बन्धी विचारले मानिसहरूलाई सफासुग्घर रहेर स्वस्थ जीवन निर्वाह गर्न प्रेरणा प्रदान गरेको थियो । युनानमा लेखिएको भौतिकशास्त्र, रसायनशास्त्र, प्राणीशास्त्र, गणित, बीजगणित, खगोलशास्त्र, भूगोलका बहुमूल्य सिद्धान्तकै आधारमा नै आज वैज्ञानिक उपलब्धिहरू हासिल भइरहेछन् । भौगोलिक खोजको प्रारम्भ पनि युनानबाट नै भएको थियो । पूर्व र पश्चिमलाई जोडेर युनानले विश्वलाई एक अर्काको नजिक बनाइदिएको थियो । यस वैज्ञानिक र भौगोलिक उपलब्धिले गर्दा पुनर्जागरणलाई निकै मद्दत पुर्‍याएको थियो ।

## ४ पृष्ठपोषण

क) युनानी सभ्यताको योगदान बारे कथा बनाउनुहोस् ।

ख) युनानी कविको कृतिलाई नेपालीमा अनुवाद गर्नुहोस् ।

ग) तपाईंले खेल्नुभएको कुनै खेलको बयान गर्नुहोस् ।

## ५ परिशिष्ट

क) डा. श्रीरामप्रसाद उपाध्याय विश्वको इतिहास, रत्नपुस्तक भण्डार, बागबजार, काठमाडौं, २०५४ ।

ख) J.M. Roberts, The World of Greece and Rome: An Illustrated World History & Penguin Books Ltd. England 1980.

ग) Prof. Dr. Shreeram Prasad Upadhyaya, History of Nepalese Participation in Olympic Games; Olympic on the top of the World, Olympic Committee Kathmandu Nepal 2002.

## पाठ चार : मेसोपोटामियाको सभ्यता

१ **उद्देश्य**

यो पाठ पढिसकेपछि शिक्षकहरू निम्नलिखित कार्यहरूमा सक्षम हुनेछन् :

क) मेसोपोटामियाको नक्सा बनाउन ।

ख) जिगुरात र झुल्ने बगैँचा बनाउन ।

ग) मेसोपोटामियाको सम्पदालाई नेपाली जनजीवनसँग तुलना गर्न ।

२ **विषयवस्तु**

क) मेसोपोटामियाको नक्सा

ख) जिगुरात र झुल्ने बगैँचा

ग) मेसोपोटामियाको शान्ति

घ) नेपाली जनजीवन

३ **विषयवस्तु प्रस्तुतीकरण**

क) मेसोपोटामियाको सभ्यता

जीवन : मेसोपोटामियाको सभ्यता के हो ?

रेखा : वर्तमान समयमा मध्यपूर्वमा पर्ने राष्ट्र इराक (Iraq) अन्तर्गगत पर्ने टिग्रिस (Tigris) र युफ्रेटस (Euphrates) नदीको बीचको भागलाई मेसोपोटामिया भनिन्छ । प्राचीनकालमा यसै ठाउँमा विकसित भएको सभ्यतालाई नै मेसोपोटामियाको सभ्यता भनिन्छ ।

जीवन :मेसोपोटामिया मेसो (meso) र पोटामोस (Potamos) शब्द मिलेर बनेको हो भन्ने सुनिन्छ । यी दुई शब्दको अर्थ के हो ?

रेखा : युनानी (greek) भाषामा मेसोको अर्थ माझ र पोटामोसको अर्थ "नदीहरू" भन्ने बुझिन्छ । दुई नदीको माझमा रहेको ठाउँ भएको हुनाले यस ठाउँलाई मेसोपोटामिया भनिएको हो ।

जीवन : विभिन्न कालहरूमा विकसित कुन-कुन सभ्यताहरू मिलेर मेसोपोटामियाको सभ्यताको निर्माण भएको हो ?

मेसोपोटामियाको सभ्यताहरू

१. सुमेरिया (Sumeria)
२. बेबिलोनिया (Babilonia)
३. असिरिया (Assyria)
४. चाल्डियन (Chaldean)

रेखा : यिनै चार सभ्यताहरू विभिन्न समयमा विकसित भए र मेसोपोटामियाको सभ्यताको विकास भयो ।

जीवन : सुमेरियाको सभ्यता कहिलेदेखि कहिलेसम्म रहयो ?

रेखा : यसो त मेसोपोटामियाको सभ्यता पाँचहजार इ.पू. मा विकास भएको मानिन्छ तर प्रमाणिक मिति नै किटान गर्नुपर्दा मेसोपोटामियाको सभ्यताअन्तर्गत पर्ने सुमेरियाको सभ्यता चारहजार इ.पू. देखि दुईहजार इ.पू. सम्म कायम रह्यो ।

जीवन : सुमेरियनहरूमा पुजारी नै राजा हुन्थे । त्यसैले यिनीहरूलाई पुजारी राजा भनिन्थ्यो । यी पुजारी राजाहरूले के-के काम गर्दथे ?

रेखा : पुजारी राजाले कुलीनहरूको सहयोग लिएर भूराजस्व सङ्कलन गर्ने, सिंचाइको व्यवस्था गर्ने, सार्वजनिक भवन तथा तलैतला भएको अग्लो मन्दिर जिगुरात (ziggurat) को निर्माण गर्दथे ।

जीवन : जिगुरात भित्र के-के हुन्थे ? जिगुरातको वास्तविक अर्थ के हो ?

रेखा : जिगुरातभित्र न्यायालय, पाठशाला, बजार, बैंक, कलकारखाना, अन्नको भण्डार इत्यादि हुन्थे । जिगुरातको वास्तविक अर्थ चौकोट परेको खण्डखण्ड भएको मन्दिरबाट घेरिएको प्राचीन मेसोपोटामियाको घर भन्ने बुझिन्छ । (rectangular stepped tower in ancient mesopotamia surrouned by temple)

जीवन : संसारका सात आश्चर्यका वस्तुहरूमध्ये बेबिलोनका चाल्डियन बंशका सम्राट नेबुचन्दनेज (Nebuchandnezar) ले बनाएको आकाशमा झुल्ने बगैंचा (Hanging garden) कस्तो थियो ?

रेखा : सम्राट नेबुचन्दनेजरले आफ्नी रानीलाई खुशी पार्न आफ्नो दरवारको छानामाथि खण्डखण्ड पारेर सुन्दर बगैंचा बनाए । यस बगैंचाका फूलहरूमा सिंचाइ गर्न नहर बनाएका थिए । यो बगैंचा यस्तो देखिन्थ्यो, मानौं यो आकाशमा झुलिरहेको होस् तर दुःखको कुरा बेबिलोनको यो झुल्ने बगैंचा आज छैन ।

## ४ पृष्ठपोषण

क) मेसोपोटामियाको नक्सा बनाउनुहोस् ।

ख) जिगुरात र झुल्ने बगैंचाको चित्र बनाउनुहोस् ।

ग) मेसोपोटामियामा शान्ति कायम गर्न संयुक्त राष्ट्र सङ्घको महासचिवलाई पत्र लेख्नुहोस् ।

घ) मेसोपोटामियाको सभ्यतालाई नेपाली जनजीवनसँग तुलना गर्नुहोस् ।

## ५ परिशिष्ट


क) हाम्रो सामाजिक अध्ययन, कक्षा ७, पाठयक्रम विकास केन्द्र, सानोठिमी भक्तपुर २०५९ ।

ख) मायाप्रसाद काफ्ले, विश्वको इतिहास, भुवन प्रकाशन, विराटनगर, काठमाडौं २०५४ ।

ग) Philips New World Atlas, Chancelor Press, International Book Limited, London 1993.


## पाठ पाँच : मेसोपोटामियाको सभ्यताको देन

## १ उद्देश्य

यो पाठ पढिसकेपछि शिक्षकहरू निम्नलिखित कार्यहरूमा सक्षम हुनेछन् :

क) मेसोपोटामियाको सभ्यताको देनको बयान गर्न ।

ख) मेसोपोटामियाको संरक्षणसम्बन्धी समाचार बनाउन ।

ग) नेपालको सभ्यतालाई मेसोपोटामियासँग तुलना गर्न ।

२ **विषयवस्तु**

क) मेसोपोटामियाको सभ्यताको देन

ख) मेसोपोटामियाको संरक्षण

ग) नेपालको सभ्यतासँग तुलना

३ **विषयवस्तु प्रस्तुतीकरण**

क) मेसोपोटामिया सभ्यताको विश्वलाई देन

मेसोपोटामियाको सभ्यताले विश्वलाई विभिन्न क्षेत्रमा उल्लेखनीय योगदान दिएको पाइन्छ । मेसोपोटामिया सभ्यताको देनलाई बुझ्न सुमेरिया, बेबिलोनिया, असिरिया र चाल्डियन सभ्यताले विश्वलाई दिएको योगदानको चर्चा गर्नुपर्ने हुन्छ ।

सुमेरियाको योगदान

सुमेरियाको सभ्यताले विश्वलाई कानुन, न्याय र सैनिक सङ्गठनका क्षेत्रमा अमूल्य योगदान पुऱ्याएको थियो । संसारमा सबभन्दा पहिले कानुनको सङ्ग्रह गर्ने काम सुमेरियनहरूले नै गरेका थिए । मेसोपोटामियाका काम सुमेरियनहरूले नै गरेका थिए । मेसोपोटामियाका हमुराबी (Hammurabi 1728-1686 B.C.) को कानुन विश्वप्रसिद्ध भयो । जस्तो अपराध उस्तै दण्डको प्रावधान पनि सुमेरियन सभ्यताबाट नै प्रारम्भ भएको थियो । मन्दिरका पूजारीले न्याय दिने परम्पराको थालनी पनि सुमेरियन सभ्यताको नै देन थियो । विश्वमा सैनिक सङ्गठन गर्ने प्रविधिको विकास पनि सुमेरियाबाट नै प्रारम्भ भएको थियो । तरवार, धनुवाण, भाला इत्यादि बनाउने प्रविधिको विकास पनि सुमेरियन सभ्यताको देन नै मानिन्छ । सेनाले टाउकोको सुरक्षाको निम्ति तामाको टोप लगाउने चलन पनि सुमेरियन सभ्यताबाट नै भएको थियो ।

आर्थिक विकासका विभिन्न सूत्रको विकास पनि सुमेरियन सभ्यताबाट नै भएको थियो । सहरी सभ्यताको उद्‌गमस्थल पनि सुमेरिया नै मानिन्छ । कृषि, उद्योग, व्यवसायका क्षेत्रमा पनि सुमेरियन सभ्यताले महत्त्वपूर्ण योगदान पुऱ्याएको थियो । कृषि उत्पादन बढाउन सिंचाई गर्ने परम्पराको थालनी पनि सुमेरियाबाट नै भएको थियो । विभिन्न किसिमका बाली उत्पादन गर्ने प्रविधिको विकास पनि सुमेरिया सभ्यतामा नै भएको थियो । यस्ता बालीमा गहुँ, जौ, खजुर, विभिन्न किसिमका दाल तथा तरकारी पर्दथे । यिनले प्रयोग गरेको पशुपालनको पद्धतिलाई अन्य राष्ट्रहरूले पनि प्रयोगमा ल्याए । सुमेरियनहरू जस्तै हाम्रो देशमा पनि गोरुको प्रयोग गरेर हलोद्वारा खेत जोत्ने परम्पराको थालनी भयो ।

सुमरियनहरूले प्रारम्भ गरेका उद्योग तथा व्यापारको अनुशरण विश्वका अन्य मुलुकहरूले पनि गर्न थाले । यिनमा सुती तथा उनी कपडा, धातुका औजार उत्पादन गर्ने उद्योगबाट विश्वले मानवीय आवश्यकताको पहिचान गर्न र त्यसअनुसार आफ्ना सीपको प्रयोग गर्न सिक्यो । सुमेरियनहरूले मिश्र, सिरिया, इरान र भारतसँग व्यापार विस्तार गर्नाले मध्यपूर्व तथा एसियामा प्रविधि हस्तान्तरण गर्ने अवसर प्राप्त गरेका थिए । नेपाली सामान भारत हुँदै सुमेरिया पुगेको हुन सक्छ ।

### बेबिलोनियाको योगदान

बेबिलोनिया सभ्यताको ज्ञानले विज्ञानका क्षेत्रमा विश्वलाई उल्लेखनीय योगदान पुऱ्याएको थियो । विश्वले साहित्य, लेखनकला र पाठशालासम्बन्धी कुराको ज्ञान बेबिलोनियाको सभ्यताबाट नै सिकेको थियो । विज्ञान, गणित, ज्योतिष र चिकित्साशास्त्रको क्षेत्रमा पनि बेबिलोनियाको सभ्यताले ठूलो योगदान पुऱ्याएको थियो । नाप र समयको विभाजनसम्बन्धी ज्ञानका साथै पानीघडी र सूर्यघडीको ज्ञान पनि विश्वले बेबिलोनियाको सभ्यताबाट नै पाएको थियो ।

### असिरियाको योगदान

विश्वले युद्ध कौशलतासम्बन्धी ज्ञान असिरियाबाट नै प्राप्त गरेको थियो । युद्धमा शत्रुपक्षलाई कसरी घेरामा पारेर आक्रमण गर्ने भन्ने कुराको सीप विश्वलाई असिरियाको सभ्यताले नै सिकाएको थियो । सैनिक शक्तिको आडमा बेबिलोनियाको सभ्यताको संरक्षण गर्ने श्रेयपनि असिरियाको सभ्यतालाई नै जान्छ । वनस्पतिशास्त्र तथा प्राकृतिक विज्ञानसम्बन्धी धारणाको विकास सबभन्दा पहिले असिरियामा नै भएको थियो । प्रान्तीय शासनपद्धति र तिनमा प्रशासकहरूको नियुक्ति गर्ने परम्पराको थालनी असिरियाबाट नै सुरू भएको थियो । पुस्तकालय निर्माणसम्बन्धी धारणाको विकास पनि असिरियाबाट नै भएको थियो ।

### चाल्डियन सभ्यताको विकास

विश्वलाई आश्चर्यजनक वस्तु उपहारको रूपमा दिएर चाल्डियन सभ्यताले इतिहासमा आफ्नो छुट्टै पहिचान बनाएको थियो । चाल्डियन सभ्यताको मुख्य देनको रूपमा मानिने आकाशमा झुल्ने बगैँचालाई (Hanging Garden) संसारका सात आश्चर्यमध्ये एक मानिन्छ । आज संसारमा बेबिलोनियाको ऐतिहासिक झुल्ने बगैँचा छैन । तर यस बगैँचाको स्मृतिले विश्वका सम्पूर्ण मानव जातिलाई आफ्नो प्रेमिकाको सम्झनामा अमर कृतिको निर्माण गर्ने प्रेरणा आउँदा दिनहरूमा पनि भइरहने छ भन्ने कुरामा विश्वास गर्न सकिन्छ । मध्यकालीन नेपालमा राजा प्रताप मल्लले आफ्नी रानीलाई सान्त्वना दिन रानीको नाममा बनाएको रानी पोखरीलाई पनि प्रेमको प्रतीकको रूपमा लिन सकिन्छ ।

चाल्डियन सम्राट नेबचाडनेजर (Nebuchadnezzer 604-561 B.C.) ले आफ्नी रानी एमाटिस (Amytis) लाई खुसी पार्न शहरमा एउटा कृत्रिम पहाड बनाएर त्यसमा खण्डखण्ड पारेर नाना थरीका फूल रोप्नुका साथै सिंचाईको व्यवस्था पनि मिलाएका थिए । यो बगैँचा आकासमा झुलिरहेको जस्तो देखिन्थ्यो । त्यसैले यो बगैँचालाई झुल्ने बगैँचा भन्ने नाम दिइयो । प्राचीन युनानीहरूले यस बगैँचालाई विश्वको सात आश्चर्यमध्ये एक आश्चर्य भन्ने नाम दिए । यस कृतिले संसारका सम्पूर्ण मानवजातिलाई प्रभाव पाऱ्यो ।

विश्वले नक्षत्रसम्बन्धी ज्ञान चाल्डियन सभ्यताबाट नै प्राप्त गरेको थियो । यिनीहरूले नै बाह्र राशीसम्बन्धी ज्ञान विश्वभरी फैलाएका थिए । चाल्डियनहरूले जुपिटर, मार्स, बैनस, मर्करी, सटर्नजस्ता पाँच ग्रहको विषयमा पनि विश्वलाई जानकारी गराएको थिए । मन्दिरलाई ज्ञान, विज्ञान तथा कलाको केन्द्रको रूपमा विकसित गर्ने परम्पराको थालनी मेसोपोटामियाबाट नै भयो ।

चाल्डियन सम्राट नेबुचाडनेजरको मृत्युपछि पर्सिया (फारस) का राजा सायरस प्रथम (Cyrus I) ले यस साम्राज्यको अन्त्य गरिदिए । अनेक राम्रा कुराहरूका साथै केही नराम्रा कुराहरू पनि मेसोपोटामियाका सभ्यताबाट विश्वले सिकेको थियो । त्यस्तो नराम्रो कुरामा समाजमा उच्च र निम्न वर्ग भनेर विभाजन गर्नु र उच्चवर्गलाई सधै माथि पार्ने प्रयास गर्नु यस सभ्यताका नराम्रा पक्ष मानिन्छ ।

## ४ पृष्ठपोषण

क) मेसोपोटामियाको सभ्यताको विश्वलाई दिएको योगदानको वर्णन गर्नुहोस् ।

ख) मेसोपोटामियाको सभ्यताको संरक्षण गर्नुपर्ने कारण दर्शाई समाचार लेख्नुहोस् ।

ग) नेपालको सभ्यतालाई मेसोपोटामियासँग तुलना गर्नुहोस् ।

## ५ परिशिष्ट


क) मायाप्रसाद काफ्ले, विश्वको इतिहास, भुवन प्रकाशन, विराटनगर, काठमाडौं २०५४ ।

ख) मनुजबाबु मिश्र, विश्वको इतिहास पाठयक्रम विकास केन्द्र, सानोठिमी भक्तपुर २०३९ ।

ग) डा. श्रीरामप्रसाद उपाध्याय विश्वको इतिहास रत्नपुस्तक भण्डार, बागबजार, काठमाडौं, २०५४ ।

पाठ छ : नेपालका प्राचीन मूर्तिकला

## १ उद्देश्य

यो पाठ पढिसकेपछि शिक्षकहरू निम्नलिखित कार्यहरूमा सक्षम हुनेछन् :

क) नेपालका प्राचीन मूर्तिकलालाई चिनाउन विदेशी मित्रलाई चिठ्ठी लेख्न ।
ख) प्राचीन मूर्तिमा देखिने गहनाको चित्र बनाउन ।
ग) प्राचीन मूर्तिअनुसारको भूमिकानिर्वाह गर्न ।
घ) चाँगुनारायणको कथा लेख्न ।

## २ विषयवस्तु

क) प्राचीन मूर्तिकला
ख) गहनाको चित्र
ग) चित्रको भूमिका
घ) चाँगुनारायणको बारेमा कथालेखन

## ३ विषयवस्तु प्रस्तुतीकरण

क) प्राचीन मूर्तिकलामा बालाको बनौट :

प्राचीनकाल देखि नै बालाले हात सिंगार्ने प्रचलन चल्दै आएको हो । हाम्रा पुरातन देवदेवीका प्रस्तर मूर्तिका नाडीमा बनाइएका कलात्मक गहनाले यस कुराको प्रत्यक्ष प्रमाण उपस्थित गर्दछ । साथै हाम्रा प्राचीन शिलालेख तथा ग्रन्थहरूले पनि यस कुराको पुष्टि गरेको छ । पालिग्रन्थ ब्रम्हाजालसुत र शुभाषितावलीमा सोह्र सिङ्गारमध्ये एउटा 'हस्तबन्ध' अर्थात् हातमा कंकण वा बाला लगाउनु पनि हो भन्ने लेखिएको छ ।

हाम्रा प्राचीन हिन्दू तथा बौद्ध मूर्तिहरूका नाडीमा अनेक आकर्ष बुट्टा कुँदेर बनाइएका बालाहरू देख्न सकिन्छ । केही मूर्तिहरू बाहेक प्राचीनकालका सबै मूर्तिका हात बालाले शोभायमान छन् ।

बालायुक्त गजलक्ष्मीको कर

ई. पू. पहिलो शताब्दीमा बनेको पाटन च्यासलहिटीको गजलक्ष्मीको मूर्तिका दुवै हात पातला बालाहरूद्धारा सिङ्गारिएका छन् । भारतका गजलक्ष्मीमा यस्तो किसिमको बाला लगाएको पाइदैन । इलाहावा सङ्ग्राहालायमा राखिएका पहिलो र दोश्रो शताब्दी पूर्व बनेको गजलक्ष्मीका दुवै हातमा बाक्लो गरी हातभरीका चुराहरू लगाइएका छन् । अचलेसम्म पनि उत्तर भारत र हाम्रै तराईका महिलाहरूले हातभरी यस्तै किसिमका लहटी (लाहाको चुरा) लगाउँछन् ।

भारतको फैजावादमा फेलापरेको र हाल हिन्दू विश्वविद्यालयको भारत कला भवनमा राखिएको पहिलो शताब्दीको नारीमूर्तिका दुवै हात गोडाभरी एकैनासका चुराहरू लगाइएका छन् । हाम्रा कुनै पनि प्राचीन मूर्तिहरूमा यसरी हातगोडाभरी एक किसिमका चुरा लगाएको देखिदैन ।

भारत कला भवनको मूर्तिले तेस्रो शताब्दीमा बनेका पाटनको कुम्भेश्वरको सूर्यमूर्तिको छेउमा उभिएको नारीमूर्तिको बालसँग आकारमा सामञ्जस्यता राखे पनि दुवैको बनौटमा भने निकै भिन्न देखिन्छ । भारत कलाभवनको दुवै हातमा एक-एक बालाको विपरीत हाम्रो नारी मूर्तिको दुवै हातमा दुई-दुई बाला बनाइएका छन् जुन जोडिएर एउटै जस्तो देखिन्छ । यी दुवै नारी मूर्तिहरूमा बायाँ आकाशतर्फ फर्काएर माथि उठाइएको हुनाले उक्त हातका बाला स्वाभाविक ढङ्गले तल झरेका छन् भने दायाँ हात बरदमुद्रामा तल झरेकोले बाला पनि हत्केलासँगै नाडीमा रहेका छन् । कला भवनको बाला चुरा छिचोलेर बाङ्गो भै अडेको छ । यी दुवै कलाका मूर्तिकारहरूले यस कुरामा आफ्नो बुद्धिको राम्रो परिचय दिएका छन् ।

बालायुक्त त्रिविक्रमको कर

फलेकमा कुँदिएका मूर्तिहरूमध्ये त्रिविक्रमका बृहत् दृश्ययुक्त सबै मूर्तिहरूका हात विभिन्न सुन्दर बालाहरूद्धारा सिङ्गारिएका छन् । पाँचौ शताब्दीमा एकै समयमा बनेका लाजिम्पाट र पशुपतिका त्रिविक्रम समेतका अन्य सबै मूर्तिहरूका हातमा लगाइएका बालाहरूमा बेग्ला-बेग्लै किसिमका बुट्टाहरू कुँदिएका छन् । लाजिम्पाटका त्रिविक्रमका मूर्तिका हातका केही बालाहरू मेटिएको जस्तो देखिए पनि दाहिनेतर्फका तीन र बायाँतर्फका एक हातको बालाको आकार स्पष्ट देख्न सकिन्छ । यहाँ त्रिविक्रमले लगाएको पातलो बालाको बीचमा गोलो लेडिज घडीको जस्तो बुट्टा बनाइएको छ । यस्तै घडीको आकारको बाला आठौं शताब्दीको चाँगुनारायणको त्रिविक्रमका मूर्तिमा राम्रैसँग देख्न सकिन्छ । लाजिम्पाट र चाँगुको जस्तै पशुपति र एघारौं शताब्दीमा बनेको फर्पिङको त्रिविक्रमले लगाएको बालामा समानता देखिन्छ । पशुपतिका त्रिविक्रमका दायाँबायाँका चार हातमा केही च्याप्टो र मोतीको मसिनो बुट्टा बनाएको बाला लगाइएको छ । यसमा पनि लाजिम्पाट र चाँगुको जस्तै बीचमा सानो डल्लो मोती राखिएको छ । पशुपतिको बालाको विपरीत फर्पिङको त्रिविक्रमको बालको मध्यभागमा चारकुने लाम्चो घडीको आकारको बुट्टा बनाइएको छ । यी सबैभन्दा फरक हनुमानढोका सङ्ग्रहालयमा राखिएको त्रिविक्रमको चार-चार हातमा पानपाते बुट्टा भएको बाला लगाइएको छ ।

त्रिविक्रम जस्तै उक्त फलकमा रहेका लक्ष्मी, गरुड र अन्य देवदेवीका बालाहरूमा पनि विविधता देखिन्छ । लाजिम्पाटको त्रिविक्रमको छेउमा कमलको फूलमाथि उभिएकी लक्ष्मीको बायाँ हात बाक्ला बालाहरूले भरिएका छन् । त्यस्तै किसिमका हात भरीका बाला बलिको पछाडि उभिएकी उनकी पत्नीले पनि लगाएकी छन् । तर बलि पत्नीको दायाँ हातको बाला लक्ष्मीको बायाँ हातको भन्दा मसिना छन् । चाँगुनारायणको लक्ष्मीको हातको गहना लाम्पिाटको जस्तै देखिए तापनि दुवैमा निकै भिन्नता छ । चाँगुको लक्ष्मीको दुवै हातका बालाहरू ज्यादै कलात्मक देखिन्छ । लक्ष्मीको बालामा च्याप्टो पाताको दुवैतर्फ बाटुलो बीड बनाएर बीचमा गुणन चिन्हको रेखात्मक बुट्टाहरू बनाइएका छन् । यस्तै कलात्मक गहना त्रिविक्रमको बायाँ गोडा मुनि उभिएकी नारी मूर्ति र बलिको पछाडि उभिएकी उनकी पत्नीको बायाँ हातमा पनि देखिन्छ । तर अचम्मको कुरा के छ भने बलि पत्नीको दायाँ हातमा चारओटा मसिना चुरा लगाइएका छन् । यसबाट एक हातमा घडी र अर्को हातमा चुरा लगाउने आधुनिक महिलाहरूको प्रतिनिधित्व गरेको जस्तो लाग्दछ ।

फर्पिङको त्रिविक्रमको मूर्तिको फलकमा रहेकी लक्ष्मी र बलि पत्नीको बालामा निकै समानता देखिन्छ, दुवै मूर्तिहरूका हात मसिना चुराहरूले भरिएका छन् । यसै गरी त्रिविक्रमका सबै मूर्तिका

दायाँतर्फ रहेका गरुडले लगाएको बाला विष्णुको भन्दा मसिना भए पनि आकार भने मिल्दाजुल्दा छन् ।

बालायुक्त विष्णुको कर

त्रिविक्रमबाहेक लक्ष्मी र गरुडसमेत भएका विष्णुका छुट्टै अनेक प्राचीन मूर्तिका हातहरू अति राम्रा राम्रा बालाहरूद्वारा सजिएका छन् । पाँचौ शताब्दीमा बनेका चाँगुनारायण र त्यसैवखत बनेका नक्सालको विष्णु मूर्तिको निधारदेखि उभो सम्पूर्ण भाग फुटेको भए तापनि भाग्यवस चाँगुको बाला सहितको हातको टुक्रा फलकसँग टाँसिएको छ । चाँगुको यस विष्णु मूर्तिको पञ्चरत्न जस्तो बाक्लो बालाको दुवैतर्फ मुखमा डल्लो पारी एकअर्कोबाट छुट्याई अति सुन्दर ढङ्गबाट बनाइएको छ । विष्णुको दायाँतर्फ उभिएकी लक्ष्मीले दुवै हातमा चार चारओटा चुरा लगाएकी छन् । यसको चुराको बनौट र सङ्ख्या चाँगुको बलि पत्नीको बायाँ हातको जस्तै छ । नक्सालको विष्णुको दायाँतर्फ उभिएकी लक्ष्मीको बालाभन्दा सुन्दर छन् । यस मूर्तिमा लक्ष्मीको दुवै हातमा एक जोडी बुट्टेदार बाक्लो बाला फूल गुथेर बनाइएको माला हातमा बेन्ढेकोजस्तो देखिन्छ । यी सबै विष्णु सादा एक सरो बाला लगाएको छ । तर बालाको घुँडा मारेर अञ्जुली मुद्रामा बसकेका गरुडको हातको बालाको उपेक्षा गर्न सकिँदैन । दुई छुट्टछुट्टै किसिमका बुट्टा बाला मुख भएका च्याप्टा बाला गरुडको स्वस्थ हातमा अति सुन्दर देखिन्छ । माथि चर्चिएका बाटुलो बालाको विपरीत यो भित्रबाट खोक्रो र च्याप्टो हुनुका साथै यसको दुवै किनारमा लामा धर्को र माझमा फूल बुट्टा काढिएको छ भने अर्को तर्फ मुखमा टपजस्तो चिन्ह बनाइएको छ । यस बालाको दुवै मुखको बीचमा केही छुट्टिएको स्पष्ट देख्न सकिन्छ ।

शिव परिवारको प्राचीनतम् मूर्तिहरूमध्ये पाटन चामुण्डा मन्दिरको दोस्रो शताब्दीको उमा-महेश्वरको, मूर्ति एउटा मानिन्छ । दाहिने हातले उमालाई अंगालेको, महेश्वरको बायाँ उठेकी हातमा बाक्लो बाला बनाइएको छ । यस्तै बाला लगाइएको महेश्वरको मूर्ति पाटनको कुम्भेश्वर र मृगस्थलीमा पनि पाइएको छ । पाँचौं शताब्दीमा बनेको पाटन कुम्भेश्वरको उमा-महेश्वरको ठूलो च्याप्टो ढुङ्गामा कुँदेर बनाइएको मूर्तिमा महेश्वरले उठाएको दुवै हातमा मसिना बाला लगाएका छन् । यो मूर्ति हेर्दा मूर्तिकारले शिवको दुवै हातको सौन्दर्यतालाई बढी उजिल्याउन बाला बनाएको जस्तो देखिन्छ । त्यसै हुनाले यस मूर्तिलाई हेर्ने वित्तिकै बालामा आँखा पर्दछ । पाटन कुम्भेश्वरको जस्तै मृगस्थलीमा पाइएको छैटौं शताब्दीको उमा-महेश्वरका साथमा अनेक मूर्ति समेत भएको फलकमा महेश्वरले पातलो बाला लगाएका छन् । चामुण्डा मन्दिरको भन्दा कुम्भेश्वर र मृगस्थलीको महेश्वरको बाला निकै मसिना छन् ।

पाटन कुम्भेश्वरको पोखरीमा एउटा फलकमा कुँदिएका नवौं शताब्दिका शिव परिवारका हातमा लगाइएका बालाहरू वर्णनयोग्य छन् । यसमा फलकमा शिव-पार्वतीबाहेक अनेकौं मूर्तिहरूका हात सुन्दरतम् बालाहरूद्वारा सिङ्गारिएका छन् । यस फलकमा देवताका भन्दा देवीका बालाहरू बढी बुट्टेदार तथा राम्रा छन् । यहाँ पार्वतीले दुवै हातमा चार-चारओटा चुरा लगाएकी छन् । शिवको बालाको मध्यभागमा गुममुच्च पारी बुट्टा बनाइएका छन् । शिव पार्वतीको यस बालाको विपरीत पाटन गाहिटीको दशौं शताब्दीको फलक मूर्तिमा महेश्वरले अभयमुद्रामा रहेको दाहिने हातमा मूंगाको बुट्टा बनाइएको बाला लगाएका छन् भने उमाले दुवै हातमा तीन-तीनओटा बाक्ला बाला लगाएकी

छन् । यसै समयमा बनेका पाटन ध्याबुको उमा-महेश्वरका मूर्तिमा उमाले हातभरी चुरा लगाएकी छन् ।

### बालायुक्त बौद्ध मूर्तिका कर

भगवान् गौतम बुद्धको कुनै पनि मूर्तिमा गहना लगाएको पाइदैन । तर बोधिसत्व, मायादेवी तथा तारा जस्ता अनेक बौद्ध मूर्तिहरूका हाता आकर्षक बालाहरूले सिङ्गारिएका छन् । यीमध्ये बोधिसत्वको प्राचीन मूर्तिहरू विशेष उल्लेखनीय छन् । पाटन याम्पीबहाल नजिक रहेको आठौं शताब्दीको बोधिसत्वको साथै यसका दायाँ बायाँ अंजुली मुद्रामा बसेका नारी मूर्तिहरूले पनि सुन्दर बाला तथा चुरा लगाएका छन् । बोधिसत्वको दुवै हातको बाक्लो बालाको मध्यभागमा हत्केलादेखि माथि सानो फूल बनाइएको छ । तर यस मूर्तिको दायाँ बायाँ रहेका नारी मूर्तिहरूले दुवै हातमा मसिना तीन चारओटा सादा चुराहरू लगाएका छन् । त्यसै बखत बनेका काठेशिम्भु, सिंह भवनको बोधिसत्वको हावाको बाला पाटनको भन्दा पातलो भए पनि आकार र बनौट भने उस्तै छ । काठमाडौं ध्वाकावहालको सातौं शताब्दीको बोधिसत्वको बालामा याम्पीबहाल र काठेशिम्भुको जस्तो फूलबुट्टा बनाइएका छैनन् । यी बालाहरू सादा भए पनि अति सुन्दर छन् । साथै यसका दायाँबायाँ अंजुलीमुद्रामा रहेका नारी मूर्तिहरूले पनि अति नै च्याप्टो हस्तबन्ध लगाएका छन् । यो हस्तबन्ध च्याप्टो मोतीको दाना जडेर तेर्सो बाटुलो धर्को बनाएको जस्तो देखिन्छ । साथै यस दानादार पाताको मध्यमा ठाडो गरी आँखा आकारको लाम्चो चिन्ह बनाइएको छ । यसले हस्तबन्धको सौन्दर्यलाई अझै बढाएको छ ।

### निष्कर्ष

प्राचीनकालका हातमा बाला लगाउने कुरामा कुनै धर्म वा लिङ्गको भेद थिएन । हिन्दू तथा बौद्ध दुवै धर्मका आराध्यदेव तथा देवीका हात बालाद्वारा शोभायमान छन् । यसैगरी दुवै किसिमका मूर्तिका हातमा समानरूपबाट बुट्टेदार बाला लगाइएका छन् । यसको साथै प्राचीन मूर्तिहरूका दुईथरीका बाला मात्र होइन एक हातमा बाला र अर्को खाल रहेको पनि पाइयो ।

हाम्रा प्राचीनकालका अनेकौं मूर्तिहरू संरक्षणको अभावमा हातगोडा भाँचिएर जतासुकै मिल्किएर रहेका छन् । यसको महत्व नबुझ्ने मुढहरूले अझै पनि यसको रूप बिगार्दै छन् । त्यस्ता मूर्तिहरूका हाता गोडामा कस्ता गहना थिएए भन्ने कौतुहलता मेट्न हामीलाई गाह्रो छ भने हाम्रो सन्ततीलाई के होला ?

### ख) चाँगुनाराणको कथा

प्राचीनकालमा एकजना गोठालाले सुदर्शन नाम गरेका ब्राम्हणलाई गाई ल्याएका थिए । त्यो गाई धेरै दूध दिने खालको हो भन्ने कुरा सबैलाई थाहा थियो । गाठालाले गाई चराउन चाँगुतर्फ लैजाने गर्दथ्यो । त्यसबखत चाँगुमा प्रशस्त चम्पकको रूख थियो । घाँस चरिरहँदा गाई बेलाबेलामा खास रूखको छायाँमा जाने गर्दथ्यो । गाई त्यस रूखको छेउमा पुग्नेवित्तिकै त्यस रूखबाट एउटा बालक उत्पत्ति भई गाईको सबै दूध चुस्ने गर्दथ्यो । गोठालालाई यस्तो अनौठो कुराको केही ज्ञान थिएन । गाइले दूध दिदैनथ्यो । त्यसले गर्दा गोठालालाई ब्राम्हणकहाँ दूध पुऱ्याउन साह्रै गाह्रो भएको थियो । एक दिन गोठाला ब्राम्हण कहाँ गए र गाइले एक थोपा पनि दूध नदिएको कुरा सुनाए । यो सुनेर ब्राम्हण पनि छक्क परे र गाईमाथि निगरानी राख्ने विचार गरे । अर्को दिन गोठाला र ब्राम्हणले

गाइलाई पच्छ्याए । यिनीहरूले गाईको गतिविधिलाई थाहा नपाउने गरी लुकेर हेर्न थाले । यिनीहले गाई रूखको नजिक पुगेपछि एक बालक रूखबाट उत्पत्ति भई गाईको सबै दूध चुसेको देखेर छक्क परे । ब्राम्हण सुदर्शनले त्यस रूखमा भूत भएको ठानेर त्यस रूखलाई काटी दिए । रूख ठूलो आवाजका साथ ढल्यो । यिनले त्यो रूख काट्नेवित्तिकै चाँगुनारायण विष्णुलाई टाउको काटिएका अवस्थामा देखे । यस्तो अपराध गरेकोमा यिनीहरूले भगवानसँग माफ माग्न थाले । त्यसै वखत आकाशवाणीबाट अघिल्लो जन्ममा ब्राम्हणका पिता आफूद्धारा मारिएको हुनाले त्यसैको प्रायश्चित स्वयरूप यो घटना हुन पुगेको हो भन्ने कुरा सुनेपछि यी दुवैले त्यसै ठाउँमा भक्तिपूर्वक पूजा गरे । आजसम्म पनि तिनै ब्राम्हणका सन्तानले पूजा गर्ने र तिनै गोठालाका सन्तानले पूजामा सहयोग गर्ने चलन रहि आएको छ ।

*( राजोपा..... र भडेल*

*साभार : चाँगुनारायणमा रहेको वैष्णवराज श्रेष्ठको सङ्ग्रहालयबाट )*

## ४ पृष्ठपोषण

क) प्राचीन नेपालीलाई चिनाउन विदेशी मित्रलाई चिठ्ठी लेख्नुहोस् ।

ख) प्राचीन मूर्तिमा देखिने गहनाको चित्र बनाउनुहोस् ।

ग) प्राचीन मूर्तिका विभिन्न स्वरूपको जस्ताको त्यस्तै नक्कल गर्नुहोस् ।

घ) चाँगुनारायणको कथा लेख्नुहोस् ।

## ५ परिशिष्ट


क) लैनसिंह बाङ्देल, <u>प्राचीन नेपाली मूर्तिकलाको इतिहास</u> नेपाल राजकिय प्रज्ञा प्रतिष्ठान, कमलादी, काठमाडौं, नेपाल, २०३९ ।

ख) मनुजबाबु मिश्र, <u>विश्वको इतिहास</u> पाठयक्रम विकास केन्द्र, सानोठिमी भक्तपुर २०३९ ।

ग) धनबज्र बज्राचार्य, लिच्छविकालका अभिलेख, काठमाडौं, २०३० ।

घ) बालाचन्द्र शर्मा, नेपालको ऐतिहासिक रूपरेखा, वारणसी, २०२२ ।

ङ) मोहनप्रसाद खनाल, चाँगुनारायण ऐतिहासिक सामग्री, काठमाडौं, २०४० ।

च) लैनसिंह बाङ्देल, प्राचीन नेपाली मूर्तिकलाको इतिहास, काठमाडौं, २०३९ ।

छ) S.P. Gupta, The Roots of Indian Art, Delhi, 1980.

ज) Sheldon Cheney, A New World History of Art, New York, 1956.

झ) Sletta Kramrisch, The Art of Indian, London, 1965.

ञ) __________, The Art of Nepal, Austria, 1964.

ट) Krishna Deva, Images of Nepal, Delhi, 1984.

ठ) Lain S. Bangdel, The Early Sculptures of Nepal: Delhi, 1982.

## पाठ एक : नेपाल तिब्बत चीन युद्ध

१ **उद्देश्य**

यो पाठ पढिसकेपछि शिक्षकहरू निम्नलिखित कार्यहरूमा सक्षम हुनेछन् :

क) नेपाल तिब्बत चीन युद्धका कारणको विश्लेषण गर्न ।

ख) नेपाल तिब्बत चीन युद्धका घटनासम्बन्धी समाचार बनाउन ।

ग) नेपाल तिब्बत बीचमा सन्धिका प्रमुख बुँदा तयार गर्न ।

२ **विषयवस्तु**

क) युद्धका कारण

ख) युद्धका घटना

ग) सन्धि

३ **विषयवस्तु प्रस्तुतीकरण**

क) नेपाल-तिब्बत र चीन युद्ध

१७८८ ई. मा नेपाल र तिब्बतको बीचमा युद्ध प्रारम्भ भयो । यस युद्धमा पछि चीन पनि संलग्न भयो । त्यसैले युद्धमा तिब्बतसँगै चीनको नाम पनि जोडियो । यस युद्धका निम्नलिखित कारणहरू यसप्रकार थिए:

१) खोटो टक

अनेक धार्मिक काराणहरूले गर्दा तिब्बतले आफैं टक मार्दैनथ्यो । कान्तिपुरका राजा महेन्द्र मल्लको समयदेखि नेपालले चाँदीको टक मारेर तिब्बत पठाउने र सुन लिने गर्दथ्यो । यसले नेपाललाई निकै आर्थिक लाभ भएको थियो । तर मल्लकालको अन्तिम समयतिर नेपालले चाँदीमा तामा तथा अन्य धातु मिसाएर टक बनाई तिब्बत पठाउन थाल्यो । तिब्बतले त्यस्तो अशुद्ध मुद्रा लिन अस्वीकार गरेपछि विवाद उत्पन्न भयो ।

तिब्बत मल्लकालदेखिको अशुद्ध मुद्रा नेपालमा फिर्ता गरेर त्यसको सट्टा नयाँ मुद्रा प्राप्त गर्न चाहन्थ्यो । नेपाल त्यस्तो अन्यायपूर्ण मागलाई स्वीकार गर्ने पक्षमा थिएन । बहादुर शाहले आफ्नो नायबीकालमा मुद्राको समस्या समाधान गर्ने निकै कोशिश गरे । यिनले पुराना मुद्राको सट्टा नयाँ मुद्रा चलाउने विषयमा चीन सम्राट्लाई जानकारी गराउन आफ्ना प्रतिनिधिमण्डलको साथमा एक पत्र पठाए । त्यसबखत चीनले ल्हासामा आफ्ना प्रतिनिधि राख्ने गर्दथ्यो । यस प्रतिनिधिलाई अम्बान भनिन्थ्यो । नेपाली प्रतिनिधिमण्डलले लिएर गएको चीन सम्राटलाई बहादुर शाहले लेखेको पत्र पेचिङ पठाउन अम्बानहरूले मानेन् । त्यसपछि नेपाली प्रतिनिधिमण्डल निराश भएर स्वदेश फर्कियो । त्यसपछि नेपाल र तिब्बतबीचको सम्बन्ध असाध्यै विग्रीयो ।

२) व्यापारिक समस्या

प्राचीन कालदेखि नै नेपाल र तिब्बतको बीचमा व्यापारिक सम्बन्ध थियो । मध्यकालमा यो व्यापारिक सम्बन्ध अझ दरिलो भएको थियो । कान्तिपुरका मल्ल राजा लक्ष्मीनरसिंह मल्लको समयदेखि नै नेपाली व्यापारीहरूले तिब्बतमा कोठी खोलेर व्यापार सञ्चालन गरिरहेका थिए । पृथ्वीनारायण शाहले उपत्यका विजय गरेपछि तिब्बतसँगको व्यापार अवरूद्ध भएको थियो । यिनले तिब्बतसँगको व्यापार पुनः चालू गर्ने र मुद्रा चलाउने कुरामा निकै प्रयास गरे । तर पृथ्वीनारायण शाहको एकीकरण अभियान र विस्तारबाट त्रसित तिब्बतीहरूले नेपालसँग व्यापार विस्तार गर्ने कुरामा कुनै चासो देखाएनन् । प्रतापसिंह शाह र बहादुर शाहले पनि तिब्बतसँगको व्यापारलाई निकै महत्त्व दिएका थिए । यी दुवैको शासनकालमा पठाइएका नेपाली व्यापारिक दूतमण्डलहरूले खाली हात फर्कनु परेको थियो । नेपालसँग तिब्बतले गरेको केरुङ र कुतीको बाटो नेपाल हुँदै भारतसँग व्यापार गर्नुपर्ने प्रावधान थियो । यस सन्धिको उल्लङ्घन गर्दै तिब्बतले सिक्किमको बाटो खोलेर भारतसँग व्यापार गर्न थाल्यो । यसले गर्दा नेपालको हिमालपारको व्यापारमा प्रतिकूल असर पर्‍यो । नेपाली व्यापारीहरूले भारतीय सामानहरू तिब्बतमा लगेर बेच्ने र तिब्बती सामान भारत पुर्‍याएर निकै फाइदा गरेका थिए । यसका साथै नेपाली भरियाहरूले पनि यस व्यापारबाट आर्थिक लाभ प्राप्त गरेका थिए । सिक्किमको बाटो तिब्बतको व्यापार सञ्चालन भएपछि नेपालले ठूलो व्यापारिक क्षति सहनुपरेको थियो । यस व्यापारिक मार्गलाई पुनः चालू गर्न युद्ध हुनु अनिवार्य थियो । यसका साथै तिब्बतीहरूले नेपाली व्यापारीहरूको पसल लुट्ने र व्यापारीहरूलाई अनेक किसिमबाट दुःख दिने गर्दथे ।

३) नूनमा मिसावट

नेपालले ठूलो परिमाणमा तिब्बतबाट नून आयात गर्दथ्यो । खास गरेर नेपालको सम्पूर्ण पहाडी तथा हिमाली क्षेत्रमा तिब्बतबाट आयात गरिएको नून नै प्रयोग गरिन्थ्यो । यस क्षेत्रमा श्राद्ध तथा यस्तै पवित्र कार्यमा तिब्बतबाट आयातित सिधेनून नै प्रयोग गरिन्थ्यो । हालसम्म पनि यो प्रथा ब्राम्हण तथा उच्च जातिमा नेपालभरि विद्यमान रहेको नै पाइन्छ । यसरी तिब्बती नून धार्मिक कार्यको साथै नेपाली जीवनको अति आवश्यक खाद्यवस्तु बनेको थियो । बहादुर शाहको नायबीकालमा तिब्बतले नूनमा धूलो मिसाएर नेपालमा निर्यात गर्न थालेको थियो । यिनले यस कुराको विरोध गर्दै शुद्ध नून पठाउन अनुरोध गर्दा तिब्बतले शुद्ध नून जाँचेर लैजान जिम्मेवारी दुवै राष्ट्रको बराबर हुन्छ भन्ने ठाडो जवाफ दियो । यस ठाडो जवाफलाई सुन्न सक्ने क्षमता स्वाभिमानी बहादुर शाहमा थिएन । त्यसैले नेपाल र तिब्बतको बीचमा युद्धको वातावरण तयार भयो ।

४) शमर्पा लामालाई नेपालमा शरण दिनु

तिब्बतबाट शमर्पा लामाले शरणार्थीको रूपमा नेपालमा प्रवेश पाएपछि नेपाल-तिब्बत युद्धले नयाँ उर्जा प्राप्त भयो । नेपालमा शमर्पा लामा आउने कारणमा दुई भनाइहरू प्रचलित भएको पाइन्छ । पहिलो भनाइअनुसार तिब्बतको धार्मिक मठ तासिलुम्पोका धर्मगुरु पिन्छेन लामा चिनियाँ सम्राट चेनलुङको सत्तरीऔं जन्मजयन्तीको अवसरमा सम्राटलाई आशिर्वाद दिन पेचिङ गएका थिए । त्यसैबखत पिन्छेन लामाको कसैले हत्या गरिदियो । पिन्छेन लामाको हत्या भएपछि यिनको अवतार नभएसम्मका लागि यिनका भाइ शमर्पा लामाले

तासिलुम्पोको हर्ताकर्ता भएर काम गरेका थिए । त्यसबखत यिनले तासिलुम्पोको धेरै धनमाल हिनामिना गरेका थिए । आफूमाथि कारवाही हुन्छ भन्ने डरले शमर्पा लामा आफ्ना सबै सम्पत्ति र पन्ध्रजना समर्थकहरूका साथ भागेर नेपालको शरणमा आए । अर्को भनाइअनुसार पिन्छेन लामाको हत्यापछि शमर्पा लामा र यिनका भाइ दुङपा त्रुलुकको बीचमा धनसम्पत्तिको बाँडफाँडको कुरालाई लिएर झगडा भयो । त्यसैबखत शमर्पा लामा अपार धनसम्पत्तिको साथ छुम्बी घाँटीको बाटो हुँदै शरणार्थीको रूपमा नेपाल आएका थिए । शमर्पा लामा नेपालमा जुनसुकै कारणले आएको भए तापनि तिब्बतले यिनलाई फिर्ता गर्न नेपालसँग माग गर्न थाल्यो । बहादुर शाहले यिनलाई फिर्ता गर्नुसट्टा धर्मपुत्र गराई नागरिक र सल्लाहकार बनाई राखे । यसले गर्दा नेपाल र तिब्बतको बीचको सम्बन्ध असाध्यै बिग्रीयो । अन्त्यमा यसले गर्दा नेपाल तिब्बतको विच युद्ध भयो ।

५) दोस्रो नेपाल-तिब्बत चीन युद्ध (१७९१-९२)

केरुङको सन्धिअनुसार तिब्बतले नेपाललाई पहिलो वर्ष बुझाउनुपर्ने रकम बुझायो । तर दोस्रो वर्षदेखि तिब्बतले यो रकम बुझाएन । यसको विपरित तिब्बतले केरुङको सन्धिमा संशोधन गर्ने प्रस्ताव राख्यो । यस सम्बन्धमा तिब्बतसँग कुरा गर्न नेपाली प्रतिनिधिमण्डलको साथमा शमर्पा लामा पनि गएका थिए । तिब्बती अधिकारीहरूले वार्तामा भाग लिनुको सट्टा शमर्पा लामालाई समात्ने कोशिश गर्न थाले । तिब्बतको यो चालबाजी बुझेर नेपाली प्रतिनिधिमण्डलले उल्टै त्यहाँका काजीहरूलाई समातेर नेपाल ल्याए । यसले गर्दा वार्ता भङ्ग भयो र युद्धको पुनरावृत्ति भयो । नेपालले युद्धमा सहयोग गर्न भारतको इष्ट इण्डिया कम्पनी सरकारलाई अनुरोध गरेको थियो । तिब्बत चीनको करद राज्य भएको हुनाले नेपाल-तिब्बतको झगडामा कम्पनी सरकारले हस्तक्षेप गर्नु उचित ठानेन । यसको साथै यस किसिमको हस्तक्षेपले गर्दा चीन र कम्पनीको बीचको सम्बन्ध बिग्रेर यी दुवैको बीचमा व्यापारमा पनि प्रतिकूल असर पर्ने थियो । भारतको इष्ट इण्डिया कम्पनी सरकारले तिब्बतलाई मद्दत नगरे पनि चीन सरकार नेपाल र तिब्बतको बीचमा भएको यस युद्धको विषयमा पूर्ण जानकारी राख्य्यो । तिब्बतमा रहेका चिनियाँ अम्बानहरूले यस विषयमा पूर्ण जानकारी राख्य्यो । तिब्बतमा रहेका चिनियाँ अम्बानहरूले यस विषयमा आफ्ना सरकारलाई बराबर सूचना दिने गर्दथे । यस विषयमा तथ्य पत्ता लगाउन चिनियाँ सम्राट्ले छिङ तेह नामका अधिकारीलाई तिब्बत पठाए । यिनकै सिफारिसमा चिनियाँ सम्राटले नेपालको विरूद्धमा सहयोग गर्न आफ्ना फौज तिब्बत पठाए । चीनको संलग्नताले गर्दा नेपाल-तिब्बत युद्धले नेपाल-तिब्बत र चीन युद्धको रूप लियो ।

## ४ पृष्ठपोषण

क) नेपाल-तिब्बत चीन युद्धका कारणसम्बन्धी प्रमुख बुँदा तयार गर्नुहोस् ।

ख) नेपाल-तिब्बत चीनमा घटनासम्बन्धी समाचार बनाउनुहोस् ।

ग) नेपाल-तिब्बत चीनमा भएको युद्धपछिका सन्धिका खाँका तयार गर्नुहोस् ।

## ५ पाठ्यसामग्री


क) डा. श्रीरामप्रसाद उपाध्याय, नेपालको समीक्षात्मक इतिहास साझा प्रकाशन २०५५ ।

ख) शम्शेर बहादुर थापा, बडामहारजा पृथ्वीनारायण शाहदेवका सुयोग्य अनुयायी अधिराजकुमार बहादुर शाहको प्रमाणित इतिहास, दिवाकर विक्रम शाह, बानेश्वर, काठमाडौं, २०५५ ।

पाठ दुई : नेपाल-अङ्ग्रेज युद्ध

१ उद्देश्य

यो पाठ पढिसकेपछि शिक्षकहरू निम्नलिखित कार्यहरूमा सक्षम हुनेछन् :

क) नेपाल-अङ्ग्रेज युद्धका कारण सम्बन्धमा प्रवचन दिन ।

ख) सुगौलीका सन्धिको प्रतिलिपि सार्न ।

ग) नेपाल-अङ्ग्रेज युद्धका परिणामको समाचार बनाउन ।

२ विषयवस्तु

क) नेपाल-अङ्ग्रेज युद्धका कारण

ख) सुगौलीको सन्धि

ग) युद्धको परिणाम

३ विषयवस्तु प्रस्तुतीकरण

क) नेपाल-अङ्ग्रेज युद्धका कारण

१) विस्तारवादी नीति

जुन बेला नेपाल साना-साना राज्यहरूलाई जितेर एउटा विशाल राष्ट्र बनाउने उद्देश्यबाट एकीकरण अभियानमा लागेको थियो त्यसै बखत भारतमा इष्ट इण्डिया कम्पनी सरकार आफ्नो साम्राज्यविस्तारको काममा दत्तचित्त भई लागेको थियो । नेपालको एकीकरण अभियानअन्तर्गत आफ्ना सिमाना तराईका विशाल फाँटमा पुऱ्याउँदा अङ्ग्रेजहरू पनि आफ्नो विस्तारवादी नीतिको पालन गर्दै नेपालको सिमानासँग आफ्नो सिमाना जोड्न आइपुगे । विस्तारवादी अङ्ग्रेजहरूलाई नेपाल शक्तिशाली विशाल राष्ट्रको रूपमा अगाडि आएको मन परेको थिएन । नेपालको एकीकरणले उसको अहित गर्छ भन्ने कुरा अङ्ग्रेजहरूलाई थाहा थियो । नेपालको राज्यविस्तारलाई नरोक्ने हो भने यसले भारतमा अङ्ग्रेजहरूमाथि ठूलो खतरा आइपर्नेछ भन्ने कुरा उनीहरूले राम्ररी बुझेका थिए । त्यसै हुनाले यिनीहरूको निम्ति नेपालसँग युद्ध गर्नु अति नै आवश्यक भएको थियो । यसको साथै नेपाललाई पनि एकीकरणको काममा अङ्ग्रेजहरूले बाधा पुऱ्याउन थालेका छन् भन्ने अनुभव हुन थाल्यो । त्यसले गर्दा दुवैको निम्ति युद्ध गर्न अनिवार्य भयो ।

२) नेपालमा कम्पनी सरकरको चाहना

नेपालको भौगोलिक स्थिति तथा प्राकृतिक सम्पदाबाट इष्ट इण्डिया कम्पनी अत्यन्त आकर्षित भएको थियो । तिब्बत र भारतको बीचमा अवस्थित नेपालमा व्यापार विस्तार गरेर कम्पनी सरकार तिब्बतलाई पनि आफ्नो महत्त्वपूर्ण बजारको रूपमा विकसित गर्न चाहन्थ्यो । त्यसैले यसले नेपालमा आफ्ना मानिसहरू पठाएर नेपालको प्राकृतिक सम्पदा तथा बजारको स्थितिको विषयमा अध्ययन गर्न लगाएको थियो । ती मानिसहरूको प्रतिवेदन तथा अध्ययनको

आधारमा कम्पनी सरकारले नेपाललाई व्यापार-प्रबर्द्धनको निम्ति उपयुक्त ठाउँ ठानेको थियो । साथै नेपालको जलवायु अङ्ग्रेजहरूको निम्ति निकै नै उपयुक्त थियो । अङ्ग्रेजहरू बेलायतजस्तो ठन्डा मुलुकबाट आएका हुनाले यिनीहरूलाई भारतको कलकत्ता, मद्रास, बम्बई, दिल्लीजस्ता ठाउँमा दिन बिताउन निकै गाह्रो भएको थियो । नेपालका बनजङ्गल तथा वनस्पति पनि अङ्ग्रेजहरूका लागि उपयोगी भएका थिए । नेपालका जङ्गलमा पाइने धूपी तथा सल्लाको काठ पानीजहाज तथा रेलमार्गको निर्माणको निम्ति उपयोगी ठानिन्थ्यो । अङ्ग्रेजहरूले यस्ता वस्तुहरूलाई कच्चा पदार्थको रूपमा आफ्ना कारखानाहरूमा प्रयोग गर्न सकिने ठानेका थिए । यसको साथै नेपालमा पाइने तामा, सिसा, अभ्रख, गन्धक, सोडाका खानीले पनि अङ्ग्रेजहरूलाई लोभ्याएको थियो ।

३) अङ्ग्रेज मिसनहरूको असफलता

आफ्ना विभिन्न स्वार्थहरूले गर्दा भारतको इष्ट इण्डिया कम्पनी सरकार नेपालसँग मैत्रीसम्बन्ध स्थापना गर्न चाहन्थ्यो । यसै इच्छालाई पूरा गर्न यसले विभिन्न समयमा आफ्ना प्रतिनिधिहरू नेपाल पठाएको थियो । पृथ्वीनारायण शाहले उपत्यकामा विजय गर्ने वित्तिकै अङ्ग्रेज इष्ट इण्डिया कम्पनी सरकारले नेपालसँग सम्बन्ध सुधार्ने र व्यापार विस्तार गर्ने कुरामा आपसी छलफल गर्न १७६९ ई. मा जेम्स लोगनको नेतृत्वमा एउटा प्रतिनिधिमण्डल नेपाल पठाएको थियो । यस प्रतिनिधिमण्डलले अघि जयप्रकाश मल्लको सहयोगको निम्ति किनलकको नेतृत्वमा फौज पठाएर कम्पनी सरकारले गल्ती गरेको थियो भनी क्षमायाचना पनि गरेको थियो । यस प्रतिनिधिमण्डलले पुरानो कुरालाई बिर्सेर अब कम्पनी सरकारले नयाँ किसिमबाट नेपालसँग सम्बन्धविस्तार गर्न खोजेको विचार व्यक्त गरेको थियो । तर पृथ्वीनारायण शाहलाई अङ्ग्रेजहरूको नियत राम्ररी थाहा थियो । व्यापार गर्न भारत आएका अङ्ग्रेजहरूले कसरी विस्तारै राज्य स्थापना गरेका थिए भन्ने कुरा यिनले राम्ररी बुझेका थिए । त्यसै हुनाले यिनी अङ्ग्रेजहरूलाई आफूभन्दा टाढै राख्न चाहन्थे । यिनीपछिका नेपालका शासकहरूले पनि यिनको यसै नीतिलाई पालन गरे । त्यसै हुनाले जेम्स लोगनपछि नेपाल आएका फोक्सक्रोफ्ट (१७८४), कर्कपैट्रिक (१७९३), मौलवी अब्दुल कादिर खाँन (१७९५) र डब्लु.ओ. नक्स (१८०२) मिसन एकपछि अर्को गरी असफल भयो । आफ्ना मिसनहरू यसरी एकपछि अर्को असफल हुँदै गएकोदेखि कम्पनी सरकार नेपालसँग असाध्यै रिसायो । यसको निम्ति नेपालसँग युद्ध गर्नुबाहेक अन्य विकल्प रहेन ।

४ भीमसेन थापाको एसियाली सङ्घ

भारतमा बलियो भएर रहेको इष्ट इण्डिया कम्पनी सरकारलाई एक्लैले युद्ध गरेर धपाउन सकिँदैन भन्ने कुरा कूटनीतिज्ञ भीमसेन थापालाई राम्ररी थाहा थियो । त्यसैले यिनी कम्पनी सरकारको विरूद्धमा सङ्घर्ष गर्न एसियाली राष्ट्रहरूको एउटा सङ्घ बनाउन चाहन्थे । यिनले तिब्बत, चीन, बर्मा र भारतीय राज्यहरूलाई यस सङ्घभित्र पार्न आफ्ना दूतहरू पठाएका थिए । तिब्बतलाई आफ्नो गुटमा सामेल गर्नको निम्ति लेखिएको पत्रमा 'यो मुलुक फिरङ्गीले पायो भन्या भोटलाई पनि बढिया छैन' भनी चेतावनी दिइएको थियो । तर अङ्ग्रेजहरूको शक्तिबाट परिचित तिब्बत र चीनले भीमसेन थापाको यस गुटमा सामेल हुन चाहेनन् । भीमसेन थापाले मराठाहरूलाई आफ्नो पक्षमा मिलाउन आफ्ना दूत पं. पद्मपाणि शर्मालाई ग्वालियर पठाएका थिए । तर मराठाहरूले पनि नेपाललाई सहयोग गर्ने

कुरामा सकारात्मक जवाफ दिएनन् । भीमसेन थापाले रणजित सिंहलाई आफ्नो पक्षमा मिलाउन आफ्ना दूत पृथ्वीविलास उपाध्यायलाई पन्जाब पठाएका थिए । नेपाली फौजले संसार चन्दको काँगडा किल्लामाथि आक्रमण गरेको हुनाले रणजित सिंह नेपालसँग रिसाएका थिए । यिनलाई अङ्ग्रेजहरूको शक्तिको राम्रो पहिचान थियो । यिनी अङ्ग्रेजहरूसँग तरवार जुधाउन चाहँदैनथे । साथै रणजित सिंहले अङ्ग्रेजहरूसँग अमृतसरको सन्धि गरेको हुनाले यिनी यस सन्धिलाई तोडेर नेपालसँग मिल्न चाहँदैनथे । भीमसेन थापाले बर्मासँग पनि मित्रताको हात बढाउन खोजेका थिए । यिनको यस गतिविधिहरूमाथि रोक लगाउनु अङ्ग्रेजहरू आफ्नो परमकर्तव्य सम्झन्थे ।

५) अङ्ग्रेजहरूको निम्ति युद्धको अनुकूल परिस्थिति

नेपालसँग युद्ध हुनुभन्दा अघि अङ्ग्रेजहरूको यूरोप, अफ्रिका तथा एसियाका महत्त्वपूर्ण युद्धहरूबाट फुर्सत पाइसकेका थिए । यिनको सेना र हातहतियार बेकार भएर रहेका थिए । १८१५ ई. को वाटरलुको लडाइँमा नेपोलियन बोनापार्टलाई हराएपछि बेलायतको स्थिति यूरोपमा निकै सुदृढ भएको थियो । यस युद्धपछि बेलायत औपनिवेशिक शक्तिमा सबभन्दा अग्रणी हुन पुग्यो । फ्रान्सलाई हराएपछि सामुद्रिक शक्तिमा बेलायतलाई हाँक दिन सक्ने कुनै राष्ट्र बाँकी रहेन । वेष्टइण्डिजको ट्रिनिडाड, टोवागो र सेन्ट लुसियामाथि अधिकार गरेपछि बेलायतको कृषि-उत्पादन र व्यापारमा तिव्रता आयो । यी ठाउँहरूमा प्रशस्त मात्रामा उखु र तमाखु हुने गर्दथ्यो । दक्षिण अफ्रिकाको केप अफ गुड होपमाथि अधिकार गरेपछि बेलायतलाई पूर्वसँग व्यापार गर्न पनि सजिलो भयो । १७६४ ई. को बक्सरको युद्धमा अङ्ग्रेज फौजले एकैपल्टमा अवधका नवाब सुजाउद्दौला दिल्लीका सम्राट् शाह आलम द्वितीय र बङ्गालका नवाब मीरकासिमको संयुक्त फौजलाई परास्त गऱ्यो । यसले गर्दा उत्तर-भारतको सम्पूर्ण बङ्गाल, विहार र उडिसा राज्यमा अङ्ग्रेज साम्राज्यको स्थापना भयो । १७९९ ई. को चौथो मैसुरको युद्धमा टिपु सुल्तानलाई अङ्ग्रेज फौजले हराएपछि उत्तर भारतको साथसाथै दक्षिण-भारतमा पनि उत्तरतर्फ रहेको स्वतन्त्र हिमाली राष्ट्र नेपालतर्फ अङ्ग्रेजहरूको ध्यान आकृष्ट हुनु स्वाभाविक थियो । नेपोलियनसँगको युद्धमा बेलायतको उद्योग तथा व्यापार रुग्ण अवस्थामा पुगेको थियो । ती उद्योग तथा व्यापारको विस्तार र विकासको निम्ति बेलायतलाई कच्चा पदार्थ र बजारको आवश्यकता थियो । त्यसको निम्ति नेपाल अत्यन्त उपयोगी स्थल थियो ।

६) लर्ड हेस्टिंग्सको साम्राज्वादी नीति

१८१३ ई. मा भारतमा गभर्नर जनरल भएर आउँदा लर्ड हेस्टिंग्सले अन्य राष्ट्रहरूको आन्तरिक मामलामा हस्तक्षेप नगर्ने नीति लिएका थिए । तर परिस्थितिवश यिनले विस्तारै आफ्नो नीतिमा परिवर्तन ल्याउनुपऱ्यो । यिनको छिमेकी राज्यहरूप्रतिको नीति कठोर हुँदै गयो । यिनको नेपालप्रतिको नीति पनि यस्तै कठोर थियो । त्यसै हुनाले यिनले वार्ता तथा शान्तिपूर्ण ढङ्गबाट समाधान हुन सक्ने नेपाल र कम्पनी सरकारबीचको समस्यालाई युद्धको माध्यमबाट अझै जटिल बनाउन खोजे । यिनले नेपाललाई धम्कीपूर्ण चिठी लेखेर नेपाली स्वाभिमान र राष्ट्रियतामाथि धक्का लगाउने प्रयास गरे । यसले गर्दा नेपालीहरूको निम्ति पनि अङ्ग्रेजहरूसँग युद्ध गर्नु आवश्यक भयो ।

७) नेपालको विरूद्धमा भ्रामक प्रचार

अङ्ग्रेजहरू कूटनीति र जालझेलमा निपुण थिए । यिनीहरूले नेपालको विरूद्धमा अनेक भ्रामक प्रचार गरी हालै जितिएका राज्यका जनतालाई भड्काएर जनमतलाई आफ्नो पक्षमा पार्ने प्रयास गर्न थाले । यसको निम्ति कम्पनी सरकारले नेपालको सीमावर्ती विभिन्न इलाकाहरूका पर्चावाजी गरेको थियो । १८१४ ई. (१८७१ पौष २ गते) कुमाउँका वासिन्दाहरूको नाममा छरेको पर्चामा 'गोरखालीहरूले बिनाकारण अन्यायपूर्वक अङ्ग्रेजी राज्यमा हमला गरेको हुनाले अङ्ग्रेज सरकारले गोरखा सरकारसँग लड्न विवश हुनुपर्‍यो' भन्ने कुरा परेको थियो । साथै उक्त पर्चामा कुमाउँबाट गोरखाली फौजको अधिकार हटाउन अङ्ग्रेज फौजलाई मद्दत गर्न कमाउँका वासिन्दालाई अनुरोध पनि गरिएको थियो । यस पर्चालाई कुमाउँको विभिन्न पहाडी भागमा पनि छरिएको थियो । यस पर्चाबाजीले गर्दा गोरखाली फौजको पठान युवा संलग्न भएको एउटा टुकडी अङ्ग्रेजहरूतर्फ मिल्न गयो । यस्तो झूटो र भ्रामक प्रचारले गर्दा नेपालीहरू अझै उत्तेजित भए । यसले गर्दा नेपालमा पनि युद्धको मानसिकता तयार भयो ।

८) नेपालबाट भागेका राजा-रजौटाहरूको गतिविधि

एकीकरणको समयमा आफ्नो राज्य गुमाएर भारतीय भूमिमा बसिरहेका राजा-रजौटाहरूले पनि नेपालको विषयमा भ्रामक प्रचार गरी अङ्ग्रेजहरूलाई नेपालमाथि आक्रमण गर्न उचालिरहेका थिए । अङ्ग्रेजहरू पनि नेपालबाट भागेका राजा-रजौटाहरूलाई यिनीहरूको राज्य फिर्ता गराउने आश्वसन दिएर आफ्नो पक्षमा मिलाएका थिए । यिनीहरूले नेपालबाट भागेकाहरूबाट यहाँको बाटोघाटो, सैनिकशक्ति तथा अन्य उपयोगी सूचनाहरूको जानकारी प्राप्त गर्दथे । यसरी अङ्ग्रेजहरूलाई साथ दिनेहरूमा गढवाल र कुमाउँका भूतपूर्व शासकहरू बढी देखिन्थे । पाल्पाका राजा पृथ्वीपाल सेनका छोरा रत्न सेनले पनि गोरखपुर नजिक निचरौलमा बसेर अङ्ग्रेजहरूलाई युद्धको निम्ति अभिप्रेरित गरिरहेका थिए । यसले गर्दा अङ्ग्रेजहरूलाई नेपालमा युद्ध गर्न बल प्राप्त भयो ।

९) तत्कालीन कारण स्यूराज र बुटवलको विवाद

नेपाल अङ्ग्रेज युद्धको तत्कालीन कारण स्यूराज र बुटवलको विवाद थियो । स्यूराज र बुटवल पाल्पा राज्यअन्तर्गतका भूभाग थिए । त्यसैले नेपालले पाल्पामाथि अधिकार गरेपछि स्यूराज र बुटवल पनि स्वत: नेपालकै हुन्छ भन्ने नेपालीहरूको दाबी थियो । तर वास्तविक रूपमा पाल्पाका राजाले ती दुई ठाउँ अवधका बजिरलाई मालपोत बुझाउने गरी लिएका थिए । अबधमाथि कम्पनी सरकारको अधिकार भएपछि अङ्ग्रेजहरूले पनि ती ठाउँहरूमाथि आफ्नो दाबी गर्न थाले । यस समस्याको समाधानको निम्ति नेपालले दलभन्जन पाँडे र रङ्गनाथ पण्डितलाई खटाएको थियो भने अङ्ग्रेजहरूको तर्फबाट ब्राडशा खटिएका थिए । यी दुवै थरीका प्रतिनिधिहरूका बीचमा वार्ता चल्यो । तर यस वार्ताको कुनै निष्कर्ष निस्केन । यसरी वार्ता असफल भएपछि अङ्ग्रेज गभर्नर जनरल लर्ड हेस्टिंगसले नेपाललाई पत्र पठाई रौतहटको बाइस गाउँ र स्यूराज र बुटवलबाट आफ्ना फौज हटाउन पच्चीस दिनको म्याद दियो । उक्त म्यादभित्र सेना नहटाएमा अङ्ग्रेज फौजले युद्ध गर्ने धम्की पनि उक्त पत्रमा दिइएको थियो । नेपालले उक्त पत्रको कुनै जवाफ दिएन र आफ्नो फौज पनि हटाएन ।

त्यसपछि २२ अप्रिल १८१४ मा ३ पल्टन अङ्ग्रेज फौजले स्यूराज र बुटवलमा नेपाली फौजमाथि आक्रमण गऱ्यो । नेपाली फौज ती दुवै ठाउँहरूबाट पछाडि हट्नुपऱ्यो । त्यसपछि आफ्ना केही मानिस त्यहाँ तैनाथ गरेर अङ्ग्रेज फौज फर्कियो । अङ्ग्रेज फौज हटेको थाहा पाएपछि नेपाली फौजले पुन: ती ठाउँहरूमाथि अधिकार जमायो । त्यसपछि १ नोभेम्बर १८१४ मा गभर्नर जनरल लर्ड हेस्टिंग्सले नेपालको विरूद्धमा औपचारिक रूपमा युद्धको घोषणा गरे । तर यो घोषणा हुनुभन्दा आठ दिनअगाडि नै दशैंको मौका छोपेर अङ्ग्रेज फौज नेपालको सिमानाभित्र पसिसकेका थिए ।

**४ पृष्ठपोषण**

क) प्रवचन कार्यक्रम बनाउनुहोस्, प्रवचनको निम्ति तयारी गर्नुहोस् ।

ख) सुगौली सन्धिका प्रतिलिपि सार्नुहोस् ।

ग) नेपाल-अङ्ग्रेज युद्धका परिणामका समाचार बनाउनुहोस् ।

**५ पाठ्यसामग्री**

क) डा. श्रीरामप्रसाद उपाध्याय, नेपालको समीक्षात्मक इतिहास साझा प्रकाशन २०५५ ।

१ **उद्देश्य**

**यो पाठ पढिसकेपछि शिक्षकहरू निम्नलिखित कार्यहरूमा सक्षम हुनेछन् :**

क) भारतको नक्सामा नालापानी देखाउन ।

ख) किल्लाको वर्णन गर्न ।

ग) कलङ्गाको युद्धसम्बन्धी पत्रलाई समाचारमा बदल्न ।

२ **विषयवस्तु**

क) नालापानीको भौगोलिक स्थिति

ख) नालापानीको अवस्था

ग) नालापानी युद्धको समाचार

३ **विषयवस्तु प्रस्तुतीकरण**

क) नालापानी युद्ध

नालापानी र कलङ्गाको युद्ध

देहरादूनदेखि पुग-नपुग साढे दुईकोष उत्तरपूर्वमा नालापानी भन्ने ठाउँको पाँच-छ सय फिट अग्लो टारमा नेपाली फौजले एउटा किल्ला बनाएको थियो । यस किल्लालाई कलङ्गा वा खलङ्गा भनिन्थ्यो । यस किल्लाको रक्षा गर्ने अभिभारा बलभद्र कुँवरलाई दिइएको थियो । त्यस किल्लाभित्र बाल, बृद्ध, महिला तथा युवा गरी छ सय नेपालीहरू रहेका थिए । त्यस किल्लामाथि आक्रमण गर्न खटिएका अङ्ग्रेज फौजका जनरल जिलेस्पीले बलभद्र कुँवरलाई हामीसँग मिल्न आऊ भनी पत्र लेखी पठाए । बलभद्र कुँवरले "आधा रातमा पत्र खोल्ने हाम्रा चलन छैन, युद्धभूमिमा भेटौंला" भन्ने जवाफ दिएर पत्र च्यातिदिए । गभर्नर जनरल लर्ड हेस्टिंग्सले औपचारिक रूपबाट युद्धको घोषणा गर्नुभन्दा एकदिन अघि ३१ अक्टुबर १८१४ मा नै जनरल जिलेस्पीले कलङ्गाको किल्लामाथि आक्रमण गरे । यस युद्धमा नेपालीहरूले अदम्य वीरता र साहसको परिचय दिएका थिए । अङ्ग्रेज फौजको बन्दुक र तोपको गोलाको जवाफमा नेपालीहरूले किल्लाभित्रबाट ढुङ्गामुढा बर्साएका थिए । अङ्ग्रेजी फौजको नेतृत्व गर्दै किल्लातर्फ अगाडि बढ्न खोज्दा लेफ्टिनेन्ट एलिस मारिए । त्यसपछि आफ्ना फौजको हौसला बढाउँदै किल्लाको ढोकातर्फ बढ्न लाग्दा नेपाली फौजको गोलीबाट जाभाको युद्धमा विजयी भएका जनरल जिलेस्पी र यिनको बहिनी ज्वाइँको मृत्यु भयो । जनरल जिलेस्पीको मृत्युपछि कर्नेल मावि अङ्ग्रेजी फौजका कमान्डर भए । यिनले किल्लामाथि अधिकार गर्न नसकिने भएकोले आफ्ना फौजलाई देहरादून फर्काए । २४ नोभेम्बर १८१४ मा दिल्लीबाट आएको फौज र तोपको सहयोग लिएर ठूलो तयारीका साथ अङ्ग्रेजहरूले कलङ्गाका किल्लामाथि दोस्रोपटक आक्रमण गरे । तीन दिनसम्म चलेको यस युद्धमा पनि अङ्ग्रेजी फौजले विजयको कुनै सम्भावना देखेनन् । त्यसैले यिनीहरूले किल्लाभित्र आउने पानीको नाला बन्द गरिदिए । त्यसपछि बलभद्र कुँवर प्यासले लाचार भएका आफ्ना सत्तरी जना सहयोगीहरूका साथ हातमा नाङ्गो तरवार, काँधमा बन्दुक र कम्मरमा खुकुरी भिरेर किल्लाबाट बाहिर निस्किए । यिनीहरूले बाहिर निस्की पेटभरी पानी पिएपछि वीर बलभद्र कुँवरले अङ्ग्रेजी फौजतर्फ फर्केर सम्बोधन गर्दै भने, "तिमीहरूको निम्ति किल्लामाथि विजय

गर्नु असम्भव थियो तर अब म स्वयम् आफ्नो इच्छाले त्यसको त्याग गर्दछु ।" त्यसपछि नहानबाट आफ्नो सहायताको निम्ति आएको तीनसय फौजसाथ बलभद्र कुँवर र यिनका सहयोगीहरू जीतगढको किल्लाको रक्षा गर्न त्यसतर्फ लागे । अङ्ग्रेजी फौजले नेपालीहरूको वीरताबाट नतमस्तक भएर बलभद्र कुँवर र यिनका साथीहरूको सम्मानमा शिलालेख तयार गरे जसमा "हाम्रा वीर शत्रु बलभद्र सिंह र उनका वीर गोर्खा साथीहरूको स्मृतिमा सम्मानोपहार" (As a Tribute of Respect for our Gallant Adversary Balbhadra Singh and his Brave Gorkhas) भन्ने लेखिएको थियो ।

जनरल जिलेस्पीको मृत्युपछि अङ्ग्रेजी फौजको नेतृत्व जनरल मार्टिन्डेलको हातमा गएको थियो । यिनले नहानको किल्लामाथि आक्रमण गर्ने योजना बनाए । नहानको किल्लाको रक्षा गर्ने अभिभारा अमरसिंह थापाका छोरा कर्णेल रणजोरसिंह थापालाई दिइएको थियो । नहानको किल्लामा दुईहजार तीन सय नेपाली सेना थिए । अङ्ग्रेजी फौजले नहानको किल्लाको अन्य ठाउँहरूबाट सम्बन्धविच्छेद गरिदिएकाले अमरसिंह थापाको आदेशअनुसार रणजोरसिंह थापा आफ्ना सहयोगीहरूका साथ जैथकतर्फ लागे । जसपाउ थापा र रणजोरसिंह थापाको नेतृत्वमा जैथकको लडाईमा नेपाली फौजले अङ्ग्रेजी फौजलाई ज्यादै नराम्रोसँग पराजित गर्‍यो । यस पराजयपछि मार्टिन्डेलले केही समयको लागि नेपालमाथि आक्रमण गर्ने हिम्मत गर्न सकेनन् ।

### ४ पृष्ठपोषण

क) नालापानीको भौगोलिक अवस्थितिको बयान गर्नुहोस् ।
ख) नालापानीको सैनिक क्षमता तथा अवस्थाको चित्रण गर्नुहोस् ।
ग) नालापानी युद्धको समाचार बनाउनुहोस् ।

### ५ पाठ्यसामग्री

क) महेशराज पन्त, <u>नेपाल अङ्ग्रेज युद्ध</u> नालापानीको लडाई पूर्णिमा वर्ष १, अङ्क ३ ।
ख) डा. श्रीरामप्रसाद उपाध्याय, <u>नेपालको समीक्षात्मक इतिहास</u>, प्रकाशन २०५५ ।

## पाठ चार : भक्ति थापाको देशभक्ति

### १ उद्देश्य

यो पाठ पढिसकेपछि शिक्षकहरू निम्नलिखित कार्यहरूमा सक्षम हुनेछन् :

क) भक्ति थापाको जीवनी तयार गर्न ।

ख) भक्ति थापाका विरतासम्बन्धी समाचार बनाउ ।

ग) भक्ति थापाका देशभक्तिका कथा तयार गर्न ।

### २ विषयवस्तु

क) भक्ति थापाका जीवनी

ख) समाचारलेखन

ग) कथालेखन

### ३ विषयवस्तु प्रस्तुतीकरण

राष्ट्र रक्षक सरदार भक्ति थापा

सरदार वीर भक्ति थापाको जन्म वि.सं. १८०२ मा लमजुङ जिल्लाको भलाम खोलाको किनारमा पर्ने ढुङ्गेबेसी भन्ने ठाउँमा भएको थियो । उनी कपिलगोत्री पुवार सिरपाली थापा क्षेत्री थिए । उनको बुबाको नाम अमरसिंह थापा क्षेत्री र बाजेको नाम प्रताप थापा क्षेत्री थियो । उनका तीन दाजुभाइहरूमध्ये उनी माहिला थिए । उनका जेठा दाजु बन्देउ थापा पनि नेपाली सेनामा नै कार्यरत थिए । उनको भाइको बारेमा भने प्रष्ट जानकारी प्राप्त हुन सकेको छैन । उनको शिक्षादीक्षा बारे र उनी कसरी हुर्के भन्नेबारे यथार्थ जानकारी प्राप्त हुन नसके तापनि एकदिन युवा अवस्थामा भैंसी चराउन जाँदा ढुङ्गामा सुती निदाएको र भैंसीले एक महिलाको मकै खाइरहकोले उक्त महिलाले भैंसी धपाई कराउँदै आउँदा भक्ति थापाको टाउकोमा सर्प बेरिएर बसेको देखी सर्पले टोकेर मरेको भन्ने ठानी अन्यत्र लागिछन् । केही समयपछि भक्ति थापालाई हिँडिरहेको देख्नासाथ तुरून्त तत्कालीन लमजुङको राजधानी गाउँशहरमा गई सेनामा भर्ती हुने सल्लाह दिएकी हुनाले उनी तुरून्त सेनामा भर्ती हुन गई लमजुङको सेनामा प्रवेश पाएको कुरा जनश्रुतिमा पाइन्छ ।

भक्ति थापा लमजुङका प्रसिद्ध भारदाहहरूमध्ये एक थिए । लमजुङका राजा वीरमर्दन शाहको राज्यकालमा उनले आफ्नो मातृभूमि र राजाको भलो चिताई काम गरेका थिए । वि.सं. १८३९ मा पर्वत र लमजुङको संयुक्त सेनाले गोरखा राज्यसँग युद्धको सिलसिलामा तनहुँले क्यामिन जितेर तार्कु चढ्न लाग्दा गोरखाली सेनासँग घमासान युद्ध भयो । सो युद्धमा लमजुङ र पर्वतको सेनाको पराजयपछि लमजुङको फौजका सेनापति भक्ति थापा र पर्वत फौजका सेनापति बलिभञ्जन मल्ल घायल अवस्थामा समातिए । युद्धबन्दीको रूपमा काठमाडौं लैजाने क्रममा गोरखाको गाईखुर भन्ने ठाउँमा पुग्दा बलिभञ्जन मल्लको मृत्यु भयो । मृत्युपूर्व उनले गोरखालीको हातको पानी खाएनन् भन्ने भनाइ छ । नेपाल एकीकरण अभियानमा संलग्न नायव बहादुर शाहलाई भक्ति थापाजस्ता कुशल योद्धाको ऐतिहासिक खाँचो थियो । अत: प्रसिद्ध कुशल योद्धा एवम् राष्ट्रवादी बुढाकाजी अमरसिंह थापाको प्रयत्लबाट उनी गोरखाली सेनामा काम गर्न दुईओटा सर्त राखी मन्जुर भए । ती सर्त थिए- (१) लमजुङतर्फ मलाई बन्दुक तेर्स्याउन नलगाइयोस् । (२) सेनाका सरदारभन्दा माथिल्लो

पद मलाई स्वीकार्य हुने छैन । यी दुई सर्तहरूलाई स्वीकार गरिएकोले उनी राजभक्ति र राष्ट्रभक्तिलाई सर्वोपरि ठानेर अविरल गतिमा लागि नै रहे ।

वि.सं १८४६ मा भक्ति थापा जुम्लाको सुब्बा पदमा बहाल भए । जुम्लाको प्रशासन सञ्चालन गर्ने र जित्न बाँकी रहेका प्रदेशहरूमाथि विजय हासिल गर्ने काम उनले गरे । जुम्लाका विद्रोहीहरूलाई दबाउन उनी सफल भएकोले उनको मनोबल उच्च राख्नको लागि वि.स. १८५१ मा जागिर-वृद्धिको रूपमा लमजुङअन्तर्गत पर्ने सतार भन्ने ठाउँमा धानखेत थपिएको थियो । डोटी विजय गरी सिरमौरसम्म नेपालको सिमाना पुऱ्याई सिरमौरसँग सन्धिपत्रमा हस्ताक्षर गर्ने श्रेय पनि भक्ति थापाले प्राप्त गरे । वि.सं. १८४९ मा नेपाल र तिब्बतका बीचमा युद्ध सुरू भयो । नेपालले तिब्बत र चीनसँग एकैचोटि युद्धमा संलग्न हुन परेकोले पश्चिम-विजय अभियानमा संलग्न नेपाली सेनालाई फिर्ता बोलाइयो । पश्चिमतर्फ नेपालको सैनिक बल कम भएको मौका पारी पश्चिम नेपालमा नेपाल-एकीकरण अभियानको विरूद्धमा ठाउँ-ठाउँबाट विद्रोहका ज्वालाहरू निस्कन थाले । उक्त विद्रोहहरूलाई आफ्नो अदम्य साहस एवम् कुशलतापूर्वक दमन गर्न भक्ति थापा सफल भए । उनको यस कार्यबाट नेपाल सरकार ज्यादै प्रभावित भयो ।

वि.सं. १८५१ को पजनीमा भक्ति थापा सुब्बाबाट बढुवा भई सरदार भए । श्री महाराजाधिराज सरकारको दर्शन गरेपछि कुमाउँको शासकमा नियुक्ति भए । उनले असीम, अधिकार प्राप्त गरेको हुनाले आफूले प्राप्त गरेको असीम प्रशासनिक उत्तरदायित्व इमान्दारितापूर्वक निर्वाह गर्न उनी हरदम प्रयत्नशील एवम् व्यस्त रहन्थे । उनी पश्चिमी वातावरणसँग सुपरिचित भएकोले पश्चिमका छिमेकी राज्यहरूको यथार्थ हालखबरहरू समय समयमा लेखी पठाउँथे र केन्द्रलाई निर्णय लिन सजिलो पर्दथ्यो । नेपालले कुमाउँ विजय गरेपछि कुमाउँको आश्रित राज्य जुहार भोटले सिर्तो बढाउन नमानेकोले भक्ति थापाले जुहाभोटमा आक्रमण गरी १०-१५ जना भोटेहरूलाई मारी कायल बनाई सिर्तो बढाई राष्ट्रको आम्दानी बढाउने काम गरे । वि.सं. १८४८ को फाल्गुनमा गढवाल र नेपालबीचमा भएको फाँडेको युद्धमा विजय हासिल गर्ने श्रेय भक्ति थापालाई छ । वि.सं. १८६३ मा टेहरामा उनले विजय गरे ।

पश्चिमतर्फको यथार्थ वस्तुस्थिति एवम् हालखबरहरू जाहेर गर्नको लागि काठमाडौं जाने क्रममा आफ्नो जन्मभूमि लम्जुङमा प्रवेश गर्दा नौ महिना हुने भएकोले हालको कास्की, देउराली उकालीमा एउटा पौवा बनाउने विचार गरी श्री ५ महाराजाधिराज सरकारबाट असीम निगाहपूर्वक वि.सं. १८६६ असोज २३ गते हालको कास्की, देउराली उकालीमा उक्त कार्यको लागि १ मुरी १० पाथी बीऊ लाग्ने बाँझो जग्गा प्रदान गरिबक्सेकोले सो ठाउँमा भक्ति थापाले पौवा निर्माण गरे । पछि सो पौवाको संरक्षणको लागि कास्की रूपाकोटमा श्री ५ महाराजाधिराज सरकारबाट गुठी जग्गा प्रदान गरिबक्सेको थियो । राईनास मोहरियाकोटमा पनि भक्ति थापाले कुलायन कालिका एवम् निसान देवदेवताको स्थापना गरी चैत्र दशैं र बडादशैंमा नित्य पाठपूजाको व्यवस्था मिलाएर र सोकार्यको लागि पनि गुठीको व्यवस्था भयो । भक्ति थापाले गरेका यी कार्यहरूबाट उनी केवल वीर योद्धा मात्र नभई धार्मिक र सामाजिक कार्यहरूमा उनी ज्यादै ठूलो अभिरूचि राख्दथे भन्ने कुरा स्पष्ट हुन्छ ।

नेपाल-एकीकरण अभियानमा संलग्न वीर कुशल योद्धा सरदार भक्ति थापालाई दैवको ठूलो बज्रपात पर्न गयो । वि.सं. १८६७ आषाढ १० गते आफ्नो जहान-बच्चाको साथ गढवाल पुगेको लगत्तै थोरै

दिनको अन्तरालमा दैवले उनको छोरा सर्वजीत थापा र पत्नीलाई उनको काखबाट खोसेर लग्यो । पुत्रशोक र पत्नीशोक एक साथसाथ परेको बेला काठमाडौं दरवारबाट ज्यादै हृदयपर्शी तवरबाट सान्त्वना-पत्र लेख्ने काम भयो । केही दिन शोकले पीडित भए तापनि उनको साहस एवम् बहादुरीमा रतिभर कमी आएन ।

नेपाल र काँगडाको बीच भएको युद्धमा पनि सरदार भक्ति थापाले आफ्नो बहादुरी प्रदर्शन गरे । भक्ति थापाले सैन्यसाथ काँगडा किल्लाभन्दा पूर्वपट्टिको टेहरा किल्लाको घेराउ दिइरहेको अवस्थामा काँगडाको विशाल सेना बनवजीरको नेतृत्वमा भक्ति थापासँग लड्न आएकोले नेपाली सेनाले शत्रु सैन्यलाई परास्त पारी सेनापति बनवजीरुको प्राण खुस्काइदिएका थिए । यही साहसी कार्यले नेपाली सेनाको गौरवमा अभिवृद्धि हुनाले साथै सरदार भक्ति थापालाई नेपाल दरबारले स्याबासी प्रदान गर्दै पत्र पठाएकोले उनको मनोबल अझ उच्च हुन गएको थियो ।

नेपाल-अङ्ग्रेज सम्बन्धको र नेपाल-सीख सम्बन्धको इतिहासमा वि.सं. १८७० मा मण्डला भटौलीका ४ गाउँहरूको विषयलाई लिएर सीखहरूसँग पटक-पटक भएको मुकावलामा सीखहरूलाई नराम्रोसँग हराई नेपाली वीरताको परिचय दिन र विश्वशक्तिका सामु सैनिक उच्च कीर्तिमान कायम राख्न सरदार भक्ति थापा सफल भए ।

नेपाल र अङ्ग्रेजको बीचमा सीमासम्बन्धी विषयलाई लिएर वि.सं. १८७१ देखि वि.सं. १८७२ मा ठूलोयुद्ध भयो । यो युद्धमा पनि भक्ति थापाले बहादुरीसाथ लडेर आफ्नो वीरता, राजभक्ति एवम् राष्ट्रभक्तिको पूर्ण परिचय दिए । सुरजगढको रक्षार्थ ५०० जवान नेपाली सेनाको साथ भक्ति थापा बसेका थिए । तारागढी र चुम्बीगढ कब्जा गरिसकेपछि सुरजगढबाट भक्ति थापालाई निकाल्न अङ्ग्रेजहरूले अनेक किसिमका जोरमुलुमहरू गरे तापनि निकाल्न भने सकेनन् । देउथलको किल्ला सामरिक दृष्टिकोणले ज्यादै महत्त्वपूर्ण छ । त्यहाँबाट अङ्ग्रेजहरूले छोडेको गोला सोझै राजगढमा पर्दथ्यो । त्यसैले अङ्ग्रेजहरूले कब्जा जमाएको देउथलमा आक्रमण गर्ने बडाकाजी अमरसिंह थापाको निर्देशनअनुसार ३०० जना सेनाको नेतृत्व गर्दै बिहानीपखको समयमा भक्ति थापाले देउथल किल्लामा आक्रमण गरे । राजगढबाट तल झरी देउथलमाथि चढ्नुपर्ने थियो । उकालो चढ्न लाग्दा अङ्ग्रेजहरूले किल्लाभित्रबाट गोलाहरू बर्साउन सुरू गरे । नेपालीहरूले पनि उनीहरूले हानेका गोलाहरूको विरूद्धमा तीनओटा तोपचीलाई निसाना बनाएर गोलाहरू बर्साउँदा नेपालीहरूले हानेका गोलाहरू खेर गएनन् । अङ्ग्रेजले तोप पड्काउन छोडेको बेला पारी खुकुरी चलाउन थाल्दा खुकुरी चलाउने सबै मारिए । आफ्नो सेनालाई उत्साहित बनाउँदै अङ्ग्रेजहरूलाई काट्दै अङ्ग्रेजको तोपमाथि कब्जा जमाउन अगाडि बढेका ७० वर्षका सरदार भक्ति थापाको शत्रु पक्षको प्रहारबाट आन्द्राभुँडी निस्की, उनले वीरगति प्राप्त गरे । उनको मृत्यु भएको करिब २ घण्टासम्म पनि उनको हातको तरवार फुत्केन भन्ने इतिहासकार श्री धनवज्र बज्राचार्यज्यूले बताउनुभएको कुराको स्मरण मलाई आउँछ । वीरजातिको कदर गर्न जानेका अङ्ग्रेजहरूले दोसल्ला ओढाई सम्मानसाथ भक्ति थापाको पार्थिव शरीर बुढाकाजी अमरसिंह थापालाई बुझाए । उनको देहान्तले नेपाली सेनाले एउटा आदरणीय क्षति व्यहोर्नुपर्‍यो भने बुढाकाजी अमरसिंह थापाले आफ्नो दाहिने हात गुमाए । उनको निधनपछि नेपालले यमुना नदीदेखि पश्चिमका भूभागहरू सदाका लागि गुमाउनुपर्‍यो । नेपालले केवल सुरक्षात्मक युद्ध मात्रै लड्यो आक्रमक युद्ध लड्न सकेन । यो युद्धमा करिब ७०० जति नेपाली सेनाले वीरगति प्राप्त गरे भने अङ्ग्रेजतर्फका १ जना बाहेक सबै तोपचीहरू मारिए । भक्ति थापाले वीरगति

प्राप्त गरेपछि लमजुङ पाउँचोक भन्ने ठाउँमा उनले मीत लगाएको ठूलो ढुङ्गोबीचमा चरक्क चिरिएको कुरा जनविश्वासमा पाइन्छ । हाल उक्त ढुङ्गा सोही ठाउँमा अवस्थित रहेको पाइन्छ ।

सरदार वीर भक्ति थापाको जीवनीले सम्पूर्ण राष्ट्रवादी नेपालीहरूमा साम्राज्यवादी एवम् विस्तारवादी शक्तिको विरूद्ध एक जुट भई लड्ने उत्साह प्रदान गर्दछ । आफ्नो मातृभूमिको खातिर प्राणको बाजी लगाउने सरदार भक्ति थापालाई नेपाल र नेपालीले सदासर्वदा सम्मान दिइरहनेछ । उनी एक शूरवीर योद्धा मात्र नभई सहनशील, कुशल प्रशासक एवम् निर्णयकर्ता पनि थिए । राष्ट्ररक्षक सरदार भक्ति थापाको बारेमा जति चर्चा-परिचर्चा गरे पनि थोरै नै हुनसक्छ ।

*(स्रोत : सरदार वीर भक्ति थापा स्मृति ग्रन्थ (२०५६), पुवार थापा क्षेत्री उत्थान समिति, वीरेन्द्र थापा)*

## ४ पृष्ठपोषण

क) ऐतिहासिक स्रोतको आधारमा भक्ति थापाका जीवनी तयार गर्नुहोस् ।

ख) भक्ति थापाका वीरतासम्बन्धी समाचार बनाउनुहोस् ।

ग) भक्ति थापाका देशभक्तिको कथा तयार गर्नुहोस् ।

## ५ पाठ्यसामग्री

क) महेशराज पन्त, "वीर भक्ति थापा" पूर्णिमा १८ पूर्णाङ्क ।

ख) डा. श्रीरामप्रसाद उपाध्याय, नेपालको समीक्षात्मक इतिहास, प्रकाशन २०५५ ।

## १ उद्देश्य

यो पाठ पढिसकेपछि शिक्षकहरू निम्नलिखित कार्यहरूमा सक्षम हुनेछन् :

क) अमरसिंह थापाका गीत गाउन ।

ख) अमरसिंह थापाले लेखेको पत्रको प्रतिलिपि तयार गर्न ।

ग) अमरसिंह थापाका जन्म जयन्तीको कार्यक्रम बनाउन ।

## २ विषयवस्तु

क) अमरसिंह थापाका गीत

ख) अमरसिंह थापाका पत्र

ग) अमरसिंह थापाका जन्म जयन्ती

## ३ विषयवस्तु प्रस्तुतीकरण

वीर अमरसिंह थापा र आँक्टरलोनी

जुन समयमा मेजर जनरल जिलेस्पी कलङ्गा किल्लामाथि विजय प्राप्त गर्ने प्रयत्न गरिरहेका थिए त्यस समयमा मेजर जनरल आँक्टरलोनी नेपाल अधिराज्यको सुदूर पश्चिमी भागमाथि आफ्नो अधिकार कायम गर्न योजनाबद्ध रूपमा अगाडि बढिरहेका थिए । सुदूर पश्चिमाञ्चल इलाकाको सुरक्षाको अभिभारा सरदार अमरसिंह थापामाथि सुम्पिएको थियो । उनी यस इलाकाका बेताजका बादशाह थिए । उनी अङ्ग्रेजहरूको आक्रमण रोक्न कम्मर कसेर बसेका थिए । कम्पनी सरकारको फौजले सतलजको किनारै किनार प्लासिया पुगेर क्रमश: नालागढ, तारागढ, रामगढ, जोरजोरे, रामगढ "दोस्रो", चम्बा आदि स्थानहरूलाई आफ्नो अधिनस्थ पार्दै मलाउ किल्लामाथि आक्रमण गर्ने योजना बनायो । नेपाली फौजले रामगढमाथि प्रबल आक्रमण गर्‍यो । यहाँ घमासानको युद्ध भयो । यस युद्धमा कम्पनी सरकारतर्फको धनजनको ठूलो हानि हुनाका साथै लेफि्टनेन्ट विलियमले वीर गति प्राप्त गरे । साहसको अभावमा अङ्ग्रेजी फौज अगाडि बढन् सकेनन् साथै पराजय र धनजन हानि भएको लज्जा र आत्माग्लानिले गर्दा पछिल्तिर पनि फर्कन सकेनन् । करिब एक महिनाजति आक्रमणसम्बन्धी योजनाको छलफल मै निष्क्रिय भएर उसले समय गुजार्नु पर्‍यो । कलङ्गा युद्धको समाचार मेजर जनरल जिलेस्पीका साथै अरू ६ जना ठूला-ठूला अङ्ग्रेजी फौजका सेना नायकहरूले वीरगति प्राप्त गरेको समाचारले अङ्ग्रेजहरूको साहस र धैर्यले आफ्नो ठाउँ छोड्लान् जस्तो भएको थियो । तर कूटनीति र षडयन्त्रमा निपुण अङ्ग्रेजहरू हरेस खाने खालका थिएनन् । उनीहरूले प्लासियाका राजालाई आफ्नोतर्फ मिलाई ठूला-ठूला तोप लिएर जान सक्ने बाटो बनाए । उनीहरूले युद्धभूमिका ठूला-ठूला तोप पुर्‍याउनका साथै नयाँ फौजी जवानहरूलाई पनि सामेल गरे । नेपाली फौजले यस नयाँ फौजको सामाना गर्नुभन्दा मलाउ किल्लामा सबै जम्मा भएर एकसाथ अङ्ग्रेजहरूको मुकाविला गर्नु नै श्रेयष्कर ठानेर रामगढको किल्ला परित्याग गर्‍यो । आँक्टरलोनीले नेतृत्व गरेको फौज नेपाल अधिराज्यभित्र क्रमश: अग्रसर हुँदै गएकोले अमरसिंह थापाको आदेशअनुसार चारैतिर छरिएर मोर्चा बनाएका फौजी जवानहरू मलाउ दुर्गमा आएर एकत्रित भए । सबै फौजी जवानहरू मलाउमा आएर भेला भएकाले आफ्नो बाटोमा पर्ने नेपाल अधिनस्थ भू-भागमाथि आफ्नो अधिकार कायम गर्दै अङ्ग्रेजी फौजले मलाउ किल्लालाई आफ्नो लक्ष्य बनाई रैलीको टाकुरमा आफ्नो सैनिक

छाउनी खडा गर्‍यो । यसले गर्दा एकातिर सूरजगढ असुरक्षित भएको थियो भने अर्कोतिर कर्नल टामसन र मेजर लाटीको अधिकारमा देउथलको टाकुरा पर्न गएकोले अङ्ग्रेजी फौजको छाउनी र मलाउ किल्लाका बीच पुगनपुग दुईहजार हातको अन्तर मात्र रहन गएको थियो । यस समयमा सत्तरी वर्षका बुढा भक्ति थापा सुरजगढ किल्लाको रक्षा गरिरहेका थिए । कम्पनी सरकारको योजनाबद्ध आक्रमण र तत्कालीन युद्धको सामग्रीअगाडि नेपाली फौजतर्फको स्थिति हरेक दृष्टिबाट अत्यन्त कमजोर थियो । तर अदम्य साहस र शौर्य भने अङ्ग्रेज फौजको भन्दा धेरै नै सशक्त थियो । यस्तो परिस्थितिमा नेपाली फौजको जम्माजम्मी दुई विकल्प थिए- लत्रेर शत्रुको शरण पर्नु अथवा आफ्नो जातीय स्वाभिमानको रक्षा गर्दै वीरहरूको नामवलीमा आफ्नो नाम अङ्कित गराउनु । नेपालीहरूले जातीय स्वाभावअनुसार दोस्रोलाई आफ्नो नै श्रेयस्कर सम्झेकाले देउथल रणथलमा परिणत भयो । एकातर्फ त्यससमयमा आधुनिकतामा तोप, बन्दुक, सङ्गीन थिए भने अर्कोतर्फ परम्परादेखि प्रयोग हुँदै आएका खुँडा, खुकुरी, ढाल, तरवार थिए । यस युद्धमा शस्त्रास्त्रको असमानताका साथै सैन्य बलको पनि असमानता थियो । तर उमेरले सत्तरी वर्षका बुढा आदम्य साहसले बीस वर्षका जस्ता जवान भक्ति थापाले शौर्य जो आदर्श स्थापित गरे त्यो विश्वको इतिहासमा नै अतुलनीय छ । साथै स्वर्णाक्षरले अङ्कित पनि नेपाली वीरहरूले आफ्नो ज्यान हत्केलामा राखी गोला र गोलीको वर्षाको बीचमा पनि अग्रसर भई कैयौंपल्ट शत्रुको तोपमाथि अधिकार कायम गर्न आदम्य साहस देखाए तर सफलताको एक हात टाढा नै रह्यो । यो साहस देखाउने प्रयत्न गर्दागर्दै भक्ति थापा छातिमा गोली लागेकोले धराशायी भए । आफ्ना सेनापतिले वीरगती प्राप्त गरेको देखेपछि बचेका सिपाहीहरूको साहसले ठाउँ छोड्यो । उनीहरू युद्धभूमिबाट पछि सर्न वाध्य भए । सत्तरी वर्षका बुढा सरदार भक्ति थापाको आदम्य साहस प्रवर शौर्य, अपूर्व वीरता र असाधारण धैर्यबाट प्रभावित वीर पुरुषको सम्मानमा पछि नपर्ने अङ्ग्रेजहरूले एकातर्फ भक्ति थापाको पार्थिव शरीरलाई दोसल्ला ढाकेर आफ्नो उदान्त हृदयको परिचय दिए भने अर्कोतर्फ रणभूमिबाट पछि सर्न लागेको नेपाली फौजमाथि गोला गोलीको वर्षा गरेर रणनीतिका विरूद्ध पनि काम गरे ।

*( स्रोत : प्रो. ढुण्डीराज भण्डारी, पृ. ४१७-४१८)*

## ४ पृष्ठपोषण

क) अमरसिंह थापाको वीरताका गीत गाउनुहोस् ।

ख) अमरसिंह थापाका पत्रको प्रतिलिपि बनाउनुहोस् ।

ग) अमरसिंह थापाका जन्मजयन्तीका कार्यक्रम बनाउनुहोस् ।

## ५ पाठ्यसामग्री


क) शरदकुमार भट्टराई, "अमरसिंहको चिठ्ठी" नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान, कमलादी, काठमाडौं, २०५३ ।

ख) सूर्य विक्रम ज्ञवाली, अमरसिंह थापा, नेपाली साहित्य सम्मेलन, दार्जिलिङ्ग, २००० साल ।

ग) प्रो. ढुण्डीराज भण्डारी, नेपालको उदय तथा विकासको विश्लेषणात्मक इतिहास, प्रकाश प्रकाशन, २०५६ ।

## एकाइ एघार : यूरोप र एसियामा भएको क्रान्तिकारी परिवर्तन

## पाठ एक : औद्योगिक क्रान्तिको प्रारम्भ

### १ उद्देश्य

यो पाठ पढिसकेपछि शिक्षकहरू निम्नलिखित कार्यहरूमा सक्षम हुनेछन् :

क) औद्योगिक क्रान्तिका अर्थ बनाउन ।

ख) वैज्ञानिक जेम्सवाटको कथा बनाउन ।

ग) औद्योगिक चित्र बनाउन ।

### २ विषयवस्तु

क) औद्योगिक क्रान्तिका अर्थ

ख) जेम्सवाटका कथा

ग) औद्योगिक शब्द चित्र

### ३ विषयवस्तु प्रस्तुतीकरण

के हो औद्योगिक क्रान्ति ?

अहिले हामी जति पनि सामानहरू उपभोग गरिरहेका छौं, ती सबै वस्तुहरूमध्ये अधिकांश वस्तुहरू मेशिनबाट तयार भएका हुन्छन् । अझ, इग्लैण्ड, अमेरिकाजस्ता औद्योगिक देशहरूबाट आएका सामानहरू त प्राय: शत-प्रतिशत नै मेशिनबाट तयार भएका हुन्छन् । ती देशहरूमा भने अझै पनि सबै क्षेत्रमा वस्तुहरू उत्पादन गर्न मेशिनको प्रयोग भइसकेको छैन । राडीपाखी, गलैंचा, खाडीजस्ता वस्तुहरू उत्पादन गर्न पूर्ण रूपमा हातकै मात्र प्रयोग भइरहेको छ ।

यसरी हातबाट वस्तुहरू उत्पादन गर्ने काम आजभन्दा करीब अढाई सय वर्षपहिलेसम्म विश्वभरमै मौजुद थियो । अथवा, विश्वभरमै मानिसहरू आ-आफ्नै घरमा सानासानास्तरमा वस्तुहरू उत्पादन गर्ने गर्दथे । कपडा बुन्नका लागि घरघरमै आफ्नै चर्खा र तान हुन्थ्यो । यो काम महिलाहरूले फुर्सदको समयमा गर्ने गर्दथे । त्यस्तै भाँडाकुँडा बनाउने, कृषिऔजार बनाउने तथा अन्य वस्तुहरू बनाउने उद्योग पनि कालिगढहरूले आफ्नै घरमा परिवारकै सहयोगबाट चलाउँथे । कसैकसैले भने अन्य मानिसहरूलाई ज्यालामा राखेर पनि वस्तुहरू उत्पादन गर्ने गर्दथे । अथवा भनौं, त्यतिबेला अहिले जस्तो ठूलाठूला कारखानाको विकास भइसकेको थिएन । सानासाना अथवा घरेलु उद्योगको मात्र प्रचलन थियो । ती उद्योगहरूमा काम गर्ने कामदारहरूको पनि आ-आफ्ना ज्यावल वा साधनहरू हुन्थ्यो । यो प्रविधि अहिलेको कारखानाको प्रविधिभन्दा विलकुलै फरक थियो ।

तर अठारौं शताब्दीको बीचदेखि वस्तुउत्पादनको क्षेत्रमा मेशिनको प्रयोग सुरू हुन थाल्यो । उन्नाइसौं शताब्दीको बीचमा पुगेपछि त यसले उत्पादनको क्षेत्रमा आश्चर्यजनक रूपले नै परिवर्तन ल्यायो । हातले गर्ने काम सबै मेशिनबाट हुन थाल्यो । धेरै मानिसहरूबाट थोरै वस्तुहरू उत्पादन हुने ठाउँमा थोरै मानिस लागेर धेरै वस्तुहरू उत्पादन हुन थाल्यो ।

यस्तो खालको परिवर्तन सर्वप्रथम इङ्ग्ल्याण्डमा 'गौरवमय क्रान्ति' भएपछि त्यहाँको राजालाई शक्तिहीन गरियो र संसदलाई शक्तिशाली बनाइयो । तर यूरोपका अरू देशहरूमा भने निरङ्कुश शासन नै कायम थियो । त्यसैले उदार खालका व्यक्तिहरू त्यहाँ टिक्न नसकेर धमाधम इङ्ग्ल्याण्ड जान थाले । यसरी गएका व्यक्तिहरू धेरैजसो कुनै न कुनै वस्तु उत्पादन गर्न जान्ने कालिगढ थिए । नेदरल्याण्डबाट गएका व्यक्तिहरू त कपडा बुन्ने काममा पोख्त थिए ।

महारानी एलिजावेथ प्रथमले उनीहरूलाई हरेक इङ्ग्ल्याण्डवासीलाई कपडा बुन्ने काम सिकाउने शर्तमा शरण दिएकी थिइन् । यसले गर्दा इङ्ग्ल्याण्डले बाहिरबाट कपडा आयात गर्न नपाउने कानुन नै बनायो । त्यसपछि त नेदरल्याण्डबाट कपडा आयात गर्नुपर्ने हालतको हिजोको इङ्ग्ल्याण्डले नेदरल्याण्डमै कपडा निर्यात गर्न सक्ने पो भयो ।

यसका साथै सुती कपडाको माग स्वदेश तथा विदेशमा पनि अत्याधिक मात्रामा हुन थाल्यो । तर यति भइकन पनि धागोको आपूर्ति कम हुनाले कपडाको माग पूरा गर्न सकिएको थिएन । आठ जना व्यक्तिले काटेको कपडाको माग पूरा गर्न सकिएको थिएन । आठ जना व्यक्तिले काटेको धागो एकजना जुलाहालाई मात्र कपडा बुन्न पुग्थ्यो । अझ सन् १७४३ मा जोन के (John Kay) ले 'फ्लाइङ सटल' नामक कपडा बुन्ने तानको आविष्कार गरेपछि त धागोको आपूर्ति झन् कम हुन थाल्यो । पहिले दुईजनाले बुन्ने कपडा अब त्यस तानबाट एकै जनाले बन्न सक्ने भयो । त्यसपछि सन् १७६७ मा जेम्स हारग्रिब्जले 'स्पिनिङ जेनी' नामक धागो काट्ने मेशिनको आविष्कार गरे । यो मेशिनको आविष्कारपछि आठजना व्यक्तिले काट्ने धागो यो एउटा मेशिनले काट्न सक्थ्यो । ती मेशिनहरूको आविष्कारले कपडा बुन्ने काममा द्रुत गतिले परिवर्तन ल्यायो । तर पनि यसले घरेलु उद्योगको क्षेत्रमा परिवर्तन ल्याउन सकेको थिएन ।

घरेलु उद्योगको क्षेत्रमा पविर्तन ल्याउने काम सन् १७६९ मा रिचर्ड आर्कराइटले 'वाटर फ्रेम' नामक धागो काट्ने मेशिनको आविष्कार गरेपछि मात्र सफल भयो । त्यो मेशिन यति ठूलो थियो, त्यसलाई न त घरमा जडान गर्न सकिन्थ्यो, न त मान्छेले नै चलाउन सकिन्थ्यो । त्यो मेशिन पानीको शक्तिद्वारा चल्थ्यो र त्यसलाई जडान गर्न छुट्टै घर आवश्यक भयो । यसरी यो विशाल मेशिनको आविष्कारपछि नै आधुनिक कारखानाको सुरूवात भयो । त्यसपछि नै कपडा बुन्ने तथा धागो काट्ने पावर लुम तथा मेशिनहरूको आविष्कार धमाधम हुन सुरू भयो । तर ती मेशिनहरू सबै पानीको शक्तिले चल्ने भएकाले पानीको बग्ने शक्ति कम भएको बेलामा कारखानाहरू बन्द हुन्थे ।

यो कमीलाई जेम्सवाटले वाष्पद्वारा चल्ने इन्जिन बनाएर पूरा गरे । वाफबाट चल्ने यो इन्जिनको आविष्कारपछि बाह्रै महिना कारखाना चल्न सक्ने भयो । अब इन्जिन बनाउन र त्यसलाई चलाउनको लागि फलाम र कोइलाको आवश्यकता हुन थाल्यो । १८१५ मा हम्फ्रीडेवीवीले रक्षाबत्ती (safety lamp) को आविष्कार गरेपछि कोइलाखानीमा पनि काम गर्न सजिलो भयो । यसरी इङ्ग्ल्याण्डमा कपडा, फलाम तथा कोइलासम्बन्धी उद्योगको विकास सँगसँगै हुन थाल्यो । कपडा उद्योगमा सुरू भएको परिवर्तन अन्य वस्तुको उत्पादनमा पनि सुरू हुन थाल्यो । यसैबीच रेल, जहाज तथा विजुली, टेलिफोन, टेलिग्राफ आदिको विकास हुन थाल्यो ।

अब जमिन्दारहरूले धमाधम उद्योग क्षेत्रमा आफ्नो पैसा लगानी गर्न थाले । जमिन्दारहरू पूँजीपतिमा परिणत हुन थाले । कृषिमा मेशिनको प्रयोगले गर्दा सानासाना किसानहरू आफूसँग भएका सानासाना टुक्रा जमिन बेचेर कारखानाहरूमा मजदूरको रूपमा काम गर्न औद्योगिक क्षेत्रमा आइरिन थाले । औद्योगिक क्षेत्रहरू शहरको रूपमा परिणत हुन थाले । गाउँका मानिसहरू कामको खोजीमा शहरमा बसाइ सर्न थाले । यतिसम्म कि कुनैकुनै गाउँहरू त मान्छेबिनाको उजाड भाग बन्न थाल्यो । कम लगानी गरेर धेरै वस्तुहरू उत्पादन हुन थाल्यो । यसैको फलस्वरूप वस्तु सस्तो हुन थाल्यो ।

पैसा जति सबै पूँजीपतिको हातमा थुप्रिन थाल्यो । मजदूरको स्थिति दयनीय हुन थाल्यो । त्यसबेला पनि राजनैतिक शक्ति भूमिपति जमिन्दारहरूको हातमा सीमित थियो । संसदमा पूँजीपति तथा मजदूरहरूको प्रतिनिधित्व थिएन । त्यसैले पूँजीपति तथा मजदूर वर्गले जमिन्दारहरूका विरूद्ध आन्दोलन गरे । यसैको फलस्वरूप, सामन्तवादको अन्त भयो र पूँजीवादको स्थापना भयो । जमिन्दारहरूको हातबाट राजनैतिक शक्ति खोसियो र पूँजीपतिहरू सत्ता र शक्तिका मालिक भए ।

यसरी उद्योगधन्दामा भएको परिवर्तनले सामाजिक, सांस्कृतिक तथा राजनैतिक क्षेत्रमा पनि आमूल परिवर्तन ल्याउन थाल्यो । यसै परिवर्तनलाई नै विश्वको इतिहासमा 'औद्योगिक क्रान्ति' भनिन्छ ।
*( स्रोत : मुक्ता श्रेष्ठ, "के हो औद्योगिक क्रान्ति ?", नवयुवा, वर्ष ३, पूर्णाङ्क ३६ )*

## ४ पृष्ठपोषण

क) औद्योगिक क्रान्ति के लाई भनिन्छ ?
ख) जेम्सवाटको कथा आफ्नै शैलीमा लेख्नुहोस् ।
ग) औद्योगिक यन्त्रको चित्र बनाउनुहोस् ।

## ५ पाठ्यसामग्री

क) मुक्ता श्रेष्ठ, "के हो औद्योगिक क्रान्ति ?", नवयुवा, वर्ष ३, पूर्णाङ्क ३६ ।
ख) तुल्सीदास महर्जन, वाष्प शक्तिद्धारा संसार हल्लाउने वैज्ञानिक जेम्सवाट <u>नवयुवा</u> वर्ष ३, पूर्णाङ्क २६ ।

## पाठ दुई : साम्यवादी शासनको स्थापना

### १ उद्देश्य

यो पाठ पढिसकेपछि शिक्षकहरू निम्नलिखित कार्यहरूमा सक्षम हुनेछन् :

क) साम्यवादी शासनको स्थापनाका समाचार बनाउन ।

ख) रूसका साम्यवादी सरकारका उपलब्धिको भाषण तयार गर्न ।

ग) नेपाल रूस सम्बन्धसम्बन्धी पत्र लेख्न ।

### २ विषयवस्तु

क) साम्यवादी शासन

ख) सरकारको उपलब्धि

ग) नेपाल रूस सम्बन्ध

### ३ विषयवस्तु प्रस्तुतीकरण

**... तर छन् - सम्भावना**

प्रिय मित्र,

तपाईंलाई म यहाँको बारेमा के बताउँ भनेर अल्मलिइरहेको छु । यद्यपि नेपालका पत्रकार मित्रहरूले कुनै न कुनै हिसाबले मस्कोस्थित शाही नेपाली राजदूतावासका बारेमा चासो दिने गर्नुभएको छ । तर, सामान्य नेपाली पाठकका लागि चासो हुने ज्यादै कम विषय मात्रै यहाँ छन् । २०४६ सालमा नेपाल राजनीतिक परिवर्तन भएपछि नेपाल र रसियाबीचको सम्बन्धमा केही निस्क्रियताजस्तै देखिएको छ । अझ सन् १९९० मा सोभियतसङ्घको विघटनसँगै एकैपटकजस्तो दुई देशको राजनीतिक प्रणालीमा परिवर्तन आएकाले दुवै देश आन्तरिक कुरामा व्यस्त रहनुले यो स्वाभाविकजस्तो पनि लाग्छ । जब म मस्कोमा आएँ, त्यतिबेला सामान्य कूटनीतिक आदानप्रदानका कामबाहेक अरू केही पनि थिएन । यद्यपि हामीले राष्ट्रिय र अन्तर्राष्ट्रिय विषयलाई लिएर राख्ने गरेको धारणाको यहाँ छुट्टै महत्त्व राखिने गरेको छ । रसियन सरकार नेपालमा श्री ५ को सरकारले शान्ति र देशमा सामान्य स्थिति पुनर्स्थापना गर्न चालेका कदमको समर्थनमा रहेको छ । परराष्ट्र मन्त्रालयस्तरमा रहेको संयन्त्रले गरिरहेको द्विपक्षीय छलफल सन्तोषप्रद रहेको छ । साँस्कृतिक सम्बन्ध, दोहोरो .कर प्रणाली हटाउने, लगानी वृद्धि, लागूऔषध ओसारपसारविरूद्ध सहयोग लगायतका विषयमा द्विपक्षीय सम्झौताका लागि छलफल भइरहेको छ । यीमध्ये केही हाम्रो राष्ट्रिय समाचार समिति (रासस) र रूसी समाचार समिति इतार तासबीच आपसी सहयोगसम्बन्धी समझदारी भइसकेको छ नेपाली विद्यार्थी अध्ययनका लागि रसिया आउने क्रम जारी छ । यद्यपि उनीहरूको सङ्ख्या भने नाटकीय ढङ्गले घटिरहेको छ । रसियन सरकारले नेपाललाई केहीमात्रै छात्रवृत्ति उपलब्ध गराएको छ भने केही आफ्नै खर्चमा अध्ययन गर्न आएका छन् ।

आर्थिक र वाणिज्य क्षेत्रको कुरा गर्दा हामीले निर्यात गर्न सक्ने वस्तुका बारेमा रसियालाई जानकारी गराउनुपर्ने पहिलो आवश्यकता देखिएको छ । मैले रसियन पर्यटक नेपाल ल्याउन सकिने एउटा सम्भावना देखेको छु । साथै कार्पेट, तयारी पोसाक, हस्तकलाका सामान र आयुर्वेदिक औषधीले

रसियाको बजार पाउने सम्भावनासमेत देखेको छु । विभिन्न समयमा नेपाल-रसिया चेम्बर अफ कमर्सले व्यापार र पयर्टनसँग सम्बन्धित प्रदर्शनी गर्दै आइरहेको छ ।

यहाँ रहेका नेपाली समुदायकै रूपमा सङ्गठित भएर बसेका छन् । जुन कुरा गत २००३ अक्टोबरमा काठमाडौंमा भएको एनआरएन सम्मेलनकै समयमा तपाईंले देख्नुभएकै हो । नेपाल र रसियाका लेखक एकअर्का ठाउँमा उपस्थित हुने क्रम निरन्तरजस्तै भइरहेको छ । रसियाको 'ओरियन्टल स्टडिज अफ द रसियन एकेडेमी अफ साइन्सेज' ले नेपालमा प्रजातन्त्र विषयमा एक गोष्ठीको आयोजना गरेकोमा त्यसमा प्रस्तुत गरिएका कार्यपत्र समेटिएको पुस्तक अहिले रसियन भाषामा प्रकाशित भएको छ । नेपालका बौद्धिक खाले पेपरहरू सो संस्थाले आफ्नो प्रकाशनमा समावेश गर्दै आएको छ । सो संस्थाका एकजना विद्वान्ले हालै नेपाल भ्रमण गरेका छन् भने एकअर्का देशमा भ्रमण आदानप्रदान गर्ने क्रम जारी छ । ती रसियन विद्वान्ले आफ्नो नेपाल भ्रमण पृथ्वीनारायण शाहको अध्ययनका बारेमा प्रयोग गरेका छन् । नेपालको संस्कृतिसम्बन्धी एक पुस्तकसमेत निकालिसकेको सो संस्थाले त्रिभुवन विश्वविद्यालयको सिमानासँगसमेत सम्बन्ध स्थापना गर्न खोजेको छ । दूतावासले नेपाली मूलका केटाकेटीलाई यहाँ भाषा र संस्कृतिसम्बन्धी आवश्यक जानकारी गराएर सहयोग गर्ने सोचसमेत बनाएको छ । यहाँ रहेको नेपाली महिला क्लबले समेत यसमा सहयोग गरिरहेको छ । नेपालका ठूला चाडपर्वका समयमा पनि हामीले भेटघाट कार्यक्रम गर्दै आएका छौं । यसले दुई देशबीच जनस्तरको सम्बन्ध विस्तार गर्न मद्दत गरेको छ । अन्य विषयमा नेपाल आएका समयमा विस्तृत रूपमा कुरा गरौंला । अहिलेलाई यति ।

उही
लीलाप्रसाद शर्मा
शाही नेपाली राजदूत
रसिया, मस्को
*( स्रोत : Buddhaair.com, जनवरी-मार्च, २००५ )*

## ४ पृष्ठपोषण

क) साम्यवादी शासनको स्थापनासम्बन्धी समाचार बनाउनुहोस् ।

ख) रूसका साम्यवादी शासनका उपलब्धिको भाषण तयार गर्नुहोस् ।

ग) नेपाल रूस बीचको मैत्री सम्बन्ध झल्कने किसिमबाट आफ्ना रूसी मित्रलाई पत्र लेख्नुहोस्

## ५ पाठ्यसामग्री


क) Leung Yat Ming Julian, Yan Lilai Ying. The Modern World since 1800 New Edition Vol 2 Longman Asia Limited 1996.

## पाठ एक : नेपालमा विकास योजना

### १ उद्देश्य

यो पाठ पढिसकेपछि शिक्षकहरू निम्नलिखित कार्यहरूमा सक्षम हुनेछन् :

क) योजनाको अर्थ, योजनाको आवश्यकता र योजना तयार पार्दा ध्यान दिनुपर्ने कुराहरू बताउन ।

ख) नेपालमा आर्थिक योजनाका बारेमा लेख तयार गर्न ।

ग) योजनारहित आर्थिक क्रियाकलापबाट वातावरणमा पर्न जाने असरहरू पहिल्याउन ।

घ) विद्यार्थी-उपलब्धि मूल्याङ्कनका लागि प्रश्नपत्र निर्माण गर्न ।

### २ विषयवस्तु

क) योजनाको अर्थ, योजनाको आवश्यकता र योजना तयार पर्दा ध्यान दिनुपर्ने कुराहरू

ख) नेपालमा आर्थिक योजना

ग) योजनारहित आर्थिक क्रियाकलापबाट वातावरणमा पर्न जाने असरहरू

### ३ विषयवस्तु प्रस्तुतीकरण

क) योजनाको अर्थ, योजनाबाट हुने फाइदा र योजना तयार पार्दा ध्यान दिनुपर्ने कुराहरू

योजना भन्नाले निश्चित समयमा निश्चित साधनबाट निश्चित उद्देश्य हासिल गर्नाका लागि बनाइएको कार्यक्रम हो । योजनाबद्ध क्रियाकलापबाट समय र साधन दुवैको सदुपयोग हुन्छ । आर्थिक योजनाको अर्थ आर्थिक विकास गर्नुको साथै आर्थिक र प्रादेशिक विषमता हटाउनु पनि हो । स्रोत र साधनहरू सीमित हुन्छन् । ती सीमित स्रोत र साधनबाट अधिकतम् आवश्यकताहरू पूरा गर्ने कार्यक्रम सञ्चालन गर्नुपर्ने हुन्छ । योजना बनाई यस्ता कार्यक्रमहरू सञ्चालन गर्न सकिन्छ ।

देशका आवश्यकताहरू अनन्त हुन्छन तर ती अनन्त आवश्यकताहरू परिपूर्ति गर्ने साधन भने सीमित हुन्छन् । यसर्थ हरेक देशले आफूकहाँ उपलब्ध सम्पूर्ण साधन र स्रोतलाई योजना बनाई सुनियोजित ढङ्गले प्राथमिकता निर्धारण गरी खर्च गर्ने, गराउने प्रक्रियालाई आर्थिक योजना भनिन्छ । योजना बनाई काम गर्दा कुनै पनि काम निर्दिष्ट समयभित्र, मितव्ययी तरिकाले, सीमित साधनको सदुपयोग गरी प्राथमिकताअनुरूप सम्पन्न गर्न सकिने हुँदा हरेक क्षेत्रमा योजना बनाई काम गर्नु उपयोगी हुन्छ । योजनाबद्ध ढङ्गले आर्थिक विकास कार्यको थालनी सर्वप्रथम सोभियत रूसमा भएको हो । सोभियत रूसमा योजनाको सफल कार्यान्वयन भएपछि विश्वका धेरै देशहरूले योजनाबद्ध विकास कार्यक्रम अपनाउन थाले । आजकल सरकार, सङ्घ, संस्थान एवम् व्यक्ति सबैले योजना बनाई काम गर्ने प्रचलन विश्वका सबै देशहरूमा विकसित भएको छ । कुनै निश्चित अवधिका लागि तर्जुमा गरिएको योजनालाई आवधिक योजना भनिन्छ । यस्तो योजना पाँच वर्ष, दस वर्ष वा एक निश्चित अवधिका लागि तर्जुमा गर्न सकिन्छ । एउटा निर्दिष्ट समयावधिभित्र यति काम पूरा गर्ने अथवा यो उद्देश्य प्राप्ति गर्ने भनी तय गरिएको योजनालाई आवधिक योजना (Prospective Plan) भनिन्छ । ( *( स्रोत : गुरूप्रसाद न्यौपाने (२०५५), नेपालको अर्थशास्त्र )*

योजनाको आवश्यकता यसप्रकार छन् :

- आर्थिक विकास निर्दिष्ट दिशामा अघि बढाउन
- देशको सीमित साधनको अधिकतम् उपयोग गर्न
- विदशी मुद्राको सदुपयोग गर्न
- कम समयमा निर्धारित उद्देश्यहरू हासिल गर्न
- सीमित साधनबाट असीमित मागहरू कुनै निश्चित प्राथमिकताको आधारमा पूरा गर्दै जान
- सामाजिक न्याय र क्षेत्रीय सन्तुलन कायम गर्न

योजना तर्जुमा गर्ने क्रममा विकास आयोजनाहरू सञ्चालन गर्न चाहिने साधन कसरी जुटाउने, कुन-कुन स्रोतबाट चाहिने साधन परिचालन गर्ने, स्थानीय जनताको श्रमदान कसरी परिचालन गर्नेजस्ता प्रश्नहरूमाथि यथोचित विचार गर्नुपर्दछ । योजना बनाउँदा ध्यान दिनुपर्ने कुराहरूमध्ये केही तल उल्लेख गरिएका छन् :-

- राज्यको भूमिका, गैह्रसरकारी क्षेत्रको भूमिका, जनसहभागिता, स्थानीय एकाइहरूको भूमिका के-कस्तो हुन्छ, सो कुराको विचार गरिनुपर्छ ।
- शिक्षा, स्वास्थ्य, सञ्चार, खानेपानी, विजुली, यातायातजस्ता सार्वजनिक सेवाहरू सरकारले नै सञ्चालन गर्नु राम्रो होला कि गैह्र सरकारी क्षेत्रको सहभागितालाई प्रोत्साहित गरिनु राम्रो होला, यसबारेमा ध्यान पुऱ्याउनुपर्छ ।
- योजनाको उद्देश्य, प्राथमिकता, नीति, कार्यक्रम, साधनजस्ता सबै बिषय प्रष्ट रूपले कसरी निर्धारण गर्ने भन्ने बारेमा ध्यान दिनुपर्छ ।
- सामाजिक न्याय, क्षेत्रीय सन्तुलन कसरी कायम गर्ने भन्ने बारेमा ध्यान पुऱ्याउनुपर्छ ।
- कृषिलगायत अन्य आर्थिक तथा सामाजिक क्षेत्रहरूमा कसरी सुधार गर्ने बारेमा विचार पुऱ्याउनुपर्छ ।
- नेपालको सन्दर्भमा काठमाडौंजस्ता शहरहरूमा बसोबास गर्ने मानिसहरूलाई मात्र नभई देशका प्रत्येक कुनाकाप्चामा बस्ने सम्पूर्ण परिवारमा देशको आर्थिक उन्नतिका फाइदाहरू कसरी पुऱ्याउन सकिन्छ भन्ने बारेमा ध्यान पुऱ्याउनुपर्छ ।
- देशमा भएका जनशक्ति, जलस्रोत, प्राकृतिक दृश्यहरू, बन्यजन्तु आदि साधन र स्रोतहरू प्रयोग गरी देशको कुल गार्हस्थ उत्पादन कसरी बढाउन सकिन्छ भन्ने कुरामा ध्यान पुऱ्याउनुपर्छ ।

*(स्रोत : सामाजिक शिक्षा, कक्षा ९)*

ख) नेपालको आर्थिक योजना

नेपाल विश्वको एक अविकसित देश भएकोले शीघ्ररूपमा आर्थिक विकास गरी देशलाई उन्नत र सम्पन्न बनाउनका लागि सरकार प्रयत्नशील रहेको छ । तर नेपालमा विकासको लागि चाहिने साधन र स्रोतको अभाव रहेकोले देशले चाहेर पनि सबै क्षेत्रमा शीघ्र प्रगति गर्न सकेको छैन । नेपालको द्रुत आर्थिक विकासका लागि आर्थिक योजनाको आवश्यकता धेरै पहिलेदेखि महसुस गरिएको थियो । यसक्रममा सर्वप्रथम दोस्रो विश्वयुद्ध प्रारम्भ हुनुभन्दा प्रहिले जुद्धशम्शेर राणाको प्रधानमन्त्रीकालमा नेपालको लागि एक बीस वर्षे योजना तयार गर्ने घोषणा गरिएका थियो । यस घोषणाबाट कुनै ठोस कार्य भएको पाइएन । योजना घोषणामा नै सीमित रह्यो । राणाशासनकाल अन्तर्गत नेपालको विदेशी राष्ट्रहरूसँग सम्पर्क नै नभएको र कतिपय क्षेत्रहरूमा पूर्वाधारहरूसमेत

तयार थिएनन् । विक्रम सम्बत् १९९२ मा देशमा सर्वप्रथम कम्पनी ऐन, तर्जुमा गरी लागू गरियो । यसले देशमा उद्योग पब्लिक लिमिटेड कम्पनीहरू स्थापना गर्न प्रोत्साहन प्रदान गऱ्यो । यही वर्ष देशमा उद्योग परिषद्को स्थापना भएको थियो । यस परिषद्को मुख्य उद्देश्य कृषि, उद्योग र व्यापारको विकास गर्ने रहेको थियो । यस अन्तर्गत कृषि विकासका लागि कृषि परिषद्, खानी विकास गर्न खानी अड्डा, काठमल रिर्पोठ अड्डा तथा नेपाली कपडा र घरेलु इलम प्रचार अड्डा स्थापना भएका थिए । यी अड्डाहरूको स्थापनाबाट पनि योजनाबद्ध रूपमा आर्थिक विकास हुन सकेन ।

प्रधानमन्त्री मोहनशम्शेर राणाको पालामा वि.सं. २००५ सालमा राष्ट्रिय योजना समिति गठन भएको थियो । यस समितिले यातायात, कृषि, उद्योग तथा अन्य आर्थिक क्षेत्रहरूको सुनियोजित ढङ्गले विकास गर्न एक १५ बर्षीय योजनाको रूपरेखा तयार गरेको थियो, तर यसबाट पनि कुनै ठोस उल्लेखनीय काम भएको पाइएन । २००७ सालको परिवर्तनपछि गठन भएको तत्कालीन नेपाल सरकारले योजनाको आवश्यकता महसुस गरी एक योजना समितिको गठन गर्ने प्रयास गरेको थियो । यस योजना समितिले १५ वर्षे योजना बनाएको थियो, तर सर्वसाधारणसमक्ष यो प्रकाशमा आउन सकेन । यसरी लामो समयसम्म देशमा योजना बनाउने र कार्यान्वयन हुन नसक्ने स्थिति कायम रह्यो । अन्तत: October 10, 1995 मा स्वर्गीय श्री ५ महेन्द्रबाट शाही घोषणा भई प्रथम पञ्चवर्षीय योजनाको सुरूआत भयो । यस योजनाको अन्तिम मस्यौदा करिब १ वर्षपछि September 21, 1956 मा प्रकाशित भई कार्यान्वयन सुरू भयो । यसर्थ सन् १९५६ अर्थात विक्रम सम्बत् २०१३ साललाई नेपालमा आर्थिक योजनाको थालनीको वर्ष भन्न सकिन्छ ।

विक्रम सम्बत् २०१८ सालमा प्रथम पञ्चवर्षीय योजना पूरा भएपछि करिब एकवर्ष नेपालमा कुनै योजना लागू भएन र देश योजनाविहीन अन्तरिम अवस्थामा रहयो । निर्दलीय पञ्चायती व्यवस्थाको सूत्रपातको समय भएकाले देशको सम्पूर्ण शक्ति राजनीतिक परिवर्तनतर्फ लागेको हुनाले देश योजनाविहीन रहन पुगेको हो भन्ने केही विद्वानहरूको भनाइ छ । कतिपय अर्थविद्हरूले यो योजनाविहीन वर्ष (२०१८ श्रावदेखि २०१९ आषाढ) मा दोस्रो योजनाका लागि प्रारम्भिक व्यवस्था मिलाउनमा गयो, दोश्रो योजनाको मस्यौदा सर्वसाधारण जनतासमक्ष मत सङ्कलनका लागि पठाइएकोले योजनाको अन्तिम रूप दिन एकवर्ष ढिलो भयो आदि भन्ने गरिन्छ । यिनै विभिन्न कारणहरूले गर्दा दोस्रो योजना पाँच वर्षका लागि नभई तीनवर्षको लागि मात्र तय गरियो । त्यस्तै गरी विक्रम सम्बत. २०४६ मा भएको जनआन्दोलनको परिणामस्वरूप देशमा ३२ वर्षसम्म शासन गरेको पञ्चायती व्यवस्थाको अन्त्य भयो । तत्पश्चात् देशको लागि संविधान बनाउने, आमनिर्वाचन गराउने र नयाँ सरकार गठन गर्ने इत्यादि कामहरूले गर्दा आर्थिक वर्ष २०४६/४७ मा सातौं पञ्च वर्षीय योजना पूरा भएपश्चात् आर्थिक वर्ष २०४७/४८ र २०४८/४९ गरी दुई वर्ष नेपाल योजनाविहीन रह्यो । तत्पश्चात् आर्थिक वर्ष २०४८/४९ देखि नेपालमा आठौं पञ्चवर्षीय योजना सञ्चालन भएको छ । आर्थिक वर्ष २०५३/५४ आठौं पञ्चवर्षीय योजनाको अन्तिम वर्ष हो ।

*( स्रोत : गुरुप्रसाद न्यौपाने (२०५५), नेपालको अर्थशास्त्र )*

## योजना सुरू हुनुभन्दा अघि नेपालको आर्थिक स्थिति

नेपालमा योजनावद्ध विकासको क्रम सुरू हुनुभन्दा अघि विकासका कामहरू खास हुन सकेका थिएनन् । देश बाह्यजगतसँग राम्ररी परिचित पनि थिएन । योजनाको थालनी हुनुभन्दा अगाडि अर्थात विक्रम सम्बत् २०१३ सालसम्ममा देशमा जम्मा १४,७०० हेक्टर जमिनमा सिंचाई सुविधा, ५२४

किलोमिटर मोटर हिड्ने सडक, ५ ओटा हवाई मैदान, १२४ ओटा हुलाक, २८ ओटा आकाशवाणी केन्द्र र २,०७७ किलोवाट विद्युत्शक्ति उपलब्ध थियो ।

यसबाट नेपालमा योजनावद्ध विकास कार्यको सुरू हुनुभन्दा अघि आर्थिक विकास ज्यादै नगण्य मात्रामा भएको भन्ने थाहा पाइन्छ । यस्तैगरी शिक्षा, स्वास्थ्य, पिउने पानीजस्ता आधारभूत सेवाहरूको पनि विकास हुन सकेको थिएन । देशको आर्थिक पछौटेपन हटाई द्रुतगतिमा आर्थिक उन्नति गर्न र सीमित साधनको सदुपयोग गरी सबै क्षेत्रहरूमा समानुपातिक रूपले आर्थिक विकास गर्ने उद्देश्यबाट देशमा योजनावद्ध आर्थिक विकास प्रयास थालनी गरिएको हो ।
*(स्रोत : गुरुप्रसाद न्यौपाने (२०५५), नेपालको अर्थशास्त्र)*

दसौं योजना र यसका विशेषताहरू

नेपालमा आर्थिक वर्ष २०५९/०६० देखि दसौं योजना चालू रहेको छ । यस योजनाको समयावधि पाँच वर्षको छ । यो दसौं योजना आ.व. २०६४/०६५ मा समाप्त हुन्छ । यस योजनापूर्वको नवौं पञ्चवर्षीय योजनामा के-कस्ता लक्ष्य थिए र कति प्रगति भयो, अनि चालू दसौं पञ्चवर्षीय योजनामा मुख्य रणनीतिहरू के-के छन् र यसका मुख्य विशेषताहरू के-के हुन् भन्नेबारेमा तलको लेख पढ्नुहोस् ।

पृष्ठभूमि

दसौं योजना (२०५९/६०-२०६४/६५) नयाँ सहस्राब्दीको पहिलो योजना तथा आर्थिक वर्ष २०५९/६० दसौं योजनाको पहिलो वर्ष हो । यस योजनाले पनि नवौं योजनामा जस्तै गरिबी निवारणलाई नै प्रमुख उद्देश्य बनाएको छ ।

दसौं योजना राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कठिन परिस्थितिबाट सिर्जित परिवेशमा निर्माण गर्नुपरेको छ । यसका अतिरिक्त नवौं योजनामा देखिएका कमी कमजोरी तथा चुनौतीहरूलाई समेत आत्मसात गरी दसौं योजनामा यथार्थपरक लक्ष्य तोकी कार्यान्वयन पक्षलाई सुदृढ गर्ने प्रयास गरिएको छ । नवौं योजनामा निर्माण भएको पूर्वाधार तथा हासिल भएको नीतिगत सुधारको अधिकतम् उपभोग गर्दै कार्यान्वयन पक्षलाई सबल बनाई दसौं योजनाको लक्ष्य पूरा गर्न यो योजना धेरै हदसम्म सफल हुनसक्ने विश्वास लिइएको छ ।

नवौं योजनाको उपलब्धि

नवौं योजनाको सुरू हुँदासम्म पनि ४२ प्रतिशत जनसङ्ख्या गरिबीको रेखामुनी रहेकाले नवौं योजनामा गरिबी निवारण नै एक मात्र सर्वोपरी उद्देश्य राखिएको थियो । यो उद्देश्य प्राप्तिका लागि कृषि क्षेत्रमा उच्च तथा दिगो वृद्धि हासिल गर्ने, जलस्रोत, पर्यटन र उद्योगजस्ता क्षेत्रहरूमा आवश्यक लगानी वृद्धि गर्ने निजी क्षेत्रको लागि उपयुक्त वातावरण सिर्जना गरी विभिन्न क्षेत्र र समुदायबीचको आर्थिक तथा सामाजिक असमानता कम गर्ने, विकासमा स्थानीय निकाय र निजी क्षेत्रको सहभागितालाई वृद्धि गर्न तथा पिछडिएका ग्रामीण क्षेत्रको विकास निर्माणका लागि सरकारको सक्रिय भूमिका रहने अवधारणा लिई सोहीअनुसार नीति र कार्यक्रमहरू सञ्चालन गरिएका थिए ।

नवौं योजना अवधिमा वार्षिक औसत ६.० प्रतिशतका दरले आर्थिक वृद्धि गर्ने लक्ष्य रहेकोमा सो वृद्धिदर वार्षिक औसत ४.० प्रतिशतले मात्र हुन गयो । क्षेत्रगतरूपमा कृषि क्षेत्रमा वार्षिक औसत ४.० प्रतिशतले वृद्धि गर्ने लक्ष्य रहेकोमा २.९ प्रतिशत र गैह्रसरकारी क्षेत्रमा वार्षिक औसत ७.० प्रतिशले वृद्धि गर्ने लक्ष्य रहेकोमा ४.६ प्रतिशत वृद्धि भएको देखिन्छ । कृषि क्षेत्रमा अपेक्षाकृत लगानी बढ्न नसक्नु, योजनाको पहिलो, चौथो र पाँचौ वर्षमा मौसमको प्रतिकूलताले कृषिमा उत्पादन वृद्धि कम भएको र विगत केही वर्षदेखि देशमा माओवादी समस्याबाट सिर्जित शान्ति सुरक्षाको कमजोर स्थितिले गैरकृषि क्षेत्रमा लगानी तथा उत्पादन वृद्धि कम हुनुले समग्र रूपमा आर्थिक वृद्धिदर अपेक्षाकृत हासिल हुन सकेन तर निर्याततर्फको वृद्धि लक्ष्यभन्दा बढी छ भने आयात वृद्धि कम भई व्यापार घाटामा सुधार भएको देखिन्छ । राष्ट्रिय वचत र गार्हस्थ उत्पादनको अनुपात वार्षिक औसत १६.४ प्रतिशतको लक्ष्य रहेकोमा प्रगति १६.७ प्रतिशत पुगेको छ । निर्यात, आयात तथा घाटा कम हुँदै गएको छ । तर प्रथम ४ वर्षमा प्राप्त उपलब्धिहरूलाई देशको आन्तरिक तथा बाह्य विशेष परिस्थितिहरूको कारणले योजनाको अन्तिम वर्षमा कायम राख्न सकिएन । आन्तरिक एवम् बाह्य दुवै क्षेत्रमा देखापरेको नकारात्मक कारणले कुल गार्हस्थ्य उत्पादनका वृद्धि पाँचौ वर्षमा घट्न गई जम्मा ०.८ प्रतिशतमा रहन गएको प्रारम्भिक अनुमान छ । नवौं योजनाबाट गरिबी निवारण र बेरोजगारी सिमान्त रूपले मात्र घट्न गई दसौं योजनाको लागि यो चुनौतीकै रूपमा रहने प्रष्ट हुन थालेको छ ।

वित्तीय संस्थाको विकासबाट बचत परिचालनमा वृद्धि भएको छ । त्यस्तै मुद्रास्फीतिमा पनि निकै सुधार भएको छ । तर वित्तीय क्षेत्रमा योजनाको लक्ष्यअनुसार सुधार कार्यक्रम तथा संस्थानहरूको सुदृढीकरणतर्फ पनि खासै प्रगति हुन सकेन । क्षेत्रगत विकासका प्रमुख सूचकहरूतर्फ विश्लेषण गर्दा केही क्षेत्रमा लक्ष्यभन्दा प्रगति बढी भएको देखिन्छ भने केही क्षेत्रमा उपलब्धि निकै कम रहेको पनि छ । नवौं योजना अवधिमा खासगरी सामाजिक र भौतिक पूर्वाधारका क्षेत्रहरूमा भएका उपलब्धिहरू उत्साहवर्द्धक रहेका छन् । जनसङ्ख्या वृद्धिदर २.२७ प्रतिशतमा घट्नु, शिशु मृत्युदर ७४.७ प्रति हजारबाट ६४ मा पुग्नु, परिवार नियोजनका साधन उपयोगकर्ताहरू ३०.१ प्रतिशतबाट ३९ प्रतिशत पुग्नु उत्साहवर्द्धक देखिन्छन् भने औसत आयु ५६.१ वर्षबाट ५७.६ वर्ष पुग्नु सन्तोषजनक मान्न सकिन्छ । तर सिंचाई, टेलिफोन र सञ्चारतर्फ उपलब्धि लक्ष्यभन्दा कम भएको देखिन्छ । सडक सुविधा भने लक्ष्य गरेभन्दा बढी हासिल हुन गएको छ ।

दीर्घकालीन कृषि योजनाका कार्यान्वयन सँगसँगै कृषि क्षेत्रमा नीतिगत सुधारहरू गरिएता पनि कृषि क्षेत्रमा खास प्रगति हुन सकेन । रासायनिक मलको आपूर्तिमा निजी क्षेत्रको सहभागिताको नीति ल्याएपछि बजारमा मलको उपलब्धतामा केही सुधार भएको छ । तर योजना कार्यान्वयनमा समस्याहरू पनि देखापरेका छन् । दीर्घकालीन कृषि योजनाले भने झैं पकेट प्याकेज कार्यक्रम प्रभावकारी रूपमा अगाडि बढाउन सकिएको छैन भने कृषि सडक र सिंचाई क्षेत्रमा साधन विनियोजनमा वृद्धि गर्न सकिएको छैन । कार्यक्रमहरू परम्परागत किसिमका नै बढी छन् र यिनीहरूलाई योजनाको प्राथमिकतातर्फ समायोजन गर्न सकिएको छैन । त्यस्तै उत्तर दक्षिण राजमार्गको विकाससँगै त्यस्ता क्षेत्रमा पर्याप्त कृषि लगानी बढ्न सकेको छैन ।

सिंचाई सुविधा विकास गर्नेतर्फ थप सिंचाई १,४२,४०० हेक्टर र कृषक कुलो सुधारतर्फ १,०७,००० हेक्टर सिंचाई सुविधा पुऱ्याउने लक्ष्य रहेकोमा विगत चार वर्षभित्र नयाँ सिंचाईतर्फ ६१,४२४ हेक्टर र कृषक कुलो सुधारतर्फ ६१,४५१ हेक्टर जमिनमा सिंचाई पुऱ्याइएको छ । यो वार्षिक सरदर

लक्ष्यको ६२ प्रतिशत मात्र हुन आउँछ । खासगरी योजनाको तेस्रो वर्षमा स्यालो ट्यूबवेल सिंचाईमा अनुदान हटाइएपछि यसबाट आएको नकारात्मक प्रभावले सिंचाई विस्तारमा प्रतिकूल असर परेको अनुमान छ । हालसम्म सिंचाई पुऱ्याइएको क्षेत्रफल ११ लाख १७ हजार हेक्टर छ । यो कुल कृषि भूमिको ४२.९ प्रतिशत हुन आउँछ ।

राजस्व वृद्धि एवम् साधारणतर्फको सरकारी खर्च नियन्त्रणतर्फ प्रगति उल्लेखनीय भएको देखिदैन । तर मूल्य अभिवृद्धि कर मुख्य राजस्व स्रोतको रूपमा आएको छ । सरकारी खर्चमा प्रभावकारिता ल्याउन सार्वजनिक खर्च पुनरावलोकन आयोग गठन भई योजनाको प्राथमिकीकरण तथा प्रशासनिक व्यवस्थापन सुधार सम्बन्धमा प्रतिवेदनले दिएको सुझावहरूलाई कार्यान्वयन गर्न लागिएको छ ।

समग्रमा नवौं योजनाको चार वर्षको प्रगति मिश्रित रहेको देखिन्छ । आन्तरिक एवम् बाह्य कठिनाइका बाबजूद योजनाको आर्थिक वृद्धिदरको प्रगति लक्ष्यको तुलनामा कम हासिल भएपनि योजनाको पहिलो चार वर्षमा मुलुकको समष्टिगत आर्थिक परिसूचकहरूको स्थिति सन्तोषप्रद तथा स्थिर रहेको थियो । चौथो वर्षको विषम परिस्थितिले गर्दा धेरै आर्थिक सूचकहरूमा नकारात्मक प्रभाव पर्न गएको छ ।

विद्यमान चुनौतीहरू

नवौं योजना अवधिमा धेरै क्षेत्रहरूमा प्रगति भएको देखिएतापनि राजनीतिक अस्थिरता लगायत अन्य कारणहरूले गर्दा विकास क्रियाकलाप लक्ष्यअनुरूप अघि [illegible] सकेको देखिदैन । दसौं योजनाको पूर्वसन्ध्यामा आएर अन्तर्राष्ट्रिय [illegible] समस्या परेको प्रतिकुल प्रभावले पनि विकासको गतिमा [illegible] अवधिको उपलब्धि मिश्रित रहन [illegible] मक नै देखिए तापनि गरिबी अपेक्षित [illegible] वृद्धि हुन थालेको छ । ७७ प्रतिशत [illegible] शतभन्दा कम हुनु र शिक्षा क्षेत्रबाट उत्पादित जनशक्तिको प्रकृत तथा [illegible] जगारी एवम् अवसरहरूबीच तालमेल नहुनु यसको प्रमुख कारकहरूको रूपमा रहेका छन् ।

आन्तरिक सुरक्षाको स्थिति कमजोर रहन गएकाले विकास निर्माणको कार्यहरूको कार्यान्वयनमा बाधा पर्न गएको छ भने लगानीको गति आन्तरिक एवम् बाह्य कारणहरूले गर्दा आशा गरेअनुरूप वृद्धि हुन सकेको छैन । यस स्थितिबाट उद्योग, वाणिज्य तथा पर्यटनलगायत अन्य क्षेत्रमा ठूलो असर पर्न गएको छ र यसको नकारात्मक प्रभाव राजस्व परिचालन तथा विकास खर्चमा पर्न थालिसकेको छ । यी परिस्थितिहरूबाट एकातिर स्रोत सङ्कुचनको स्थिति सिर्जना हुन गएको छ भने अर्कोतिर सुरक्षा र प्रशासनमा थप खर्च गर्नु परेको अवस्था आइपरेको छ । यिनै काराणहरूले गर्दा नवौं योजनाको पूर्वाधारमा साधारण खर्च कुल खर्चको ४६ प्रतिशत मात्र रहेकोमा दसौं योजनाको पहिलो वर्षमा यो अंश वृद्धि भई ६० प्रतिशत पुगेको छ ।

योजनाहरूको कार्यान्वयनमा हुने गरेको कमी कमजोरी अर्को समस्या रहेको छ । आयोजनाको निर्माण तथा कार्यान्वयनमा स्थानीयस्तरमा सहभागिता कम भई स्वामित्वको बोध कम हुनु, आयोजनाहरूको सङ्ख्या धेरै बढी हुनुले साधनको विनियोजन छरिनु, आयोजनाहरूको प्राथमिकीकरण उपयुक्त रूपमा

हुन नसक्नु तथा आयोजना कार्यान्वयन अनुगमन पक्ष कमजोर हुनु यस क्षेत्रका प्रमुख समस्या हुन् । निर्माणतर्फ आयोजनाको लागत निकै बढ्नु, ठेक्कापट्टा कार्यान्वयनमा विभिन्न कारण देखाई थप समय र रकम माग गर्ने प्रचलन बढ्नु, आयोजना निर्धारित समयमा सम्पन्न नभई दिंदा लागत बढ्न जानु र उपलब्धि तुलनात्मक रूपमा कम हुनु, सम्पन्न आयोजनाको गुणस्तर कम हुनु आदि बढ्दो समस्याका रूपमा देखापरेका छन् । त्यस्तै कतिपय क्षेत्रहरूमा निर्धारित लक्ष्य बढी महत्त्वाकाङ्क्षी देखिएका छन् भने उद्देश्य तथा रणनीतिका बीचमा कमजोर सम्बन्ध देखिएको छ । राजस्व परिचालनतर्फ अझ बढी जोड दिनुपर्ने, खर्च व्यवस्थापन कार्य दृढतापूर्वक सम्पादन गर्नुपर्ने र विकास आयोजना एवम् कार्यक्रमहरूमा आयोजना छनौट तथा प्राथमिकीकरण अनिवार्य गरी तिनीहरूलाई निश्चित समयभित्र सम्पन्न हुने गरी स्रोत र साधन विनियोजन गर्नु आवश्यक छ ।

केही माओवादी प्रभावित क्षेत्रहरूमा कर्मचारीहरूको न्यून उपस्थिति, सञ्चार एवम् अन्य पूर्वाधारको कमी, स्थानीय निकायहरू भएको अवस्थामा पनि उनीहरूले काम गर्न सक्ने वातावरण नहुनु, स्रोत र साधनको कमी इत्यादिले गरिबी बढी भएका क्षेत्रहरूमा विकासका क्रियाकलाप नगण्य हुन गएका छन् । विकासका नियमित कामकाजका अतिरिक्त गरिबी निवारणका लागि बढी भन्दा बढी लक्षित कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने क्षेत्रहरूमा विकासका कार्यक्रम सञ्चालन गर्न नसक्नु दसौं योजनाको लागि चुनौतीको रूपमा रहेको छ ।

विकासका क्षेत्रीय सूचकहरूको अध्ययनबाट अझै पनि मध्य तथा सुदुर पश्चिमका खास गरी हिमाली तथा पहाडी क्षेत्रहरू विकासको क्रममा तुलनात्मक रूपले ज्यादै पछाडि परेका छन् । शिक्षा, स्वास्थ्य तथा अन्य सामाजिक सूचकहरू पनि यी क्षेत्रहरूमा औसतभन्दा निकै पछाडि छ । त्यसैगरी दलित, उपेक्षित समुदाय, तथा जनजातिहरू अझै पनि राष्ट्रिय मूलधारमा आउन नसक्नु, यी समूहहरूको मानवीय विकासतर्फको प्रगति नगण्य रहनु तथा यस वर्गको उत्थानको कार्यक्रमहरूको कार्यान्वयन पक्ष कमजोर रहनु यस पक्षका चुनौती हुन् ।

शान्ति सुरक्षा व्यवस्थालाई सुदृढ गरी लगानी विस्तार एवम् विकास निर्माण कार्य सुचारू रूपले सञ्चालन हुन सक्ने वातावरण सिर्जना गर्दै गरिबी निवारण तथा रोजगारी अभिवृद्धि कार्यमा तिव्रता ल्याउनु नै अहिले प्रमुख चुनौतीको रूपमा रहेको छ । उक्त चुनौतीको सामाना गर्न दसौं योजनामा विकास प्रयासमा सबै क्षेत्र, वर्ग एवम् सङ्घसंस्थाहरूलाई समेट्दै सहभागितात्मक वातावरणको सिर्जना गरी गरिबी निवारण कार्यलाई अभियानको रूपमा अगाडि बढाउनु आवश्यक छ ।

दसौं योजनाका मुख्य रणनीति

देशमा विद्यमान चुनौतीहरूको सामना गरी निर्दिष्ट गरिबी निवारणसम्बन्धी उद्देश्य हासिल गर्न दसौं योजनाका नीति कार्यक्रम तथा परियोजनाहरू मूलत: निम्न चार पक्षहरूमा केन्द्रिकृत रहने छन् ।

आर्थिक नीतिलाई बढावा दिने गरी आर्थिक सुधारका प्रक्रियालाई अझै प्रभावकारी र सुदृढ बनाउँदै लगिने र निजी क्षेत्रको आकर्षण रहेका क्षेत्रहरूमा सरकारी भूमिका मूलत: सहजकारी र नियमाकको रूपमा अगाडि बढाइने छ । तर पूर्वाधार विकास एवम् पिछडिएका तथा दुर्गम क्षेत्र उत्पीडीत जाति, समूह र निजीक्षेत्र आकर्षित नभएका क्षेत्रमा भने सरकारको भूमिका सवल रूपमा अगाडि बढाइने छ । नीतिगत स्पष्टताको लागि विकास प्रयासमा स्थानीय निकाय, निजी क्षेत्र तथा अन्य क्षेत्रको भूमिका

स्पष्ट पारी यी क्षेत्रहरूबाट आ-आफ्नो भूमिका निर्वाह गर्न सक्ने अनुकूल वातावरण तयार गरिने छ । विकास प्रक्रियालाई दिगो तथा पारदर्शी बनाई विस्तार गर्न स्थानीय निकाय तथा निजी क्षेत्रलाई प्रमुख रूपमा अगाडि बढाइनेछ ।

आर्थिक विकासलाई फराकिलो बनाउन तथा आयआर्जन तथा रोजगारीका अवसरहरूको प्रशस्त मात्रामा सिर्जना हुन सक्ने सम्भावनालाई दृष्टिगत गरी कृषि क्षेत्रको अधिकतम् विकास गरिनेछ ।

देशको द्रुत आर्थिक विकासको आधारशिलाको रूपमा तथा मानवीय जीवनयापनको गुणस्तर अभिवृद्धिको निमित्त सामाजिक क्षेत्रको विकासमा जोड दिइने छ । सामाजिक सेवाको क्षेत्रमा सर्वसाधारणको पहुँच तथा सेवाको गुणस्तर अभिवृद्धिलाई प्रमुख रूपमा लिइनेछ । सामाजिक सेवाको विस्तारबाट खासगरी लक्षित समूहको क्षमता अभिवृद्धि गर्दै आर्थिक वृद्धिबाट सिर्जित अवसरहरू हासिल गर्न सक्षम तुल्याइनेछ ।

लक्षित कार्यक्रमहरू खासगरी गरिबीको रेखामुनि रहेको जनताको आयस्रोतमा वृद्धि गरी दिगो रूपमा गरिबी निवारण गर्ने कार्यमा परिलक्षित हुनेछन् । समाजका असक्त, असहाय, अपाङ्गका साथै ज्येष्ठ नागरिकलाई सम्मानित जीवनयापन गर्ने आधार निर्माण गर्न र उपेक्षित, उत्पीडित, दलित एवम् जनजाति वर्गका हितलाई प्रबर्द्धन गर्ने तर्फ प्राथमिकता दिँदै लक्षित तथा सशक्तिकरणका कार्यक्रमहरू अगाडि बढाइने छन् ।

सुशासनको अभिवृद्धिका निमित्त सहभागितात्मक आर्थिक विकासमा जोड दिई अनुगमन र मूल्याङ्कन पद्धतिलाई सुदृढ गर्ने, निर्णय प्रक्रिया र सार्वजनिक खर्चलाई बढी उत्तरदायी तथा पारदर्शी बनाउने र प्रशासनलाई चुस्त एवम् अनुशासित बनाउनेतर्फ थप जोड दिइनेछ । यस क्रममा विकेन्द्रीकरणलाई प्रभावकारी रूपमा अगाडि बढाई स्थानीय स्रोतको प्रभावकारी परिचालन एवम् स्थानीय निकायहरूको कार्यक्षमता तथा विश्वसनियतामा पारदर्शिताका साथै छनौटमा स्पष्ट आधारहरूको अवलम्बन एवम् प्राथमिकीकरणमा जोड दिइनेछ ।

उपर्युक्त चार रणनीतिलाई सशक्त रूपमा कायान्वयन गर्न र यसको समग्र प्रभावकारितालाई अधिकतम् बनाई लक्ष्य हासिल गर्ने कार्यमा सरकारी क्षेत्र एवम् स्थानीय निकायको अलावा निजी क्षेत्र, गैरसरकारी क्षेत्र र नागरिक समाजको सक्रिय सहभागिता अभिवृद्धि गरी सहभागितात्मक विकासलाई प्रोत्साहित गरिनेछ ।

**दसौं योजनाका मुख्य विशेषताहरू**

नवौं योजनाको कार्यान्वयन पक्ष एवम् प्रगतिको मूल्याङ्कन तथा अनुभवको आधारमा दसौं योजनाको तर्जुमा भिन्न किसिमबाट गरिएको छ । नवौं योजनामा देखिएका चुनौतीहरू खासगरी योजनामा कमी हुनु, लक्ष्य, रणनीति तथा कार्यक्रमहरूबीचको कार्यगत सम्बन्धमा कमजोर रहनु, बजेट र योजनाबीच सामाञ्जस्य नहुनु तथा विकास आयोजना कार्यान्वयनको अनुमान तथा मूल्याङ्कन व्यवस्था प्रभावकारी नहुनुलाई दसौं योजनामा address गर्ने प्रयास गरिएको छ ।

सर्वप्रथम योजनाको तर्जुमा सहभागितात्मक बनाइएको छ । योजनातर्जुमा प्रक्रिया सुरू हुनुअगावै पनि विभिन्न वर्ग तथा क्षेत्रहरूको छलफल र सहभागितामा अन्तरिम गरिबी निवारणको रणनीति पत्र तयार पारिएको थियो । दसौं योजनाको आधारपत्र यसै रणनीतिपत्रमा आधारित छ । जिल्लाका प्रतिनिधिहरू, नागरिक समाज तथा गैरसरकारी संस्था, महिला, विपन्न तथा दलित वर्ग, बुद्धिजीवीहरू तथा अन्य समाजमा नेतृत्व प्रदान गर्ने व्यक्तित्वका साथै विभिन्न राजनीति दलका प्रतिनिधिहरूको समेत सहभागिता रहेको यस्तो छलफलमा गरिबीको विभिन्न पक्ष र त्यसको निराकरणका लागि लिइनुपर्ने रणनीतिहरूमा व्यापक छलफल भएको थियो । यस्तै किसिमको छलफल दसौं योजनाको आधारपत्र तयार गर्ने क्रममा पनि गरिएको थियो । दसौं योजना तर्जुमा गर्ने क्रममा केही अरू छलफल आयोजना पनि गर्ने गरिएको थियो । यसप्रकार दसौं योजना व्यापक छलफलको आधारमा तयार पारिएको योजना भएको छ ।

दसौं योजनाको अर्को महत्त्वपूर्ण पक्ष योजनाको विविध पक्षलाई एकीकृत तथा विश्लेषणात्मक रूपबाट राख्न लग तालिका (Log frame) र नीतिगत कार्यतालिकाको प्रयोग भएको छ । यसको सहयोगले दसौं योजनाको प्रमुख उद्देश्य गरिबी निवारणसँग विभिन्न क्षेत्रगत लक्ष्यहरूको कार्यगत सम्बन्ध स्पष्ट रूपमा राख्न सम्भव देखिएको छ । यस तालिकाले वृहत उद्देश्यसित क्षेत्रगत लक्ष्य, रणनीति तथा कार्यक्रमहरूको बीचमा कार्यगत सम्बन्ध र स्पष्टता कायम गर्न मद्दत पुऱ्याउनेछ । यसरी तर्जुमा गरिएको कार्यक्रमहरूलाई स्पष्ट विधिको आधारमा प्राथमिकीकरण गरिएको र यो पनि दसौं योजनाको विशेषता रहेको छ । यस नीतिगत कार्यतालिकामा उत्तरदायी संस्थाको नाम उल्लेख गर्नुको साथै लक्ष्यहरूको स्पष्ट किटान हुने हुँदा तिनै लक्ष्यहरूलाई नै सूचक मानेर अनुगमन गर्ने व्यवस्था मिलाइएको छ ।

सार्वजनिक खर्चको प्रभावकारिता बढाउन, चुहावट रोक्न तथा प्राथमिकीकरणको आधारमा साधनको संयुक्त बाँडफाँड गर्नुको साथै योजनामा उल्लेख हुने कार्यक्रमको वार्षिक योजनाहरू सोहीअनुरूप तिनीहरूको स्थान पाउन सकून् भन्ने उद्देश्यले मध्यकालीन योजनाको अवधारणालाई सुरूवात गरिएको छ । तीन वर्षको सार्वजनिक खर्चको विस्तृत विवरण विशेष गरी केही प्रमुख क्षेत्रहरूको लागि दिइने प्रयास गरिनेछ । यसले योजनालाई बढी वार्षिक समन्वय गराई यथार्थ बनाउन सक्दछ भन्ने विश्वास लिइएको छ ।

परियोजनाको सफल कार्यान्वयन एवम् दसौं योजनामा निर्दिष्ट लक्ष्यहरू हासिल गर्न Input, output र Outcome अनुगमनमा गर्ने भिन्न-भिन्न framework तयार गरी कार्यान्वयन गरिनेछ । Input अनुगमनमा प्राथमिकताप्राप्त आयोजनाहरूको Componentwise खर्च भएको नभएको, Output अनुगमनमा खर्चअनुसारको उपलब्धि भए नभएको तथा Outcome अनुगमनमा दसौं योजनाको लक्ष्य एवम् प्रगति अनुगमन गर्ने व्यवस्थाको थालनी गरिएको छ ।

दसौं योजनाका नीति तथा कार्यनीतिहरूलाई क्रमश: कार्यान्वयन गर्दै लैजान मध्यकालीन खर्च संरचना तथा सरकारले लागू गरेको तत्कालीन कार्य योजनालाई प्रत्येक वर्ष परिमार्जन एवम् सुदृढीकरण गरी यी तिनै कार्यक्रम योजना तथा संरचनाको सामञ्जस्य गरी सुधारका कार्यक्रमहरूलाई broaden र deepen गरिनेछ ।

### निष्कर्ष

दसौं योजनालाई बढी यथार्थपरक बनाउनुको साथै यसको कार्यान्वयन पक्षलाई बढी जोड दिइएको कारण पहिलेका योजनाहरूभन्दा यस योजनाले गरिबी निवारणमा बढी सकारात्मक प्रभाव पार्ने अपेक्षा गरिएको छ । गरिबी निवारणका कार्यक्रमहरूलाई प्राथमिकीकरण गरिएको यस योजनाका Implemetation को Modality मध्यकालीन खर्च संरचना भएको र उक्त संरचना प्रत्येक वर्ष सुदृढ गर्दै लगिने प्रावधान भएको तथा अनुगमनलाई तीन भागमा विभाजन गरी Input, performance र outcome को छुट्टाछुट्टै अनुगमन हुने हुनाले दसौं योजना निर्दिष्ट लक्ष्यहरू हासिल गर्न सफल हुन सक्ने अपेक्षा गरिएको छ ।

*(स्रोत : सकुदेव भट्टराई खत्री र गोविन्दप्रसाद चौलागाई (२०५९), समसामयिक आर्थिक तथा प्रशासनिक झलक)*

### ग) योजनारहित आर्थिक क्रियाकलापबाट वातावरणमा पर्न जाने असरहरू

योजनारहित क्रियाकलाप भन्नाले योजनाले वातावरणमा पार्ने प्रभावको ख्याल नगरी तय गरिएको क्रियाकलाप बुझ्नुपर्दछ । उदाहरणका लागि सिमेन्ट उद्योग स्थापना गर्नु छ भने त्यसको धुवाँले वरिपरिको वस्तीमा कस्तो असर पार्ला भनी विचार नगरी उद्योग स्थापना गरिन्छ भने त्यो उद्योग योजनारहित आर्थिक क्रियाकलापभित्र पर्दछ । विश्वमा दिन प्रतिदिन जनसङ्ख्या बढ्दै गइरहेको वर्तमान स्थितिमा मानिसलाई चाहिने खाद्यान्न, निर्माण सामग्री, इन्धनजस्ता अत्यावश्यक कुराहरू उत्पादन गर्दा वातावरणमा असर परिरहेको हुन्छ । त्यसकारण योजना र विकास निर्माणका कार्य गर्दा वातावरणीय पक्षलाई ध्यान पुऱ्याउनु अति जरूरी हुन्छ । योजनारहित आर्थिक क्रियाकलापबाट वातावरणमा पुग्ने असरहरू जस्तै वायुप्रदुषण, ध्वनिप्रदुषण, भू-क्षय, अव्यवस्थित बसोबास आदिलाई लिन सकिन्छ ।

नेपालको दसौं पञ्चवर्षीय योजनामा वातावरण व्यवस्थापनमा कसरी जोड दिइएको छ भन्ने बारेमा उक्त योजनामा उल्लेखित भएका वातावरण व्यवस्थापनका उद्देश्य, रणनीति तथा नीति/कार्यनीतिहरू अध्ययन गर्नुहोस् ।

### वातावरण व्यवस्थापन

छैठौं योजनादेखि नै विकास कार्यक्रम कार्यान्वयन गर्दा वातावरण संरक्षणको अवधारणा आत्मसात गरिएको थियो । वि.सं. २०४४ मा राष्ट्रिय संरक्षण कार्यनीति, वि.सं. २०५० मा नेपाल वातावरणीय नीति तथा कार्ययोजना, वातावरण संरक्षण ऐन, २०५३ र नियमावली, २०५४, वातावरण व्यवस्थापनका सन्दर्भमा बनेका नीति तथा कानुनहरू हुन् । वातावरण पक्षलाई विकासको अभिन्न अङ्गको रूपमा अवलम्बन गरी वातावरण तथा प्राकृतिक स्रोतको व्यवस्थापनमा सम्पूर्ण सरोकारवालाको संलग्नतामा प्राकृतिक स्रोतको उचित व्यवस्थापन तथा सोको उपयोगमा दिगोपना हासिल गर्नेतर्फ आगामी दसौं योजना निर्देशित हुनेछ ।

### नवौं योजनाको समीक्षा

क) नवौं योजनाको लक्ष्यको तुलनामा प्रगति

- वातावरणीय व्यवस्थापनलाई विकाससँग आवद्ध गर्न वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) सम्बन्धमा जोड दिइएको थियो ।

- नगरपालिकाहरूबाट सरसफाई कार्य र जिल्लाको आवधिक योजना तर्जुमा गर्दा वातावरणीय पक्षलाई पनि समेटिएको छ ।
- सबै तहमा वातावरण शिक्षाको पठनपाठन चालू भएको छ ।
- काठमाडौं उपत्यकाबाट डिजेलबाट सञ्चालित तीनपाँग्रे टेम्पोलाई विस्थापन, दुई स्ट्रोक इन्जिन सवारी साधनको दर्तामा प्रतिबन्ध, सवारी प्रदूषण नियन्त्रणका लागि मापदण्ड निर्धारणजस्ता काम भएका छन् ।
- वातावरणसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिहरू कार्यान्वयन गरिएको छ ।

ख) समस्या र चुनौतीहरू

विभिन्न क्षेत्रगत नीति तथा कार्यक्रमसँग वातावरण नीति तथा कार्यक्रमको तादात्म्य नहुनु, जनसङ्ख्या तथा वातावरण मन्त्रालयको क्षमता कमजोर हुनु, गैरसकारी संस्था, दातृसंस्थाहरूबाट गरिएका कामहरूको लेखाजोखा हुन नसक्नुजस्ता समस्याहरू छन् ।

दीर्घकालीन अवधारणा

वातावरणीय व्यवस्थापनलाई वातावरणीय सुशासन (Governance) को अवधारणाअनुरूप प्रभावकारी बनाई प्रदूषण नियन्त्रण गरी स्वच्छ एवम् स्वस्थ वातावरण सिर्जना गर्नु तथा प्राकृतिक स्रोत एव. साधनले बुद्धिमत्तापूर्ण प्रयोगद्वारा दिगो विकास हासिल गर्नु ।

दसौं योजना

क) उद्देश्य

१) वातावरणको संरक्षण र आर्थिक विकासको अन्तरसम्बन्धबाटै दिगो विकास हुने तथ्यलाई ध्यानमा राखी प्राकृतिक वातावरणको संरक्षण, पुनर्स्थापन र वुद्धिमत्तापूर्ण उपयोगमा जोड दिने ।

२) शहरी प्रदूषणलाई रोकथाम गर्ने र ग्रामीण क्षेत्रलाई स्वच्छ, सफा पार्ने अभियानमा स्वतस्फूर्त ढङ्गले जनसहभागिता जुटाई दिगो विकासलाई प्रबर्द्धन गर्ने ।

ख) रणनीति तथा नीति/कार्यनीतिहरू

| रणनीति | नीति तथा कार्यनीति |
|---|---|
| १. वातावरण व्यवस्थापनलाई विकास कार्यक्रममा आन्तरिकीकरण गरिनेछ । | – दिगो विकाससम्बन्धी एजेन्डाको कार्यान्वयनलाई प्राथमिकता दिइनेछ । <br>– वातावरणीय प्रभाव मूल्याङ्कन गरिएका आयोजनाको अनुगमन मूल्याङ्कन गरिनेछ । <br>– स्थानीय निकायहरूलाई वातावरण संरक्षण कोषमार्फत अनुदान दिइनेछ । <br>– वातावरणीय सूचना तथा तथ्याङ्क बैङ्क स्थापना गरिनेछ । <br>– वातावरण मन्त्रालयअन्तर्गत वातावरण संरक्षण केन्द्रको स्थापना गरिनेछ । <br>– महिला समूहबाट वातावरण संरक्षणमा भएका योगदानलाई |

| रणनीति | नीति तथा कार्यनीति |
|---|---|
| | प्रोत्साहन गरिनेछ । |
| २. वातावरणीय जनचेतना अभिवृद्धि गर्न गैरसरकारी तथा निजी क्षेत्र, स्थानीय निकाय र जनसमुदायलाई परिचालन गरिनेछ । | – जैविक विविधता, भूसम्पदा तथा साँस्कृतिक सम्पदाको संरक्षणलाई प्राथमिकता दिइनेछ ।<br>– वातावरण संरक्षणमा स्थानीय निकायहरूको संलग्नतामा बढाइने छ । वातावरण सुधार कार्यक्रम स्थानीय निकाय, गैरसरकारी संस्था, सामुदायिक संस्था र निजी क्षेत्रको सहभागितामा सञ्चालन गरिनेछ ।<br>– वातावरणीय शिक्षालाई औपचारिक एवम् अनौपचारिक तालिम कार्यक्रमहरूमा आवद्ध गरिनेछ । |
| ३. वातावरण संरक्षणको सन्दर्भमा अन्तर्राष्ट्रिय स्तरबाट पारित सन्धि / महासन्धिको कार्ययोजना बनाई कार्यान्वयन गरिनेछ । | – अन्तर्राष्ट्रिय महासन्धिहरूको कार्यान्वयनका लागि नीतिगत व्यवस्था गरिनेछ ।<br>– विश्व व्यापार सङ्गठनको व्यवस्थाअनुरूप निकासी व्यापारलाई वातावरण-मैत्री पारिनेछ । |
| ४. हावा, पानी तथा ध्वनि प्रदूषणको राष्ट्रिय मापदण्ड निर्धारण गरिनेछ । | – सवारी साधनको प्रदूषणको मापदण्ड जाँच गर्ने निकाय नगरपालिकाहरूलाई तोकिनेछ ।<br>– वातावरण संरक्षण कोष सञ्चालन र प्रदूषणनियन्त्रण शुल्क लागू गरिनेछ ।<br>– हिमताल विष्फोटबाट हुने वातावरणीय असरलाई रोकथाम गर्न अध्ययन गरिनेछ । |
| ५. नदीप्रदूषण नियन्त्रण गर्न नदीमा ढल मिसाउन वन्देज लगाइने र औद्योगिक प्रदूषण नियन्त्रण गर्न मापदण्डको प्रभावकारी कार्यान्वयन गरिनेछ । | – औद्यागिक प्रदूषणलाई व्यवस्थापन गर्न कानुनी सुधार गरिनेछ र वागमती, विष्णुमति, मनहरा आदि नदीको संरक्षण र दिगो उपयोगको लागि कार्यक्रम ल्याइनेछ ।<br>– वातावरणका कपिल क्षेत्र (Brown Sector), हरियो क्षेत्र (Green Sector) र नीलो क्षेत्र (Blue Sector) आदिको लागि अलग अलग रणनीति तर्जुमा गरिनेछ । |
| ६. फोहोरमैला व्यवस्थापनको लागि सूचकहरू निर्धारण गरी व्यवस्थापनका क्रियाकलापहरू सञ्चालन गरिनेछ । | – हानिकारक नहुने फोहोर (Green Waste), केही हानी पुऱ्याउन सक्ने फोहोर(Amber Waste) र अति हानिकारक फोहर (Red Waste) को लागि अलग अलग कार्ययोजना तर्जुमा गरी कार्यन्वयन गरिनेछ । |

ग) नीतिगत, कानुनी र संस्थागत सुधार एवम् तिनीहरूको कार्यान्वयन व्यवस्था

- वातावरण संरक्षणको विषय सबै क्षेत्रमा लागू हुने ((Cross-cuting issue) भएकोले कुनै पनि नीतिगत व्यवस्था गर्नुअघि रणनीतिक वातावरणीय मूल्याङ्कनको दृष्टिकोणले हेरिने प्रक्रियालाई सक्षम बनाइनेछ ।
- विभिन्न ऐन नियमहरूमा वातावरण पक्ष समावेश गर्न संशोधन व्यवस्था मिलाइनेछ ।
- वातावरण मन्त्रालयअन्तर्गत वातावरण व्यवस्थापन तथा प्रबर्द्धन केन्द्रको स्थापना गरिनेछ र त्यसलाई वातावरणसम्बन्धी प्राविधिक निकायको रूपमा विकास गरिनेछ ।

*(स्रोत: दसौं योजनाको सङ्क्षिप्त रूप (२०५९-२०६४), लेखक: नारायणबहादुर थापा)*

## दूषित वातावरण स्थिति, चुनौती र सम्भावना

-पूर्णहरि अमात्य

उच्च प्रविधि तथा विज्ञानको विकासले हाम्रो समाजमा युगान्तकारी परिवर्तनहरू भएका छन् । विशेष गरी बीसौं शताब्दीको उत्तरार्द्धपछि विज्ञान र प्रविधिमा नयाँनयाँ खोज र आविष्कारले मानव समाजलाई धेरै अगाडि पुऱ्यायो । तर त्यस्तो विकासले कैयौं वातावरणीय समस्या पनि देखापरेका छन् । मानव विकासमा वातावरणीय प्रभावको अध्ययन हुन थालेपछि नयाँ स्थिति देखापऱ्यो ।

हावा, पानी, माटो, वनजङ्गल र अन्य प्राकृतिक स्रोत र साधनहरू प्रकृतिबाट हामीले नि:शुल्क प्राप्त गरी रहेका छौं र त्यसको उपयोगले मानव जीवनचक्रलाई निकै सघाउ पुऱ्याएको छ । तर प्रकृतिबाट प्राप्त त्यस्ता उपहारहरूलाई हामीले दिगो ढङ्गले उपभोग गर्नुको साटो जथाभावी प्रयोग गर्नाले प्राकृतिक स्रोत र साधनहरूको सन्तुलनलाई नै खल्बलाएको छ । यही कारणले गर्दा वातावरणीय सन्तुलनको माग बढेर गयो । जुन विकास रणनीति निर्माणका निम्ति अभिन्न अङ्ग हुन पुग्यो । अहिले विश्वव्यापी रूपमा जनसङ्ख्या वृद्धि तिव्र गतिमा भइरहेको छ । यसबाट अव्यवस्थित सहरीकरणको स्थिति उत्पन्न भएको छ । जनसङ्ख्या वृद्धि र प्राकृतिक साधनको न्यूनताले बसाइसराइको प्रवृत्तिलाई प्रोत्साहित गरिरहेको छ । फलस्वरूप सहरीकरण सँगसँगै फोहोरमैलाको व्यवस्थापनको कमी र जनचेतनाको अभावले मानिसको सामु नयाँ चुनौतीहरू उत्पन्न भएका छन् । मानिसको स्वस्थ भएर बाँच्न चाहने आकाङ्क्षालाई कुठाराघात पारेको छ । सबै उपभोग्य वस्तुहरू तुरून्त तयारी रूपमा उपलब्ध होस् भन्ने चाहनाले अनेकौं विकृति सिर्जित भएका छन् । वातावरणीय र प्रदूषणको नकारात्मक प्रभाव धेरै थोरै गाउँ, नगरदेखि महानगरसम्म सबै ठाउँलाई गाँजेको छ । यसबाट मानव स्वास्थ्यमा प्रतिकूल असर गरिरहेको छ । त्यस्तै विभिन्न किसिमका रोगहरू देखा परिरहेका छन् ।

### वातावरणीय प्रदूषण र यसको वर्गीकरण

पृथ्वीको संरचनालाई चार भागमा विभाजित गर्न सकिन्छ - (क) वायुमण्डल (ख) जलमण्डल (ग) भूमण्डल (घ) जीवनमण्डल । उपर्युक्त चार भागहरूबीचको अन्तरसम्बन्ध नै वातावरणका कारक तत्व हुन् । यी एक अर्कामा अन्तर्निभर छन् । एउटा भागमा परेको नकारात्मक असरले अर्को भागलाई प्रदूषण गर्दछ । जसअनुसार प्रदूषणलाई निम्नबमोजिम विभाजन गर्न सकिन्छ - (१) वायु प्रदूषण (२) जल प्रदूषण र (३) जमिनको प्रदूषण ।

उपर्युक्त प्रदुषणका अतिरिक्त प्रदूषणका अन्य प्रकारहरू पनि छन् । यी प्रदूषणहरू पनि वातावरणीय समस्याका रूपमा रहेका छन् । (क) ध्वनि प्रदूषण (ख) तापमानबाट हुने प्रदूषण र (ग) विकिरणद्वारा हुने प्रदूषण ।

वायुप्रदूषण

पृथ्वीको सतहदेखि १७ किलोमिटरमाथिसम्मको वायुमण्डललाई ट्रोपोस्फेयर भनिन्छ यसमा १५ प्रतिशत वायुमण्डलीय ग्याँस रहेको हुन्छ । प्राकृतिक ग्याँसहरूका अतिरिक्त कार्बनडाइअक्साइड, कार्बनमोनोअक्साइड, नाइट्रोजनअक्साइड, सल्फरअक्साइडजस्ता ग्याँसहरूले वायुमण्डलको तल्लो तहलाई प्रदूषित गर्दछन् । यसका अतिरिक्त वायुमण्डलमा हुने धूलोका कण, हाइड्रोकार्बन, धातुका कणहरू इत्यादिले वातावरणीय प्रदूषणमा सहायक भूमिका निर्वाह गरिरहेका हुन्छन् । उद्योग, सवारीसाधन, कारखाना र इन्धनजस्ता माध्यमबाट निष्कासन हुने वायु प्रदूषणहरूबाट श्वासप्रश्वाससम्बन्धी विभिन्न थरीका रोगहरू उत्पन्न हुन्छन् । तेस्रो विश्वका अविकसित मुलुकहरूमा दमका रोगीहरू बढ्नुका पछिल्तिर यही प्रदूषण नै मुख्य कारक मानिएको छ । त्यसैगरी मियेन, कार्बनडाइअक्साइड, क्लोरोफ्लोरो कार्बन आदिले पृथ्वीमा हरितकण प्रभाव गराएर वातावरणमा असर पारिरहेको हुन्छ ।

पृथ्वीको १७ देखि ४८ किलोमिटरसम्मको तहलाई स्ट्राटोस्फेयर भनिन्छ र यस तहको १७ देखि २६ किलोमिटरसम्म ओजोन ग्याँसको मात्रा रहन्छ । वायुप्रदूषणमध्ये नाइट्रस अक्साइड र सीएफसीको कारणले ओजोन तह पातलिँदै जान्छ । यसले गर्दा सूर्यबाट आउने विकिरणहरूको प्रभाव पृथ्वीमा पर्दछ र जसको प्रमुख कारण मानवीय क्रियाकलापले हुने वायुप्रदूषण नै हो । वायुप्रदूषणकै कारण अम्लवर्षा र कुहिरो बढी लाग्नेजस्ता प्राकृतिक परिवर्तनहरू हुने गर्दछन्, जसको प्रत्यक्ष प्रभाव मानिसहरूलाई परिरहेको हुन्छ ।

हावामा हुने सिसाका कणहरू र यसको प्रभाव विभिन्न किसिमका प्रदूषक ग्याँसहरूका साथै हावामा हुने सिसाका कणहरूले हाम्रो स्वास्थ्यमा गम्भीर प्रभाव पार्दछ । पेट्रोल र गाडीमा राखिने ट्रेटाइथिल लेड र लेड स्क्याभेन्जरका रूपमा प्रयोग गरिने इथाइलथालिडेसको कारणबाट सिसाका कणहरू वायुमण्डलको तल्लो तहमा जान्छ । वायुमण्डलमा पाइने सिसाका कणहरू श्वासप्रश्वासको माध्यमबाट रक्तसञ्चार प्रणालीमा जाने र यसको मानव मस्तिष्कलाई प्रत्यक्ष असर पुऱ्याउने भएकोले नै निकै हानिकारक हुने कुरा वैज्ञानिकहरू बताउँछन् । यस्ता सिसाका कणहरूले ससाना बालबालिकाहरूको मस्तिष्कमा अत्यन्त नराम्रो असर पुऱ्याउँछ । पानीमा प्रदूषण हुनुमा विभिन्न किसिमका जैविक र अजैविक प्रदूषकहरू बढी जिम्मेवार हुन्छन् । विभिन्न किसिमका रसायनहरूबाट पनि जलप्रदूषण हुन्छ । विभिन्न किसिमका उद्योगहरू, जस्तो - कपडा, कागज, छाला, जुत्ता, रासायनिक मल, चिनी, साबुन र दुग्ध पदार्थ..आदिबाट निस्कने फोहोरबाट खोलानालाको पानीमा अक्सिजनको मात्रा घट्छ । पानीमा अक्सिजनको मात्रा घटेपछि पि.एच. भ्यालु र अन्य रासायनिक पदार्थको मात्रा बढ्छ । यसले गर्दा पानीमा रहने सूक्ष्म जीवहरूका साथै माछा, भ्यागुता, गंगटाजस्ता जलचर मर्न सक्छन् । साथै खानेपानीको स्रोतमा प्रदूषित पानी मिसिनाले त्यसको सेवन गरेपछि मानिस र अन्य प्राणीहरूलाई विभिन्न किसिमका रोगहरू लाग्न सक्छन् ।

जमिनमा हुने प्रदूषण

प्रदूषित पानी जमिनमा जथाभावी फालिनाले भूमि प्रदूषण हुन जान्छ । नेपालमा अहिले सञ्चालनमा रहेका टेक्सटाइल, कागज, छाला, चिनी, साबुन, दुग्ध पदार्थ, पेय पदार्थ आदिले उत्पादन प्रक्रिया अन्तर्गत निष्कासन हुने ठोस तथा तरल पदार्थ जस्ताको त्यस्तै फालिदिँदा स्थानीय वातावरणमा नकारात्मक असर पारेको छ । उदाहरणका लागि इटहरीबाट विराटनगर जाँदा सडकको छेउछाउमा रहेका विभिन्न औद्योगिक प्रतिष्ठानहरूबाट अप्रशोधित ठोस तथा तरल पदार्थहरू फ्याँकिएको देख्न पाइन्छ । त्यसै गरी भृकुटी पेपर उद्योगबाट निस्कने फोहोर प्रशोधन नगरी नारायणी नदीमा बगाइन्छ ।

त्यस्तै सवारीसाधन तथा विभिन्न औद्योगिक प्रतिष्ठानहरूबाट उत्पन्न हुने ध्वनिप्रदूषणले राजधानी लगायत वीरगञ्ज र विराटनगरजस्ता औद्योगिक शहरमा एउटा समस्या सिर्जना भएको छ । सामान्यतया एउटा मानिसले ८० डेसिबलसम्मको ध्वनि ग्रहण गर्न सक्ने भए तापनि नेपालका विभिन्न स्थानमा गरिएको एक अध्ययनअनुसार ८५ देखि ११० डेसिबलसम्मको ध्वनि भोग्नुपरेको कुरा जानकारीमा आएको छ । यो मानव स्वास्थ्यका लागि अत्यन्तै हानिकारक छ । अत्याधिक ध्वनिप्रदूषणले हाम्रो शरीरमा एड्रिनेलिन नामक हर्मोन वृद्धि हुन जान्छ । यसबाट रक्तचाप र हृदय गति बढ्न जान्छ ।

*( स्रोत: अन्नपूर्ण पोष्ट, ४ फागुन २०६१ )*

घ) सामाजिक अध्ययन शिक्षणमा विद्यार्थी-उपलब्धि मूल्याङ्कन

१) मूल्याङ्कनका साधनहरू

सामाजिक अध्ययनमा मूल्याङ्कन गर्ने प्रविधिहरू धेरै विकास भइसकेका छन् । तीमध्ये हाम्रो देशमा प्रचलित मूल्याङ्कनका केही प्रविधिहरू यहाँ प्रस्तुत गरिएका छन् :-

- अवलोकन
- समाज मिति
- शिक्षकनिर्मित परीक्षा
- समूह मूल्याङ्कन
- रचनात्मक कार्य आदि
- अन्तर्वार्ता
- अभिवृत्ति परीक्षा
- आत्ममूल्याङ्कन
- व्यक्तिसम्बन्ध

उल्लेखित मूल्याङ्कनका साधन विविध प्रकारका अपेक्षित उद्देश्यहरू मापन गर्नमा प्रयोग गरिन्छ । मूल्याङ्कनका साधनको छनोट गर्दा कुन उद्देश्यमापन गर्ने हो ? त्यसको ख्याल गर्नु नितान्त आवश्यक पर्दछ । विद्यार्थीको अभिवृत्ति, रूचि र गुणजस्ता कुराहरूको मूल्याङ्कन गर्नुपर्दा अवलोकन, अन्तर्वार्ता र समाज मितिको प्रयोग गरिन्छ भने सङ्गठन, शैली, व्याख्या विश्लेषणजस्ता विषयको परीक्षण गर्दा विषयगत परीक्षाको उपयोग गरिन्छ । तथ्यात्मक विषयवस्तुको लागि वस्तुगत परीक्षालाई नै प्रयोगमा ल्याइन्छ । विद्यार्थीहरूको उपलब्धि थाहा पाउनका लागि शिक्षकनिर्मित परीक्षाको प्रयोग गरिन्छ । यसले विद्यार्थीहरूको क्षमता र सीपको परीक्षण गर्दछ । शिक्षकनिर्मित परीक्षाद्वारा विषयगत र वस्तुगत दुवै परीक्षालाई प्रयोगमा ल्याउन सकिन्छ ।

*( स्रोत: सामाजिक अध्ययन शिक्षा (२०६१), केशवानन्द गिरी, इन्द्र विलास घिमिरे )*

ख) विशिष्टीकरण तालिका

पाठ्यक्रम निर्दिष्ट उद्देश्यहरू पूर्ति भए भएनन् भन्ने कुराको लेखाजोखा गर्ने प्रक्रिया मूल्याङ्कन हो भने मूल्याङ्कन प्रक्रियालाई योजनाबद्ध तथा प्रभावकारी बनाउने महत्त्वपूर्ण साधन विशिष्टीकरण तालिका पनि हो । पाठ्यक्रम सबै विषयवस्तु समेटेर पाठ्यक्रमद्वारा निर्दिष्ट मूल्याङ्कन प्रक्रिया अपनाई मूल्याङ्कनका साधनका रूपमा परीक्षालाई प्रयोगमा ल्याउने विशिष्टीकरण तालिका प्रश्नपत्र निर्णयकर्ता र उत्तरपुस्तिका परीक्षकका लागि एकप्रकारको मार्गदर्शन वा निर्देशिका हो ।

विशिष्टीकरण तालिकाले शिक्षक तथा प्रश्नपत्र निर्माणकर्तालाई प्रश्नपत्र बनाउँदा विषयवस्तुगत वैधता निर्धारण गर्नमा निर्देशित गर्दछ । यसमा पाठ्यक्रमको उद्देश्यअनुसार परीक्षा र मूल्याङ्कन प्रतिविम्बित भएको हुन्छ । परीक्षाको स्तरीकरण, एकरूपता र वैधताका लागि विशिष्टीकरण तालिकाले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । यसमा सिकाइका सम्पूर्ण पक्ष समेटिएको हुनुपर्छ । पाठ्यक्रमका सम्पूर्ण क्षेत्रबाट प्रश्ननिर्माण गर्न सकिने गरी ज्ञान, बोध र अन्य तहका प्रश्नहरू निर्माण गर्न, प्रश्न सङ्ख्या, समय र अङ्क निर्धारण गर्न तथा मूल्याङ्कन गर्ने प्रक्रियासमेतलाई निर्धारण गर्ने हुँदा शिक्षणसिकाइ प्रक्रियामा यसको अहम् भूमिका रहेको हुन्छ ।

सामाजिक शिक्षा विषयको एस.एल.सी. परीक्षाका लागि तयार पारिएको विशिष्टीकरण तालिका (संशोधित), २०६१ मा उल्लेख भएका केही बुँदाहरू र विशिष्टीकरण तालिका यसप्रकार छन् :-

यो बेन्जमिन एस् ब्लुमको मूल्याङ्कनसम्बन्धी तालिका एवम् सामाजिक शिक्षाको अवधारणानुसार ज्ञान र बोध, प्रयोगात्मक तथा खोजमूलक सीप, समालोचनात्मक चिन्तन र अभिवृत्ति तथा मूल्य पक्षहरू समेटी तय गरिएको छ । विद्यार्थीको व्यवहारमा आएको परिवर्तनलाई लामो उत्तर आउने प्रश्न, सङ्क्षिप्त उत्तरात्मक प्रश्न र अति सङ्क्षिप्त उत्तरात्मक प्रश्नहरूद्वारा लेखाजोखा गर्नुपर्ने भएकाले सोअनुसार कुन-कुन पक्षहरूमा के-कति प्रश्नहरू निर्माण र प्रयोग गर्नुपर्ने हो भनी स्पष्ट पार्न आवश्यक छ । त्यसैले तलको तालिकामा यसलाई देखाइएको छ :-

| ज्ञान र बोध (३३%) | | | प्रयोगात्मक तथा खोजमूलक सीप (२६%) | | | समालोचनात्मक चिन्तन सीप (२३%) | | | अभिवृत्ति तथा मूल्य (१८%) | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| लामो | संक्षिप्त | अति संक्षिप्त | लामो | संक्षिप्त | अति संक्षिप्त | लामो | संक्षिप्त | अति संक्षिप्त | लामो | संक्षिप्त | अति संक्षिप्त | |
| १ | ५ | ४ | १ | ४ | १ | १ | ३ | २ | १ | २ | १ | २६ |

ज्ञान तथा बोध

ज्ञान भन्नाले शिक्षक वा किताब वा अन्य स्रोतबाट जस्ताको त्यस्तै ग्रहण गर्ने सामान्य जानकारी वा संस्मरणसम्बन्धी जानकारीलाई बुझाउँछ । यसमा सम्झने, चिन्नेजस्ता क्रियापदहरू प्रयोग गरिन्छ । जस्तै:-

(क) विकासका प्रमुख ६ ओटा पूर्वाधारको नाम लेख्नुहोस् ।

(ख) शिक्षाबाट हुने ४ ओटा फाइदाहरू लेख्नुहोस् ।

बोध (Comprehension) भन्नाले कुनै पनि कुरा लेखेर, सुनेर ज्ञान सीप ग्रहण गरी व्यक्तिको अन्तर्निहित विचारसहित अभिव्यक्त गर्ने कार्यलाई बुझाउँछ । यसमा अनुवाद गर्ने, व्याख्या गर्नेजस्ता क्रियापदहरू प्रयोग गरिन्छ । यो समझदारीको तल्लो तह हो, जस्तै -

(क) वायुप्रदुषणका प्रमुख कारक तत्वहरू के-के हुन् ?

(ख) तपाईं बसोबास गर्ने ठाउँ वरिपरिका किसानहरूले ग्रीष्म वा हिउँदमा गर्ने तरकारी खेतीको तालिका बनाउनुहोस् ।

प्रयोगात्मक तथा खोजमूलक सीप

विषयको प्रकृतिबमोजिम यसमा विशेषत: नक्सा कोर्ने र तिनमा भौगोलिक तथ्यहरू भर्ने कार्य लगायतका नक्सा, ग्राफ, तालिका, चार्ट आदि पढ्ने र व्याख्या गर्ने तरिकासम्बन्धी सीपहरू, सामाजिक अध्ययन विषय व्यवस्थित रूपले अध्ययन गर्न चाहिने खोजमूलक आदत/सीपहरू, जस्तै - तथ्य तथ्याङ्कहरूको खोजी, व्याख्या गर्ने तरिका, सङ्कलन गर्ने तरिका, प्रश्नावली निर्माण र अन्तर्वार्ता लिने तथा प्रतिवेदन लेख्ने तरिका आदि विद्यार्थी व्यवहारका विविध पक्षहरू समेटिन्छन् । यी पक्षहरूमा विद्यार्थीहरूले हासिल गरेका दक्षताहरूलाई सुव्यवस्थित रूपमा जाँचबुझ गर्नुपर्ने हुन्छ । केही उदाहरणहरू :

(क) तल दिइएको कोठाभित्र नेपालको नक्सा कोर्नुहोस् ।

(ख) तपाईंको गा.वि.स./न.पा. को जनसङ्ख्या खोजी गर्न तपाईं कुन निकायमा जानुहुन्छ ? यो तपाईंको घरबाट कति कि.मी. टाढा छ ?

समालोचनात्मक चिन्तन सीप

वास्तवमा सामाजिक अध्ययन विषयको प्रमुख ध्येय नै विद्यार्थीहरूमा समालोचनात्मक चिन्तन सीप विकास गर्नु हो । सामाजिक अध्ययन विषयको समष्टिगत अध्ययन क्षेत्र नै सामाजिक समस्याहरू, मुद्दाहरू, विवादहरू समाधान गर्नेतर्फ उन्मुख हुनुपर्छ भन्नुमा अत्युक्ति हुँदैन । तर विद्यार्थीहरूका स्तर, क्षमता आदिलाई ध्यानमा राखी उनीहरूमा निम्नानुसारका सीपहरू विकास गर्न र लेखाजोखा गर्ने प्रयास हुन जरूरी हुन्छ :

- मुख्यमुख्य समस्याहरू पहिचान गर्ने,
- परिणाम लेखाजोखा गर्ने,
- सतर्कतासम्बन्धी निष्कर्ष निकाल्ने ।

यस सीपअन्तर्गत निर्माण गर्न सकिने प्रश्न यसप्रकार छन् :

(क) वातावरण प्रदुषण र भूक्षय हुन नदिन मानिसहरूमा चेतना अभिवृद्धि गर्न जरूरी भएकाले यो कार्य कसरी गर्नुपर्ला ? कुनै चारओटा उपायहरू प्रस्तुत गर्नुहोस् ।

(ख) तपाईंको गाउँमा खानेपानीसम्बन्धी के-के समस्याहरू छन् र तिनको समाधान गर्न के-के उपाय अवलम्बन गर्नुपर्ला ? लेख्नुहोस् ।

अभिवृत्ति

वाञ्छित सामाजिक व्यवहारप्रतिको अभिवृत्तिलाई धेरै प्रकारमा समूहीकृत गर्न सकिन्छ तापनि हाम्रो सामाजिक अध्ययन विषयमा निर्धारण भएका उद्देश्यहरूका आधारमा वाञ्छित सामाजिक व्यवहारप्रतिको विद्यार्थी अभिवृत्तिलाई न्यूनतम् रूपले भए पनि निम्न प्रकारमा विभाजन गरी लेखाजोखा गर्नु उपयोगी हुन्छ ।

यसअन्तर्गत विशेषत: सामाजिक समस्याहरू एवम् सामाजिक देनहरूलाई विद्यार्थीहरूले चिनी सकेको/नसकेको जस्ता गुण विकासको 'विद्यार्थी स्थिति' लेखाजोखा गर्नुपर्छ । किनकि सम्भाव्य सङ्कटमा पर्नुअघि नै सहसुरक्षा एवम् कल्याणका लागि मेलमिलापद्वारा समस्याहरूसँग जुध्नु व्यक्ति, समाज र राष्ट्रको सहअस्तित्वका लागि अपरिहार्य भएकाले माथिका गुण विकासको स्थिति पहिल्याउन आवश्यक भएको हो । सङ्क्षिप्त र अति सङ्क्षिप्त प्रश्नहरूद्वारा पनि यसको लेखाजोखा गर्न सकिन्छ । उदाहरणका लागि 'हामी, हाम्रो समुदाय र राष्ट्र' पाठ्यवस्तुअन्तर्गत एउटा अति सङ्क्षिप्त उत्तरात्मक प्रश्न यसप्रकार निर्माण गर्न सकिन्छ :

(क) तपाईंको समुदायले भोग्नु परिरहेको सबभन्दा ठूलो सामाजिक समस्या के हो ?

(ख) तपाईंको समुदायले सबभन्दा पहिले सुल्भाउनुपर्ने सामाजिक समस्या के हो ?

मूल्यहरू

यहाँ मूल्यहरू भन्नाले प्रजातान्त्रिक मूल्यहरूलाई औंल्याउन खोजिएको छ । सामाजिक अध्ययन विषयको प्राथमिक चासो नै विद्यार्थीहरूमा प्रजातान्त्रिक मूल्यहरू धारण गर्ने प्रवत्ति, समालोचनात्मक विश्लेषणश्चात् विकास हुन सकोस् भन्ने हो । यस्ता मूल्यहरू विविध हुन्छन्, जसमा समानता, भातृत्वपन, धर्मप्रतिको मान्यता सामूहिक जीवनप्रतिको मान्यता र धारणाको स्थिति विद्यार्थीहरूमा के कस्तो विकास भएको छ, पहिल्याउन आवश्यक हुन्छ । सङ्क्षिप्त र अति सङ्क्षिप्त उत्तरात्मक प्रश्नहरूको प्रयोगद्वारा पनि यस पक्षको लेखाजोखा गर्न सकिन्छ । उदाहरणका लागि एकाइ ९ 'हाम्रो अन्तर्राष्ट्रिय सम्बन्ध र सहयोग' अन्तर्गत अति सङ्क्षिप्त उत्तरात्मक प्रश्न यसप्रकार बनाउन सकिन्छ :

(क) तपाईं छिमेकी देशहरूसँग राम्रो सम्बन्ध किन राख्न चाहनुहुन्छ ? कुनै एक सामाजिक कारण लेख्नुहोस् ।

(ख) छिमेकी देशहरूबाट आर्थिक सहयोग लिने वा नलिने विषयमा तपाईंले बनाएको मान्यता कारणसहित लेख्नुहोस् ।

प्रयोगात्मक तथा खोजमूलक सीपअन्तर्गत एउटा लामो उत्तर आउने प्रश्न सोधिनेछ । यसमध्ये विकास क्षेत्रको नक्सा वा नेपालको नक्सा बनाउने वा विश्वको दिइएको नक्सामा तथ्यहरू भर्ने प्रश्न सोधिने छ र यो प्रश्न अनिवार्य रूपमा गर्नुपर्ने छ । प्रयोगात्मक तथा खोजमूलक सीपअन्तर्गत ग्राफ, वृत्त तथा स्तम्भ चित्र, नक्सा कोर्ने, कार्टुन चित्र बनाउने, मूर्ति बनाउने, अनुसन्धानात्मक प्रश्नहरू (प्रश्नावली) निर्माण गर्ने, अवलोकन फाराम तयार गर्ने आदि पर्दछन् ।

समालोचनात्मक चिन्तनअन्तर्गत मुख्यमुख्य समस्याहरू पहिचान गर्ने, परिणाम लेखाजोखा गर्ने र सतर्कतासम्बन्धी निष्कर्ष निकाल्ने कुराहरू पर्दछन् ।

अभिवृत्ति पक्षअन्तर्गत सावधानी, चनाखोपन र सजगपन (Awarness) आदि पर्दछन् । मूल्य पक्ष अन्तर्गत प्रजातान्त्रिक मूल्यहरू धारण गर्ने, समानता, भातृत्वपन, सामूहिक जीवनप्रतिको मान्यता र

धारणाको विकास पर्दछन् । मूल्याङ्कनले यी पक्षहरूको विकास भएको छ छैन भनी पहिल्याउने काम गर्दछ । विद्यार्थीहरूमा व्यावाहारिक परिवर्तन भएको छ कि छैन भनी अवलोकनबाट पनि जानकारी लिन सकिन्छ भने लिखित परीक्षाबाट पनि उनीहरूमा धारणा विकास भएको छ छैन भनी हेर्न सकिन्छ ।

विशिष्टीकरण तालिकाले प्रश्न निर्माणकर्ता, परिमार्जनकर्ता एवं शिक्षकलाई प्रश्नहरू निर्माण गर्न, उत्तरपुस्तिका परीक्षण गर्न, परीक्षण कुञ्जिका बनाउन, प्रश्नहरूमा विश्वसनीयता ल्याउन र वैधता प्रदान गर्न सहयोग पुऱ्याउँछ । तसर्थ मूल्याङ्कनबाट विद्यार्थीको अभिवृत्तिलाई न्यूनतम् रूपले भए पनि लेखाजोखा गर्न सकिन्छ ।

## एस.एल.सी. परीक्षा
## विशिष्टीकरण तालिका (संशोधित), २०६१
## विषय : सामाजिक शिक्षा

माध्यमिक तह (कक्षा ९ र १०) को पाठ्यक्रममा आधारित

| खण्ड एक | | | खण्ड दुई | | | | | | | | | | | | खण्ड तीन | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| एकाइ | पाठ्यवस्तु | पाठ्यभार | ज्ञान र बोध (knowledge & understanding) (33%) | | | प्रयोगात्मक तथा खोजमूलक सीप (Practical & research skill) (26%) | | | समालोचनात्मक चिन्तन सीप (Critical thinking skill) (23%) | | | अभिवृत्ति तथा मूल्य (Attitudes & values) (18%) | | | प्रश्न सङ्ख्या | जम्मा अङ्कभार | समय ( मिनेटमा) | कैफियत |
| | | | लामो उत्तर आउने प्रश्न | सङ्क्षिप्त उत्तरात्मक प्रश्न | अति सङ्क्षिप्त उत्तरात्मक प्रश्न | लामो उत्तर आउने प्रश्न | सङ्क्षिप्त उत्तरात्मक प्रश्न | अति सङ्क्षिप्त उत्तरात्मक प्रश्न | लामो उत्तर आउने प्रश्न | सङ्क्षिप्त उत्तरात्मक प्रश्न | अति सङ्क्षिप्त उत्तरात्मक प्रश्न | लामो उत्तर आउने प्रश्न | सङ्क्षिप्त उत्तरात्मक प्रश्न | अति सङ्क्षिप्त उत्तरात्मक प्रश्न | | | | |
| | हामी, हाम्रो समुदाय र राष्ट्र | ५ | | १ | | | | | | | १ | | | | २ | ५ | १० | |
| | हाम्रा विकासका पूर्वाधारहरू | ५ | | | १ | | १ | | | | | | | | २ | ५ | १० | |
| | हाम्रो परम्परा, सामाजिक मूल्य र मान्यताहरू | ५ | | १ | | | | | | | | | | १ | २ | ५ | १० | |
| | सामाजिक समस्या र विकृति | १० | | | १ | | | | | | | १ | | | २ | १० | १५ | |
| | नागरिक चेतना | १० | | | १ | | १ | | | १ | १ | | | | ४ | १० | २० | |

| | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | भौगोलिक अध्ययन | २५ | | १ | | १ | १ | | | १ | | | १ | | ५ | २५ | ४५ |
| | ऐतिहासिक अध्ययन | २० | | १ | | | १ | | १ | | | | १ | | ४ | २१ | ३७ |
| | आर्थिक तथा वातावरणीय अध्ययन | १५ | १ | | १ | | | | | १ | | | | | ३ | १४ | २३ |
| | अन्तर्राष्ट्रिय समभ्रुदारी, शान्ति र सहयोग | ५ | | १ | | | | १ | | | | | | | २ | ५ | १० |
| | कुल जम्मा | १०० | १ | ५ | ४ | १ | ४ | १ | १ | ३ | २ | १ | २ | १ | २६ | १०० अङ्क | १८० मि. |

| प्रश्नको किसिम | प्रश्न सङ्ख्या | अङ्क विभाजन | जम्मा अङ्क भार |
|---|---|---|---|
| लामो उत्तर आउने प्रश्न | ४ | १ प्रश्न × ९ अङ्क | ४ प्रश्न × ९ अङ्क = ३६ अङ्क |
| सङ्क्षिप्त उत्तरात्मक प्रश्न | १४ | १ प्रश्न × ४ अङ्क | १४ प्रश्न × ४ अङ्क = ५६ अङ्क |
| अति सङ्क्षिप्त उत्तरात्मक प्रश्न | ८ | १ प्रश्न × १ अङ्क | ८ प्रश्न × १ अङ्क = ८ अङ्क |
| जम्मा | २६ | जम्मा | = १०० अङ्क |

| | |
|---|---|
| ४ प्रश्न × १३ मिनेट = ५२ मिनेट | |
| १४ प्रश्न × ८ मिनेट = ११२ मिनेट | |
| ८ प्रश्न × २ मिनेट = १६ मिनेट | |
| जम्मा = १८० मिनेट | (३ घण्टा) |

द्रष्टव्य: भौगोलिक र ऐतिहासिक अध्ययनबाट लामो उत्तर आउने प्रश्न सोध्दा विकल्प दिनुपर्नेछ । तर भौगोलिक अध्ययनबाट नक्सासम्बन्धी प्रश्न अनिवार्य गर्नुपर्नेछ र नक्साको विकल्प नक्सा नै दिनुपर्नेछ ।

४ **पृष्ठपोषण**

क) योजना तयार पार्दा ध्यान दिनुपर्ने चारओटा कुराहरू लेख्नुहोस् ।

ख) योजनारहित आर्थिक क्रियाकलापबाट वातावरणमा पर्न गएको असरलाई समेट्दै एउटा लेख तयार गर्नुहोस् ।

ग) विद्यार्थी-उपलब्धि मूल्याङ्कन गर्नका लागि विशिष्टीकरण तालिकाअनुसार एक-एकओटा बोधतहको लामो उत्तर आउने र छोटो उत्तर आउने प्रश्न निर्माण गर्नुहोस् ।

## पाठ एक : दातृराष्ट्रहरू र सङ्घसंस्थाहरूको सहयोग

### १ उद्देश्य

यो पाठ पढिसकेपछि शिक्षकहरू निम्नलिखित कार्यहरूमा सक्षम हुनेछन् :

क) नेपालको विकासमा संयुक्त लगानी गर्ने दातृराष्ट र सङ्घसंस्थाहरूको क्रमबद्ध सूची तयार पार्न र विश्वको नक्सामा भर्न ।

ख) विश्वका दातृराष्ट्रहरू र सङ्घसंस्थाहरूले नेपालको विकास निर्माणको क्षेत्रमा गरेको सहयोग सूची तयार गर्न ।

ग) दातृराष्ट्रहरूले आर्थिक र प्राविधिक साथै कुटनीति क्षेत्रमा गरेको सहयोग उल्लेख गर्न ।

घ) दातृराष्ट्रहरू र सङ्घसंस्थाहरूले गरेको लगानीबाट प्राप्त उपलब्धिलाई मूल्याङ्कन गर्न ।

### २ विषयवस्तु

क) विश्वका दातृराष्ट्रहरू र सङ्घसंस्थाहरूले नेपालको विकास निर्माणका क्षेत्रमा गरेको संयुक्त लगानीसम्बन्धी लेख र समाचारहरू ।

ख) कुनै पनि दातृराष्ट्र वा सङ्घसंस्थाले संयुक्त लगानी गरेका क्षेत्रहरूको तथ्याङ्कसमेत उल्लेख भएको समाचार वा लेख ।

ग) आर्थिक सहयोगको साथै प्राविधिक र कुटनीतिक सहयोगसम्बन्धी समाचार लेखहरू ।

घ) विश्वका दातृराष्ट्रहरू र सङ्घसंस्थाहरूको लगानीबाट प्राप्त भएको उपलब्धिलाई मूल्याङ्कन गरिएका समाचार लेखहरू ।

### ३ विषयवस्तु प्रस्तुतीकरण

#### वैदेशिक सहायताको सुरूवात र यसको प्रभाव

नेपालमा वैदेशिक सहायता आउने क्रम चन्द्र शम्सेरको बेलादेखि नै सुरू भएको हो । त्यसबेला फर्पिङ् र सुन्दरीजल जलविद्युत परियोजनाका लागि बेलायतबाट सहायता प्राप्त भएको थियो । प्रथम पञ्चवर्षीय योजना २०१३ मा लागू हुँदा पनि ४३ करोड ६४ लाख वैदेशिक अनुदान लिइएको थियो ।

नेपालमा वैदेशिक सहायताको सुत्रपात त विकासको प्रादुर्भाव हुनु अगाडि सैनिक सहयोग, प्राविधिक सहयोग, तथा शासन सञ्चालनार्थ तत्कालीन सरकार प्रमुखहरूलाई मैत्रीको रूपमा प्रदान गर्दै आएको थियो तथापि त्यो विकासको प्रयोजनका लागि थिएन । २००७ सालपछिको प्रजातान्त्रिक सरकार पश्चात् जब योजनाबद्ध तवरले विकासको कार्यहरूको थालनी हुन थाल्यो तव वैदेशिक सहायताको सुरूवात भयो । नेपाल एकतन्त्रीय जहानियाँ शासनको अन्त्य गरेको एक मात्र कारणबाट नेपालले सहायता उपलब्ध गरेको हो चाहिँ भन्न मिल्दैन । सहयोगको कुरा पनि हुन सक्छ । नेपालको प्रजातान्त्रिक सरकार स्थापना हुनुपूर्व विश्वमा कैयौं राष्ट्रहरू दोस्रो विश्व युद्धबाट ध्वस्त भएको अर्थतन्त्रलाई युद्धसमाप्त भएपछि पुनर्स्थापना गर्ने योजनाको सुरूवात भएको कारणले संसारमा वैदेशिक विकास सहयोग कार्यक्रमको थालनी भएको थियो ।

*(स्रोत: महेशकुमार कार्की, वैदेशिक सहायता र निजी क्षेत्र, राजस्व वैदेशिक सहायता विशेषांक, २०५२, वर्ष १५, अंक २, राजस्व प्रशासन तालिम केन्द्र (पेज नं. ४२-४३)*

नेपालमा वैदेशिक सहायताको इतिहास पुरानो भए पनि २०१३ सालमा योजनाबद्ध आर्थिक विकासको सुरूवात भएपछि संस्थागत रूपमा वैदेशिक सहायता प्रवाहित हुन थालेको हो । सन् १९७६ (वि.सं. २०३२ साल) मा नेपाल सहयोग समूहको उदय भएपछि नेपालमा वैदेशिक सहायता प्रवाहित हुने क्रम अझै बढेको छ । नेपालमा पहिलो पञ्चवर्षीय योजनामा प्रवाहित वैदेशिक सहायताको हिसाब गरेको खण्डमा सो अवधिमा साधारण खर्च पनि वैदेशिक सहयोगबाट व्यहोरिएको पाइन्छ । त्यसपछि चौथो योजनाकालसम्म देशको कुल विकास खर्चमा वैदेशिक सहायताको अनुपात ५४.६ प्रतिशतमा झरेको देखिन्छ । पाँचौं योजनाकालदेखि यसको अनुपात पुन: बढी सातौं योजनाकालमा ७०.६ प्रतिशत रकम वैदेशिक सहायताबाट नै व्यहोरिएको पाइन्छ । आठौं योजनाकाल (२०४९-२०५४) मा वैदेशिक सहायताको अनुपात ६५.५ प्रतिशतमा झरे तापनि विकास प्रयासमा वैदेशिक सहायताले महत्त्वपूर्ण भूमिका निभाएको बुझिन आउँछ ।

आर्थिक वर्ष २०५३-०५४ को कुल ५७ अर्ब ५६ करोड ५६ लाख १५ हजार रूपैयाको वार्षिक बजेटमा ६ अर्ब ४० करोड २६ लाख ९१ हजार अनुदान र ऋण सहायताबाट १३ अर्ब ९४ करोड ८५ लाख ६ हजार छुट्याइएको छ । नेपालमा सरकारी ऋण के-कति मात्रामा बढ्दै गइरहेको छ भन्ने कुरा निम्न तालिकाबाट थाहा हुन्छ :-

रू. लाखमा

| आर्थिक वर्ष | सार्वजनिक ऋण | | |
|---|---|---|---|
| | आन्तरिक | बाह्य | जम्मा ऋण |
| २०४१/०४२ | ५९७७५ | ९,२०,३२ | १५,१८,०७ |
| २०४६/०४७ | १३९०,६६ | ३६,८०,०९ | ५०,७०,७५ |
| २०५१/०५२ | २९,४७,१० | १,१३,००,०९ | १,४२,४७,१९ |
| २०५२/०५३ | २,२०,०० | ९,८१,०० | १,५४,४७,१९ |
| संशोधित अनुमान | | | |
| २०५३/०५४ | ३,००,०० | १३,९४,०० | १,७१,४२,१९ |

*स्रोत: त्रिलोचन आचार्य, कहालीलाग्दो सार्वजनिक ऋण भार, सगरमाथा २०५३ भदौ १७, काठमाडौं*

माथिको तालिकाबाट थाहा पाउन सकिन्छ कि आ.व. २०४१/०४२ मा ५ अर्ब ९७ करोड ७५ लाख आन्तरिक कर ९ अर्ब २० करोड ३२ लाख वैदेशिक गरी कुल १५ अर्ब १८ करोड ७ लाख सार्वजनिक ऋण थियो भने त्यसपछिका पूरा वर्ष अर्थात् आ. व. २०५१/०५२ मा २९ अर्ब ४७ करोड १० लाख आन्तरिक रू. ११३ अर्ब ९ लाख वैदेशिक गरी कुल १४२ अर्ब ४७ करोड १९ लाख सार्वजनिक ऋण हुन गएको देखिन आउँछ ।

अर्थतन्त्रको विभिन्न क्षेत्रमा आर्थिक वर्ष २०३२/०३३ देखि २०५०/०५१ सम्मको वैदेशिक सहायता उपयोगको स्थिति निम्नानुसार रहेको पाइन्छ :-

**वैदेशिक सहायताको उपयोग स्थिति**
(आ.व. २०३२/०३३ देखि आ.व. २०५०/०५१ सम्म)

(रू. करोडमा)

| आर्थिक क्षेत्र | २०३२/०३३ देखि २०३६/०३७ सम्म | २०३७/०३८ देखि २०४१/०४२ सम्म | २०४२/०४३ देखि २०४६/०४७ सम्म | २०४७/०४८ देखि २०५०/०५१ | जम्मा |
|---|---|---|---|---|---|
| कृषि सिंचाई र वन | ८१.९९ | ३१८.६८ | ६५१.९२ | १०६४.५१ | २११७.१ |
| यातायात, विद्युत तथा सञ्चार | २४८.९२ | ४२५.३२ | ११३८.८७ | १३१६.९७ | ३१३०.० |
| उपयोग तथा वाणिज्य | ३३.०२ | १११.१५ | १७५.४९ | ४६५.२ | ७८४.६३ |
| सामाजिक सेवा | ५८.२७ | १९६.२४ | ४०९.४९ | ५९९.५७ | १२६३.५७ |
| जम्मा | ४२२.२० | १०१५.३९ | २३७५.५४ | ३४४६.२५ | ७२९५.३८ |

*(स्रोत: ध्रुव अधिकारी, वैदेशिक सहायताको उपयोगमा विद्यमान समस्या र समाधानका उपाय राजश्व वर्ष १५, २०५२, अङ्क २ वैदेशिक सहायता विशेषाङ्क, राजश्व प्र-तालिम केन्द्र पेज नं. २२)*

उपरोक्त तालिकाबाट के कुरा थाहा हुन्छ भने आ. व. २०३२/०३३ देखि २०३६ सम्मको अवधिमा जम्मा वैदेशिक सहायताको उपयोग रू. ४२२.२० करोड भएको देखिन्छ भने यस किसिमको उपयोग क्रमिक रूपमा बढ्दै गएर २०४७/०४८ देखि २०५०/०५१ को अवधिमा रू. ३४४६.२५ करोड पुगेको र २०३२/०३३ देखि २०५०/०५१ सम्म हामीले विभिन्न क्षेत्रमा कूल वैदेशिक सहायता रू. ७२९५.३८ करोड उपयोग गरेको देखिन आउँछ ।

आ.व. २०३२/०३३ मा प्राप्त अनुदान सहायतामध्ये द्विपक्षीय अनुदानको हिस्सा ८६ प्रतिशत र बहुपक्षीय अनुदान १४ प्रतिशत रहेकोमा आ. व. २०५१/०५२ मा द्विपक्षीय कुल अनुदान सहायतामा अझै पनि द्विपक्षीय स्रोत नै बढी महत्त्वपूर्ण रहेको देखिन्छ । ऋणतर्फ हेर्दा आ. व. २०३२/०३३ मा कुल प्राप्त ऋण रकममध्ये ८४ प्रतिशत बहुपक्षीय स्रोतबाट प्रवाह भएकोमा आ.व. २०५१/०५२ मा यसको हिस्सा बढेर ९२ प्रतिशत पुगेको छ ।

**स्वीकृत वैदेशिक सहायता रकम (स्रोतअनुसार)**

( रू करोडमा )

| आ. व. | द्विपक्षीय | | बहुपक्षीय | | जम्मा | |
|---|---|---|---|---|---|---|
| | अनुदान | ऋण | अनुदान | ऋण | अनुदान | ऋण |
| ०४५/४६ | ३२१.५३ | ३१.७० | १५४.५७ | ५३२.७० | ४७५.९० | ५६४.४० |
| ०५०/५१ | ७२६.७१ | १३.५२ | १५.८९ | ५६१.१० | ४७२.६० | ५७४.६२ |
| ०५५/५६ | १३२९.९१ | ४८.८३ | ०.५० | ४५६.०० | १३३०.४२ | ५०४.८३ |
| ०५७/५८ | १४०४.६० | ३४४.९९ | २४.३० | १३५४.७८ | ५५०.७७ | १३७०.१३ |
| ०५८/५९ | १४५६.०५ | ११४.६५ | ५९५.०८ | ८७४.१० | २०५१.१४ | ९८८.७४ |

*प्रथम आठ महिनामा*

*स्रोत : आर्थिक सर्वेक्षण, अर्थ मन्त्रालय*

नेपालमा चार दशकभन्दा लामो अवधि पार गरी नौओटा आवधिक योजनाहरू कार्यान्वयन भई दसौं योजना कार्यान्वयन भइरहेको छ । यस्तो अवस्थामा सरकारी क्षेत्रमा हुने विकास खर्चको आधाभन्दा बढी रकम वैदेशिक सहायताबाट बेहोर्नुपर्ने स्थिति छ । उपलब्ध तथ्याङ्कहरूलाई हेर्दा प्रथम योजनादेखि प्रस्तावित दसौं योजनासम्म सरकारी क्षेत्रको विकास खर्चमध्ये प्रचलित मूल्यमा के-कति आन्तरिक स्रोतबाट र के-कति बाह्य स्रोतबाट अनुदान र ऋण सहयोगको रूपमा प्राप्त भएको वा हुने अनुमान गरिएको थियो र छ ? उक्त रकम तल तालिकामा प्रस्तुत गरिएको छ ।

रू. करोडमा

| आवधिक योजना | सरकारी क्षेत्रको विकास खर्च | कुल आन्तरिक स्रोत | बाह्य स्रोत | | | प्रतिशतमा विदेशी सहायता |
|---|---|---|---|---|---|---|
| प्रथम योजना | २१.४४ | - | ३८.२८ | - | ३८.२८ | १७८.५ |
| दोस्रो योजना | ५९.६८ | १२.०९ | ४३.२४ | ४.३५ | ४७.५९ | ७९.७ |
| तेस्रो योजना | १६३.९१ | ७१.९३ | ९०.५२ | १.४६ | ९१.९८ | ५६.१ |
| चौथो योजना | ३३५.६८ | १८४.७७ | ११९.८४ | ३१.०७ | १५०.९१ | ४५.० |
| पाचौं योजना | ८८३.२६ | ४५९.१८ | २६२.३७ | १६१.७१ | ४२४.०८ | ४८.० |
| छैठौं योजना | २२०९.२७ | ११०५.५७ | ४७५.२३ | ४८३.४७ | १०५८.७० | ४७.९ |
| सातौं योजना | ४८३४.५४ | १९५०.५९ | ८१९.०८ | २०६४.८७ | २८८३.९५ | ५९.६ |
| आठौं योजना | ११११९१.९८ | ४९०७.८१ | २०९३.७४ | ४१९०.४३ | ६२८४.१७ | ५६.१ |
| नवौं योजना | १७९४५.८५ | ७३१२.९३ | ३९२४.८९ | ६७०८.०३ | १०६३२.९० | ५९.२ |
| दसौं योजना | २६४००.० | १२०४१.०० | ५७४३.०० | ८६१५.०० | १४३५९.०० | ५४.४ |

*(स्रोत: फणिन्द्रबहादुर क्षेत्री, नेपालको विकास र वैदेशिक सहायता, मिमिरि, वर्ष ३१, अङ्क ११, २०५९ फाल्गुण, पूर्णाङ्क २१०, पेज नं. ११२-११३)*

१. विकास खर्च बाहेक अन्यमा समेत खर्च बेहोरिएको ।
२. अनुमानित
३. प्रस्तावित र २०५८/५९ को स्थिर मूल्यमा

*स्रोत: विभिन्न आवधिक योजनाहरू*

माथि उल्लेखित तालिकाअनुसार प्रथम योजनामा सम्पूर्ण सरकारी क्षेत्रको विकास खर्च वैदेशिक सहायताबाट बेहोरिएको थियो भने दोस्रोदेखि छैठौं योजनासम्म वैदेशिक सहायताको अनुपात घट्ने क्रममा देखिन्छ । चौथो योजनामा सबैभन्दा कम ४५ प्रतिशत मात्र वैदेशिक सहायता प्राप्त भएको थियो भने त्यसपछि सातौं योजनादेखि पुन: सङ्ख्यात्मक  आनुपातिक हिसाबले बढ्ने क्रममा रहेको देखिन्छ । यस आवधिक योजनाको लामो समयमा वैदेशिक सहयोगको बनावटमा आमूल परिवर्तन भएको देखिन्छ । तेस्रो योजनासम्म ऋण सहयोग नगन्य थियो भने त्यसपछि ऋणको मात्रा विस्तारै बढ्दै हाल अनुदान सहयोगभन्दा ऋण सहयोगमा वृद्धि भएको छ । त्यसमा पनि द्विपक्षीय ऋणको मात्रा बढी रहेको छ । नेपालले ऋणस्वरूप प्राप्त गरेको वैदेशिक सहायताको ब्याज भुक्तान गर्नुपर्ने हुन्छ । यस्तो ऋणको ब्याजदर वार्षिक ०.७५ प्रतिशतदेखि १.५० प्रतिशतसम्मका दरले तिर्नुपर्ने हुन्छ । यसरी ऋण सहयोग प्राप्त गर्दा बढीमा ४० वर्षसम्ममा साँवा र ब्याज भुक्तानी गर्ने गरी

सम्झौता गरेको पाइन्छ । यसरी नेपालको विकासमा वैदेशिक सहायताको महत्त्वपूर्ण योगदान रहेको भए तापनि देश आत्मनिर्भर नभई परनिर्भर भइरहने खतरा भने रहन्छ ।

नेपालमा सबैभन्दा बढी अनुदान सहयोग प्रदान गर्ने राष्ट्र जापानबाट कुल अनुदान सहयोगको ४० प्रतिशतभन्दा बढी सहयोग प्राप्त हुन्छ । नेपाललाई अनुदान दिने अन्य प्रमुख राष्ट्रहरूमा जर्मनी, फिनल्यान्ड, नर्वे, डेनमार्क, स्वीजरल्यान्ड, अमेरिका, बेलायत, नेदरल्याण्ड, भारत, चीन लगायतका राष्ट्रहरू रहेका छन् । त्यस्तै संस्थाहरूमा युनिसेफ, विश्व खाद्य कार्यक्रम, स्वीस सहयोग नियोग, GTZ, DFID, USID, आदि प्रमुख रहेका छन् । त्यस्तै सबैभन्दा बढी ऋण सहयोग गर्नेमा एसियाली विकास बैंक र त्यसपछि विश्व बैंक, जापान साउदी विकास कोष, कोरिया र ओपेक रहेका छन् ।

आर्थिक वर्ष २०५१/०५२ मा रू. १२ अर्ब ८७ करोड ७० लाख बराबरको वैदेशिक सहायता रकम स्वीकृत भएको थियो । जुन कि आ. व. २०५०/०५१ को तुलनामा ९.७ आ. व. २०५०/०५१ मा कुल स्वीकृत विदेशी सहायताको रकममध्ये ऋणको अंश ४३.६ प्रतिशत र अनुदानको अंश ५६.३ प्रतिशत रहेको पाइन्छ । आ. व. २०५१/०५२ मा ऋण तथा अनुदानको अंश क्रमशः १३.३ प्रतिशत र ८६.७ प्रतिशत रहेको पाइन्छ । आ. व. २०५१/०५२ मा स्वीकृत कुल वैदेशिक सहायतामध्ये बहुपक्षीय सहायताको अंश र द्विपक्षीय सहायताका अंश क्रमशः ७५.६ र २४.३ प्रतिशत रहेको छ । स्वीकृत वैदेशिक सहायतामा द्विपक्षीय सहायतामध्ये अनुदानको अंश ९९.० प्रतिशत रहेको देखिन्छ भने बहुपक्षीय सहायतामा ऋणको अंश ५२.२ प्रतिशत रहेको बुझिन्छ ।

आर्थिक वर्ष २०५२/०५३ को प्रथम नौ महिनाका अवधिमा कुल ११ अर्ब ३७ करोड ३६ लाख वैदेशिक सहायता रकम स्वीकृत भएको छ । यो रकम आ. व. २०५१/०५२ को अवधिमा स्वीकृत भएको सहायताको रकमभन्दा ५०.८ प्रतिशत (३८३.१५ करोड) ले बढी छ । स्वीकृत वैदेशिक सहायतामा अनुदानको अंश ५१.९ प्रतिशत रहेको छ । स्वीकृत वैदेशिक सहायतामध्ये बहुपक्षीय सहायताको अंश ५४.४ प्रतिशत रही अग्रणी रूपमा रहेको पाइन्छ ।

आ. व.. २०५१/०५२ को अन्त्यसम्म श्री ५ को सरकारले तिर्नुपर्ने कुल वैदेशिक ऋण भार रू. ११३ अर्ब ९ लाख पुगेकोमा आ. व. २०५२/०५३ को प्रथम नौ महिनामा उक्त ऋणमा ७.४६ प्रतिशतले रू. (८ अर्ब ४३ करोड) थप भई २०५० साल चैत्र महिनासम्म विदेशी ऋणको भार रू. १२१ अर्ब ४३ करोड ९ लाख पुगेको देखिन्छ । आ. व.. २०५१/०५२ को अन्त्यसम्ममा श्री ५ को सरकारले आन्तरिक स्रोतबाट उठाएको कुल ऋणमा विशेष ऋण पत्रबाट रू. १४ अर्ब ५३ करोड ९२ लाख (४९.३ प्रतिशत) ट्रेजरी विलबाट रू. ६ अर्ब ३९ करोड २५ लाख (२१.७ प्रतिशत) राष्ट्रिय वचत पत्रबाट रू. ६ अर्ब ७ करोड ६५ लाख (२०.६ प्रतिशत) र विकास ऋणबाट रू. २ अर्ब ४६ करोड २८ लाख (८.४ प्रतिशत) रहेको देखिन आउँछ । आ. व. २०५१/५२ को अन्त्यमा यस्तो तिर्न बाँकी आन्तरिक ऋण रू. २९ अर्ब ४७ करोड १० लाख भएकोमा आ. व. २०५२/५३ को नौ महिनासम्म १ अर्ब ९ करोड ९६ लाख पुगेको छ ।

आर्थिक वर्ष २०५९/०६० को पहिलो आठमहिनामा अघिल्लो आर्थिक वर्षको सोहीअवधिको तुलनामा वैदेशिक सहायता १९.६ प्रतिशतले घट्न गई रू. २४ अर्ब ४४ करोड ९६ लाख रहन गएको छ । स्वीकृत सहायता रकममध्ये अनुदान रू. १८ अर्ब ५३ करोड ८३ लाख र ऋण रू. ५ अर्ब ९१

करोड १३ लाख भई अनुदान र ऋण अनुपात क्रमश: ७५.८ र २४.२ प्रतिशत रहेको छ । सहायताको बनौट हेर्दा द्विपक्षीयतर्फ रू. ९ अर्ब ७० करोड ६७ लाख र बहुपक्षीयतर्फ रू. १४ अर्ब ७४ करोड २९ लाख रहेको देखिन्छ । यसरी कुल वैदेशिक सहायतामा द्विपक्षीय सहायताको अंश ३९.७ प्रतिशत र बहुपक्षीय सहायताको अंश ६०.३ प्रतिशत रहेको छ । आर्थिक वर्ष २०५८/०५९ को सोही अवधिमा अनुदानको अंश ६७.५ प्रतिशत रहेको छ । आर्थिक वर्ष २०५८/०५९ को सोही अवधिमा अनुदानको अंश ६७.५ प्रतिशत र ऋणको अंश ३२.५ प्रतिशत तथा द्विपक्षीय सहायताको अंश ५१.७ प्रतिशत र बहुपक्षीय सहायताको अंश ४८.३ प्रतिशत रहेको थियो । आर्थिक वर्ष २०५८/०५९ को प्रथम आठ महिना र आर्थिक वर्ष २०५९/०६० को प्रथम आठमहिनाको तुलना गर्दा अनुदान रकम ९.६ प्रतिशतले र ऋण रकम ४०.२ प्रतिशतले कम भएको देखिन्छ । यसरी स्वीकृत वैदेशिक सहायता रकम घट्नुमा देशमा शान्ति सुरक्षाकै अभावको कारणले वैदेशिक सहयोगमा सञ्चालित आयोजनाहरूमा अपेक्षित रूपमा रकम खर्च हुन नसकी प्रतिवद्धताअनुरूप उपयोग हुन नसकेकोले दातृ समुदायबाट सहायता स्वीकृत गर्ने कार्यमा कमी आएको देखिन्छ ।

वैदेशिक सहायताको स्वरूपतर्फ दृष्टि दिंदा के पाइन्छ भने आ. व. १९७८/७९ देखि १९८८/८९ सम्मको १० वर्षको अवधिमा देशले पाएको कुल सहयोग ५.५२ अर्बमध्ये ८२ प्रतिशत रकम नगद कै रूपमा र केवल १८ प्रतिशत सहयोग वस्तुगत रूपमा लिइएको पाइन्छ । विलासिताका वस्तुहरूको व्यापक उपभोग र वैभव प्रदर्शन गर्ने सँस्कृति र रहनसहन देशमा बढ्यो । विदेशी सहायताको उचित उपयोग नहुँदा राष्ट्रमा अनुत्पादक खर्च बढ्ने प्रवृत्ति कायम भयो । देशले आफूले तोकेको प्राथमिकताका क्षेत्रमा विदेशी पूँजी लगानी हुनुपर्नेमा दाता मुलुक र संस्थाहरूको इच्छामा भर पर्न गएकोले देशको वास्तविक आवश्यकता र प्राथमिकताहरूमा वाञ्छित रूपमा पूँजीको परिचालन भई विदेशी सहायताको यथेष्ट सदुपयोग हुन सकेन । फलस्वरूप परियोजनाहरू रुग्ण एवम् समस्याग्रस्त अवस्थामा रहन पुगे ।

*(स्रोत: अजयराज उपाध्याय, वैदेशिक सहयोग र नेपालका आर्थिक विकास प्रयास, मिमिरे आर्थिक लेख विशेषाङ्क, २०५३, अङ्क १२८, पेज नं. १९८-१९९)*

उपयोग र प्रभाव

वैदेशिक सहयोगमा अत्याधिक निर्भर भएर पनि नेपाललाई विदेशबाट प्राप्त हुने अनुदान घटिरहेको छ । तर ऋण भने बढ्दो छ । वि.सं. २०१२ सालमा नेपाललाई जति पनि वैदेशिक ऋण आउँथ्यो, त्यो सबै अनुदानका रूपमा वि.सं. २०४३ सालको तथ्याङ्क हेर्ने हो भने कुल वैदेशिक सहयोगको एक चौथाइभन्दा केही बढी मात्र त्यस्तो सहयोग प्राप्त भयो र बाँकी सबै ऋण भएको देखिन्छ । सन् १९६० को दशकमा शत प्रतिशत अनुदान आउने क्रम घट्दै गएर त्यसको एक दशकपछि नै ७१ प्रतिशत मात्र अनुदान सहयोग आएको बुझिन्छ । २०४८ सालमा कुल वैदेशिक सहयोगमध्ये जम्मा २० प्रतिशतमा अनुदानका रूपमा आउन थाल्यो भने त्यसको एक वर्षपछि भने केही प्रगति देखिएर ४० प्रतिशत अनुदान सरकारले प्राप्त गरेको पाइन्छ । वैदेशिक सहयोगको एउटा मुख्य प्रकृति के देखिएको छ भने विदेशी दातृराष्ट्रले प्रतिबद्धता जाहेर गरेको थोरै प्रतिशत मात्र नेपालले यथार्थमा खर्च गर्न सकेको बुझिन आउँछ ।

नेपालमा वैदेशिक सहयोगप्रति निर्भरता किन बढेको हो र विकास खर्चअनुसार आन्तरिक राजश्व सङ्कलन बढ्न नसक्नु नै यसको मुख्य समस्या हो भनी एक्सन एड नेपालको प्रतिवेदनले देखाएको

छ । उक्त प्रतिवेदनअनुसार देशको बाह्य ऋण बढ्दै जानुको कारण नै उपयुक्त रूपमा आयोजना छनौट हुन नसक्नु हो । वैदेशिक सहयोगका आयोजनाहरूमा सहभागिताको कमी, दक्ष व्यवसायी न्यूनता र अनुपयुक्त कार्यपद्धति रहेको ठहर गरेको छ । सरकार तथा दातृ पक्षले गरिबी निवारणमा प्रशस्त जोड दिन खोजे पनि विगतमा त्यसमाथि खास प्रभाव पर्न नसकेको भनी प्रतिवेदनमा उल्लेख छ । बरू विदेशी ऋण बढेको बढ्यै छ भने गरिबी निवारण प्रभावकारी हुन सकेको छैन । प्रतिवेदनले त अझ विदेशी सहयोगले नेपालमा भ्रष्टाचार बढाएको किटानसमेत गरेको पाइन्छ ।

नेपालले प्राप्त गर्ने विदेशी सहायता परिचालन गर्नका लागि हालसम्म कुनै नीति नियम बनेका छैनन् भने यसका लागि अन्य कुनै ठोस कदम पनि चालिएको पाईंदैन । विदेशी ऋण तथा अनुदानसम्बन्धी नीति नभएकाले दातृराष्ट्र र निकायले जहाँ जसरी चाह्यो त्यसरी नै ऋण र अनुदान दिने गरेको देखिन्छ । वैदेशिक सहायता भनेको सानो समयमा देशलाई अगाडि बढाउने स्रोत प्राप्त गर्नु हो । वैदेशिक सहायतामा अनुदानको अंश निकै घटिरहेको छ छैन यो पनि हेरिएको छैन भने कुल ऋणको ४०/५० प्रतिशत मात्र उपयोग भएको छ । ४० वर्ष अगाडि लिएको ऋणको साँवा र ब्याज अब तिर्नुपर्ने भएकोले नेपालको अर्थतन्त्रले धान्न नसक्ने देखिन आउँछ । वैदेशिक सहायताको अनुपात क्रमिक रूपमा घटाउँदै लैजाने भनिए तापनि बढ्दो विकास कार्यहरू सञ्चालन गर्नुपर्ने र साधारण खर्चमा पनि सोहीअनुसार वृद्धि हुँदै गएकोले सहायताको निर्भरता अझ निकै समयसम्म महत्त्वपूर्ण रहने छ ।

नेपालले हालसम्म बाह्य स्रोतबाट प्राप्त गर्दै आएको ऋणको औसत ब्याज दर ०.९ प्रतिशत र भुक्तानी अवधि सरदर ४४ वर्ष रहेको छ जुन भारत, कोरिया, फिलिपिन्सजस्ता राष्ट्रले प्राप्त गरेको सहुलियतभन्दा बढी सुविधापूर्ण रहेको देखिन्छ । अर्थ मन्त्रालयबाट प्रसारित आर्थिक सर्भेक्षणअनुसार २०५१ आषाढसम्म सरकारलाई वैदेशिक ऋणको भार रू. १०१ अर्ब ९६ करोड ६८ लाख रहेकोमा चैत्रसम्म १०.४ प्रतिशतले बृद्धि भई रू ११२ अर्ब ६० करोड ६७ लाख पुगको र यस अवधिमा रू. ५ अर्ब ३८ करोड २६ लाख ऋण प्राप्त भएको तथा १ अर्ब ३२ करोड ७२ लाख साँवा भुक्तानी दिइएको थियो । यसरी आ. व. २०५०/०५१ मा अघिल्लो वर्षको तुलनामा २५.१ प्रतिशतले वृद्धि भई कुल रू. ११ अर्ब ५५ करोड ७२ लाख वैदेशिक सहायता उपयोग गरिएकोमा सोमध्ये ४७.८ प्रतिशत कृषि सिंचाई र वनमा ३६.१ प्रतिशत, यातायात, विद्युत तथा सञ्चारमा १२.७ प्रतिशत अन्य क्षेत्रमा उपयोग भएको पाइन्छ ।

*(स्रोत: माधवलाल प्रधान, नेपाल वैदेशिक ऋणको उपयोग एक अध्ययन नेपाल राष्ट्र बैंक, समाचार वार्षिक प्रकाशन, ४१ औं वार्षिकोत्सवको उपलक्ष्यमा, बैशाख १४, २०५३, पेज नं. १५०)*

वैदेशिक सहायता उपयोगसम्बन्धी अध्ययन प्रतिवेदनअनुसार हामीले प्राप्त सहायतामध्ये केवल ७५ प्रतिशत मात्र उपयोग गर्न सकेका छौं । यसले पनि मुलुकको विकासको निम्ति प्रमुख समस्या स्रोत साधनको कमी होइन भन्ने कुरालाई पुष्टि गरी अरू समस्याको पहिचान र मूल्याङ्कन गर्न अभिप्रेरित गरेको छ । स्वीकृत सहायता र खर्च वित्तको खाडल बढ्दै जानुका पछाडि प्राप्त आयोजनाहरूको पहिचान छनौटमा त्रुटि रहनु, कार्यान्वयन पक्ष ज्यादै कमजोर रहनु, पर्याप्त र कुशल जनशक्तिको कमी र अन्य प्रशासनिक एवम् आर्थिक प्रशासनसम्बन्धी कार्यविधिहरूको दुरुपयोग नै प्रमुख कारण रहेका छन् । नेपालले अहिले विदेशी कर्जा र अनुदानको राशी बढाउँदै लग्नेतिर प्रयास बढाउनुको

सट्टा आर्थिक सहयोगको उत्पादकत्व बढाउने, विदेशी कर्जा र अनुदानमा नेपाली विशेषज्ञहरू र नेपाली ठेकेदारहरूको सहभागितालाई बढाउँदै लैजानु आवश्यक भएको छ ।

वैदेशिक सहायताबाट सञ्चालित अधिकांश, विकास आयोजनाहरूको अपेक्षित योगदान पुऱ्याउन नसकेको मात्र नभई यस्तो विकास प्रयासमा श्री ५ को सरकार र नेपाली जनताको स्वामित्व अझै पूर्ण रूपमा प्रतिविम्बित हुन सकेको छैन । यसको साथसाथै ऋणको दायित्व बढ्दो छ । आर्थिक वर्ष २०५८/०५९ मा कुल वैदेशिक ऋण रू. खर्ब ७ अर्ब पुगेको छ । ऋणको साथै साँवा-व्याज भुक्तानीको भार पनि बढिरहेको छ ।

आठौं पञ्चवर्षीय योजना (२०४९-२०५४) मा वैदेशिक ऋणलाई राम्रोसँग परिचालन गर्न नीतिगत कार्यक्रमहरू यसप्रकार राखिएको छ । (क) बाह्य स्रोतबाट उपलब्ध हुने साधनको उपयोग (ख) उत्पादकत्वमा अधिकतम वृद्धि गर्नेतर्फ जोड दिइनेछ । (ग) बाह्य सहायताको लागि नयाँ आयोजनाहरूको छनौट योजनाले निर्दिष्ट गरेका क्षेत्रहरूमा प्राथमिकताको आधारमा गरिनेछ । (घ) वैदेशिक ऋण स्वीकृत गर्दा सकेसम्म प्रत्यक्ष उत्पादनमूलक कार्यक्रमहरूमा मात्र लिई अन्य कार्यक्रमहरूका लागि सकेसम्म वैदेशिक अनुदान परिचालन गरिनेछ ।

दसौं योजना (२०५९-२०६४) मा दीर्घकालीन अवधारणा

गरिबी निवारण तथा दिगो आर्थिक विकासका लागि वैदेशिक सहयोगको अधिकतम उपयोग गरी दीर्घकालीन रूपमा स्रोत परिचालनमा आत्मनिर्भरता हासिल गर्न योगदान पुऱ्याउनुपर्ने भएको छ । यसका साथै गरिबी निवारणका लागि देशमा लगानीको बढ्दो आवश्यकता पूरा गर्न वैदेशिक सहायता उपलब्ध गरी उपयोग गर्दै जाने दीर्घकालीन अवधारणा राखिएको छ ।

दसौं योजना

उद्देश्य

वैदेशिक सहायताको प्रभावकारी उपयोगबाट गरिबी निवारण र दिगो एवम् उच्च आर्थिक वृद्धिदर हासिल गर्ने ।

रणनीति

१. वैदेशिक सहायताबाट सञ्चालन हुने विकास गतिविधिलाई उपयुक्त प्राथमिकता दिई यससम्बन्धी व्यवस्थापनको गुणात्मकता, प्रभावकारिता र दक्षतामा सुधार गर्ने ।
२. श्री ५ को सरकार र दातृसमुदायबीचको अन्तर्सम्बन्धलाई पुनर्परिभाषित गरी क्षमतामूलक विकास साझेदारीको रूपमा विकसित गर्ने ।

रणनीति तथा कार्यनीति

वैदेशिक सहायताबाट सञ्चालन हुने विकास गतिविधिको प्रभावकारिता वृद्धि गर्ने ।

१. बढी मात्रामा अनुदान सहायता तथा सहुलियतपूर्ण ऋण प्राप्त गर्नेतर्फ प्रयास गर्ने ।
२. निश्चित आर्थिक सामाजिक क्षेत्रमा केन्द्रित गर्ने ।

श्री ५ को सरकार र दातृसमुदायबीचको अन्तर्सम्बन्धलाई पुनर्परिभाषित गर्ने (रणनीतिसँग सम्बद्ध)

सहायताको प्रभावकारिता अभिवृद्धिका लागि विकास कार्यक्रमहरूमा सरकार र जनताको अग्रणी भूमिका, नेतृत्व र स्वामित्व सुनिश्चित गरी जवाफदेहीपूर्ण अवस्था कायम गर्ने ।

अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूमार्फत प्रवाहित हुने बाह्य साधनलाई गुणस्तर तथा राष्ट्रिय आवश्यकताअनुसार परिचालन गर्ने ।

समस्या तथा सुझावहरू

नेपालमा बढ्दै गइरहेको वैदेशिक सहायतालाई कसरी र कुन प्रकारबाट प्रभावकारी रूपमा प्रयोग गर्ने भन्ने कुरालाई लिएर निम्न सुझावहरू प्रस्तुत गर्न सकिन्छ :-

१. हाम्रो अर्थव्यवस्थाको आयोजना छनौटमा अत्यधिक राजनैतिक हस्तक्षेप छ । योजना, बजेट र आयोजनाहरूको छनौटलाई राजनैतिक, हस्तक्षेपबाट मुक्त पार्नु जरूरी देखिन आउँछ ।

२. राजनैतिक स्थिति र प्रतिबद्धताबिना वैदेशिक सहयोगको परिचालन, उपयोग, कार्यान्वयन हुन सक्दैन । अत: कठोर राजनैतिक प्रतिबद्धतासहित वैदेशिक सहयोगबाट सञ्चालित योजनाहरूको अनुगमन, मूल्याङ्कन र सुपरिवेक्षण गर्ने हो भने नेपालको वैदेशिक सहयोगको वर्तमान उत्पादनशीललाई राम्रो गर्न सकिने सम्भावना बढी छ ।

३. राष्ट्रिय भावना र आवश्यकताअनुकूल हुने गरी विदेशी सहायतामा आधारित आयोजनाहरू शर्तसहित अवस्थामा मात्र स्वीकार गर्ने गरेमा राम्रो हुनेछ ।

४. आन्तरिक स्रोतको परिचालनमा वृद्धि गरी वचतको अंश र परिमाण बढाई अथवा न्यून वित्तको परिमाण बढाई राजश्व वचत र आवश्यक लगानीको खाँचोबीच रहेको खाडल पूर्ति गर्नुपर्दछ ।

